# नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुरको नेपाली विभागको
स्नातकोत्तर तह (एम्. ए.) द्वितीय वर्षको
दसौं पत्रको प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**


**शोधार्थी**
कृष्णप्रसाद पोखरेल
शैक्षिक सत्र २०५९/६१
त्रि.वि. दर्ता नं.: ४-१-१९-२७७-२००३



नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७१/२०१४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर चितवनको, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र कृष्णप्रसाद पोखरेलले **नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । विभिन्न साहित्यिक व्यक्तित्व र उहाँहरूका विविध विषयका कृति, विधा, समय, शिल्प र गोरखामा क्रियाशील सङ्संस्थाहरूको योगदानलाई विविध अध्ययनपद्धतिमा केन्द्रित भएर परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति २०७१/०९/१
१६ डिसेम्बर, २०१४

..........................................
**दीननाथ शर्मा पण्डित**
**उपप्राध्यापक**
**त्रिभुवन विश्वविद्यालय**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**भरतपुर, चितवन**

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
**भरतपुर, चितवन**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पसका छात्र कृष्णप्रसाद पोखरेलले नेपाली स्नातकोत्तर तह (एम.ए.) को दसौं पत्रको प्रयोजनका लागि पेस गरेको **नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान** नामक यो शोधपत्र स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

१. प्रा. डा. नारायणप्रसाद खनाल
विभागीय प्रमुख ..............................

२. उप. प्रा. दीननाथ शर्मा पण्डित
शोधपत्र निर्देशक .............................

३. प्राध्यापक डा. चूडामणि बन्धु
बाह्य परीक्षक .............................

मिति : २०७१/११/१३
२५ फरबरी, २०१५

# कृतज्ञताज्ञापन

**नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान** शीर्षकको प्रस्तुत शोधकार्य मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । प्रस्तुत शोधकार्य गर्ने क्रममा आफ्नो अमूल्य समय दिएर हृदयदेखि सहयोग गरी मलाई कुशल निर्देशन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु दीननाथ शर्मा पण्डितज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधकार्यको शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गरी अनुसन्धान गर्ने अवसर प्रदान गर्नुभएकोमा नेपाली विभागका विभागीय प्रमुख आदारणीय गुरु प्राध्यापक डा. नारायणप्रसाद खनालज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्न आवश्यक सहयोग पुऱ्याउनुहुने तथा सामग्री उपलब्ध गराई हार्दिकतापूर्वक आफ्नो समय दिनुहुने साहित्यकार केदारनाथ खनाल, सीताराम अधिकारी, पूर्णप्रसाद अधिकारी, रुद्रनाथ पोखेल, मोदनाथ मरहट्टा, र शिव अप्रियप्रति म कृतज्ञ छु । शोधपत्र तयार पार्दा आवश्यक सल्लाह सुझाव दिने मेरा साथीहरू विकास ढकाल, भाविन्द्रजंग थापा, रोशन बानियाँ, ईश्वर गुरुङ, दुर्गा रेग्मी, किसान शर्माप्रति आभारी छु । आफूले अमूल्य श्रम खर्चिएर पनि मलाई पठनपाठनमा लाग्न आशीर्वाद प्रदान गरी हौसला बढाइ रहनुहुने आदरणीय पिता योगप्रसाद पोखरेल र माता धनमाया पोखरेल, दाजु अमृत पोखरेल, दिदी सावित्रा पोखरेल ( पराजुली), सविता पोखरेल (अधिकारी) भिनाजु हरिप्रसाद पराजुली, दिव्येश्वर अधिकारी र भाइ विष्णु पोखरेलप्रति आभार प्रकट गर्नु मैले आफ्नो कर्तव्य ठानेको छु ।

प्रस्तुत शोधपत्र गर्ने क्रममा प्रत्यक्ष वा परोक्ष रूपमा सघाउने सम्पूर्ण जनप्रति धन्यवाद दिँदै मलाई यस कार्यमा लाग्न प्रेरित गर्दै समयसारिणीको व्यवस्था मिलाई दिनुहुने मेरो विद्यालय स्टेप बाइ स्टेप इङ्लिस स्कुलका प्रबन्ध निर्देशक श्री जे.वी. गुरुङ र प्राचार्य श्री कृष्णप्रसाद भट्टप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७१/०९/०१

१६ डिसेम्बर, २०१४

..................................

कृष्णप्रसाद पोखरेल

# विषयसूची

| | पृष्ठ |
|---|---|
| **पहिलो परिच्छेद : शोधपत्रको परिचय** | **१-९** |
| १.१ शोधशीर्षकको परिचय | १ |
| १.२. समस्याकथन | २ |
| १.३. शोधको उद्देश्य | २ |
| १.४. पूर्व कार्यको विवरण र समीक्षा | २ |
| १.५. शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ७ |
| १.६. शोधको सीमा | ८ |
| १.७. सामग्री सङ्कलन | ८ |
| १.८. शोधविधि वा सैद्धान्तिक ढाँचा | ८ |
| १.९. शोधपत्रको रूपरेखा | ८ |
| **दोस्रो परिच्छेद : गोरखाको साहित्यिक रूपरेखा र नेपाली साहित्यको विकासक्रम** | **१०-२४** |
| २.१ गोरखा भौगोलिक झलक | १० |
| २.१.१ गोरखा जिल्लाको भौगोलिक स्थिति, नामकरण र हावापानी | १० |
| २.२ गोरखाको साहित्यिक पृष्ठभूमि र नेपाली साहित्यको विकासक्रम | ११ |
| २.२.१ नेपाली साहित्यको प्राथमिक काल र गोरखाली स्रष्टाहरू | १३ |
| २.२.२ नेपाली साहित्यको माध्यमिक काल र गोरखाली स्रष्टाहरू | १६ |
| २.२.३ नेपाली साहित्यको आधुनिक काल र गोरखाली स्रष्टाहरू | १९ |
| २.३ निष्कर्ष | २३ |
| **तेस्रो परिच्छेद : गोरखाको साहित्यिक सङ्घसंस्थाहरू र पत्रपत्रिकाको योगदान** | **२५-५६** |
| ३.१ गोरखाका साहित्यिक सङ्घसंस्थाहरूका संस्थागत गतिविधिहरू | २४ |
| ३.१.१ पुस्तकालयको योगदान | २४ |
| ३.१.२ साहित्यिक सङ्घसंस्था | २८ |
| ३.१.३ मूखपत्र प्रकाशन गर्ने विभिन्न सङ्घसंस्थाहरू | ३७ |
| ३.१.४ पत्र-पत्रिकासम्बन्धी गतिविधि | ४३ |
| ३.१.५ सञ्चार माध्यमको भूमिका | ५१ |
| ३.२ निष्कर्ष | ५४ |

**चौथो परिच्छेद : नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान** **५७-१३२**

४.१ परिचय ५७

४.२ पूर्वार्द्ध चरणका स्रष्टाहरू र नेपाली साहित्यमा योगदान ५७

४.३ उत्तरार्द्ध चरणका स्रष्टाहरू र नेपाली साहित्यमा योगदान ७३

४.४ फुटकर लेखकका रूपमा उदाएका गोरखाली स्रष्टाहरू ११५

४.४ नवोदित गोरखाली स्रष्टाहरू १२६

४.५ गोरखा वा गारखालीबारे लेख्ने केही स्रष्टाहरू १२८

४.६ निष्कर्ष १३०

**पाँचौं परिच्छेद : उपसंहार वा निष्कर्ष** **१३३-१३८**

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| इ.सं. | इस्वी संवत् |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| कि.मी. | किलोमिटर |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौथो संस्करण |
| जि.वि.स. | जिल्ला विकास समिति |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.वि.पा.वि.के. | त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र |
| नं | नम्बर |
| न.पा. | नगरपालिका |
| नि. | निर्देशक |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| मा.वि. | माध्यमिक विद्यालय |
| मि. | मिटर |
| रु. | रुपियाँ |
| सं. | सङ्ख्या |
| सा.प्र. | साझा प्रकाशन |
| स्व. | स्वर्गीय |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधशीर्षकको परिचय

नेपालको केन्द्रविन्दुमा रहेको गोरखाको साहित्यिक दृष्टिले आफ्नै महत्त्व छ । नेपाल एकीकरणसँगसँगै नेपाली भाषासाहित्यको प्रारम्भ गोरखाली स्रष्टाको सत्प्रयासबाट भएको मानिन्छ । आधुनिक नेपालका निर्माता श्री ५ पृथ्वीनारायण शाहको **दिव्योपदेश**मा नेपाली निबन्धको झल्को पाइन्छ । यस क्रममा गोरखाली स्रष्टाहरूले सुरूमा संस्कृत साहित्यमा रहेका विभिन्न नाटक, कथा, कविताहरू नेपालीमा अनुवाद गरी यसको उठान गरेको पाइन्छ । विभिन्न स्रष्टाहरूले संस्कृतमा लेख्ने र कतिपय नेपालीमा रूपान्तरण गर्ने कार्य गरेको पाइन्छ । यस्तै संस्कृत र नेपालीमा समानान्तर रूपमा साहित्य सिर्जना गर्नेहरू पनि छन् । संस्कृत साहित्यका पृष्ठभूमिमा नेपाली साहित्यको विकासमा यिनको महत्वपूर्ण योगदान रहेको पाइन्छ । समयको प्रवाहसँगसँगै अगाडि बढिरहेको नेपाली भाषाले विविध कालखण्डमा महान् साधकहरू प्राप्त गरेको छ । नेपाली साहित्यको प्राथमिक कालका शक्तिवल्लभ अर्यालको **तनहूँ भकुण्डो** कविता, उदयानन्द अर्यालको **पृथ्वीन्द्रोदय** कविता, **महाभारत विराटपर्व** कथा, **हास्यकदम्ब** नाटक आदि गद्यपद्य र श्रव्य दृश्य दुवै विधाका कृतिका साथै माध्यमिक कालमा **फूलबारी** कविता सङ्ग्रह, **रूरू गौरव** खण्डकाव्य हुँदै अगाडि आउँदा आधुनिक कालमा गीत, गजल, हाइकु, मुक्तक, कविता, खण्डकाव्य, महाकाव्य, लघुकथा, कथा, निबन्ध, उपन्यास, नियात्रा र यात्रा संस्मरण लेखनका क्षेत्रमा गोरखालीहरूले कलम चलाएका छन् । प्राथमिक र माध्यमिककालीन स्रष्टाहरूको पृष्ठभूमिमा आधुनिककालका विभिन्न स्रष्टाहरू रहेको पाइन्छ । नेपाली साहित्यमा परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रयोगवादी धारा, समसामयिक धारा विकसित भएका छन् भने नेपाली गद्यमा आदर्शवादी धारा, सामाजिक यथार्थवादी धारा मनोविश्लेषणात्मक धारा तथा अन्य विविध प्रयोगशील प्रवृत्तिहरू देखा परेका छन् । आधुनिक कालको पनि दोस्रो दशकको आरम्भबाटै गोरखा जिल्लावासीहरू नेपाली साहित्यको सवैजसो विधा उपविधा सिर्जनामा लागेर स्तरीय कृतिहरू नेपाली साहित्यका फाँटमा प्रस्तुत गरेका छन् । जसरी विश्वसाहित्यमा विविध धारा प्रवृत्ति र वादहरूको विकास भएको छ, त्यसरी नै गोरखाली स्रष्टाहरूको साहित्य सिर्जनामा पनि त्यसको प्रभाव परेको देखिन्छ । यसरी दिनप्रतिदिन गोरखाली स्रष्टाहरू र तिनका कृति नेपाली साहित्यका क्षेत्रमा देखा पर्दै आएका छन् । गोरखाली साहित्य र साहित्यकारका बारेमा विभिन्न शोधकार्यहरू भएतापनि नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदानका बारेमा समग्र अध्ययन नभएकाले यो विषय नै प्रस्तुत शोधकार्यका लागि छानिएको हो ।

## १.२ समस्याकथन

प्रस्तुत शोध कार्यका निम्नलिखित समस्याहरू रहेका छन् :-

क) गोरखा जिल्लामा जन्मेर यसलाई कार्यक्षेत्र बनाएका, पुर्ख्यौली स्थल गोरखा भएका, गोरखा वा गोरखाली साहित्यका बारेमा पुस्तकाकार कृति सिर्जना गरेका तथा राष्ट्रिय सम्मान प्राप्त गरेका स्रष्टा र तिनका कृतिको परिचय के रहेको छ,

ख) विभिन्न समयमा गोरखाली स्रष्टाहरूले साहित्यका कुन कुन विधामा कलम चलाएका छन् र तिनको वर्तमान स्थिति के छ ?

ग) आजका गोरखाली प्रतिभाहरूको विधागत साहित्यिक योगदान के कस्तो रहेको छ ?

यिनै महत्त्वपूर्ण समस्याको समाधानतर्फ यो अध्ययन केन्द्रित रहने छ ।

## २.३ शोधको उद्देश्य

यस शोध कार्यको उद्देश्य गोरखा जिल्लाका साहित्यिक व्यक्ति र उनको योगदानको अध्ययन गर्नु रहे तापनि यसका खास उद्देश्य यी रहेका छन् :

क) गोरखा जिल्लामा जन्मेर यसलाई कार्यक्षेत्र बनाएका, पुर्ख्यौली स्थल गोरखा भएका, गोरखा वा गोरखाली साहित्यका बारेमा पुस्तकाकार कृति सिर्जना गरेका तथा राष्ट्रिय सम्मान प्राप्त गरेका स्रष्टा र तिनका कृतिको पहिचान गर्नु,

ख) विभिन्न समयका कृति र कृतिकारको विधागत योगदानको विश्लेषण गर्नु ,

ग) गोरखाली साहित्यकारहरूले नेपाली साहित्यमा गरेको योगदानको मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यको परिपूर्तिका निम्ति यो अध्ययन केन्द्रित रहेको छ ।

## १.४ पूर्व कार्यको विवरण र समीक्षा

नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको प्रशस्त योगदान रहेको पाइन्छ । यस विषयमा केही विद्वान् लेखक तथा अन्वेषकहरूले अध्ययन गरेका छन् र केही साहित्यकार, साहित्यिक व्यक्तित्व र साहित्यिक सङ्घसंस्थाहरूको अध्ययन र विवरण विभिन्न कार्यपत्र र शोधलेखहरूमा अध्ययन भइसकेको पाइन्छ । यतिले मात्र गोरखाली स्रष्टाहरूको योगदानलाई समेट्न सकिँदैन । त्यसैले हालसम्म गोरखाको साहित्य र साहित्यकारको बारेमा विभिन्न

कार्यपत्र शोधलेख पुस्तक, पत्रपत्रिकाहरूमा भए गरेका टीका टिप्पणीहरूको विवरण कालक्रमिक रूपमा निम्नानुसार देखाइएको छ :-

क. दीननाथ शर्मा पण्डितले **नेपाली साहित्यमा गोरखा** नामक कृतिमा गोरखाको परिचय, गोरखाका साहित्यिक पृष्ठभूमि र परम्परा, गोरखाका साहित्यिक सङ्घ संस्थाहरू र तिनका गतिविधिहरू, गोरखाका प्रमुख साहित्यिक प्रतिभाहरूको परिचय र योगदान आदिका बारेमा उल्लेख गरेका छन् । यसअन्तर्गत गणेशप्रसाद अर्याल, पूर्णप्रसाद ब्राह्मण, विनोदप्रसाद धिताल, राजेश्वर देवकोटा, नेत्रमणि शर्मा आचार्य, मोहननारायण श्रेष्ठ, सीताराम अधिकारी, निर्मल जोशी, सूर्यमान श्रेष्ठ, चन्द्रकान्त अधिकारी, तीर्थराज अधिकारी, सुनील मास्के, वेदप्रसाद पोखरेल र सुशीलचन्द्र श्रेष्ठ आदिको उल्लेख भएका छन् ।[१]

ख. ऋषिराम खनालले **आँगन** अर्धवार्षिक पत्रिकामा ***गोर्खाली साहित्यमा ब्यूँझिएको समसामयिकता*** नामक लेखमा गोरखाली साहित्यको बारेमा उल्लेख गरेका छन्, जसमा नेपाली साहित्यको क्षेत्रमा उदाएको गोरखाली कलमको नालीबेली दिनुका साथै गोरखा-नेपाली साहित्यको विकासको चरणलाई क्रमबद्ध रूपमा प्रस्तुत गरेका छन् । उनले नेपाली साहित्यमा गोरखालाई एक्लै राखेर द्वन्द्वपूर्वको समसामयिक गोरखाली साहित्य र द्वन्द्वकालीन गोरखाली साहित्य गरी दुई खण्डमा विभाजित गरेका छन् । यसरी द्विविभाजन पश्चात् द्वन्द्वपूर्वको सासामयिक गोरखाली साहित्यकारमा गायत्री गणेश, पूर्णप्रसाद ब्राह्मण, विनोदप्रसाद धिताल, राजेश्वर देवकोटा, नेत्रमणि शर्मा आचार्य र चन्द्रकान्त अधिकारीलाई राखेका छन् भने द्वन्द्वकालीन गोरखाली साहित्यकारमा शिबहरि मरहट्टा, खुसीराम पाखिन, निर्मल जोशी, भूमिनन्द देवकोटा, सीता अर्याल, रूद्रनाथ पोखरेल, विष्णुप्रसाद काप्री, ऋषि खनाल, भक्ति लामिछाने, रामप्रसाद खनाल, इन्द्रकुमारी देवकोटा, जनार्दन ढकाल, सोम गुरूङ, यादव देवकोटा, शेषनाथ पोखरेल, अनिल पोखरेल, रेवतिरमण खनाल, चूडा ढकाल, जीवनराज वाग्ले, धनञ्जय भट्ट, वेदप्रसाद पोखरेल, भीम जिज्ञाशु, राजेश्वर रेग्मी, विजयभक्त उपाध्याय आदिको चर्चा गरेका छन् । साथै समसामयिक साहित्यलाई ब्यूँझाउने साहित्यिक प्रतिष्ठान भनेर विभिन्न पुस्तकालय र सङ्घसंस्थाको नामावली प्रस्तुत गरेका छन् ।[२]

---

१. दीननाथ शर्मा पण्डित, **नेपाली साहित्यमा गोरखा**, (गोरखा : हरि साँस्कृतिक केन्द्र, २०५४) पृ.१-८७ ।

२. ऋषिराम खनाल, *गोर्खाली साहित्यमा ब्यूँझिएको सासामयिकता,* **आँगन**, (गोरखा : नेपाली भाषा शिक्षक समाज गोरखा, २०६० पृ. ३६-४१ ।

ग. मोदनाथ मरहट्टाले **फूलको डोली** पत्रिकामा *इतिहासको गर्भमा पुरिएका कवि अग्निधर अधिकारी* भन्ने लेखमा नेपाली कविताको माध्यमिक कालका कवि अग्निधर अधिकारीको बारेमा उल्लेख गरेका छन् । उनको नाम 'बुइँगल' पत्रिकामा पनि उल्लेख भएता पनि अन्य क्षेत्रमा उनको नाम त्यति नभेटिएको प्रसङ्गका साथै उनका घरमा रहेका विभिन्न लेखोटहरू र साहित्यकारहरूको जन्ममिति आदि प्राप्त गरेको उल्लेख गरेका छन् ।[३]

घ. रूद्रनाथ पोखरेलले **फूलको डोली** पत्रिकामा *गोरखामा प्रगतिवादी कथाको अवस्था* भन्ने शीर्षकमा गोरखाली प्रगतिवादी साहित्यको चिनारी दिएका छन् । त्यसमा पनि गोरखाली कथाकारहरूको चिनारीका साथै प्रगतिवादी स्वरतर्फ मुखरित भएका कथाहरू र कथाकारहरूको टिप्पणी दिएका छन् । यस लेखमा गोरखाली भूमिमा रहेका प्रगतिशाली र अन्य लेखन पक्षमा रहेर पनि परिवर्तित चिन्तन बोक्ने कलम लिएका स्रष्टाहरूको नालीबेली खोजिएको छ । यसभित्र पूर्णप्रसाद ब्राह्मण, विनोद धिताल, विष्णु धिताल, रामनारायण जोशी, राजकुमार श्रेष्ठ, रामेश्वर देवकोटा, रूद्र देवकोटा, पीताम्बर देवकोटा, नगेन्द्र देवकोटा, जगत श्रेष्ठ, ओजराज भट्टराई, दुर्गा भट्टराई, भूमि देवकोटा, चन्द्रकान्त अधिकारी, तीर्थराज अधिकारी, यमप्रसाद ढकाल, राजेन्द्र ढकाल, मोदनाथ मरहट्टा, सुन्दरसान खड्का, ऋषि खनाल, नीलकण्ठ पौडेल लगायतका स्रष्टाहरूको चिनारी दिएका छन् ।[४]

ङ. नारायणप्रसाद खनालले, **गोरखाको डायरी** नामक कृतिमा गोरखाको संस्कृति, संस्कार, साहित्य-अभिलेख तथा कृति, कृतिकार आदि अनेक विषयका सूचनाप्रद मौलिक सृजनाबाट प्रभावित भई आफ्ना अनुभूति विषयलाई स्मृतिमूलक वा संस्मरणात्मक शैलीमा आबद्ध गरी प्रस्तुत गरेका छन् । यस कृतिमा ११८ ओटा शीर्षक छन् विभिन्न साहित्यिक व्यक्तित्व पूर्णप्रसाद ब्राह्मण, सीताराम, राममणि आदिको संस्मरण गर्दै गोरखा राजनीतिक, भाषिक, सामाजिक, आदि अनेक विषयबाट नेपालमा अगाडि रहेको कुरालाई पुष्टि गरेका छन् ।[५]

---

३. मोदनाथ मरहट्टा, **फूलको डोली**, (काठमाडौं : वज्रभैरव प्रिन्टिङ्ग प्रेस, वर्ष-४, अंक-८, २०६१) पृ. १२, १३ ।
४. रूद्रनाथ पोखरेल, **फूलको डोली**, (गोरखा : साहित्य संगम गोरखा, वर्ष-५, अंक-२, २०६२) पृ. ११-१५ ।
५ नारायणप्रसाद खनाल, **गोरखाको डायरी**, (गोरखा : हरि सांस्कृतिक केन्द्र, २०६१) पृ. १-२४८ ।

च. लेखक सीताराम अधिकारीले **गोरखा गौरव** नामक पुस्तकको सम्पादकीयमा गोरखाली वीर पुर्खाको नेपाल राज्य निर्माणमा योगदान रहेजस्तै नेपाली साहित्यका क्षेत्रमा पनि रहेको र यसको यथार्थ उदाहरणको रूपमा यो कृति रहेको उल्लेख गर्दै विभिन्न लेखकहरूको कृति प्रकाशन गरेका छन् यद्यपि यसमा प्रजातान्त्रिक इतरका लेखकहरूको भने उल्लेख गरिएको पाइँदैन ।[६]

छ. ऋषिराम खनालले **प्रगतिशील साहित्यमा गोरखाको योगदान** नामक शोधकार्यमा गोरखा जिल्लाको परिचय, गोरखा जिल्लाको साहित्यिक इतिहासको संक्षिप्त परिचय, नेपालमा प्रगतिशील साहित्यको इतिहास, प्रगतिशील साहित्यमा गोरखा आदि शीर्षकमा अध्ययन गरेका छन् । यस अध्ययनमा गोरखा जिल्लामा जन्मिएर नेपाली साहित्यमा लागेका स्रष्टाहरूलाई प्रगतिशील र सुधारवादी भनी विभाजन गरी सुधारवादी साहित्यकारमा पूर्णप्रसाद ब्राह्मण, विनोदप्रसाद धिताल, राजेश्वर देवकोटा, नेत्रमणि शर्मा आचार्य, चन्द्रकान्त अधिकारीको बारेमा चर्चा गरेका छन् । प्रगतिशील साहित्यकारको अध्ययनमा हिक्मतसिंह भण्डारी, मोहन नारायण श्रेष्ठ, वाचस्पति देवकोटा, ओजराज भट्टराई, शिबहरि मरहट्टा, रामप्रसाद खनाल, होमकुमार श्रेष्ठ, खुसीराम पाखिन, निर्मल जोशी, बाबुराम भट्टराई, भूमिनन्द देवकोटा, भक्ति लामिछाने, मोदनाथ मरहट्टा, सीता अर्याल, धनेश्वर भट्टराई, विष्णुप्रसाद काप्री, रूद्रनाथ पोखरेल, नारायणप्रसाद पोखरेल र जनार्दन ढकाल आदिले नेपाली साहित्यमा गरेको योगदानको बारेमा अध्ययन गरेका छन् ।[७]

ज. कुलप्रसाद कोइरालाले **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** नामक कृतिमा विषयप्रवेश, जिल्लाको ऐतिहासिक र भौगोलिक इतिवृत्त, कालखण्डभित्र गोरखाली साहित्य सिर्जना, प्राथमिककालीन गोरखाली स्रष्टा, माध्यमिक काल र गोरखाली स्रष्टा, आधुनिककाल र गोरखाली स्रष्टा, कालक्रमिक विवरण, नवोदित पाइलाहरू, गोरखाका अन्य प्रतिभाहरू, गोरखाका साहित्यिक संस्थाहरू, गोरखाबाट प्रकाशित पत्रपत्रिकाहरू र निष्कर्ष आदि उल्लेख गरेका छन् । यसमा शक्तिवल्लभ अर्यालदेखि लिएर वर्तमान समयसम्म भाषासाहित्यका क्षेत्रमा लाग्ने लेखक साहित्यकारहरूको उल्लेख गरिएको छ । उक्त पुस्तकमा आजको नेपालको निर्माणको कालखण्डको उत्पत्ति लगायत यहाँका स्रष्टाहरूको उल्लेख गरिएको छ ।[८]

---

६. सीताराम अधिकारी (सम्पा.), **गोरखा गौरव**, ( काठमाडौं : गोरखा काठमाडौं प्रजातान्त्रिक समाज, २०६२) ।
७. ऋषिराम खनाल, **प्रगतिशील साहित्यमा गोरखाको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (किर्तीपुर : नेपाली केन्द्रीय विभाग, २०६२) ।
८. कुलप्रसाद कोइराला, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** , (काठमाडौ : यदुप्रसाद भट्ट, २०६६) पृ. १-८० ।

झ. दयाराम अर्यालले **प्यारो गोरखा** नामक कृतिमा विभिन्न उपशीर्षकमा गोरखाको सङ्क्षिप्त परिचय दिएका छन् । साहित्य र साहित्येतरका व्यक्तिहरूलाई पनि यस कृतिले निश्चय लाभ पुऱ्याउनेछ । बाँचिरहोस् गोरखा भन्ने साधुवादका साथ विश्वमा चर्चित गोरखालीहरूको बहादुरीका साथै चेतना बुद्धि, विवेक, कला, साहित्य आदिमा पनि गोरखाली गौरव गर्दै जान सकोस् भन्ने प्रबल इच्छा लिएको यस कृतिमा लेखकीय विवरण प्रस्तुत भएको छ । यद्यपि समग्र लेखक समेटिएका छैनन् ।[९]

ञ. दीननाथ शर्मा पण्डितले **पल्लव साहित्यिक पत्रिका** मा *नारायणप्रसाद खनालको डायरीको सिद्धान्त र गोरखाको डायरी : एक अध्ययन* शीर्षकमा गोरखाको डायरीको व्यापक अध्ययन गरी विश्लेषण प्रस्तुत गरेका छन् । उक्त पत्रिकामा **'गोरखाको डायरी'** डायरी साहित्यको इतिहासमा एक महत्वपूर्ण कार्य भएको उल्लेख गरेका छन् । उक्त पत्रिकामा कृतिको विश्लेषण गर्दा विभिन्न उपशीर्षक पृष्ठभूमि, सैद्धान्तिक विश्लेषण,पूर्वार्द्ध खण्डको विश्लेषण उत्तरार्द्ध खण्डको विश्लेषण र उपसंहारमा विभाजन गरी गहन विश्लेषण प्रस्तुत गरेका छन्, जसमा गोरखाली विद्वान् सहयोगी साहित्यकारहरूलाई साधुवाद दिँदै ११८ ओटा शीर्षकद्वारा यस कृतिको संरचना भएको छ र विविध विषयको विद्वत् पारामा चित्रण गरिएको छ भन्ने उल्लेख गरेका छन् । [१०]

ट. रीता रेग्मीले **नेपाली भाषा र साहित्यको विकासमा दण्डपाणि अर्याल स्मृतिकेन्द्रको योगदान,** शोधकार्यमा दण्डपाणि अर्याल स्मृतिकेन्द्रको परिचय, यसका साहित्यिक गतिविधि, केन्द्रद्वारा प्रकाशित कृतिहरूको विश्लेषण गरेकी छन् । यसमा उनले दण्डपाणी अर्यालको स्मृतिमा स्थापना भएको संस्थाले नेपाली साहित्यका क्षेत्रमा लाग्ने साहित्यकारहरूलाई पुरस्कार प्रदान गर्ने गरेको हालसम्म करिब एक दर्जन पुस्तक प्रकाशित गरिसकेको र आफ्नो मुखपत्रको रूपमा 'ज्ञानविन्दु' नामक पत्रिका प्रकाशन गर्दै आइरहेको कुरालाई विश्लेषण गरेकी छिन् । यसका साथै दण्डपाणि अर्यालद्वारा लिखित विभिन्न पुस्तकहरूको साहित्यिक गरिमाको अध्ययन गरी त्यसको विवरण प्रस्तुत गर्दै नेपाली साहित्यको एक धरोहर दण्डपाणि अर्याल रहेको र उनका विविध कृतिहरू ओझेलमा परेकाले उनका कृतिका बारेमा लेख रचना प्रकाशन गर्न

---

९. दयाराम अर्याल, **प्यारो गोरखा,** (काठमाडौं : अल्टा ग्राफिक्स् प्रिन्टिङ्ग प्रेस, २०६७) पृ. १-४६।
१०. दीननाथ शर्मा पण्डित, **पल्लव साहित्यिक पत्रिका,** (चितवन : पल्लव साहित्य प्रतिष्ठान, वर्ष-७, अङ्क-१६, २०६८), पृ. ६७।

प्रोत्साहन स्वरूप पुरस्कारको समेत व्यवस्था गरी साहित्यको विकासमा संस्थाले ठूलो योगदान दिएको उल्लेख गरेकी छन् ।[११]

ठ. नुरापति पोखरेलले **हाम्रो पुरूषार्थ** भन्ने पत्रिकामा *अमर प्रतिभा पूर्णप्रसाद ब्राह्मण* भन्ने लेखमा नेपाली कविताको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति पूर्णप्रसाद ब्राह्मणका प्रतिभाको मूल्याङ्कन गरेका छन् । नेपाली साहित्य र संस्कृत साहित्यका प्रतिष्ठित अमर कवि ब्राह्मणको परिचय, शैक्षिक योगदान, राजनैतिक योगदान, नेपाली साहित्यमा योगदान, संस्कृत साहित्यमा योगदान आदि उपशीर्षक दिएर गहन विश्लेषण प्रस्तुत गरेका छन् । नेपाली साहित्यका क्षेत्रमा कवि, कथाकार, निबन्धकार, उपन्यासकार र खण्डकाव्यकारका रूपमा प्रसिद्ध ब्राह्मणको नेपाली भाषामा लेखिएका १० वटा पुस्तकाकार कृति रहेको कुराको उल्लेख गर्दै संस्कृत साहित्यमा पनि उनको उत्तिकै योगदान रहेको कुराको पनि उल्लेख गरेका छन् ।[१२]

यसरी नेपाली साहित्यको उठानको मुख्य केन्द्र रहेको गोरखा जिल्लाको साहित्यका बारेमा विभिन्न समयमा विभिन्न व्यक्तिहरूबाट अध्ययन भएको पाइन्छ । अझैपनि समग्र गोरखाको साहित्यको यथार्थ विवरण उल्लेख हुन सकेको छैन त्यसैले सोको परिपूर्ति गर्न यो अध्ययन कार्य गर्न लागिएको हो ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

विभिन्न स्थलमा रहेर पनि नेपाली साहित्यको उन्नयन र उत्थानमा अनवरत क्रियाशील स्रष्टा र उनका कृतिको अध्ययन गर्नु पक्कै पनि सहज कार्य होइन । यसका लागि त विविध स्रोतसामग्री जुटाई दीर्घसाधनाको नितान्त खाँचो पर्दछ । यसका साथै अनुसन्धान कार्य आफैँमा अत्यन्तै जटिल, प्रक्रियासम्मत, र व्यवस्थित रूपको हुनाले पनि अनुसन्धेय विषयबाट सहजै पार लगाउन जोसुकैलाई पनि विभिन्न समस्याहरू आइपर्दछन् । यस कारण गोरखा जिल्लाका सम्पूर्ण साहित्यिक स्रष्टाहरूको अध्ययनका क्रममा यस अघि भए गरिएका अध्ययनका सम्बन्धमा समीक्षा, टीका टिप्पणीहरू केवल सामान्य चर्चा परिचर्चाका रूपमा मात्र भएकाले उपर्युक्त कार्यहरूबाट यसका बारेमा व्यवस्थित र सिङ्गो अध्ययन हुन सकेको देखिँदैन । ती कार्यहरू अपूर्ण र अधुरा नै छन् तसर्थ गोरखा जिल्लाका साहित्यिक

---

११. रीता रेग्मी, **नेपाली भाषा र साहित्यको विकासमा दण्डपाणि अर्याल स्मृतिकेन्द्रको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (गोरखा : द्रव्यशाह बहुमुखी क्याम्पस, २०६९) पृ.१-१२४।

१२ नुरापति पोखरेल, *अमर प्रतिभा पूर्णप्रसाद ब्राह्मण,* **हाम्रो पुरूषार्थ** , (गुल्मी : किरण पुस्तकालय, २०७०) पृ.३५-४९ ।

व्यक्तिहरूको साहित्यिक अभिरूचिलाई बढाउने मौका दिनुका साथै जिल्लाको नेपाली साहित्यिक क्षेत्रमा योगदानलाई पाठकसामु पुऱ्याई सिर्जनारत स्रष्टाका प्रतिभाहरू प्रोत्साहित हुन र उनीहरूका बारेमा अध्ययन विश्लेषण गर्नका लागि पनि यो अध्ययन स्वतः औचित्यपूर्ण ठहर्छ । गोरखाली स्रष्टाहरूको छत्रछायामा विकसित आजको नेपाली साहित्य-जगत्को विकासमा लागेका स्रष्टाहरूको विवरण समेटिनुले पनि अपेक्षित योगदान पुऱ्याउन पनि यस शोधकार्यको महत्त्व झल्कन्छ । यसका साथै गोरखा जिल्लाका साहित्यिक व्यक्तित्वहरूको उल्लेख गर्दै प्रकाशित कृतिहरूको विश्लेषण गरी नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान निरूपण गर्नु नै यस शोधकार्यको औचित्य र महत्त्व रहन्छ । यसखाले जिल्लाकै समग्र साहित्यिक स्रष्टाहरूको अध्ययन समवर्ती र उत्तरवर्ती प्रतिभाहरूका लागि प्रेरणादायी बन्नुका साथै यसका बारेमा जान्न चाहने व्यक्ति, साहित्यानुरागी पाठक र अनुसन्धानकर्ताहरू यस शोधकार्यबाट लाभान्वित हुनेछन् र यिनै कुराहरूबाट प्रस्तुत शोधकार्यको औचित्य, महत्त्व र उपयोगिताको पुष्टि हुन जान्छ ।

## १.६ शोधको सीमा

प्रस्तुत शोधकार्य गोरखा जिल्लाका साहित्यिक व्यक्तिहरूले नेपाली साहित्यका क्षेत्रमा गरेका योगदानको विवरणात्मक विश्लेषणसँग सम्बन्धित रहेको छ । गोरखा जिल्लाका साहित्यिक व्यत्तित्वहरूका बारेमा हालसम्म जेजति अध्ययन भएका छन् तिनलाई पृष्ठभूमिमा राखिएको छ भने त्यसमा छुटेका र हाल क्रियाशील स्रष्टाहरूलाई अध्ययनको केन्द्रमा राखिएको छ । वि. सं. २०४८ सालदेखि २०७० सालसम्म नेपाली साहित्यमा स्थापित भएका गोरखाली लेखकहरूको अध्ययन गर्नु यस शोधकार्यको मुख्य क्षेत्र रहको छ ।

## १.७ सामग्री सङ्कलन

यस शोधकार्यमा सामग्री सङ्कलन गर्दा पुस्तकालयीय विधि अपनाइएको छ ।

## १.८ शोधविधि र सैद्धान्तिक ढाँचा

शोधका क्रममा अपनाइने नियम वा पद्धतिलाई शोधविधि भनिन्छ । गोरखा जिल्लाका सम्पूर्ण साहित्यकारहरूलाई अध्ययन गर्ने क्रममा जिल्लाको साहित्यिक चिनारी र लेखकहरूका बारेमा ऐतिहासिक पद्धति अँगालिएको छ । सङ्कलित सामग्री विश्लेषणका लागि आवश्यकताअनुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक तथा व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । शोधकार्यलाई वैज्ञानिक र तथ्यपूर्ण बनाउनको लागि माथि उल्लेखित विधि अपनाई निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको आन्तरिक संरचनालाई सुसङ्गठित र व्यवस्थित रूप दिनको लागि शोधकार्यलाई विभिन्न परिच्छेद र खण्डमा विभाजन गरिएकोछ । सबै परिच्छेदमा विभिन्न शीर्षक, उपशीर्षकहरूलाई व्यवस्थित गरिएकोछ । अध्ययनको समग्र रूपरेखा यस प्रकार रहेको छ :

**पहिलो परिच्छेद : शोधपरिचय**

यस परिच्छेद अन्तर्गत शोध विषय शीर्षकको परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोध विश्लेषण विधि र शोधकार्यको रूपरेखा समावेश गरिएका छन् ।

**दोस्रो परिच्छेद : गोरखाको साहित्यिक पृष्ठभूमि**

यस परिच्छेद अन्तर्गत गोरखा जिल्लाको परिचय, नामकरण, भौगोलिक अवस्थिति, नेपाली साहित्यको विकासक्रम तथा पृष्ठभूमिमा गोरखाली स्थापित स्रष्टाहरू, वर्तमानका र नवोदित गोरखाली स्रष्टाहरूलाई समेटिएको छ ।

**तेस्रो परिच्छेद : गोरखाका साहित्यिक सङ्घसंस्थाहरू**

यस परिच्छेद अन्तर्गत पृष्ठभूमिमा गोरखाली साहित्यिक सङ्घसंस्था, तिनीहरूको साहित्यिक गतिविधि र उपादेयताको चिनारीका साथै अध्ययनको विषय बनाइएको छ ।

**चौथो परिच्छेद :नेपाली साहित्यिमा गोरखाली स्रष्टाहरूको योगदान**

यस परिच्छेद अन्तर्गत वि.सं. २०४८ देखि हालसम्मका गोरखाली स्रष्टाहरू मूलतः पुस्तकाकार कृति र राष्ट्रिय प्रतिभा पुरस्कार विजेता स्रष्टाहरूले नेपाली साहित्यमा गरेका योगदानको विश्लेषण गरिएको छ ।

**पाँचौ परिच्छेद : उपसंहार वा निष्कर्ष**

यस परिच्छेदमा परिचयका साथै यसभन्दा अगाडिका पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदको निष्कर्ष तथा अन्तमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी शोधकार्यको पूर्वभागका रूपमा मुखपृष्ठ, स्वीकृतिपत्र, निर्देशकको मन्तव्य, विषयसूची र अन्त्य भागका रूपमा सन्दर्भसामग्रीसूचीका रूपमा सन्दर्भग्रन्थसूची, पत्रपत्रिकासूची समावेश गरी साङ्गोपाङ्ग शोधप्रतिवेदन प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# गोरखाको साहित्यिक रूपरेखा र नेपाली साहित्यको विकासक्रम

## २.१ गोरखा जिल्लाको भौगोलिक झलक

नेपाल राज्यको पश्चिमाञ्चल विकासक्षेत्रमा अवस्थित गण्डकी अञ्चलभित्रका छवटा जिल्लाहरूमध्ये गोरखा जिल्लाको आफ्नै गौरवमय इतिहास, धार्मिक वैभव, संस्कृति र परम्पराहरू छन् । वि.सं. २०१८ सालमा प्रशासनिक रूपले विभाजित भएपछि यस जिल्लाको साँध-सिमानामा कुनै हलचल आएको छैन । नव नेपालका निर्माता श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले आफ्नो नेतृत्व र नेपाली जनताको सहयोगबाट नेपालको निर्माण गरेका थिए । नव नेपालको उदय हुनुभन्दा अगाडि पनि गोरखा राज्य आफैमा शक्तिशाली थियो भन्ने कुरालाई नेपालको इतिहासले पुष्टि गरेको छ । हाम्रा महान् सपुतहरू अमरसिंह थापा, भीमसेन थापा, कालु पाण्डे, दामोदर पाण्डे, माथवरसिंह थापा लगायत नेपालकै पहिलो सहिद लखन थापाको कर्मभूमि पनि गोरखा नै हो । त्यस्तै गरी दर्जनौं हिमशृङ्खला, आधा दर्जन जति नदीहरू र विविध प्रकारका हावापानी पाइने यो जिल्ला प्राकृतिक रूपमा सुरम्य लाग्दछ ।

प्राकृतिक रमणीय छटाहरूले भरिपूर्ण, कला, संस्कृति, धर्म र विविध जातजातिको सङ्गमस्थलका रूपमा नेपाल संसारमा परिचित छ । यही नेपालको जगका रूपमा रहेको र ऐतिहासिक महत्त्वका दृष्टिले परिचित गोरखा बुढीगण्डकी, दरौंदी र चेपेको जलधाराद्वारा सिंचित प्रकृतिको सुन्दर उपवन रहेको पहाडी जिल्ला हो । आजको विशाल नेपाल निर्माण अभियान गोरखाबाट प्रारम्भ भएकाले नेपाली भाषा, साहित्य, कला, धर्म र संस्कृतिको विकासमा यस जिल्लाको भूमिका ऐतिहासिक र प्रेरणादायी छ ।

### २.१.१ गोरखा जिल्लाको भौगोलिक स्थिति, नामकरण र हावापानी

नेपालको पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलको लमजुङ, तनहूँ, कास्की, स्याङजा र मनाङ जस्तै गोरखा पनि एक जिल्ला हो । यसको कुल क्षेत्रफल ३६१० वर्ग कि.मी. फैलिएको छ । भौगोलिक स्थितिको दृष्टिकोणबाट यो जिल्ला ८४$^{\circ}$ २७"

देखि ८४° ५८" पूर्व देशान्तर र २०° १५" देखि २८° ४५" सम्मको उत्तरी अक्षांशभित्र फैलिएको छ ।[1] यस जिल्लाभित्र ६६ वटा गा.वि.स र १ नगरपालिका रहेको पाइन्छ ।

सम्पूर्ण देवताका पनि देवता शिव स्वरूप र मत्स्येन्द्रनाथका चेला तथा सत्य, त्रेता, द्वापर र कलि चारवटै युगमा जन्मेर यस धर्तीमा बसोबास गर्ने, सम्पूर्ण प्राणीलाई सुख र सन्तोष दिने पात्रका रूपमा गोरखनाथ पनि परिचित पौराणिक पात्रको नाम हो । 'गौ' वा 'गाई' हिन्दुमार्गीहरूको रक्षार्थ जन्मेर इतिहासका हरेक कालखण्डमा यहाँका निवासी तथा शाहवंशीय राजालाई यिनै गोरखनाथले रक्षा गरेको हुँदा यस पावन भूमिको नामकरण पनि गोरखा भएको मान्यता छ ।[2] भाषाविज्ञानका दृष्टिले गोरक्ष अर्थात् गोरखनाथबाट रक्षित भूमिबाट अपभ्रंश भएर गोरखा भएको हो भन्ने भनाइ रहेको पाइन्छ ।[3] यस पुण्यभूमिलाई अन्य नामबाट नपुकारी गोरखा नै भन्नुमा विविध किम्बदन्ती, लोककथाहरू, इतिहासकार र समाजशास्त्रीहरूका बीचमा पनि एकमत भने पाइँदैन ।

गण्डकी अञ्चलका ६ वटा जिल्लाहरूमध्ये पहाडी, लेकाली र हिमाली तीनवटै क्षेत्र रहेको एकमात्र जिल्ला गोरखा हो । यस जिल्लाको उत्तरी सीमा तिब्बतसँग जोडिएको छ भने दक्षिणतर्फ चितवन र तनहूँ जिल्ला पर्दछन् त्यसै गरी धादिङ र रसुवा यसको पूर्वी सीमानामा पर्दछन् भने पश्चिममा मनाङ, लम्जुङ, र तनहूँ जिल्लाहरू पर्दछन् । गोरखा जिल्लाको भौगोलिक बनावट एकनासको नभएकाले हावापानी पनि एकनासको छैन बेसीदेखि माथि जति-जति उचाइ बढ्दै गयो त्यति-त्यति बढी जाडो वा चिसो हावापानी पाइन्छ ।

## २.२ गोरखाको साहित्यिक पृष्ठभूमि र नेपाली साहित्यको विकासक्रम

नेपाली भाषा साहित्यको विकासमा गोरखा जिल्लाको योगदानको निरूपण गर्न गोरखा जिल्लाको इतिहास हेर्नुपर्ने हुन्छ । नेपालको एकीकरणभन्दा धेरै अगाडि देखि नै गोरखामा नेपाली भाषा र भाषिकाका वक्ताहरू रहेको पाइन्छ । यिनै नेपाली भाषा भाषिका वक्ताहरूको लोकजीवनको ऐना नै त्यहाँको लोकसाहित्य हो । तिनै लोकसाहित्यका पृष्ठभूमिमा नेपाली साहित्यको उठान भएको कुरा इतिहासमा उल्लेख नै छ । नेपाली साहित्यको उठानको समयावधि विक्रमको एघारौँ शताब्दीसम्म पुऱ्याउन प्राचीन भाषिक सामग्रीको खोजकार्य जारी राखेपनि यसलाई १४ औँ शताब्दी भन्दा पर पुऱ्याउन अझै सकिएको छैन । भूपाल

---

१. **मेचीदेखि महाकालीसम्म** (भाग-३), श्री ५ को सरकार संचार मन्त्रालय सूचना विभाग-२०३१, पृ.६० ।
२. निखिल गोरखवाणी, प्रचार सङ्घ, **गोरखवाणी,** अङ्क २०५९, पृ. ३९ ।
३. वसन्तकुमार शर्मा, **नेपाली शब्दसागर,** चौ. सं., (भाभा प्रकाशन, २०६२), पृ. १४६ ।

दामुपालको दूल्लु शिलालेखको समय वि.सं. १०३८ मानिएतापनि यो विवादित रहेको छ । यसमा उठेको शङ्का उपशङ्काको निवारण सामर्थ्य भएको अर्को कुनै सामग्री फेला नपरूञ्जेल नेपाली भाषाको प्रस्थान विन्दुका रूपमा अशोक चल्लको वि.सं. १३१२ कै ताम्रपत्रको नमुनालाई मानेर अघि बढ्नुपर्ने हुन्छ । मानवीय कल्पना दर्शन र कृत्यलाई स्थिरीकरण गर्ने साधन लिपि हो भने प्रचार प्रसार गरी विशाल बनाउने सुगम माध्यम भाषा हो । अत : हामीले पर्वते, गोरखा, सिञ्जाली, नेपाली, खस जे नाम दिएपनि तिनकै सन्तति बनेर विकसित भएको नेपाली भाषाको इतिहास चौधौँ शताब्दीको द्वितीय दशकभन्दा पूर्व जान सकेको छैन । यसै सीमाभित्र रहेर नै वर्तमान नेपालको ७५ वटै जिल्लाको भाषिक साहित्यिक योगदानको निरूपण गर्नुपर्ने हुन्छ । यहाँ गोरखा जिल्लाको भाषिक साहित्यिक अध्ययन गर्दापनि यसैलाई आधार मानिएको छ ।

गोरखा जिल्ला साहित्यिक रूपले सम्पन्न जिल्ला हो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेर एउटै सिङ्गो र बलियो राष्ट्र निर्माण गरे भने यही एकीकरण अभियानको भाषा र साहित्यको एकीकरणमा पनि ठूलो भूमिका रहन गयो । नेपाली भाषाको साहित्य प्रथमत: मौखिक परम्पराद्वारा कथ्यस्तरमा विकसित हुँदै आएको छ । यसरी कथ्यस्तरमा विस्तारित हुँदै पछि लेख्यस्तरमा आफूलाई दर्विलो बनाउने कार्य लोकसाहित्यले गऱ्यो भने यसलाई सहयोग गर्ने काममा शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, पृथ्वीनारायण शाह, राधावल्लभ आदिको सक्रियता रह्यो । जब लोकसाहित्यले लेखन परम्परामा आफूलाई स्थापित गऱ्यो त्यसपछि नेपाली साहित्यको प्रादुर्भाव भएको पाइन्छ । यसरी उठान लोकसाहित्यबाट भएको नेपाली साहित्यको पृष्ठभूमिमा गोरखाली साहित्यिक जगत् र साहित्यकारहरूकै केन्द्रमा रहेर थप अध्ययन गरिएको छ ।

यसरी विक्रमको चौधौं शताब्दीदेखि वर्तमानको समयसम्मलाई हेरेर नेपाली साहित्यको अध्ययन गर्दा गोरखामा एकातिर जनस्तरमा परम्परागत रूपमा लोकसाहित्य रहेको छ भने नेपाल एकीकरणको वेलादेखिनै लेख्यस्तरमा पनि साहित्य सिर्जनाका गतिविधिहरू देखा पर्न थालेका छन् । आधुनिक नेपालका निर्माता श्री ५ पृथ्वीनारायण शाह स्वयम् उनका दरवारी पण्डित शक्तिवल्लभ अर्याल नै गोरखाका प्रथम साहित्यिक स्रष्टा भएको पाइन्छ । यसरी लिखित साहित्यको थालनीदेखि हालसम्मको समयावधिलाई अध्ययन गर्न नेपाली साहित्यमा प्रचलित कालविभाजनको अवधारणालाई स्वीकार गर्दै त्यसको रेखाङ्कन गर्न सकिन्छ ।

क. प्राथमिक काल (वि.सं. १८२६ देखि १९४० सम्म)

ख. माध्यमिक काल (वि.सं. १९४१ देखि १९७३ सम्म)

ग. आधुनिक काल (वि.सं. १९७४ देखि हालसम्म)

नेपाली साहित्यको कालविभाजनका बारेमा विद्वानहरूबीच अनेक मतमतान्तरहरू प्रचलित छन् । तापनि नेपाली भाषा साहित्यको पाठ्यक्रमले मूलतः यस्तै प्रकारको काल विभाजनको अवधारणालाई स्वीकार गरेको छ ।

## २.२.१ नेपाली साहित्यको प्राथमिक काल र गोरखाली स्रष्टाहरू

नेपाली साहित्यको प्राथमिक काल भन्नाले वि.सं. १८२६ देखि १९४० सम्मको समयावधिलाई लिइन्छ । यस समयावधिलाई पनि पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा विभाजन गर्न सकिन्छ । नेपाली साहित्यको प्राथमिक कालको पूर्वार्द्ध भन्नाले वि.सं. १८२६ देखि १८७३ साल सम्मको समयावधिलाई लिइन्छ । यस समयमा नेपालको एकीकरण अभियान सञ्चालन भएको थियो उक्त समयमा शासकलाई रिझाउन र लडाकुहरूको मनोबल बढाउन वीर योद्धाहरूको प्रशंसा र गुणगान गर्दै वीरताका भावनाहरू प्रकट गरेर साहित्य सिर्जना गरेका छन् त्यसैले यस धारालाई वीरधाराकाल पनि भनिन्छ ।

वि.सं. १८७३ मा नेपाल अङ्ग्रेज युद्ध भयो र त्यसबाट नेपालले ठूलो क्षति बेहोर्नुपर्‍यो । त्यस घटनाले नेपाली जनमानस निकै आहत बन्न पुग्यो । राष्ट्रियस्तरमा घटेका यस वेदनालाई बिर्सन त्यसबेलाका सिर्जनशील सर्जकहरूले आफ्नो रचनामा ईश्वरस्तुति गर्न थाले । फलस्वरूप भक्तिधाराको प्रवर्तन भयो । वि.सं. १८७३ पछि थालिएको उत्तर प्राथमिक कालमा कृष्णभक्ति धारा, रामभक्तिधारा र निर्गुणभक्तिधारा गरी तीन उपधारा प्रवाहित देखिन्छन् ।

नेपाली साहित्यको उपर्युक्त कालमा गोरखाबाट देखापर्ने साहित्यकारहरू हुन् शक्तिवल्लभ अर्याल, पृथ्वीनारायण शाह, उदयानन्द अर्याल, राधावल्लभ, महासिंह थापा आदि ।[४]

गोरखा दरवार नजिकै वि.सं. १७८१ मा जन्मिएका शक्तिवल्लभ अर्याल नेपाली साहित्यका र गोरखाली स्रष्टाहरूमध्ये प्रथम स्रष्टा मानिन्छन् । उनको वि.सं. १८२७ को **महाभारत विराटपर्व** नै अहिलेसम्मको नेपाली भाषाको प्रथम गद्य सिर्जना मानिन्छ । नेपाली साहित्यको

---

४. कुलप्रसाद कोइराला, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** , (काठमाडौं : यदुप्रसाद भट्ट, २०६६) पृ. २६-२९ ।

आख्यान र आख्यानेतर गद्यको प्रस्थान विन्दुको रूपमा **'महाभारत विराटपर्व'** लाई लिने गरिएको छ । उनका **महाभारत विराटपर्व (१८२७ अनुवाद), पुरश्चरण चातुरी, जयरत्नाकर नाटक** (संस्कृत), **हास्यकदम्ब** (नाटक संस्कृत/नेपाली अनुवाद) **ललित माधव, सुधा तरङ्गिणी, दानप्रकाश** लगायत करिब १० वटा कृति प्रकाशित छन् । उनको मृत्यु भने १८६३ मा भएको थियो ।[५]

वि.सं. १८१२ मा गोरखा दरवार नजिक जन्मिएका उदयानन्द अर्याल शक्तिवल्लभ अर्यालका भतिजा थिए । वि.सं. १८८७ मा भीमसेन थापाबाट अमिनको दर्जा पाएका उदयानन्दको वि.सं. १८९४ मा देहावसान भएको थियो । उनको ***पुरानो बातको अर्जी*** कविता राजालाई अर्ती दिनका लागि विभिन्न कृतिहरूबाट विविध टुक्राहरूलाई मिसाई तयार गरेको देखिन्छ । यसै कृतिबाट उनको व्यक्तित्वको मूल्याङ्कन समेत गर्न सकिन्छ । उनको **पुरानु बातको अर्जी, कुलवर्णन, हात्ती मर्दा लेखिएको फुटकर श्लोक वि.सं.** १८४३ देखि १८५० विचमा रचना गरिएको अनुमान गरिएको छ भने १८७२ तिरको मानिएको **खण्डकाव्य** नेपाली साहित्यको उल्लेख्य कृति हो । साथै उनको **पृथ्वीन्द्रोय** काव्य समेत गरी करिब ५ वटा कृतिहरू प्रकाशित भएका देखिन्छन् ।[६]

वि.सं. १८०० मा गोरखा सदरमुकाम पोखरीथोकमा जन्मिएका ललितावल्लभ पनि गोरखाका स्रष्टा हुन् । उनका करिब ३ वटा पुस्तक प्रकाशित भएको भनिएपनि प्राप्त हुन सकेका छैनन् ।[७]

गोरखा सदरमुकाममा वि.सं. १७९० मा जन्मिएका चक्रपाणि अर्याल नेपाली साहित्यको प्राथमिक कालमा गोरखाबाट देखिने प्रतिभा हुन् । उनका करिब १० वटा पुस्तक प्रकाशित छन् । उनी भक्तपुरका लागि गोरखाली दूत पनि थिए । यस्ता होनहार प्रतिभाको देहवसान वि.सं. १८६९ मा भएको थियो ।[८]

गोरखा दरवार नजिक वि.सं. १७८५ मा जन्मिएका राधावल्लभ शक्तिवल्लभ अर्यालका कान्छा भाइ थिए । नेपाली साहित्यको प्राथमिक कालमा गोरखाबाट देखापर्ने अर्यालका करिब ४ वटा पुस्तकहरू प्रकाशित छन् । यिनी शिबभक्त रहेको र गोरखा सदरमुकाममा राधावल्लभेश्वरको मन्दिर बनाएको पनि उल्लेख छ । उनले **साँढ्याको कवित्** लेखेर इष्टदेव

---

५ पूर्ववत् पृ.२६ ।

६ मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** (ललितपुर : साझा प्रकाशन, २०४५), पृ.३१,३२ ।

७ दयाराम अर्याल, **प्यारो गोरखा,** (काठमाडौं : अल्टा ग्राफिक्स प्रिन्टिङ प्रेस, २०६७), पृ.३० ।

८ ऐजन ।

पशुपतिको प्रार्थना गरेका छन् । अर्यालको देहावसान पशुपति आर्यघाटमा वि.सं. १८६९ मा भएको थियो ।[९]

गोरखा दरवारनजिक करिब १८३० तिर जन्मिएका वीरेश्वर अर्याल पनि प्राथमिककालीन गोरखाली स्रष्टा हुन् । उनका बारेमा गोरखाली स्रष्टाको अध्ययनकर्ताले नाम लिने गरेतापनि उनका कृतिहरू प्राप्त हुन सकेका छैनन् ।[१०]

पृथ्वीनारायण शाह गोरखाका राजा हुन् । उनी साहित्यिक भन्दापनि राजनीतिक व्यक्तित्व हुन् । उनले आफ्ना भाइभारदारलाई उपदेश दिने र त्यो उपदेश अरूलाई लेख्न लगाउने गर्दथे त्यसै क्रममा वि. सं. १८३१ मा उलको अर्ती उपदेशले भरिएको **दिव्योपदेश** नामक कृति प्रकाशित भएको पाइन्छ । यो नेपाली साहित्यको गद्यकारिताको एक उत्कृष्ट नमुना हो र यसले नेपाली निबन्ध लेखन परम्पराको श्रीगणेश गर्ने कार्य गऱ्यो । यसमा पृथ्वीनारायण शाहको निजात्मक विचार अभिव्यक्त भएको भएतापनि भाषिक दृष्टिले आलङ्कारिक तथा बिम्ब प्रतीकहरूको समुचित प्रयोग भएको निबन्धात्मक कृति हो ।[११]

गोरखाली काजी जसपाउ थापा मगरका सन्तान महासिंह थापा योगी हुँदा बालसिद्ध कहलिएका थिए । यिनको समाधि रहेको लुदी खोलामा प्रतिवर्ष हरिबोधनी एकादशीका दिन रोट काटी पूजा गर्ने चलन छ । यिनले वि.सं. १९३१ मा **श्री ज्ञानचरित्र** लेखेका थिए । योगी नरहरिनाथले उनका सन्तान फत्यबहादुरबाट प्रकाशनार्थ ल्याएको र त्यसको नमुना बुइँगलमा प्रकाशित भएको छ ।[१२]

नेपाली कविताको प्राथमिक काल वि.सं. १८०१ देखि १९२९ सम्म व्याप्त रहने गरी निर्धारण गरिए पनि कविताका नमुनाचाहिँ वि.सं. १८३१/३२ देखिमात्र प्राप्त भएका छन् । शक्तिवल्लभको वि.सं. १८२७ को विराटपर्वको अनुवाद नभेट्टाउँदासम्म नेपाली कविता नै जेठो विधाको रूपमा मानिएको थियो तर विराटपर्वको प्राप्तिले नेपाली कवितालाई माहिलो बनाई आख्यान विधा जेठो ठहरिएको छ ।[१३] आधुनिक नेपाली साहित्यका प्रमुख विधा कथा, कविता, निबन्धजस्ता गद्य-पद्यात्मक विधाको सर्वप्रथम गोरखामा सिर्जना भएको हुनाले नेपाली भाषासाहित्यको विकासमा गोरखा जिल्लाको ऐतिहासिक योगदान रहेको प्रमाणित

---

९. मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** ( ललितपुर : साझा प्रकाशन, २०४५), पृ.३३ ।
१०. दयाराम अर्याल, **प्यारो गोरखा,** (काठमाडौं : अल्टा ग्राफिक्स प्रिन्टिङ प्रेस, २०६७), पृ.३० ।
११. कुलप्रसाद कोइराला, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** , (काठमाडौं : यदुप्रसाद भट्ट, २०६६) पृ.२७ ।
१२. कमलमणि दीक्षित (सम्पा.) **बुँइगल**, तृतीय संस्करण, ललितपुर, साझा प्रकाशन, २०३४, पृ. ३३९ ।
१३ कुलप्रसाद कोइराला, पूर्ववत् पृ. २८ ।

हुन्छ । यद्यपि यी प्रारम्भकालीन रचना भएकाले यिनमा सैद्धान्तिक सचेतता र विधागत स्वरूपको उच्चतम प्राप्ति छैन । त्यस दृष्टिले यसकालका रचनालाई हेर्न पनि मिल्दैन । रूपविन्यासका सम्भावनालाई मात्र खोजेर इतिहास तन्काउने कार्यमा प्रायः आदिकाललाई संसारभरि नै उपयोग गर्ने प्रचलन पनि रहेको हुन्छ ।

## २.२.२ नेपाली साहित्यको माध्यमिक काल र गोरखाली स्रष्टाहरू

नेपाली साहित्यको माध्यमिक काल भन्नाले वि.सं. १९४१ देखि वि.सं.१९७४ सम्मको समयावधि भन्ने बुझिन्छ । यस कालको प्रमुख प्रवृत्ति शृङ्गार हो भने गौण प्रवृत्तिका रूपमा भक्ति र स्तुति पनि रहेको छ । माध्यमिककालीन शृङ्गारिक धाराको प्रवर्तन र विकासका निम्ति मुलुकको तत्कालीन राजनैतिक सामाजिक परिस्थितिहरूले महत्त्वपूर्ण भूमिका खेलेको छ । राणाशासनको निरङ्कुशता र दरबारभित्रका चरम भोगविलासको प्रवृत्तिले गर्दा यस अवधिमा नेपाली साहित्यमा निकै शृङ्गारिकताको चहलपहलको लहर देखिन्छ । नेपाली लेखोट युग समाप्त भई मुद्रणतिर उन्मुख हुनु, विभिन्न किसिमको साहित्यिक पत्रपत्रिकाको प्रकाशन हुनु, कवि लेखकहरूको समूह बढ्दै जानु, नेपाली भाषाका व्याकरणहरू लेखिनु आदि यसकालका प्रमुख घटनाक्रमहरू हुन् । यसैबेला मोतीराम भट्टजस्ता साहित्यिक रूपमा सचेत व्यक्तिहरूले साङ्गठनिक रूपमा भाषा साहित्यको विकासका निम्ति भूमिका खेल्न थाले । उनले नै समकालीन लेखकहरूलाई साहित्य सिर्जनातिर अभिप्रेरित गर्नका साथै आफ्ना अग्रज कवि भानुभक्त आचार्यको जीवनी र उनका कृतिहरू प्रकाशन गर्न थाल्नुले यस कालको उठान र विकास हुन पुग्यो ।

वि. सं. १८२७ बाट १८३१ सम्म विभिन्न वाङ्मयग्रन्थ अभिलेखहरू चिठीपत्र बाहेक साहित्यिक अभिव्यक्तिका माध्यमबाट सक्रिय रहेको गोरखाली चेतना यसपछि निकै सुस्ताएको अवस्थामा पुगेको देखिन्छ । वि. सं. १९४० यता ***बुइँगल*** *वि.स. २०३४* मा समेटिएका चारजना स्रष्टाहरू र अन्य केही फेला पर्दछन् ।

गोरखामा वि.सं. १८३५ मा जन्मिएका अग्निधर देवकोटा माध्यमिक कालका गोरखाली स्रष्टा हुन् । उनको **गोरखा विजय तिलकम्** नामक कृति वि.स. १८३५ तिरको संस्कृत भाषाको पुस्तक प्रकाशित रहेको कुरा **इतिहास प्रकाश** मा उल्लेखित छ । उनको मृत्यु वि.सं. १८८० मा भएको हो ।[१४]

---

१४ पूर्ववत्, पृ.३१ ।

गोरखा जिल्लाको लिगलिग बोहरा गाउँमा पुष्करनाथ देवकोटा र नर्मदादेवीका गर्भबाट वि.सं. १९६० मा माधवप्रसाद देवकोटाको जन्म भएको हो । यिनी सांख्य दर्शनमा आचार्य, महेन्द्र विद्याभूषण पदकबाट विभूषित थिए । समाजसेवी, शिक्षासेवी र लेखक एवं प्रकाण्ड विद्वान् तथा कवि-हृदयशाली देवकोटालाई नेपाली साहित्यको निरवच्छिन्न सेवा गर्दै पद्यतर्फ राष्ट्रियता र आदर्शको सुन्दर समावेश गरे वापत २०३६ मा महेन्द्र प्रज्ञा पुरस्कारबाट नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले रू. पच्चिस हजार नगदसहित पुरस्कृत गऱ्यो । देवकोटाका **हुस्सु पथिक खण्डकाव्य २०१०, भारतीवैभवम् संस्कृतस्तकाव्यम् २०१०, फूलबारी कविता संग्रह २०१९, रूरू गौरव खण्डकाव्य २०३०, तरङग कविता संग्रह २०३४, लेखमाला निबन्धसंग्रह २०३८** पुस्तकाकार कृति प्रकाशित भएका छन् भने अन्य अनुवादात्मक कृति **ईशादि नौ उपनिषद् २०३०, बृहदारण्यकोपनिषद् २०३१, छान्दोग्योपनिषद् २०३५** आदि रहेका छन् ।

गोरखा जिल्लाको कुरिनघाटमा करिब वि.सं. १९४५ तिर जन्मिएका हरिलाल पोखरेल नेपाली साहित्यको माध्यमिक कालका गोरखाली स्रष्टा हुन् । उनी त्रिलोचन शर्माका काहिँला छोरा हुन् । उनी ज्योतिष विद्यामा पनि सिद्ध थिए । ज्योतिषशास्त्र (खगोल) र गणितलाई पनि छन्दमा अभिव्यक्त गर्ने यी दैवज्ञ विद्वान्ले वि.सं. १९६० मा **ब्राह्मण दर्पण** र विं सं. १९८१ मा **नीति दर्पण** लेखेर छपाएका थिए । वि. सं. १९९४ मा यिनको **त्रियुद्ध गणित** पनि निस्क्यो । यिनी वनारसमा शिक्षा ग्रहण गरी चितौन पाठशालाका पण्डितका रूपमा धेरै समयसम्म रहेका थिए । उनको चन्द्रशम्शेरको राज्याभिषेकको मितिदेखि नै चन्द्र सम्बत् चलाउने धोको रहेको भनाइ छ यद्यपि यो पूरा हुन सकेन । उनी विशेषतः संस्कृत साहित्यमा कलम चलाएपनि नेपाली साहित्यका स्रष्टाका लागि प्रेरणाका स्रोत रहेको कुरा विभिन्न व्यक्तिहरूले उल्लेख गरेका छन् । [१५]

गोरखा जिल्लाको हर्मी गा.वि.स. मा पिता डण्डपाणि अधिकारी, माता महालक्ष्मीबाट वि.सं १९३३ सालमा जन्मेका अग्निधर अधिकारी पनि माध्यमिककालीन गोरखाली साहित्यकार हुन् । उनको नेपाली साहित्यका चर्चित साहित्यकार लेखनाथ पौड्याल, चक्रपाणि चालिसे आदिसँग राम्रो सम्बन्ध रहेको कुरा उनका घर परिवारका सदस्यहरूका कुराबाट थाहा हुन्छ । उनका कविता उनका घर अन्य सदस्यले गाउने गरेको कुरा मोदनाथ मरहट्टाले ***फूलको डोली*** नामक पत्रिकामा उल्लेख गरेका छन् । उनै मरहट्टाका अनुसार अधिकारीले रचना गरेको कविताको अंश यस्तो रहेको छ :

१५ ऐजन, पृ.३१ ।

अब त सखे नखाउ चुरोट कसै

असल मान्छु मता बरू त्यो नसै ।

हुन्या बरू पइसा कि किफाइता

नपरन्या नसलाई सलाई ता ॥[१६]

उनकी बुहारीका मुखमा कण्ठस्थ रहेका यस्ता अन्य श्लोक पनि प्रशस्त रहेको र उनको पालाका किताबहरूको थुप्रोमा एउटा डायरी पनि रहेको र त्यसमा लेखनाथ पौड्याल, कृष्णचन्द्रसिंह अर्याल, दधिराम मरासिनी, चक्रपाणी चालिसे, कोमलनाथ अधिकारी, सोमनाथ सिग्देल, सालुका काफ्ले आदिका नाम र जन्ममिति लेखिएको भेटिन्छ जुन कुराले उनका सहपाठीहरू रहेको कुराको पुष्टि गर्न सकिन्छ । विं सं. १९६१ तिर प्रकाशित **कविता कल्पद्रुममा** पनि उनका केही कविता छापिएको पाइन्छ । उनले **सूक्ति सिन्धुको** प्रकाशनताका रचेको र उनका छोराको मुखबाट सुनेर बुहारी वेदमायाले भनेको शृङ्गारिक कविताको एक अंश यस्तो रहेको छ :

उपर झ्यालमहाँ बसि दिन्भरी

बहुत आँशु गिराइ घरीघरी

युवति हेरदथिन् सडकै महाँ

छैन कोही शयनको घरमा यहाँ ।

......................................

थिइन् मोरी अघिपनि पातली

तिमी जव परदेश गयौ चली

बहुत शोक गरेर ज्यान

विचरीका चरीका सरी पाउ छन् ।

मूल घर गोरखा भएपनि अधिक समय काठमाडौंमा बस्ने कवि खड्गप्रसाद श्रेष्ठले झन्डै दुई दर्जन पुस्तक लेखेपनि ती प्रकाशित हुन सकेका छैनन् । यिनको राधेश्याम **रामायणको एक अंश** ***(१९८८ को रचना) बालकाण्ड*** मात्र छापिएको पाइन्छ ।[१७]

---

१६ मोदनाथ मरहट्टा, **फूलको डोली**, (काठमाडौं : वज्रभैरव प्रिन्टिङ्ग प्रेस), (वर्ष-४, अंक-८), २०६१, पृ. १२ ।

१७ कमलमणि दीक्षित (सम्पा.) **बुँइगल**, तृतीय संस्करण, (ललितपुर : साझा प्रकाशन, २०३४) पृ. ३६४।

वि. सं. १८७७ मा जन्मिएका वाणीनिधि पनि माध्यमिककालीन गोरखाली स्रष्टा हुन् । उनको **गोरक्षाधीश** नामक चम्पू **इतिहास प्रकाश**को दोस्रो अङ्कमा प्रकाशित भएको पाइन्छ ।

यसरी माध्यमिककालमा गोरखाबाट साहित्य सिर्जनाको यात्राले आशातीत प्रगति गरेन । यस्तो हुनाको मूलतः तीनवटा कारण हुन सक्छन् । पहिलो सम्पूर्ण चहलपहलको केन्द्र काठमाडौं हुनु र धेरै गोरखाली स्रष्टाहरूले पनि काठमाडौंको नै ठेगाना राख्नु । दोस्रो प्रेस व्यवसायका क्रममा सिर्जनशील प्रतिभाहरू पलायन भई देशका अन्य स्थानमा पुग्नु र तेस्रोचाहिँ यस समयमा गोरखा एउटा सामान्य प्रशासनिक एकाइका रूपमा रही लेखन प्रकाशनबाट पराङमुख बन्नु । राजा कान्तीपुर सर्नु र गोरखाली स्रष्टाहरूले गोरखालाई बेहुली अन्माएको घरजस्तो शून्य र रिक्त अनुभूत गर्न विवश भई नवनिर्मित केन्द्रकै अनुसरण गर्नु प्रमुख कारणहरू हुन् ।

## २.२.३ नेपाली साहित्यको आधुनिक काल र गोरखाली स्रष्टाहरू

नेपाली साहित्यको आधुनिक काल भन्नाले वि.सं. १९७५ भन्दा पछिको समयावधि भन्ने बुझिन्छ । यसै समयदेखि नेपाली साहित्यको सबै विधामा आधुनिकताका लहरहरू देखिन थाल्छन् । नेपाली जनमानस पनि मध्ययुगीन सामन्ती व्यवस्थाबाट मुक्तिका लागि प्रयत्नशील हुन्छन् र नेपाली राष्ट्रिय परिवेशमा नवीन चेतना र जागरणका लहरहरू फैलिन थाल्छन् । फलस्वरूप देशभित्र र बाहिर जातीय जागरण तथा उद्‌बोधनका भावनाहरू विकसित हुन थाल्छन् । देशका विभिन्न स्थानमा स्थापना भएका शैक्षिक संस्थाहरू, विभिन्न राजनैतिक दलहरू, तथा पत्रपत्रिकाहरूको प्रकाशन जस्ता घटनाले नेपाली जनमानस जागृत हुँदै जान्छ । राणाहरूको निरङ्कुश शासन व्यवस्थाको विरूद्धमा नेपाली साहित्यकारहरूले प्रतीकात्मक रूपमा क्रान्ति, विद्रोह र सामाजिक परिवर्तनका भावनाहरू व्यक्त गर्न थाल्छन् । यस क्रममा नेपाली साहित्यमा शृङ्गार, उपदेश र अनुकरणभन्दा फरक मौलिकता र यथार्थको अन्वेषण गर्ने प्रयास थालिन्छ । नयाँ विचार, शैली र भावको आमन्त्रण गर्दै साहित्य सिर्जना गर्ने प्रक्रिया थालिन्छ ।

वि.सं १९७५ भन्दा पछि आधुनिक नेपाली साहित्यका विभिन्न विधाहरूमा विश्वसाहित्यमा देखा परेका नव-नव प्रवृत्ति र धाराहरू देखापरेका छन् । नेपाली कवितामा परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रयोगवादी धारा, समसामयिक धारा विकसित भएका छन् भने

नेपाली गद्यमा आदर्शवादी धारा, सामाजिक यथार्थवादी धारा मनोविश्लेषणात्मक धारा तथा अन्य विविध प्रयोगशील प्रवृत्तिहरू देखा परेका छन् ।

गोरखाली स्रष्टाहरू माध्यमिक कालमा संख्यामा सीमित, लेखनमा शिथिल देखिएतापनि आधुनिक कालमा फेरि क्रियाशील भएर उर्जावान् भएको पाइन्छ । हुन त यस समयमा पर्याप्त चेतनाको कारणले हो वा विविध प्रविधिको विकासले हो यस समयका गोरखाली स्रष्टाहरू धेरै रहेको पाइन्छ । प्राथमिक र माध्यमिककालीन स्रष्टाहरूको पृष्ठभूमिमा वर्तमानकालीन वा आधुनिककालका विभिन्न स्रष्टाहरू रहेको पाइन्छ ।

वि.सं १९९१ देखि नेपाली गद्य-पद्यका सबै विधा-उपविधाहरू, आधुनिक कालमा प्रवेश गर्दछन् र विधागत सचेतता, युगबोध र जीवन अनुरूपताका साथै सूक्तिमय अभिव्यक्तिका ठाउँमा बोलीचालीका गद्यले प्रवेश पाउनु जस्ता कुरालाई आधुनिकताका अभिलक्षणहरू मानिएका छन् । आधुनिक कालको पनि दोस्रो दशकको आरम्भबाटै गोरखा जिल्लावासीहरू नेपाली साहित्यको सवैजसो विधा उपविधा सिर्जनामा लागेर स्तरीय कृतिहरू नेपाली साहित्यका फाँटमा प्रस्तुत गरेका छन् । जसरी विश्वसाहित्यमा विविध धारा प्रवृत्ति र वादहरूको विकास भएको छ, त्यसरी नै गोरखाली स्रष्टाहरूको साहित्य सिर्जनामा पनि त्यसको प्रभाव परेको देखिन्छ । पूर्णप्रसाद ब्राह्मण, विनोदप्रसाद धिताल, विष्णुप्रसाद धिताल, राजेश्वर देवकोटा, सीताराम अधिकारी, चन्द्रकान्त अधिकारी जस्ता होनहार सर्जकहरू पनि यस कालमा गोरखामा देखा परेका छन् । वि.सं. २०४६ को दशकभन्दा यता आएर गोरखामा केही साहित्यिक र समाचारमूलक गरी दुई प्रकारका पत्रपत्रिकाहरू पनि प्रकाशित हुन थालेका छन् । यसले साहित्यिक गतिविधिको धरातललाई मलजल गर्ने काम गरेको छ ।

यसरी गोरखाबाट नेपाली साहित्यका काखमा लटपटिएका अन्य प्रतिभाहरूमा दण्डपाणि अर्यालले ज्योतिषशास्त्रका साथसाथै नेपाली साहित्यका क्षेत्रमा समेत महत्वपूर्ण योगदान दिएको पाइन्छ । उनको **दश महाविद्या** वि.सं. २०६२ मा प्रकाशित भएको पाइन्छ । उनको नाममा स्मृतिकेन्द्रको पनि स्थापना भएको पाइन्छ, जुन केन्द्रले विभिन्न कृति प्रकाशन गर्ने, अन्य नवोदित साहित्यकारलाई प्रोत्साहन पुरस्कार दिनुका साथै अर्यालका कृतिहरूनै प्रकाशन गर्दै आएको छ । यस्तै गणेशप्रसाद अर्याल पनि अर्का गोरखाली स्रष्टा हुन् उनका करिब एक दर्जन जति कृति प्रकाशित भएका छन् । उनलाई गायत्री गणेश अर्ज्यालका नामले पनि चिनिन्छ । आफ्नो आँखाको दृश्य शक्ति गुमाएपछि उनले नियमित सहस्र गायत्री पुनश्चरण

गरेकोले उनलाई गायत्री गणेश भनिएको हो ।[१८] उनले नेपाली साहित्यको कविता विधामा कलम चलाएको पाइन्छ । उनका पुस्तकाकार कृतिहरू हुन् **रामभक्ति माला, श्री ५ महेन्द्रको पशिचमाञ्चल गोरक्षयात्रा, प्रजातन्त्र समाज चित्रण** लगायत रहेका छन् । यस्तै गणेशराज वन्त पनि आधुनिककालीन गोरखाली स्रष्टा हुन् । उनका तीनवटा भजनमाला प्रकाशित रहेको पाइन्छ । यस समयका अन्य स्रष्टाहरूमा बाबा डिल्लीराम ब्रह्मचारी र उनको **आत्मरस, श्रीरामानन्द चरित्रामृतम्, श्री रामनाम कल्पतरू** आदि कृति प्रकाशित भएको पाइन्छ । त्यस्तै ईश्वरीनन्दन शर्मा धितालको **स्रष्टा र सृष्टि** कवितासङ्ग्रह, पूर्णप्रसाद ब्राह्मणको **अगुल्टो, एक्काइस कथा, भिल्का, म लोग्ने हुँ, एकतीस कथा, एघार कथा, आदि कथासङ्ग्रह, एक कथा, अध्यक्ष उमा, आदि उपन्यास, सम्भौटो काव्य, कुन्तीको समाचार खण्डकाव्य, पूर्णप्रसाद ब्राह्मणका फुटकर कविता आदि** कृतिहरू प्रकाशित छन्, पूर्ण दोर्जे लामा योञ्जनको साहित्येतर ज्योतिष शास्त्रको कृति रहेको पाइन्छ । विष्णुप्रसाद धितालको **विष्णु गुप्त चाणक्य** (अनुवाद), **उज्यालो हुनुअघि** (उपन्यास), **डिभाइन कमेडी** (अनुवाद महाकाव्य), **राधामिलन** (काव्य), **योजन गन्धा** (उपन्यास), **र अस्ताउन लागेका चन्द्रमासँग** (कवितासङ्ग्रह), आदि, अङ्ग्रेजबाबु श्रेष्ठको **फलफूलको पञ्चायततिर, हस्पिटलमा भूतको कला, ब्रह्मज्ञान युक्ति, शान्तिसँग क्रान्ति गर**, उमानाथ देवकोटा, राजेश्वर देवकोटाको **राम्रो नेपाली साहित्य, नेपाली व्याकरण, नेपाली निबन्धावली, युग काव्य (हास्यव्यङ्ग्य), आवर्तन, द्वन्द्वको अवसान, पूर्वकथा र उत्सर्ग प्रेम उपन्यास हाम्रा पुर्खाहरू (जीवनी**) प्रकाशित छन्, विद्यादेवी देवकोटाको **विद्यापुकार**, नेत्रमणि शर्मा आचार्यको **रचनामञ्जरी र पच्चीस थुँगा काव्य**, ईश्वरवल्लभको **आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्, केही भूमिकाहरू, सोचको मायामठ, प्रस्तुत निवन्धसङ्ग्रह, एउटा सहरको किनारमा, समानान्तर, कस्मै देवाय, धूवाँको जङ्गल कवितासङ्ग्रह र नीलो माटो कथासङ्ग्रह प्रकाशित छन्**, रमेश धितालको गीतसङ्ग्रह **गाउँ गाउँ जस्तो छैन सहर सहर जस्तो छैन**, तीर्थराज वन्तको **डाँडाबाट, तुफुका केही कविता, रजश्वला एक निराशा, आकाशमा सल्बलाएको हात, आँखामा हिजोको इतिहास, शब्दसोपान, कवितासङ्ग्रहहरू, ओम शान्ति कविता** आदि, रामशरण शर्माको **अल्बर्टयात्राः मेरा केही अनुभूति**, मोहननारायण श्रेष्ठको **हेनरी ड्यूनाको जीवनी**, रामचन्द्र आचार्यको **पौरखी पाइलाहरू** निवन्धसङ्ग्रह, तारापति ढकालको **मेरा अल्भिएका सम्भनाहरू,** निर्मला जोशीको **कठपुतलीको घर** (अनुवाद), शिवजी पन्त, केदारनाथ

---

१८. वासुदेव त्रिपाठी, *गोरखाका कवि पण्डित गायत्री गणेश अर्ज्याल,* **शक्ति,** (वर्ष-४, अंक-४), गोरखाःशक्ति मा.वि., २०३४, पृ.३५ ।

खनालको **अनुभूतिका शब्दतरङ्ग**, कवितासङ्ग्रह, **शिक्षा केही गन्थन मन्थन, यात्राका स्पन्दनहरू, स्मृतिका बिम्बहरू** प्रकाशित छन् । यदुप्रसाद भट्टको **प्रेमाचाल** काव्य, सीताराम अधिकारीको **मेरो लेक, यात्रा रोकिन्न, देवघाट, सत्सुन्दर, फूल मान्छे म र नेपाल, अमरज्योतितिर फर्केर हेर्दा** काव्यहरू **र उज्यालोको खोजी** उपन्यास आदि कृतिहरू प्रकाशित भएका छन् भने अन्य व्यक्तित्वहरूमा चिरञ्जीवी वाग्ले, शिवहरि मरहट्टा, तुलसीप्रसाद न्यौपाने, रेशम थापा, इन्द्रप्रसाद रेग्मी, चन्द्रकान्त अधिकारी, सूर्यमान श्रेष्ठ, केशब मरहट्टा, हरिहर अर्याल, प्रभादेवी देवकोटा कैनी, दोलखबहादुर गुरुङ, दीपक जोशी, होमकुमार श्रेष्ठ, जीवनराज वाग्ले, रेशम विरही धिमिरे, तुलसीमान श्रेष्ठ, निर्मला जोशी, बाबुराम पोखरेल, भीम राना जीज्ञासु, खनाल रेवतीरमण, राजेन्द्र प्रसाद अर्याल, तीर्थराज अधिकारी, वी.के. रानामगर, वेदकुमारी न्यौपाने, केदार कुमाले, सुनिल मास्के, ईश्वरी अधिकारी, नवराज कट्टेल, चूडा ढकाल, सीता अर्याल, धनेश्वर भट्टराई, राजुबाबु श्रेष्ठ, सुनीलचन्द्र श्रेष्ठ, जानुका शर्मा, विजयभक्त उपाध्याय, रामजी दाहाल, सुरेन्द्र देवकोटा, राजेश्वर रेग्मी, धनञ्जय भट्ट, सरू थापा, उत्तम भट्ट, मोदनाथ खनाल, शोभा भट्ट, वी. पी. गोरखाली, सुशील चन्द्र श्रेष्ठ, मोहन दवाडी, राजकुमार श्रेष्ठ, रामनारायण जोशी, मोदनाथ मरहट्टा, उमा भुजेल, लक्ष्मी अधिकारी, गीता रेग्मी, लेखनाथ न्यौपाने, रूद्रनाथ पोखरल, नारायणप्रसाद पोखरेल आदि स्रष्टाहरू नेपाली साहित्यमा स्थापित भई हालसम्म पनि सक्रिय रहेको पाइन्छ । यिनै गोरखाली स्रष्टाहरूले नेपाली साहित्यमा गरेको योगदानको विस्तृत अध्ययन चौंथो अध्यायमा गरिएको छ ।

कुनै पनि साहित्यलाई जीवित राख्ने नयाँ पुस्ताका लेखकहरू नै हुन् । तिनै स्रष्टाहरूलाई सम्बोधन नगरी साहित्यको अध्ययन पूरा हुन सक्दैन । गोरखा जिल्लामा पनि साहित्यका नवोदित स्रष्टाहरू प्रशस्त रहेका छन् । तिनीहरूले नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । यस्ता स्रष्टाहरूले विभिन्न पत्रपत्रिकामा आफ्ना रचना छपाएर साहित्यतर्फ लाग्न अग्रसरता देखाएका छन् । यिनै नेपाली साहित्यको भविष्य उज्ज्वल बनाउने आधारहरू हुन् ।

गोरखा साहित्यिक मञ्चले दस जना उदीयमान गोरखाली साधकका रचनाहरू समावेश गरेर **नवोदित पाइला** नामक पुस्तक निकालेको छ, जसमा हालसम्म कुनै पनि पुस्तक प्रकाशन नगरेका सुरेन्द्र देवकोटा, राजकुमार श्रेष्ठ, शिव अप्रिय, यादव देवकोटा, दयाराम अर्याल, रश्मि भट्ट, गोविन्द अधिकारी, विकल श्रेष्ठ र राजकुमार बानियाँका दसवटा कविता

समाविष्ट छन् । यस्तै अन्य प्रतिभाहरूमा ठाकुर पाण्डे, बुद्धिराज पाण्डे, टङ्गनाथ अधिकारी, भीमप्रसाद कट्टेल, सुमन कट्टेल, अञ्जन धिमिरे 'कल्पित', रामनारायण जोशी, शशिचन्द्र, शम्भुराज पाण्डे, दण्डपाणि अधिकारी, शम्भुप्रसाद अधिकारी, दयानिधि दवाडी आदिका लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको देखिन्छ । दीपक कथित गोरखाका काव्य स्रष्टा हुन् । गोरखाकै मल्लटारका बेनीबहादुर थापा, सुमन थापा, शुकदेव दवाडीका कविता, कथा र लेखहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । गोरखाका पुष्प थपलिया, उपेन्द्र देवकोटा, बाबुराम भट्टराई, वाचस्पति देवकोटा, भोजराज वाग्ले, राजेन्द्र वाग्ले, रूद्रनाथ पोखरेल, विष्णुप्रसाद काप्रीका लेख-निबन्धहरू प्रकाशित भएको पाइन्छ । नगेन्द्रराज मरहट्टा, दुर्गाभक्त घिमिरेका फुटकर कविता र लेखहरू प्रकाशित छन् । त्यस्तै रामप्रसाद खनाल, भक्ति लामिछाने, यदुविलास भट्टराई आदि थुप्रै लेखकहरूको उदय भएको पाइन्छ । नारी लेखिकाहरूमा इन्द्रकुमारी देवकोटा, कलावती सिंह, कमला पन्त, भगवती अधिकारी, कमला भट्ट, सानुमैया थापा, सुनिता श्रेष्ठ, शान्तिदेवी तिवारी, गोमादेवी न्यौपाने, इन्द्रा ढकाल, शर्मिला 'वैरागी', मुना भट्ट आदि उल्लेख्य रहेका छन् । स्थानीय पत्रपत्रिका र सङ्घ-संस्थाका पत्रपत्रिकामा थुप्रै कवि लेखकका रचनाहरू प्रकाशित भएको देख्न सकिन्छ ।

यसरी आधुनिक कालसम्म आइपुग्दा गोरखाबाट प्रशस्त साहित्यकारहरू देखा परेका छन् । खासगरी २००७ सालपछिको समयावधिमा यहाँको बढ्दो शैक्षिक जागरण तथा विभिन्न किसिमका पत्र-पत्रिकाको प्रकाशनले यस क्षेत्रमा सिर्जनशील कवि लेखकहरूको संख्या वृद्धि गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

## २.३ निष्कर्ष

गोरखा जिल्ला प्राकृतिक सांस्कृतिक र साहित्यिक दृष्ट्रिकोणले नीकै समृद्ध रहेको छ । यहाँको मनोरम प्राकृतिक वातावरण, विभिन्न धार्मिक स्थल र प्रतिभाशाली समुदायको लगावबाट नै नेपाली साहित्यले यो विशाल स्वरुप ग्रहण गर्न सकेको छ । हालको गोरखा जिल्ला कला संस्कृति, धर्म र विविध जातजातिको सङ्गम स्थलका रुपमा संसारमा परिचित छ । नेपाली साहित्यको सोपान निर्माणमा गोरखा जिल्ला र जिल्लाबासीले धेरै मेहनेत गरेको पाइन्छ । ऐतिहासिक दृष्टिले गोरखा सबै नेपालीहरुको गौरवको प्रतीत भए तापनि शैक्षिक दृष्टिले यस क्षेत्रमा निकै पछि मात्र शैक्षिक गतिविधि देखा पर्न थालेका हुन् । यति हुँदाहुँदै पनि यहाँको सामाजिक जीवनमा कलापूर्ण सिर्जनात्मक कार्य गर्ने परिपाटी कायम रहँदै आएको छ । धर्म संस्कृति र प्राकृतिक सौन्दर्यले कथ्यस्तरमा र पछि लेख्यस्तरमा सिर्जनशील समूदायलाई

सिर्जनामा उत्प्रेरित गरेको र संस्कृत साहित्यको आडमा नेपाली साहित्यको उठान र विकास भएको पाइन्छ । नेपाली साहित्यको थालनी विभिन्न शिलालेख, ताम्रपत्रहरु र संस्कृत साहित्यका पृष्ठभूमिमा भएको पाइन्छ । आधुनिक नेपालका निर्माता श्री ५ पृथ्वीनारायण शाह स्वयम् उनका दरबारी पण्डित शक्तिबल्लभ अर्याल नै गोरखाका प्रथम साहित्यिक स्रष्टा भएको पाइन्छ । उनी भन्दा पछि उदयानन्द अर्याल, ललितावल्लभ, चक्रपाणि अर्याल, राधावल्लभ, वीरेश्वर अर्याल आदि रहेका छन् । नेपाली साहित्यका प्रमुख विधा कथा, कविता, निबन्धजस्ता गद्य-पद्यात्मक विधाको सर्वप्रथम गोरखामा सिर्जना भएको हुनाले नेपाली भाषासाहित्यको विकासमा गोरखा जिल्लाको ऐतिहासिक योगदान रहेको प्रमाणित हुन्छ ।

नेपाली साहित्यको माध्यमिक कालमा गोरखाबाट साहित्य सिर्जनाको यात्राले आशातीत प्रगति गर्न सकेन । यसमा सम्पूर्ण चहलपहलको केन्द्र काठमाडौं हुनु, सिर्जनशील प्रतिभाहरू पलायन हुनु र गोरखाली स्रष्टाहरूले नवनिर्मित केन्द्रकै अनुसरण गर्नु प्रमुख कारणहरू हुन् । यस चरणमा गोरखाबाट देखिएका प्रतिभाहरुमा अग्निधर देवकोटा, माधवप्रसाद देवकोटा, हरिलाल पोखरेल, अग्निधर अधिकारी र वाणिनिधि रहेका छन् ।

वि.सं १९७५ भन्दा पछि आधुनिक नेपाली साहित्यका विभिन्न विधाहरूमा विश्वसाहित्यमा देखा परेका नव-नव प्रवृत्ति र धाराहरू देखापरेका छन् । नेपाली कवितामा परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रयोगवादी धारा, समसामयिक धारा विकसित भएका छन् भने नेपाली गद्यमा आदर्शवादी धारा, सामाजिक यथार्थवादी धारा मनोविश्लेषणात्मक धारा तथा अन्य विविध प्रयोगशील प्रवृत्तिहरू देखा परेका छन् । प्राथमिक र माध्यमिककालीन स्रष्टाहरूको पृष्ठभूमिमा आधुनिककालका विभिन्न स्रष्टाहरू रहेको पाइन्छ । आधुनिक कालको पनि दोस्रो दशकको आरम्भबाटै गोरखा जिल्लावासीहरू नेपाली साहित्यको सबैजसो विधा उपविधा सिर्जनामा लागेर स्तरीय कृतिहरू नेपाली साहित्यका फाँटमा प्रस्तुत गरेका छन् । जसरी विश्वसाहित्यमा विविध धारा प्रवृत्ति र वादहरूको विकास भएको छ, त्यसरी नै गोरखाली स्रष्टाहरूको साहित्य सिर्जनामा पनि त्यसको प्रभाव परेको देखिन्छ । यस चरणमा गोरखाली स्रष्टाहरुले सिर्जनाको क्रमलाई व्यवस्थित बनाएको पाइन्छ । यस चरणमा गोरखाली स्रष्टाहरु आफू स्थापित हुने र अन्य स्रष्टालाई फुटकर लेखनमा लगाउनुका साथै नवोदित स्रष्टाहरुलाई सिर्जनाको मूल भङ्गालो लैजान प्रयत्नशील भएको पाइन्छ ।

# तेस्रो परिच्छेद

## गोरखाका साहित्यिक सङ्घसंस्थाहरू र पत्रपत्रिकाको योगदान

### ३.१ गोरखाका साहित्यिक सङ्घसंस्थाहरूका संस्थागत गतिविधिहरू

विभिन्न संस्थाहरूद्वारा सञ्चालित साहित्यिक गतिविधि, स्रष्टासम्मान र पुरस्कार, पत्रपत्रिकाको प्रकाशनले त्यस क्षेत्रको साहित्यमा योगदान रहने गर्दछ । त्यसमा पनि विशुद्ध साहित्यिक उद्देश्यले खोलिएका सङ्घसंस्थाहरूका गतिविधि र भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । गोरखामा प्राथमिक कालदेखि नै सिर्जनात्मक गतिविधिहरू देखा पर्न थालेका हुन् तापनि साहित्यिक सङ्घसंस्थाको स्थापना र तिनका साहित्यिक गतिविधि भने वि.सं. २००७ सालको राजनैतिक परिवर्तनपछि मात्र देखा पर्न थालेका छन् । वि.सं. २००७ सालको परिवर्तन पश्चात् विभिन्न पुस्तकालयको स्थापना हुँदै वि. सं. २०१७ सालमा **गोरखा नाटक समिति**को स्थापना भएको थियो । यसलाई नै गोरखाको पहिलो साहित्यिक संस्था र वि.सं. २००८ सालमा स्थापना भएको **त्रिभुवन पुस्तकालयलाई** पहिलो पुस्तकालयको रूपमा स्वीकार गरिएको छ । यसरी साहित्यिक वातावरणको विकासको निम्ति गोरखा जिल्लामा स्थापित सङ्घ-संस्थाहरू यसप्रकार छन् : **जयन्ती पुस्तकालय, जनविकास पुस्तकालय, त्रिभुवन पुस्तकालय, मुक्ति वाचनालय, सेवा पुस्तकालय, गोरखा नाटक समिति, साहित्य सङ्गम, साहित्य सदन, हरि सांस्कृतिक केन्द्र, उत्साह पुस्तकालय** । यसरी गोरखामा स्थापित साहित्यिक सङ्घसंस्थाहरूलाई चार भागमा विभाजन गरी पुस्तकालय, साहित्यिक संस्था र पत्रपत्रिकाको योगदान र सञ्चार माध्यमको भूमिकालाई आधार मानी अध्ययन कार्यलाई अगाडि बढाइएको छ ।

### ३.१.१ पुस्तकालयको योगदान

गोरखामा विभिन्न पुस्तकालयहरू स्थापना भएका छन् र तिनीहरूले नेपाली साहित्य अध्ययन र सिर्जनको अभिरूचि जगाउन गहन् भूमिका खेलेका छन् । यहाँ तिनै पुस्तकालय परिचय प्रस्तुत गरिएको छ ।

### क. त्रिभुवन पुस्तकालय, धारापानी

गोरखाको धारापानी भन्ने ठाउँमा वि.सं. २००८ सालमा त्रिभुवन पुस्तकालयको स्थापना भएको हो । समाजसेवी जितबहादुर नेपाली, लक्ष्मणबाबु श्रेष्ठ, प्रेमकुमार श्रेष्ठ र साहित्यप्रेमी मोहननारायण श्रेष्ठ आदिको सहयोग र सक्रियतामा स्थापित यस पुस्तकालयको अविस्मरणीय योगदान रहेको छ । यस संस्थाले पनि गोरखाको शैक्षिक विकास र साहित्यिक गतिविधिहरूको विकास र विस्तारका लागि महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

## ख. जयन्ती पुस्तकालय, लिगलिग

गोरखा जिल्लाको लिगलिगमा वि.सं. २०१० सालमा स्थापित यस पुस्तकालयले शैक्षिक प्रसारको साथसाथै साहित्यिक गतिविधिलाई पनि अगाडि बढाएको थियो । प्रजातन्त्रको उदयको साथसाथै जन्मेको यस पुस्तकालयले प्रजातन्त्रको विकास र विस्तारमा विशेष भूमिका निर्वाह गर्नुको साथै जनसाहित्यको दिशामा आफूलाई क्रियाशील तुल्याएको थियो । नाटक मञ्चन गर्ने, साँस्कृतिक कार्यक्रमहरू गर्ने जनताको पिरमर्का, दुःख, दर्दलाई कलाका माध्यमबाट अभिव्यक्त गर्ने एवं युवाहरूको जोस जाँगरलाई सिर्जनात्मक कार्यमा लगाउने उद्देश्य रहेको यस संस्थाले बेलाबेलामा कविगोष्ठी, विभिन्न साहित्यिक प्रतियोगिताहरू सञ्चालन गरेको पाइन्छ ।

## ग. जनविकास पुस्तकालय, आँपपिपल

गोरखाको आँपपिपलमा वि.सं. २०१५ सालमा 'जनविकास' पुस्तकालयको स्थापना भएको थियो । यस पुस्तकालयले पनि शैक्षिक सिर्जनात्मक वातावरण निर्माण गर्ने दिशामा महत्वपूर्ण कार्य गरेको छ । स्थानीय युवाहरू सुरेश वाग्ले, होमनाथ ढकालजस्ता प्रतिभाशाली युवाहरूको सक्रियतामा खोलिएको यस पुस्तकालयले **प्याउली** नामक पत्रिका प्रकाशन गरेको पाइन्छ । यसमा स्थानीय साहित्यिक प्रतिभाहरूका रचना प्रकाशित गरी उनीहरूलाई सिर्जनात्मक कार्यमा लाग्न प्रेरित गरेको पाइन्छ ।[१] राष्ट्रियस्तरका कविहरूको जन्मजयन्ती मनाउने, कविता तथा साहित्यिक प्रतियोगिताहरूको आयोजना गर्ने, जनस्तरमा राष्ट्रिय तथा अन्तराष्ट्रिय साहित्यिक गतिविधिहरूको चिनारी गराउने उद्देश्यले पुस्तक तथा पत्र-पत्रिकाको व्यवस्था मिलाउने कार्य गर्नाले आँपपिपल क्षेत्रका साहित्यिक गतिविधिको विस्तार गर्नमा यस पुस्तकालयले पनि स्मरणीय भूमिका खेलेको छ ।

## घ. मुक्ति वाचनालय, ताकुकोट

वि.सं. २०४७ सालमा ताकुकोट निवासी चेतनशील युवा आशाकाजी श्रेष्ठको नेतृत्वमा स्थापित मुक्ति वाचनालयले पनि शैक्षिक जागरणमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । जनताका पक्षमा लेखिएको साहित्यिक कृति लगायत, विविध अध्ययन सामग्री सङ्कलित उक्त पुस्तकालयले युवाहरूमा सङ्गठित हुने, अध्ययन अनुसन्धान गर्ने असल चरित्र निर्माण गर्ने सन्दर्भमा ऐतिहासिक भूमिका प्रदान गरेपनि हाल उक्त पुस्तकालय सक्रिय देखिदैन ।

---

१ सम्पादकीय, **प्याउली** , (गोरखा : जनविकास पुस्तकालय, २०४७) ।

## ङ सेवा पुस्तकालय, गाईखुर

गोरखा जिल्लामा पुस्तकालय खोल्ने र गाउँगाउँमा पार्टी प्रचार-प्रसार गर्नको लागि विद्यालय तथा गाउँगाउँमा पुस्तकालयहरू स्थापना हुने सन्दर्भमा गाईखुरको मैदानमा परशुराम श्रेष्ठ, हितराज पाण्डे, इन्द्रदत्त पन्त आदिको अग्रसरतामा सेवा पुस्तकालयको स्थापना भएको थियो । यस पुस्तकालयले पनि त्यस क्षेत्रमा युवाहरूलाई चेतनशील, अनुशासित र आन्दोलनप्रति उत्प्रेरणा प्रदान गरेको पाइन्छ । यसक्रममा प्रत्येक वर्ष दशैंको अवसरमा गाईखुरको च्याङलीबाट एउटा सांस्कृतिक टोली छिरेर आँपपिपल, हर्मी हुँदै छोप्राक निस्कने र सांस्कृतिक कार्यक्रम गर्दथ्यो । यस सेवा केन्द्रले त्यस्ता सांस्कृतिक अभियानको आयोजना गर्ने विभिन्न साहित्यिक तथा सांस्कृतिक कार्यक्रम गर्ने गरेको पाइन्छ जसको योगदान पनि साहित्यको उत्थानमा उल्लेख्य छ । [२]

## च. लालीगुँरास पुस्तकालय, देउराली

देउराली गा.वि.स.मा तीसको दशकमा स्थापित यस पुस्तकालयले पनि युवा पङ्क्तिमा अध्ययन, चिन्तन र मनन गर्ने परिपाटी बसालेको थियो । जनताका पक्षमा लेखिएको साहित्यिक पत्रपत्रिका पुस्तकलाई नै प्राथमिकता दिएतापनि पछि गएर यस पुस्तकालयलाई रामशाह पुस्तकालयमा नामकरण गरी सबै क्षेत्रमा पुस्तक पत्रपत्रिका सङ्कलन गरी बृहत् रूपमा क्रियाशील रहेको छ ।

## छ. जनदीप पुस्तकालय, हर्मी

हर्मी गा.वि.स.का चेतनशील उत्साही युवाहरू राजेन्द्र ढकाल, जनार्दन ढकाल, मोदनाथ मरहट्टा आदिको सक्रियतामा वि.सं. २०४३ सालमा स्थापना गरिएको जनदीप पुस्तकालयले विविध साहित्यिक कार्यक्रम गर्दै आइरहेको छ । प्रत्येक दशैंको अवसरमा जिल्लास्तरीय कविता प्रतियोगिताको आयोजना गर्ने यस पुस्तकालयले वि.सं. २०४९/२०५० मा **जनदीप** समसामयिक सङ्कलन पनि प्रकाशित गरेको थियो । जनार्दन ढकाल, खेमराज अधिकारी, राजेन्द्र ढकाल, मोदनाथ मरहट्टा आदिको सक्रियतामा प्रकाशित उक्त पुस्तकले नवप्रतिभालाई साहित्यमा लाग्न प्रोत्साहित गरेको थियो । यस पुस्तकले वि.सं. २०५० सालमा माओ जयन्ती पारेर जिल्लास्तरीय कविता प्रतियोगिता पनि सम्पन्न गरेको थियो भने महिला दिदीबहिनीको सामूहिक सङ्कलन **तीजको गीत सङ्ग्रह** पनि प्रकाशन समेत गरेको थियो । देशको बदलिँदो परिस्थितिले हाल यो पुस्तकालय निष्क्रिय रहेको छ ।

---

२ मोदनाथ मरहट्टाबाट प्राप्त सूचनाअनुसार ।

### ज. विश्वपुस्तकालय, आरूघाट

गोरखा जिल्लाको ऐतिहासिक बजार आरूघाटमा वि.सं. २०३० सालमा स्थापित पुस्तकालय हो **विश्वपुस्तकालय** । आरूघाट बजार र आसपासका साहित्यप्रेमी युवाहरूको सक्रियतामा स्थापित यस पुस्तकालयले विशेष गरी पुराना साहित्यिक कृतिहरूको खोज अनुसन्धान र सङ्कलन गर्ने कार्य गरेको थियो । यस पुस्तकालयको निरन्तर सञ्चालनमा शिथिलता देखिएको छ ।

### झ. बन्दी पुस्तकालय, कारागार

बन्दीहरूका चेतनास्तर उठाउँदै सत्मार्गमा अभिप्रेरित गर्ने उद्देश्यले वि.सं. २०५२ मा गोरखा कारागार शाखाभित्र स्थापित बन्दी पुस्तकालयले पनि नेपाली साहित्यको विकासमा उल्लेखनीय कार्य गर्दै आएको छ । वि.सं. २०५७/०५८ को समयमा यस पुस्तकालयले **पर्खाल भित्रका सिर्जनाहरू** नामक कविता सङ्ग्रह प्रकाशित गरेको थियो । लेखनाथ न्यौपाने, राजन गोतामे, भवदत्त पोखेल, महेन्द्र मरहट्टा, लोकप्रसाद बन्जारा आदिको सम्पादकत्वमा र सक्रियतामा प्रकाशित यो कविता सङ्ग्रह गोरखाली साहित्याकाशमा एक ऐतिहासिक उपलब्धिको रूपमा रहेको छ ।

### ञ. उत्साह पुस्तकालय, धारापानी

गोरखाको धारापानीमा वि.सं. २०४९ मा स्थापित **उत्साह** पुस्तकालयले पनि गाउँले जनसमुदायहरूले फुर्सदको समयमा राष्ट्र, राष्ट्रियता तथा साहित्यका बारेमा सोच विचार गर्ने अवसर प्राप्त गरून् भन्ने उद्देश्य राखेको छ । यस संस्थाले बेलाबेलामा साहित्यिक प्रतियोगिता गराउँदै लैजाने लक्ष्य राखेको छ ।

यसरी गोरखामा स्थापित भएका दश वटा पुस्तकालयहरूले लक्ष्यअनुसार काम गर्दै आए पनि केही पुस्तकालय हाल सञ्चालनमा नरहेको पाइएको छ ।

## ३.१.२ साहित्यिक सङ्घसंस्था

गोरखा जिल्लामा विभिन्न किसिमका साहित्यिक सङ्घसंस्था छन् । तिनको छोटो परिचय यहाँ प्रस्तुत गरिएको छ ।

## क. गोरखा नाट्य समिति

गोरखाली चेतनशील युवाको सक्रियतामा वि.सं. २०१७ साल आषाढ १७ गते **'गोरखा नाट्य समिति'** को स्थापना भयो । खासगरी काठमाण्डौमा पढ्न बसेका युवाहरू बिदाका समयमा घर फर्किएका बखत गाउँघरमा नाटक प्रदर्शन गर्ने उद्देश्यले यस समितिको निर्माण गरिएको थियो ।[३] काठमाडौंमा बस्ने उत्साही गोरखाली विद्यार्थीहरू र कर्मचारीहरूले दशैंको बिदामा घर आउनुभन्दा पहिले काठमाडौंमा नै रियर्सल गरी **किङ सो** काठमाडौंमा नै गरेर जिल्लाको मनकामना, गोरखा पोखरीथोक, हर्मीभञ्ज्याङ, लिगलिग आदि ठाउँमा नाटक प्रदर्शन गर्ने प्रचलन करिब एकदशकसम्म चलेको थियो । पछि यस संस्थाको नाम परिवर्तन गरी **गोरखा सांस्कृतिक समिति** बनाइयो र यसलाई सांस्कृतिक गतिविधिमा सक्रिय बनाउँदै लगियो । संस्थाबाट सम्पन्न भएका साहित्यिक कार्यहरूमा **गोरखा नाटक समिति**का सदस्यहरूबाट नाटक लेखाउने र तीमध्ये उत्कृष्ट नाटकको मञ्चन गर्ने कार्यले नाटक सिर्जन परम्परामा मद्दत पुगेको छ ।

समाजमा राजनैतिक तथा सामाजिक जनचेतना जगाउनका लागि **मसान, गंगालालको चित्ता, शिलान्यास, पुतली, किसान, कोही किन बर्बाद होस्** जस्ता नाटकहरूको प्रदर्शन गरिएका थिए ।

यसरी गोरखा नाटक समिति पनि धेरै लामो अवधिसम्म सङ्गठित हुन सकेन । पछि यसको पृष्ठभूमिमा **पृथ्वी सांस्कृतिक परिवार** को जन्म भयो र यो संस्था हालसम्म क्रियाशील रहेको देखिन्छ ।

## ख. गाउँ सुधार समिति

गोरखाको दक्षिणी भेगमा पर्ने बक्राङ, भोगटेनी शैक्षिक एवं साहित्यिक दृष्टिले निकै महत्त्वपूर्ण थलो मानिन्छ । शिवहरि मरहट्टाको अगुवाइमा वि.सं. २०३० सालमा जन्मिएको यस समितिले मूलतः चार सय पृष्ठको **मनकामना** अर्धवार्षिक पृथ्वी विशेषाङ्क र गाउँ सुधार स्मारिका प्रकाशित गरेर साहित्यिक गतिविधिलाई सम्मान र महत्त्व प्रदान गर्दै विभिन्न वादविवाद, कविगोष्ठी, अन्तरविद्यालय प्रतियोगिताहरू प्रशस्तै गर्ने गरेको संस्था हाल आएर ओझेलमा परेको छ । पृथ्वी विशेषाङ्क वि.सं. २०३८ सालमा प्रकाशन गरेर

३. शिबहरि मरहट्टा, *गोरखा नाटक समितिको सानो चिनारी*, **दिव्योपदेश** (वर्ष-१, अंक-१) (काठमाडौं : गोरखा चिन्तन समिति, २०४०) पृ.७७-८५ ।

पृथ्वीनारायण शाहको बहुमुखी प्रतिभालाई उजागर गरी युवा पङ्क्तिलाई अनुशासित र कर्तव्यपथमा डोऱ्याउनु यस विशेषाङ्कको उद्देश्य रहेको थियो । सामाजिक सेवाको क्षेत्रमा युवाहरूलाई क्रियाशील तुल्याउने र युवाहरूलाई रचनात्मक कार्यमा अघि बढाउने कार्य यस समितिले वर्षेनि गर्दैआएको थियो । द्रव्यशाह शिल्डको व्यवस्था गरी प्रतियोगितात्मक अन्तरविद्यालय साहित्यिक प्रतियोगिता गर्ने यस समितिले तीसको दशकमा नेपाली साहित्यको विकासमा ठूलो हलचल ल्याएको थियो ।

## ग. जिल्ला शिक्षा कार्यालय, गोरखा

यस कार्यालयले पनि **फूलबारी** नामक पत्रिका वि.सं. २०३२ मा प्रकाशित गरेको छ । विभिन्न स्रष्टाहरूको लेख, रचनाहरूलाई सङ्कलन गरिएको यस पत्रिकाले पनि गोरखाली साहित्यिक आन्दोलनलाई ठूलो टेवा दिएको छ । साहित्यप्रेमी चूडामणि कट्टेल, शिवराज खरेल, मोहननारायण श्रेष्ठ, धनप्रसाद पौडेल, सोमप्रसाद श्रेष्ठ, आदिको सम्पादकत्वमा प्रकाशित यस पत्रिकाले शैक्षिक गतिविधिको प्रचारप्रसारको साथसाथै साहित्यिक गतिविधिलाई पनि महत्त्व दिएको छ ।

## घ. गोरखा स्ववियु

काठमाडौंमा रहेका चेतनशील युवा विद्यार्थीहरूले वि.सं. २०४२ सालमा **दरौंदी पत्रिका** प्रकाशित गरेका थिए । समसामयिक राजनीतिलाई कठोर प्रहार गर्दै प्रकाशित उक्त साहित्यिक पत्रिका वि.सं. २०४४ सालमा अर्को अङ्क प्रकाशित भएपछि अरू प्रकाशित हुन सकेको छैन । जनताका दुःख, वेदनाहरूलाई गीत, कविता, कथा, निबन्ध आदिका माध्यमबाट अभिव्यक्त यस पत्रिकाले गोरखाको साहित्यिक आन्दोलनलाई उचाइमा पुऱ्याउन ऐतिहासिक योगदान गरेको छ ।

## ङ. गोरखा चिन्तन समिति

गोरखाको साहित्यिक विकासको क्षेत्रमा टेवा पुऱ्याउने उद्देश्यले पूर्णप्रसाद ब्राह्मण, राजेश्वर देवकोटा, शिवहरि मरहट्टाको सल्लाहमा चैतन्य देवकोटाको अध्यक्षतामा यस गोरखा चिन्तन समितिको गठन वि.सं. २०४० सालमा भएको हो । यस संस्थाले गोरका चेतनशील जागरूक साहित्यकार, लेखकहरूका लेख, रचना तथा पुरातात्त्विक खोजपूर्ण तथ्यहरू भएका सिर्जनात्मक रचनाहरूको प्रकाशनार्थ **दिव्योपदेश** भन्ने साहित्यिक पत्रिकाहरूको प्रकाशन

गर्नु,[४] नाटक प्रदर्शन जस्ता सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्नु आदि रहेको पाइन्छ । यस संस्थाले पूर्णप्रसाद ब्राह्मण, राजेश्वर देवकोटा, शिवहरि मरहट्टा प्रमुख सल्लाहकार र केशव बाबु मरहट्टाको सम्पादनमा **'दिव्योपदेश'** नामक प्रथम अङ्क र पछि पूर्णप्रसाद ब्राह्मणकै सम्पादकत्वमा दोस्रो अङ्क प्रकाशित गरेर गोरखाको साहित्यिक गतिविधिमा राम्रो योगदान पुऱ्याएको देखिन्छ ।

## च. गोपाल स्मृति प्रतिष्ठान

वि.सं. २०४१ सालमा गोरखा गोपाल स्मृति प्रष्ठिानको स्थापना भएको हो । मोहननारायण श्रेष्ठ संस्थापक अध्यक्ष रहेको यस संस्थाले विभिन्न समयमा साहित्यिक कार्यक्रम गर्ने र साहित्यमा लागेका स्रष्टालाई पनि सम्मानित गर्दै आएको पाइन्छ । यो संस्था पण्डित लीलाकान्त मरहट्टा र पण्डित गोपाल आचार्यको स्मृतिमा स्थापना भएको हो र यस संस्थाले उनीहरूको स्मृति ग्रन्थ २०६४ सालमा प्रकाशन गरेको पाइन्छ ।

## छ. हरि सांस्कृतिक केन्द्र

आधुनिक नेपाली साहित्यका होनहार प्रतिभा राजेश्वर देवकोटाले आफ्ना पिता पौराणिक कवि हरिभक्त देवकोटाको स्मृतिमा एक अक्षयकोषको स्थापना गर्दै उनै पिताको नामबाट यस संस्थाको स्थापना वि.सं. २०४६ सल गरेका हुन् । यस संस्थाले मूलतः गोरखाको साहित्यिक गतिविधिको विकासमा र नेपाली भाषा, साहित्य, संस्कृतिको श्रीवृद्धिमा समर्पित हुँदै गोरखा जिल्लामा घरबास भएका वा गोरखा जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाई भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याउने प्रतिभाहरूलाई प्रोत्साहन दिनुका साथै पुरस्कार प्रदान र ग्रन्थ प्रकाशन पनि गर्दै आएको छ । यस संस्थाले हालसम्म करिब आधा दर्जन जति पुस्तक प्रकाशन गरिसकेको छ । यसरी नवप्रतिभाहरूलाई प्रोत्साहित गर्ने मात्र नभएर यस संस्थाले गोरखाली साहित्य अध्येतालाई प्रोत्साहन र पुरस्कृत गर्ने कार्य पनि गर्दै आएको छ । स्रष्टाहरूलाई पाण्डुलिपि पुरस्कार दिँदै आएको र हाल विद्यावारिधि अध्ययन पुरस्कार पनि प्रदान गर्ने लक्ष्य राखेको पाइन्छ ।[५]

---

४ सम्पादकीय, **दिव्योपदेश** (काठमाडौं : गोरखा चिन्तन समिति, २०४०) ।

५. केदारनाथ खनालबाट प्राप्त सूचना अनुसार ।

## ज. मनास्लु प्रकाशन प्रा.लि.

गोरखाली साहित्य जगत्मा  मनास्लु प्रकाशन प्रा.लि. को स्थापनाले एउटा ऐतिहासिक मोड लिएको पाइन्छ । यस प्रा.लि.को सहप्रकाशन **'एकता'** पाक्षिकले गोरखाको साहित्यिक धरातललाई उचाइमा पुऱ्याउने कार्य गरेको पाइन्छ । वाचस्पति देवकोटा, शिवहरि मरहट्टा, राजेन्द्र अर्याल, दिनेशचन्द्र देवकोटा, नारायण पाण्डे, रामशरण बस्नेत आदिको अग्रसरता र सक्रियतामा एउटा पत्रिका सञ्चालन गर्ने निधो भएपछि वि.सं. २०४७ श्रावण २४ गते हरमटारीमा बसेको विशेष बैठकले मनास्लु प्रकाशन प्रा.लि.को दर्ता गर्ने निर्णय भयो र त्यसको फलस्वरूप मनास्लु प्रकाशन प्रा.लि.को दर्ता भयो र **'एकता'** पाक्षिक पत्रिकाको प्रकाशन गर्न थाल्यो । गोवर्धन आचार्य, पुरूषोत्तम अर्याल, रामबाबु श्रेष्ठ, ऋषि खनाल, बासु अर्याल, विश्वेश्वर कट्टेल, बलराम खनाल आदि धेरै उत्साही युवाहरूको नेतृत्व र ४९ जना गोरखाली बुद्धिजीवीलगायत विभिन्न क्षेत्रमा ख्याति आर्जन गरेका व्यक्तित्वहरूको संयुक्त पहलमा कम्पनीको रूपमा यस संस्थाको दर्ता भई कार्य सञ्चालन हुन थाल्यो । स्थायी दर्ता हुँदा एकता पाक्षिकमा परिणत भयो र यो पाक्षिक समाचार पत्र हो ।

यस पत्रिकाले समाचार सम्प्रेषणको साथसाथै गोरखाको विविध कला, साहित्य, संस्कृति, धर्म, जनजीवन, विकास निर्माण, शिक्षा, स्वास्थ्य आदिको अलावा कथा, कविता, निबन्ध तथा फुटकर लेख, रचनाका माध्यमबाट नेपाली साहित्यको विकासमा एउटा ऐतिहासिक योगदान पुऱ्याएको छ । गोरखाली नवप्रतिभाहरूलाई जन्माउनुको साथसाथै लुकेर बसेका गोरखाली साहित्य कला, संस्कृतिलाई आम गोरखालीबीच जिउँदो स्वरूप  प्रस्तुत गरेको छ । सीता अर्यालको कथा, मोदनाथ मरहट्टाको निबन्ध (व्यङ्ग्य), वाचस्पति देवकोटाको समसामयिक लेख, शिबहरि मरहट्टाको कविता, सुन्दरसान खड्का, यामप्रसाद ढकालका फुटकर रचना लगायत अन्य नवप्रतिभाहरू राजेन्द्र अर्याल, जनार्दन ढकाल, नारायण पाण्डे, विष्णु ढकाल, ऋषि खनाल, नीलकण्ठ पौडेल, रूद्र पोखेल, पुरूषोत्तम अर्याल, त्रिलोचन धिताल, शोभा कोइराला, नारायण पोखरेल, तारा अर्याल आदिका फुटकर लेख, रचनाले पनि नेपाली साहित्यिक जगत्लाई उचाइमा पुऱ्याउन महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

## झ. गोरखा साहित्य सङ्गम

गोरखा पोखरीथोक बजारमा पढेलेखेका युवाहरूको सक्रियतामा वि.सं.२०४७ सालमा यस **'गोरखा साहित्य सङ्गम'** को जन्म भयो । यसले गोरखाको साहित्यिक गतिविधिको

निर्माणमा भूमिका खेल्दै आएको छ । गोरखामा विभिन्न गतिविधिहरू गरी नवप्रतिभाहरूलाई सिर्जनामा आकर्षित गर्दै आएको यस संस्थाले प्रत्येक वर्ष विभिन्न साहित्यिक गोष्ठीहरूको आयोजना गर्ने, देशका राष्ट्रिय विभूतिहरूको जन्मजयन्तीको अवसरमा साहित्यिक गोष्ठीको आयोजना गर्ने गरेको छ ।

स्थापनाकालदेखि नै यसले हरेक वर्ष संस्थाको मुख-पत्रको रूपमा **गोरखा** नामक साहित्यिक पत्रिकाको प्रकाशन गर्दै आएको र **ऐजेरू** नामक मासिक पत्रिका २०४९ सालमा पनि प्रकाशन गर्ने गरेको थियो । यो संस्था विशुद्ध साहित्यिक गतिविधिलाई अघि बढाउने ध्येयले स्थापित भएको क्रियाशील संस्था हो ।[६] हालका वर्षहरूमा यसले निकै रचनात्मक कार्य गर्दै आएको छ ।

## ञ. साहित्य सदन

गोरखा बजारका युवाहरूको प्रयासमा २०४८ सालमा स्थापित **'साहित्य सदन'** ले पनि गोरखाली साहित्यिक गतिविधिलाई अगाडि बढाउन उल्लेखनीय कार्यहरू गर्दै आएको छ । उदीयमान नव-प्रतिभाहरूलाई बढी महत्त्व दिएर यस संस्थाले नवस्रष्टा पत्रिका पनि प्रकाशन गरेको थियो । जनताका कथाव्यथालाई साहित्यमा ढालेर अभिव्यक्त गर्न प्रेरणा दिने यस साहित्य सदनले प्रगतिशील साहित्य सिर्जन परम्परालाई जीवन्तता दिँदै जिल्लाभरि नै विस्तार र विकास गर्ने योजना बनाएको थियो । यसले साहित्य सिर्जना र सामाजिक जागरणलाई पनि मुखरित गरेको थियो । यसले कलिला साहित्यिक मुनाहरू टुसाउने र झ्याङ्गिने वातावरण प्रदान गर्ने उद्देश्य राखेको छ ।[७] यस संस्थाले सम्पन्न गरेका कार्यहरूमा उदीयमान लेखकहरूका फुटकर रचनालाई प्रकाशित गर्न वार्षिक रूपमा **'नवस्रष्टा'** पत्रिका प्रकाशन गर्ने, कवि गोष्ठीको आयोजना गरेर स्रष्टा व्यक्तित्वलाई प्रोत्साहित गर्ने, साहित्यको सिर्जनाको अतिरिक्त सामाजिक जागरणको सन्देश दिने ।

## ट. मर्स्याङ्दी साहित्य प्रतिष्ठान

वि.सं. २०४९ सालमा मर्स्याङदी साहित्य प्रतिष्ठानको स्थापना भएको हो । भक्ति लामिछाने संस्थापक र यमप्रसाद खनाल संयोजक रहेको यस संस्थाले कविगोष्ठी गर्ने गरेको पाइन्छ । यस संस्थाले वि.सं २०५४/५५ सम्म साहित्यिक कार्यक्रम गर्ने गरेको र विभिन्न कविगोष्ठी सञ्चालन गर्ने गरेर नेपाली साहित्यको विकासमा योगदान दिएको छ । [८]

६ सम्पादकीय, **गोरखा,** (गोरखा : साहित्य सङ्गम, २०४७) ।
७ सम्पादकीय, **नवस्रष्टा,** (**गोरखा** : साहित्य सदन, २०४८) ।
८ मोदनाथ मरहट्टाबाट प्राप्त सूचना अनुसार ।

## ठ. गोरखा-काठमाडौं सम्पर्क मञ्च

काठमाडौंमा रहेका नेकपा एमाले समर्थक युवा विद्यार्थीहरूको साझा सङ्गठन यस गोरखा-काठमाडौं सम्पर्क मञ्चले २०५२ सालमा **गोरखा डायरी** नामक विचारप्रधान समसामयिक सङ्कलन प्रकाशित गरेको थियो । विभिन्न नव-प्रतिभाहरूको लेख, रचनाले प्रमुख स्थान ओगटेको यस पत्रिकाले गोरखाली प्रगतिशील साहित्यलाई अगाडि बढाउन ठूलो योगदान दिएको छ । यसैगरी यही संस्थाले २०५९ सालमा **गोरखा प्रवाह** नामक विचार प्रधान समसामयिक सङ्कलन प्रकाशित गरेको छ । जनताको दुःख, पीरमर्कालाई कोट्याउँदै सामन्तीको अन्याय, अत्याचार आदिको विरोध गर्दै प्रकाशित गरिएको यस गोरखा प्रवाहले पनि नेपाली साहित्यलाई ठूलो गुन लगाएको छ ।

## ड. गोरखा साहित्य प्रतिष्ठान

गोरखाको कुनाकाप्चामा रहेका अनन्त साहित्यिक बुँदहरूलाई समेटेर एउटा ठूलो पोखरी बनाउने उद्देश्यका साथ यस गोरखा साहित्य प्रतिष्ठानको जन्म वि.सं. २०५३ सालमा भएको हो । गोरखाका साहित्यानुरागीहरूको प्रेरणा र परामर्शमा स्थापित यस संस्थाले **गोरखा वाङ्मय** नामक साहित्यिक सँगालोको प्रकाशन वि.सं. २०५३ सालमा गरेको थियो, जसमा विभिन्न स्थापित स्रष्टाहरू र नवप्रतिभाहरूको लेख, कविता, कथा, गीत जस्ता साहित्यिक सामग्रीहरूको प्रकाशन गरेको थियो । यसको दोस्रो अङ्क वि.सं. २०५५ सालमा प्रकाशित भएको पाइन्छ । यस अङ्कमा भने कविता र यससँग सम्बन्धित विचारहरूले स्थान पाएको देखिन्छ । प्रतिष्ठानको यस किसिमको कार्यले गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

## ढ. गोरखा समाजसेवा केन्द्र

गोरखा समाजसेवा केन्द्र गोरखाबाट काठमाडौं आई विभिन्न पेसाव्यवसाय सञ्चालन गरी बस्ने गोरखाली युवाहरूको साझा संस्था हो । उपेन्द्र देवकोटा संस्थापन अध्यक्ष रहनुभएको यस संस्थाले वि.सं. २०५२ सालमा वैधानिकता प्राप्त गरेको थियो । यस संस्थाले गोरखाली साहित्य कला र संस्कृतिको विकास गर्ने उद्देश्यको साथ वर्षेनि पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा **गोरखा परिचय** नामक स्मारिका प्रकाशित गरिरहेको छ । गोरखालीको दुःखसुखलाई कृतिमा उतारेर गोरखाको परिचय दिलाउने यस स्मारिकामा साहित्यिक लेख रचना प्रशस्तै रहेका छन् । हरेक सर्जकको भावनाको कदर गरिने भएकाले प्रगतिवाददेखि लिएर पूँजीवादीसम्मको भावना पोखिएको पाइन्छ । कृतिगत विश्लेषण गर्दा **गोरखा परिचय** नामक स्मारिकाको योगदानलाई पनि गोरखालीको पहलमा नेपाली साहित्यलाई क्रियाशीलता प्रदान गर्ने उल्लेखनीय कडीका रूपमा हेर्न सकिन्छ ।

## ण. प्रगतिशील लेखक सङ्घ

गोरखामा प्रगतिशील साहित्यको विकास र विस्तार गर्ने उद्देश्यका साथ वि.सं. २०५८ जेष्ठ ११ गते मोदनाथ मरहट्टा संयोजक, ऋषि खनाल, रूद्र पोखेल, बलराम खनाल, सुन्दरसान खड्का, सुवास क्षेत्री, यमप्रसाद ढकाल, विजयभक्त उपाध्याय, विकास श्रेष्ठ आदि रहेको नौ सदस्यीय यस सङ्घले प्रगतिशील लेखकहरूको भेला गर्ने र गोरखाको प्रगतिशील साहित्यको खोजी एवम् सङ्कलन गर्ने योजनाको साथ आफ्नो काम अगाडि बढाएको थियो । तर देशमा सङ्कटकाल सुरूभएपछि पहिलो प्रहार नै यसमाथि भएकोले खासै गतिविधि सञ्चालन गर्न सकेन ।

## त. पूर्णप्रसाद स्मृति प्रतिष्ठान

वि.सं. २०६१ साल भानु जयन्तीमा यस प्रतिष्ठानको स्थापना भएको हो । यस प्रतिष्ठानको अध्यक्षमा रामचन्द्र दुवाडी, सचिव रूद्रनाथ पोखेल, सदस्यहरू मोदनाथ मरहट्टा, दिनेशरमण खनाल, गोवर्द्धन अचार्य लगायतको पाँच सदस्यीय समिति रहेको थियो । यस संस्थाले गोरखामा **गजल लेखन प्रशिक्षण** वि.सं. २०६२ मा आयोजना गरेको, र **सडक कविता आन्दोलन** वि.सं २०६३ मा गरेको पाइन्छ । संस्थाको यस किसिमको कार्यले नेपाली साहित्यको धरातल उकास्नमा ठूलो टेवा पुगेको पाइन्छ ।

## थ. शारदा वाचनालय

वि.सं. २०६२ सालमा गोरखा खैरेनीमा शारदा वाचनालयको स्थापना भएको हो । अनिल श्रेष्ठ संस्थापक अध्यक्ष रहेको यस संस्थाले विभिन्न समयमा साहित्यिक कार्यक्रम गर्ने र साहित्यमा लागेका स्रष्टालाई पनि सम्मानित गर्दै आएको पाइन्छ । यस संस्थाबाट २०६४ सालमा मोदनाथ मरहट्टा सम्मानित भएका थिए । साथै यस संस्थाले **शारदा देउराली** भन्ने पाक्षिक पत्रिका ३ वर्षसम्म प्रकाशन गरेको पाइन्छ ।

## द. अन्तरध्वनि साहित्य परिषद्

वि.सं. २०६५ सालमा गोरखा घ्याल्चोकमा अन्तरध्वनि साहित्य परिषद्को स्थापना भएको हो । विष्णुबाबु रेग्मी संस्थापक अध्यक्ष र रामप्रसाद रेग्मी, विदुर लामिछाने, टंकप्रसाद नेपाल र केशवराज तिमल्सेना सदस्य रहेको यस संस्थाले विभिन्न समयमा साहित्यिक कार्यक्रम गर्ने गरेको पाइन्छ । यस संस्थाबाट खासै उल्लेखनीय कार्य नभए तापनि पनि कछुवाको गतिमा आफ्नो कार्य अगाडि बढाइरहेको पाइन्छ ।

## ध.भीमोदय माध्यमिक विद्यालय, आरूघाट

यो विद्यालय गोरखा जिल्लाको पूर्व-उत्तर आरूघाट सिमानामा वि.सं. २००७ सालको क्रान्तिसँगै स्थापना भएको हो । भीमोदय माध्यमिक विद्यालयको २१ औँ जन्मोत्सवदेखि यसको वार्षिक मुखपत्रको रूपमा **लालिमा** पत्रिका प्रकाशन हुन थालेको हो । वि.सं. २००७ सालदेखि प्रकाशित हुन थालेको यो पत्रिका तीन अङ्क मात्र छापिएको थियो । यसमा गोरखाका नवप्रतिभाहरूका रचनाहरू प्रकाशित भएका छन् ।

## न. शक्ति मा.वि., पाटेचउर

वि.सं. २००९ सालमा स्थापित शक्ति मा.वि. ले आफ्नो २१ औं जन्मोत्सबको अवसरमा **'शक्ति'** नामक पत्रिकाको प्रकाशन गरेको थियो, जसले समसामयिक विचारप्रधान लेख, रचना प्रकाशित गरेको थियो । स्थानीय विद्यार्थी, शिक्षक, अभिभावकहरूको लेख, रचना, सङ्कलन गरिएको यस पत्रिकामा मूलतः नेपाली साहित्यको विकासमा उल्लेख्य योगदान दिएको पाइन्छ । यस पत्रिकाको अन्य अङ्क भने प्रकाशित हुन नसके पनि नेपाली साहित्यको भण्डार भर्ने कार्यमा एक उल्लेखनीय कार्य गरेको छ ।

## प. विन्ध्यवासिनी मा.वि., नारेश्वर

यस विद्यालयले वि.सं. २०४२ सालमा **'विन्ध्यवासिनी'** नामक पत्रिका प्रकाशन गरेर स्थानीय युवा प्रतिभाहरूलाई प्रोत्साहित मात्र गरेन, गोरखाली साहित्यलाई उचाइमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका प्रदान गरेको थियो । जनताका पीडा, दुःख, दर्दलाई सिर्जनामा पोखेर त्यही सिर्जनाका थोपालाई पत्रिकामार्फत प्रकाशन गरिएको यस विन्ध्यवासिनी साहित्यिक पत्रिकाको योगदान उच्च रहेको छ ।

## फ. गोरखा शिक्षा क्याम्पस

यस क्याम्पसले वि.सं. २०४३ सालमा **नवकिरण** पत्रिका प्रकाशित गरी गोरखाली शिक्षक, विद्यार्थी, अभिभावक आदिलाई साहित्यप्रति रूचि बढाइदिनुका साथै प्रतिभाहरूको खोजी गर्ने कार्यले नेपाली साहित्यमा गोरखाली स्रष्टाको आगमनका लागि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## ब. द्रव्य शाह क्याम्पस

यस क्याम्पसमा विद्यार्थीहरूले रेडक्रस जन्म दिवसको अवसरमा '**प्रयास**' नामक पत्रिका प्रकाशन गरेका थिए । विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरूले भरिएको यस पत्रिकाले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै नेपाली साहित्यिक धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

## भ. बालमन्दिर, गोरखा

नेपाल बाल संगठनको संस्थापिका श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहको शुभ-हीरक जन्मोत्सब एवं २४ औं बालदिवसको उपलक्ष्यमा वि.सं. २०४५ सालमा बालमन्दिरले **स्मारिका** प्रकाशन गरेको छ । यस पत्रिकामा पनि स्थानीय कवि लेखकहरूका रचना प्रकाशित भएका छन् ।

## म. नेपाल ओभरसियर्स एसोशियसन जिल्ला समिति, गोरखा

प्रस्तुत संस्था पेशागत दृष्टिले निर्माण भएको भए तापनि यसको मुखपत्रको रूपमा प्रकाशित **नवनिर्माण** नामक पत्रिकाले गोखालीहरूले नेपाली साहित्य जगत्मा नयाँ आयाम थपेको पाइन्छ । स्थानीय प्रतिभाशाली व्यक्तित्वहरूका रचना प्रकाशित गरी स्थानीय तहका प्रतिभालाई अगाडि ल्याउन यसले मद्दत पुऱ्याएको पाइन्छ ।

## य. नारायणदास अर्याल स्मृति प्रतिष्ठान

गोरखा जिल्लामा वि.सं. २०६६ सालमा पुरूषोत्तम अर्यालको अध्यक्षतामा नारायणदास अर्याल स्मृति प्रतिष्ठानको स्थापना भएको हो । यस प्रतिष्ठानको मुख्य उद्देश्य गोरखाको इतिहासको खोजी गर्नु रहेको छ भने यसले अर्याल वंशावलीको प्रकाशन गरेको पाइन्छ । यसले आफ्नै अर्याल वंशावली भित्रका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने कार्य पनि गरेको पाइन्छ ।

## र. प्रेमनारायण देवकुमारी प्रतिष्ठान

गोरखा जिल्लामा प्रेमनारायण देवकुमारी  प्रतिष्ठानको स्थापना भएको हो । यस प्रतिष्ठानले **जमघट** संयुक्त कविता सङ्ग्रहको प्रकाशन गरेको पाइन्छ ।

### ३.१.३ मुखपत्र प्रकाशन गर्ने विभिन्न सङ्घसंस्थाहरू

गोरखा जिल्लामा रहेका प्रा.वि. ३८२, नि.मा.वि.५५, शुद्ध मा.वि.५६, उ.मा.वि. २० वटा गरी कूल ५१५ वटा विद्यालय रहेका छन् । यी विद्यालयहरूले आफ्ना शैक्षिक गतिविधिका अलावा साहित्यिक गतिविधिहरू पनि गर्ने गरेको पाइन्छ । यस्ता साहित्यिक गतिविधिबाट गोरखाली स्रष्टाहरूलाई प्रोत्साहन र उत्प्रेरणा मिलेको पाइन्छ । विभिन्न समयमा विद्यालय, स्रोतकेन्द्र र जिल्लास्तरीय साहित्यिक कार्यक्रमका अलावा आफ्नो विद्यालय स्थापनाको २५ वर्ष ५० वर्ष अवधि पार गरेको अवसरमा विभिन्न विद्यालयले आफ्नो मुखपत्रको रूपमा स्मारिका प्रकाशन गरेको पाइन्छ । यसरी गोरखा जिल्लाबाट स्मारिका प्रकाशन हुनुले नेपाली साहित्यको धरातलमा गोरखाली प्रतिभाको योगदानलाई आँकलन गर्न सकिन्छ ।

गोरखा जिल्ला सदरमुकामको **शक्ति माध्यमिक विद्यालय**ले वि.सं २०३८ र २०६४ सालमा स्मारिका प्रकाशन गरेको पाइन्छ । यस स्मारिकामा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस स्मारिकाले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जिल्ला सदरमुकामको महेन्द्रज्योति माध्यमिक विद्यालयले वि.सं २०६७ सालमा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस स्मारिकामा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस स्मारिकाले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखालीले नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जिल्ला आँपपिपल गाविसको जनता माध्यमिक विद्यालयले वि.सं २०३९ मा जनता **स्मारिका** र २०६७ सालमा **स्मारिका जनता-२** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जिल्ला हर्मी गाविसको महेन्द्रलीला माध्यमिक विद्यालयले वि.सं २०६५ मा विद्यालयीय **स्मारिका** महिला विशेषाङ्क र २०६९ सालमा **स्वर्ण महोत्सब स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल,

निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली साधकको तर्फबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जिल्ला हर्मी गाविसको चम्पावति माध्यमिक विद्यालयले वि.सं २०६७ मा **चम्पावती स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जिल्ला बुङकोट गाविसको सहिद स्मृति माध्यमिक विद्यालयले वि.सं २०६६ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जिल्ला फुजेल गाविसको भैरव आश्रम माध्यमिक विद्यालयले वि.सं २०६६ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जिल्ला घ्याल्चोक गाविसको ज्ञानमार्ग माध्यमिक विद्यालयले वि.सं २०६५ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जिल्ला आरूघाटको आरूघाट माध्यमिक विद्यालयले वि.सं २०३० मा **लालिमा** र २०६५ मा अर्को **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस

**स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखाको दूल्लभ माध्यमिक विद्यालयले वि.सं २०३७ र २०६२ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली साधकहरूको माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा बक्राङको बक्रेश्वरी माध्यमिक विद्यालयले वि.सं २०६७ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखालीको माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा मकैसिङको विजयाभवानी माध्यमिक विद्यालयले वि.सं २०६८ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा मनकामनाको मनकामना माध्यमिक विद्यालयले वि.सं २०६८ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा लक्ष्मीबजारको महालक्ष्मी माध्यमिक विद्यालयले वि.सं २०६८ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा बिरिञ्चोकको रत्नराज्यलक्ष्मी माध्यमिक विद्यालयले वि.सं २०६८ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखाको परोपकार आदर्श माध्यमिक विद्यालयले वि.सं २०६८ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा भुङलीचोक-१ को तोमनडाँडा निम्न माध्यमिक विद्यालयले वि.सं २०७१ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा भुङलीचोक-४ को भद्रकाली माध्यमिक विद्यालयले वि.सं २०६७ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा दर्बुङको रानीस्वाँरा प्राथमिक विद्यालयले वि.सं २०६५ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा दर्बुङको भगवती हिमालय माध्यमिक विद्यालयले वि.सं २०६८ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल,

निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा पालुङटारको भवानी माध्यमिक विद्यालयले वि.सं २०६९ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा गाइखुरको अमर ज्योति जनता माध्यमिक विद्यालयले वि.सं २०६७ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । यस **स्मारिका**मा विद्यार्थी शिक्षकहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरू समावेश भएको पाइन्छ । यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा नामजुङ-४ को जनशक्ति उच्च माध्यमिक विद्यालयले वि.सं २०६७ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षकहरू लगायत विविध व्यक्तित्वहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरूले भरिएको यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा जौवारी-५ चिप्लेटीको जनज्योति उच्च माध्यमिक विद्यालयले वि.सं २०७० मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षकहरू लगायत विविध व्यक्तित्वहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरूले भरिएको यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखा श्रीनाथकोट-३ तल्लोगोहोरेको जनकल्याण उच्च माध्यमिक विद्यालयले वि.सं २०६६ मा **स्मारिका** प्रकाशन गरेको पाइन्छ । विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षकहरू लगायत विविध व्यक्तित्वहरूको कविता, गीत, गजल, निबन्ध, कथा तथा अन्य लेखहरूले भरिएको

यस **स्मारिका**ले नवप्रतिभालाई प्रोत्साहन गर्नुका साथै गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्यको धरातललाई हराभरा बनाउन सहयोग पुऱ्याएको छ ।

गोरखामा क्रियाशील उपर्युक्त सङ्घ-संस्थाहरू लगायत गण्डकी विद्यार्थी परिषद् र त्यसको मुखपत्र **लालुपाते** (२०२९), गण्डकी छात्र समिति र त्यसको **विवेक बिन्दु** (२०३६), गोरखा स्वतन्त्र विद्यार्थी युनियन र त्यसको मुखपत्र **चिराग** (२०४६) तथा गोरखा काठमाडौं प्रजातान्त्रिक समाज र त्यसको मुखपत्र **गोरखा गौरव** (२०४७) र **फुलबारी हवाइमासिक** (२०४९) आदिले गोरखाको साहित्यिक गतिविधिलाई अगाडि बढाउनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

## ३.१.४ पत्र-पत्रिकासम्बन्धी गतिविधि

गोरखाली साहित्यको खोज अनुसन्धान गर्दा पत्रपत्रिकाको योगदान ठूलो रहेको पाइन्छ । जनताको छिटो मन छुने अस्त्र नै साहित्य भएकाले राजनीतिक दलहरूले आफ्नो पार्टी विस्तारको क्रममा पनि साहित्य, कला, संस्कृतिलाई अत्यन्त महत्त्व दिएका छन् । यसैकारण गोरखाली साहित्यको विकासमा राजनैतिक परिवर्तनका लागि भएका पुस्तकालयको स्थापना, साहित्यिक विचारप्रधान पत्र-पत्रिका, प्रतियोगितात्मक साहित्यिक कार्यक्रम, नाटक, प्रतियोगितात्मक साहित्यिक सम्मेलन जस्ता काम मात्र होइन तिहारको द्यौसी, भैलो, तीजको गीत, दशैं, तथा अन्य चाडपर्वमा विविध साहित्यिक कार्यक्रम एउटा साहित्यिक आन्दोलनकै रूपमा गोरखामा विस्तार भयो । नेपाली साहित्यको उठान भएको स्थान भएकाले पनि गोरखाका साहित्यिक गतिविधिले नेपाली साहित्यमा ठूलो प्रभाव पारेको पाइन्छ । यसरी साहित्यिक अभियानको थालनी पश्चात् विभिन्न विद्यालयहरूले भित्ते पत्रिका, स्मारिका, प्रकाशन गर्न थाल्नुका साथै विभिन्न साहित्यिक संस्थाको स्थापना हुन थाल्यो । विविध साहित्यिक पत्रपत्रिका, पुस्तक प्रकाशन हुन थाले वि.सं. २०४६ सालमा आइपुग्दा गोरखाली स्रष्टाले नेपाली साहित्यमा गरेको योगदानले नेपाली साहित्यले एउटा उचाइ प्राप्त गऱ्यो ।

वि.सं. २०५२ मा जनयुद्धको सुरूवात भयो, त्यसबेला गोरखाली साहित्य जगत् केही सुस्ताएको जस्तो हुन थाल्यो । कयौं लेख रचनाहरू राजनैतिक रूपमा विवादित भए, कतिपय साहित्यिक भण्डार आगोमा परे, कति माटोमुनि परेर कुहिए, कतै च्यातिएर टुक्राटुक्रा भए भने स्रष्टाहरू जेलमा कोचिन पुगे । कतिले मृत्युवरण गरे, कति थिल्थिलो

भएर बाँच्नुपर्‍यो, कति ज्यूँदै मर्नुपर्‍यो, जसका कारणले मौलाउँदै गरेको साहित्यिक मुनालाई तहसनहस बनाइयो ।

यसरी विविध कालखण्ड पार गरेर आएको नेपाली साहित्यको विकासमा गोरखाली स्रष्टाहरूले विविध प्रकारले योगदान पुर्‍याएको पाइन्छ । गोरखालीहरू साहित्यिक उन्नयनमा लागेको कुरा त यहाँको भाषासाहित्यको विकासले नै प्रस्ट पार्दछ । पत्रपत्रिकाको प्रकाशनको पूर्ण व्यवस्था नहुँदा गोरखालीहरूले **भित्तेपत्रिका**को माध्यमबाट साहित्यिक सिर्जनाको क्रमलाई निरन्तरता दिएको पाइन्छ । यस्तो **भित्तेपत्रिका**को प्रकाशन भने पञ्चायत व्यवस्थाको सुरू भएपश्चात् भएको पाइन्छ र यही **भित्तेपत्रिका**को विकसित रूपमा आजका विभिन्न स्मारिका र पत्रिकाहरू प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लामा वि.सं. २०१६ सालबाट **भित्तेपत्रिका** प्रकाशन हुन थालेको पाइन्छ । वि.सं. २०१६ सालमा पहिलो **भित्तेपत्रिका** गोरखकालिका मन्दिर नजिकै सञ्चालन गरिएको प्राथमिक शिक्षक तालिम (नर्मल) मा अध्ययनरत छात्रहरूले हेमराज शर्मा आचार्यको संयोजकत्वमा प्रकाशन गरेको पाइन्छ । यस्तै मण्डली मा.वि. छोप्राकले वि.सं. २०३३-३४ सालमा मासिक रूपमा खेमराज पण्डितको संयोजनमा **भित्तेपत्रिका** प्रकाशन गरेको पाइन्छ । जनता मा.वि. आँपपिपलले वि.सं. २०३६-३८ सालमा सुरेश वाग्लेको संयोजकत्वमा **भित्तेपत्रिका**को प्रकाशन गरेको पाइन्छ । वि.सं. २०४९-५० तिर बालज्योति यूवा क्लब पस्लाङ्पानीले **भित्तेपत्रिका** प्रकाशन गरेको पाइन्छ । गोरखा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले २०४२/४३ तिर **भित्तेपत्रिका** प्रकाशन गरेको पाइन्छ । यसलाई विभिन्न दलका भातृ सङगठनका प्रतिनिधिहरूले आफ्नो गतिविधि प्रचार गर्न र साहित्यिक माहोललाई सँगसँगै अगाडि बढाउने कार्यमा प्रयोग भएको पाइन्छ यसले पत्रिकाको जगलाई आधार प्रदान गरेको पाइन्छ । यसरी खोज्दै जाँदा सहिद स्मृति मा.वि. घ्याम्पेसाल, भीमोदय मा.वि. आरूघाट, भद्रकाली मा.वि. भुङलीचोकमा पनि **भित्तेपत्रिका**हरू प्रकाशन गर्ने गरिएको पाइन्छ ।

यही परिप्रेक्ष्यमा स्मृतिमा बाँकी रहेका अंशहरूलाई जोडेर गोरखाली साहित्यलाई जोगाई राख्न विभिन्न प्रयासहरू शान्ति सम्झौता भएपछि हुन थाले । विभिन्न साहित्यिक खोजहरू हुन थाले, जसको ज्वलन्त उदाहरणका रूपमा **प्रगतिशील साहित्यमा गोरखाको योगदान**[९] लाई लिन सकिन्छ । पत्रपत्रिका, विभिन्न साहित्यिक सङ्कलनको शृङखलाबद्ध विकास नै

९. ऋषिराम खनाल, **प्रगतिशील साहित्यमा गोरखाको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रि.वि.२०६२) ।

गोरखाको साहित्यको मूलबाटो रहेको छ । यही पत्रपत्रिका, समसामयिक सङ्कलन आदिको विवरण यसप्रकार रहेको छ :-

### क. लालुपाते

वि.सं. २०२४ सालको आषाढमा गण्डकी विद्यार्थी परिषद्को मुखपत्रको रूपमा जन्मिएको **लालुपाते** विशेषतः गोरखाली युवाहरूको नेतृत्वमा मुस्कुराएको थियो । युवा विद्यार्थीहरूको जोसिलो कलमले गर्दा यस पत्रिकाले छिट्टै नै गण्डकी अञ्चलको सीमा मिचेर नेपालभरि नै आफ्नो सुगन्ध फैलायो । शिवहरि मरहट्टाको अध्यक्षतामा मुक्ति खनाल, रामराजा रेग्मी आदिको सम्पादकत्व र वाचस्पति देवकोटाहरूको संरक्षकत्वमा हुर्किएको यस पत्रिकाले गोरखाको साहित्यको विकास र विस्तारमा ठूलो योगदान दिएको छ । वि.सं. २०१९ सालमै प्रकाशन गर्ने योजना भए पनि प्रजातन्त्रको हत्याको कारणले साहित्यिक धरातल कमजोर भएको थियो । त्यसैले वि.सं. २०२४ सालमा मात्र प्रकाशित हुन पुग्यो । गण्डकी अञ्चलभरिका साहित्यप्रेमी युवाहरूको वैचारिक सँगालोको रूपमा यो पत्रिका परिचित छ ।

### ख. लालिमा

गोरखा जिल्लाको पूर्व-उत्तर आरूघाट बजारमा प्रजातन्त्रसँगै जन्मिएको भीमोदय माध्यमिक विद्यालयले आफ्नो २१ औं जन्मोत्सव वि.सं. २०२८ मा प्रकाशित गरेको **लालिमा** गोरखाली साहित्य जगत्मा एउटा नयाँ आयाम हो । यो पत्रिका आरूघाटबाट पल्लवित हुँदै गोरखा ढपक्क ढाक्दै गण्डकी अञ्चलभरि नै फैलिन समर्थ भएको छ । स्थानीय गणेशकुमार श्रेष्ठको सम्पादकत्वमा प्रकाशित यस सङ्गालोमा राजकुमार श्रेष्ठ, गोकु श्रेष्ठ, भक्तिप्रसाद लामिछाने, लोकप्रसाद भट्ट, गणेशमान श्रेष्ठ, सूर्यकुमार श्रेष्ठ आदिका सिर्जना रहेका थिए । यस पत्रिकामा गोरखाका नवप्रतिभाहरूका कथा, कविता, निबन्ध आदि सङ्कलित थिए ।

### ग. शक्ति

गोरखा जिल्लाको सदरमुकामस्थित श्री शक्ति मा.वि. को मुखपत्रको रूपमा **शक्ति** समसामयिक सङ्कलन वि.सं. २०२९/३० कार्तिकमा प्रकाशित भयो । विद्यालयकै स्रोत साधनबाट, प्रकाशित यस सङ्कलन साहित्यिक विकासको लागि एक महत्त्वपूर्ण कोसेलीको रूपमा रहेको पाइन्छ । यस सङ्कलनको प्रमुख सम्पादक मोहनकृष्ण श्रेष्ठ हुन् भने व्यवस्थापक मोहननारायण श्रेष्ठ थिए । यस **शक्ति** समसामयिक सङ्कलनमा चिनियाँ कथा,

कविता, लघुनाटक आदि विविध साहित्यिक सामग्रीहरूको सङ्कलन भएको पाइन्छ । यसमा थुप्रै स्थापित र नवोदित लेखकहरूको लेख रचना प्रकाशित भएको पाइन्छ जसले गोरखाको साहित्यिक धरातलको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

## घ. प्याउली समसामयिक सङ्कलन

गोरखा जिल्लाको आँपपिपल क्षेत्रका साहित्यप्रेमी युवाहरूको सक्रियतामा वि.सं. २०२७ सालमा **प्याउली** नामक समसामयिक सङ्कलन प्रकाशित भएको पाइन्छ । होमनाथ ढकालको सम्पादकत्वमा प्रकाशित उक्त सङ्कलनले तत्कालीन पञ्चायती व्यवस्था र त्यसले उत्पादन गरेका विसङ्गत र विकृतिपूर्ण समाजका विभिन्न लेख, रचनामार्फत चर्को विरोध गरेको छ । सुरेश वाग्ले जस्ता बौद्धिक व्यक्तिको सहयोग र संरक्षणमा मौलाउने अवसर पाएको यस सङ्कलनले गोरखाली साहित्य आकाशमा एउटा चम्किलो ताराको स्थान ग्रहण गरेको छ । यस सङ्कलनमा रहेका कथा, कविता, गीत, निबन्ध तथा अन्य फुटकर रचनाले युवापिंढीलाई चरित्रवान्, नैतिक इमान्दारिताका साथ जनताको सेवामा समर्पित रहनुपर्ने सन्देश समेत दिएको छ र तत्कालीन निरङ्कुश पञ्चायती व्यवस्थाको विरुद्ध सङ्घर्षमा लाग्न प्रेरणासमेत प्रदान गरेको पाइन्छ ।

## ङ. मनकामना अर्धवार्षिक

वि.सं. २०३८ सालमा पृथ्वी जयन्तीको अवसर पारेर शिवहरि मरहट्टाको नेतृत्व सम्पादन, विशेष प्रयत्न र स्थानीय मनकामना बक्राङ्का शिक्षित समुदायको सक्रियतामा **मनकामना** पत्रिकाको पृथ्वी विशेषङ्क प्रकाशित भएको थियो । गाउँ सुधार समिति गोरखाको धेरै तिरबाट प्रशंसित यस प्रकाशनले तत्कालीन सामाजिक, राजनैतिक, आर्थिक अवस्थाप्रति वितृष्णा जगाउँदै नयाँ समाजको निर्माणतर्फ अग्रसर हुन प्रोत्साहित गरेको पाइन्छ । मनकामना समसामयिकमा सङ्कलित रचनाहरूले पनि गोरखाली स्रष्टाका माध्यमबाट नेपाली साहित्य जगतमा उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ । ३१ पृष्ठ लामो यस अर्धवार्षिक साहित्यिक पत्रिकामा नेपलका ख्यातीप्राप्त निम्न लेखकहरूका रचना क्रमिक रूपमा रहेका छन् :-

पूर्णप्रसाद ब्राह्मण, सूर्यबिक्रम ज्ञवाली, केदरमान व्यथित, धनवज्र वज्राचार्य, ढुण्डीराज भण्डारी, जनकलाल शर्मा, जगतबहादुर सिंह, कमलराज रेग्मी, गणेशमान श्रेष्ठ, योगी नरहरिनाथ, डिल्लीराम रेग्मी, राजेश्वर देवकोटा, माधवराज पाण्डे, ज्ञनमणि नेपाल, महेशचन्द्र रेग्मी, मोहनमान सैंजु, तुलसीमान वैद्य, शम्भूप्रसाद ज्ञवाली, रेवतीरमण खनाल,

जगदीशचन्द्र रेग्मी, प्रयागराज शर्मा, तुलसीराम वैद्य, नयनराज पन्त, बद्रीचन्द्र खनाल, नेत्रमणि आचार्य, शिवहरि मरहट्टा, तीर्थराज खनाल, रामकुमार श्रेष्ठ, दिनेशचन्द्र देवकोटा, सुभासचन्द्र देवकोटा, सुभासबाबु श्रेष्ठ, कुलराज पाण्डे, दुर्गाप्रसाद दवाडी, बाबुराम पोखरेल, श्रीप्रसाद गौतम, चूडानाथ भट्टराय, योगराज पौडेल, ठाकुर पराजुली वल्लभमणि दाहाल र दिनेशराज पन्त । यी लेखकहरूले यसमा पृथ्वीनारायण शाहको जीवनी, व्यक्तित्व र कृतित्व, राजनीतिज्ञता, ऐतिहासिक दस्तावेजहरूका बारेमा विस्तृत अध्ययन प्रस्तुत गरेका छन् ।[१०] गोरखाबाट प्रकाशित पत्रिकाहरूमध्ये यति वजनदार अर्को कृति हालसम्म प्रकाशित हुन सकेको छैन ।

## च. दरौँदी समसामयिक प्रकाशन

गोरखाबाट काठमाडौंमा आएर विभिन्न पेशा व्यवसायमा संलग्न साहित्यिक युवा विद्यार्थीहरूको सङ्गठन गोरखा स्ववियुले प्रकाशित गरेको **दरौँदी समसामयिक सङ्कलन** वि.सं. २०४२ गोरखाली साहित्यको विकासमा एक ऐतिहासिक कदम हो । साहित्यमा अभिरूचि राख्ने गोरखाली स्रष्टाहरूको समुच्चपुञ्ज **दरौँदी** प्रताप वन्त, हरिश्चन्द्र श्रेष्ठ, भूमिनन्द देवकोटा, चिनकाजी अधिकारी, ऋषि खनाल आदि युवाहरूको सक्रियतामा प्रकाशित भएको थियो । कविता, निबन्ध, कथा, तथा फुटकर रचनाले पुष्ट भएको यस समसामयिक सङ्कलनले तत्कालीन पञ्चायती व्यवस्थाको र तत्कालीन समाज, आर्थिक अवस्था, नेपाली युवाहरूले भोग्नुपरेको पीडा, नेपाली समाजको दुर्दशा, जस्ता जनपक्षीय लेख रचनाले भरिएको यस सङ्कलन गोरखाली साहित्यको इतिहासमा कोसेढुङ्गा सावित हुन पुगेको छ । यसरी गोरखा स्ववियुले २०४४ सालमा अर्को अङ्क प्रकाशित गरी यस 'दरौँदी' ले गोरखा मात्र हैन सम्पूर्ण देशलाई नै सिञ्चित गरी हराभरा बनाउने अभियानलाई दुई अङ्क भन्दा प्रकाशन गर्न सकेन ।

## छ. अभियान

वि.सं. २०४२ मा **दरौँदी** समसामयिक सङ्कलन पहिलो र दोस्रो अङ्क निस्किएर त्यसै सुकिरहेको अवस्थामा वि.सं. २०४८ मा दरौँदीको नयाँ संस्करणको रूपमा **अभियान** समसामयिक सङ्कलन झुल्किन्छ । संस्कृतिकर्मी शिब श्रेष्ठको सम्पादकत्वमा प्रकाशित यस समसामयिक सङ्कलन पनि काठमाडौमा रहेका गोरखाली विद्यार्थीको अग्रसरतामा प्रकाशित

१०. शिवहरि मरहट्टा, (सम्पा.), **मनकामना पृथ्वी विशेषाङ्क**, नेपाली षाण्माषिक साहित्यिक पत्रिका, (गोरखा : गाउँ सुधार समिति मनकामना), (वर्ष-१, अङ्क-१) २०३८ ।

भएको हो । राजनैतिक व्यवस्था बदलिए पनि हाम्रो भावना संस्कार, विचार बदलिन नसकेको, सामन्ती पुरातन प्रवृत्तिकै हालीमुहाली भैरहेको परिवेशलाई टड्कारो रूपमा उठाइएको यो सङ्कलन गोरखाली स्रष्टाका तर्फबाट नेपाली साहित्यलाई मलजल पुऱ्याउने अर्को ठोस र ऐतिहासिक अभियान हो ।

## ज. जनता

वि.सं. २०४२ मा **जनता** पत्रिका सुरेश वाग्लेको सम्पादकत्वमा जनता मा.वि. आँपपिपलले प्रकाशन गरेको पाइन्छ । यस पत्रिका आँपपिपलमा अध्ययन गर्ने र गराउने प्रतिभाहरूको अग्रसरतामा प्रकाशित भएको हो । यस पत्रिकामा पारिजातका *स-साना कुरा* कथा लगायत स्थानीय नवप्रतिभाहरूका लेख रचना छापिएको पाइन्छ ।

## झ. जनदीप समसामयिक सङ्कलन

जनदीप पुस्तकालयको आफ्ना विविध जनसाहित्यिक कार्यक्रमहरूमध्ये **'जनदीप'** समसामयिक सङ्कलनको वि.सं २०४९ मा प्रकाशन गरी एक महत्त्वपूर्ण कार्य गरेको पाइन्छ । समसायिक विविध सवाललाई चर्को रूपमा उठाइएको र पारिजातको अन्तिम अन्तरवार्ता समावेश गरिएको उक्त सङ्कलनमा मूलतः नवप्रतिभाहरूले आफ्नो सिर्जनालाई विकास गर्ने अवसरको रूपमा पनि लिएका छन् । हर्मी तथा आसपासका प्रतिभाशाली युवाहरू जनार्दन ढकाल, राजेन्द्र ढकाल, रूद्र पोखेल, मोदनाथ मरहट्टा आदिको सम्पादकत्व र संरक्षकत्वमा पल्लवित यस **जनदीप** समसामयिक सङ्कलनले नेपाली साहित्यिको इतिहासमा ठूलो सहयोग पुऱ्याएको छ ।

## ञ. गोरखा डायरी

विभिन्न पेसा व्यवसाय अँगाली काठमाडौंमा बस्दै आएका गोरखालीहरूले आफ्नो मुखपत्रको रूपमा वि.सं. २०५२ सालमा प्रकाशित गरेको **गोरखा डायरी** ले गोरखाली साहित्यको इतिहासमा एउटा उल्लेखनीय कार्य गरेको छ । गोरखाली साहित्यानुरागी युवाहरू विश्वेश्वर कट्टेल, ऋषि खनाल, शरदचन्द्र सिम्खडा, कमल देवकोटा, हरि काफ्ले, टेकबहादुर मल्ल आदिको सक्रियतामा यस सङ्कलनमा जननेता मदन भण्डारीले गरेका ऐतिहासिक सम्बोधन, वैकुण्ठ कट्टेलको जीवनी, वाचस्पति देवकोटा, रामप्रसाद खनाल, आदिका साहित्यिक प्रतिभाहरूको लेख, रचनाहरूले भरिएको यो सङ्कलन नेपाली साहित्यको एक उपलब्धिमूलक कार्य हो ।

### ट. शिक्षक बुलेटिन

वि.सं. २०५५ सालमा बाबुराम अर्यालको प्रधान सम्पादकत्व र उमाकान्त देवकोटा, भरतबाबु कट्टेल, मोदनाथ मरहट्टा, मुक्तिनाथ घिमिरेको सहयोगी सम्पादनमा शिक्षक बुलेटिनको प्रकाशन भएको पाइन्छ । विभिन्न शिक्षण संस्थामा आबद्ध शिक्षकहरूले आफ्नो गोष्ठी र विविध साहित्यिक कार्यक्रम पश्चात् यो बुलेटिन प्रकाशन गर्ने गरेको पाइन्छ । विभिन्न शैक्षिक सन्दर्भका लेख र व्यङ्ग्य कविता र कविताहरू यसमा सङ्कलित भएका छन् । यसमा भटमासे मास्टर, कालीकाप्रसाल खनाल, उमाकान्त देवकोटा, दुर्गाप्रसाद पाण्डे, अविराम शर्मा, अर्जुन भट्ट, योगबहादुर लामिछानेहरूको कविता, कथा र साहित्यिक रचनाहरूका साथसाथै निबन्धात्मक लेखहरूले भरिएको यस बुलेटिन नेपाली साहित्यको एक उपलब्धिमूलक कार्य हो ।

### ठ. गोरखा प्रवाह

वि.सं. २०५९ सालमा काठमाडौंमा रहेका गोरखालीहरूद्वारा प्रकाशित **गोरखा प्रवाह** वि.सं. २०५२ सालको डायरीकै निरन्तरता हो । *धर्म र दर्शन  कति नजिक कति टाढा* मोदनाथ प्रश्रित को लेख, तथा विभिन्न लेख, कविता लगायतका साहित्यिक सिर्जनाले भरिएको यस प्रवाहको गरिमा उच्च रहेको पाइनुका साथै नेपाली साहित्यको विकासमा गोरखाली स्रष्टाले महत्त्वपूर्ण ऊर्जा प्रदान गरेको छ ।

### ड. गोरखा मूलबाटो साहित्यिक पत्रिका

गोरखालीहरू काठमाडौंमा बसेर पनि नेपाली साहित्यको विकासमा कुनै न कुनै रूपले सक्रिय रहेका छन् । **गोरखा मूलबाटो** साहित्यिक समूहको नामबाट मासिक रूपमा प्रकाशित हुँदै आएको **मूलबाटो मासिक** राजेश्वर देवकोटाको संयोजकत्वमा सञ्चालित छ । राजुबाबु श्रेष्ठ, नारायण श्रेष्ठ, के.पी. अमगाई, जनार्दन ढकाल, शिव रिजाल, रूद्र पोखेल आदिको सक्रियतामा र सम्पादकत्वमा प्रकाशित यस पत्रिकाले पनि नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान गरेको छ ।

### ढ. फूलको डोली

**फूलको डोली** मासिक गोरखाली साहित्यको फाँटमा धिपधिपाइरहेको अर्को टुकी हो । वि.सं. २०५९ सालमा आधिकारिकता प्राप्त गरेको यस पत्रिकाले विविध रूपबाट साहित्यमा लाग्न अग्रसर नवस्रष्टालाई स्थापित पार्ने प्रयत्न गरेको छ । अन्तर्वार्ता, छोटा निबन्ध, मुक्तक,

गजल एवं कविता, लघु कथा, समसामयिक घटनासँग आधारित विशेष लेखहरूलाई यस पत्रिकाले महत्त्वका साथ स्थान दिन्छ । देशका करिब ६५ जिल्लामा पुग्ने यस पत्रिकाले नेपाली साहित्यका फाँटमा महत्त्वपूर्ण स्थान ओगटेको छ । साहित्यमा अभिरूचि राख्ने रूद्र पोखेल प्रधान सम्पादक, मोदनाथ मरहट्टा सहयोगी सम्पादक, र शिव उप्रेती कार्यकारी सम्पादक रहेको यस पत्रिकाले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ ।

## ण. आँगन

वि.सं. २०६० सालमा बद्रीकुमार कार्कीको प्रधान सम्पादकत्व र रूद्रनाथ पोखेल, भार्गवबाबु पाण्डे र नीलकण्ठ पौड्यालको सहयोगी सम्पादनमा सम्पादनमा **आँगन**को प्रकाशन भएको पाइन्छ । नेपाली भाषा शिक्षक समाज गोरखाले आफ्नो मुखपत्रको रूपमा यसको प्रकाशन गरेको पाइन्छ । यस पत्रिकामा नेपाली भाषा शिक्षणका विविध उपायका साथ-साथै साहित्यिक खुराकहरू पनि प्रशस्त भेटिन्छन् । यस पत्रिकाको दुई अङ्क प्रकाशित भएको पाइन्छ पहिलो अङ्कमा विभिन्न भाषागत जटिलताको समाधानका उपायहरू र गोरखाली साहित्यमा ब्युँझिएको समसामयिकता शीर्षकमा ऋषि खनालले गोरखाली समसामयिक साहित्यको चर्चा गरेका छन् भने दोस्रो अङ्कमा कृष्णहरि बराल, अनन्त मुस्कान, शोभा तिवारी, लोकबहादुर बस्नेत, जानकी रेग्मी, गोपाल मरहट्टा आदिको कविता प्रकाशन भएको पाइन्छ ।

उपर्युक्त पत्रपत्रिकाका अतिरिक्त वि.सं. २०३२ सालमा प्रकाशित **फूलबारी** सामाजिक सङ्कलन, वि.सं. २०३६ सालमा प्रकाशित **विवेक बिन्दु** समसामयिक प्रकाशन, वि.सं. २०४० सालमा गाउँ सुधार समितिद्वारा प्रकाशित **मनकामना** पत्रिका, वि.सं. २०४२ सालमा विन्ध्यवासिनी मा.वि. नारेश्वरले आफ्नो रजत जयन्तीको अवसरमा प्रकाशित गरेको **विन्ध्यवासिनी** समसामयिक सङ्कलन, वि.सं. २०४३ सालमा प्रकाशित **नवकिरण** सामाजिक प्रकाशन, वि.सं. २०४५ सालमा प्रकाशित स्मारिका **हिरक जयन्ती विशेषाङ्क,** वि.सं. २०४६ सालमा प्रकाशित **चिराग** सामाजिक सङ्कलन, वि.सं. २०४७ मा प्रकाशित **गोरखा** वार्षिक अङ्क, वि.सं. २०४७ को **गोरखा गौरव** सामयिक सङ्कलन, वि.सं. २०४७ मै प्रकाशित **नवनिर्माण**, वि.सं. २०४७ मै प्रकाशित **प्रयास**, वि.सं. २०४८ मा प्रकाशित **नवस्रष्टा** वार्षिक, वि.सं. २०४८ मै दुल्लभ मा.वि. ध्याम्पेसालले आफ्नो रजत जयन्तीको अवसरमा प्रकाशित

**ऐजेरू** मासिक र वि.सं. २०४९ मा प्रकाशित **फूलबारी** हवाइमासिक पत्रिकाले पनि नेपाली साहित्यको धरातललाई उठाउन ठूलो सहयोग गरेको पाइन्छ ।

यसैगरी राजेन्द्र ढकाल, शङ्कर घिमिरे आदिको अग्रसरतामा प्रकाशित **अभियान** विचार प्रधान पत्रिका, गोरखा क्याम्पसद्वारा प्रकाशित क्याम्पसको मुखपत्र **नवकिरण, नयाँकदम** तथा वि.सं. २०५३ मा प्रकाशित **गोरखा वाङ्मय,** समसायिक सङ्कलन वि.सं. २०५४, गोरखा समाज सेवा केन्द्रद्वारा वार्षिक रूपमा प्रकाशित **गोरखा परिचय,** सुरेन्द्र देवकोटाको सम्पादनमा प्रकाशित **स्पन्दन मासिक**, र **चिहान**ले पनि नेपाली साहित्यको विकासमा अर्को महत्वपूर्ण योगदानको रूपमा रहेका छन् ।

यसैगरी गोरखाको साहित्यिक धरातलमा देखिएको अर्को जमर्को हो **मूलबाटो** समसामयिक सङ्कलन । हर्मीका नवप्रतिभाहरू विकास ढकाल, गोविन्द अधिकारीहरूको पहल र प्रयत्नमा ३ अङ्कसम्म प्रकाशित हुन पुगेको **मूलबाटो** ले मूलबाटो भेट्न नसकी गोरेटोमा नै अल्मलियो । यसैगरी वि.सं. २०६१ सालमा यादव देवकोटाद्वारा प्रकाशित **सुनाखरी** साहित्यिक पत्रिका वि.सं. २०५४ सालमा प्रकाशित **इन्द्रेणी** समसामयिक सङ्कलन, वि.सं. २०५२-२०५५ सालसम्म २ अङ्क प्रकाशित गर्न पुगेको **उत्प्रेरणा** साहित्यिक समसामयिक सङ्कलन, वि.सं. २०५५ मा पूर्णबहादुर अधिकारी प्रधान सम्पादक र मोदनाथ मरहट्टा कार्यकारी सम्पादक भएर प्रकाशित **नयाँ कदम**ले २ अङ्क मात्र देख्न पायो ।

यसैगरी **दरौंदी** मासिक र हाल साप्ताहिक समाचारमूलक पत्रपत्रिकाले पनि नेपाली साहित्यको विकासमा ठूलो योगदान दिएको छ । साहित्यकर्मी तुलसीमान श्रेष्ठको अग्रसरतामा प्रकाशित यस पत्रिकाले प्रत्यक्ष वा परोक्ष रूपमा पनि नेपाली साहित्यलाई अगाडि बढाउन योगदान दिएको छ । वि.सं. २०६१ साल फागुनदेखि प्रकाशित हुन थालेको **श्री सन्सारी सचेतना प्रतिभा द्वैमासिक** साहित्यिक पत्रिका जनकराज कोइराला, रामकाजी श्रेष्ठ, थम्मप्रसाद पन्त आदिको सक्रियतामा क्रियाशील छ । **कोपिला** गोरखाको अहिले सबल नेपाली साहित्यको ऊर्जा बनेको छ ।

यसरी गण्डकी विद्यार्थी परिषद्द्वारा प्रकाशित **लालुपाते** फुलेर रमाइलो बनाएको गोरखाली साहित्य आकासमा दर्जनौ साहित्यिक सङ्कलन, समसामयिक सङ्कलन, विचार प्रधान पत्रिका आदि प्रकाशित गरी विभिन्न साहित्यिक संघसंस्था, शैक्षिक सङ्घसंस्था, युवा विद्यार्थी, राजनैतिक सङ्घसंस्था, आदिले गोरखाको तर्फबाट नेपाली साहित्यको विकासमा अत्यन्त

ठूलो र गौरवमय योगदान पुऱ्याएका छन् । यही लहरो नै मूल माध्यम बनेर हालको नेपाली साहित्यलाई गोरखाले नेतृत्व प्रदान गरेको पाइन्छ ।

### ३.१.५ सञ्चार माध्यमको भूमिका

वि.सं. २०६२/०६३ को समयमा देशमा राजनैतिक परिवर्तनपश्चात् विभिन्न ठाउँमा सञ्चारका साधनहरूको विस्तार भएको पाइन्छ । यसै क्रममा गोरखाका चेतनशील युवाहरूको सक्रियतामा विभिन्न एफ.एम् रेडियोको स्थापना भएका छन् । यस्ता सञ्चारकेन्द्रहरूले विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने, साहित्यिक स्रष्टाहरूलाई सम्मान गर्ने तथा थुप्रै नवप्रतिभाहरूलाई साहित्य सिर्जनामा लाग्न र लागेका स्रष्टाहरूलाई पनि थप प्रेरणा प्रदान गरेका छन् । यस्ता संस्थाले विभिन्न चाडपर्वमा विविध साहित्यिक कार्यक्रमहरू गर्ने गर्नाले त्यस क्षेत्रका स्रष्टाहरूलाई सिर्जनामा लाग्न प्रेरणा मिलेको पाइन्छ । यसरी गोरखामा स्थापना भएका सञ्चार माध्यमहरूमा रेडियो गोरखा, रेडियो हर्मी, रेडियो अर्पण, च्वाइस एफ्.एम्. अन्नपूर्णा एफ.एम्. आदि रहेका छन् । यस्ता गोरखाका संस्थाहरूको स्थापनाले नेपाली भाषा साहित्य मौलाउँदै गएको छ ।

### क. रेडियो गोरखा ९२.८ मेगाहर्ज

गोरखा सदरमुकाममा आफ्नोपन आफ्नै पहिचान, सबल नेपाल हाम्रो अभियान भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै वि.सं. २०६४ सालमा स्थापना भएको गोरखा एफ्. एम्ले नेपाली साहित्यको विकासमा ठूलो भूमिका खेलेको पाइन्छ । यस संस्थाले नेपाली साहित्यका विविध पाटालाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रस्तुत गर्ने, नेपाली साहित्यका स्रष्टालाई सम्मान गर्ने र विभिन्न नवप्रतिभालाई प्रोत्साहन गर्ने कार्य गरेको पाइन्छ । यस संस्थाले नेत्रमणि शर्मा आचार्यलाई सम्मान गरेको पाइन्छ । यस संस्थामा शनिबार बिहान १०:०० बजे केशब बस्नेतले **मुक्तक सरोबर** र विहिबार बेलुका ९:०० बजेपछि **गीताञ्जली** गजल कार्यक्रम प्रसारण गर्ने गरेको पाइन्छ ।

### ख. हर्मी एफ्. एम् १०५.४ मेगाहर्ज

गोरखा जिल्लाको हर्मी गा.वि.स.मा  वि.सं. २०६७ सालमा जनार्दन ढकालको अध्यक्षतामा स्थापना भएको हर्मी एफ्. एम्को स्थापना भएको हो । यो संस्था हर्मी आसपासका आमा समूह, सामूदायिक वन, गा.वि.स., विद्यालय र हस्पिटलको सामूहिक गूठीबाट सञ्चालित

संस्था हो । यस संस्थाले नेपाली साहित्यको विकासमा ठूलो भूमिका खेलेको पाइन्छ । यस संस्थाले नेपाली साहित्यका विविध पाटालाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रस्तुत गर्ने, नेपाली साहित्यका स्रष्टालाई सम्मान गर्ने र विभिन्न नवप्रतिभालाई प्रोत्साहन गर्ने कार्य गरेको पाइन्छ । यस संस्थामा शनिबार बिहान ८:०० बजे नरेन्द्र ढकालले **सम्मोहन** कविता रेकर्ड गर्ने, स्रष्टाचिनारी,व्यक्तित्व आजको बिशेष कार्यक्रम र **हाम्रा स्रष्टा हाम्रो स्वर** गीत संगीत सँगसँगै गोरखाका रचनाकारको व्यक्तित्वको प्रकाश पार्ने रेकर्डेड कार्यक्रम प्रसारण गर्ने गरेको पाइन्छ ।

## ग. च्वाइस एफ.एम् ९०.४ मेगाहर्ज

गोरखा नगरपालिका-३, वराहमा वि.सं. २०६९ सालमा आशिषरमण खनालको अध्यक्षतामा र किरण लोहनीको व्यवस्थापनमा स्थापना भएको च्वाइस एफ्. एम्ले नेपाली साहित्यको विकासमा ठूलो भूमिका खेलेको पाइन्छ । यस संस्थाले नेपाली साहित्यका विविध पाटालाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रस्तुत गर्ने, नेपाली साहित्यका स्रष्टालाई सम्मान गर्ने र विभिन्न नवप्रतिभालाई प्रोत्साहन गर्ने कार्य गरेको पाइन्छ । यस संस्थामा शनिबार बिहान ८:०० बजे सुरेन्द्र देवकोटाले **अभिव्यञ्जना** सुखदुःखका उपन्यासहरू पढ्ने, बेलुका ९:०० बजेपछि हप्तामा ४ पटक स्पर्श गजलसम्बन्धी कार्यक्रम गणेश श्रेष्ठले कार्यक्रम प्रारण गर्ने गरेको पाइन्छ ।

## घ. युनाइटेड एफ्. एम् ९२.४ मेगाहर्ज

गोरखा जिल्लाको पालुङटार गा.वि.स.मा वि.सं. २०७० सालमा स्थापना भएको युनाइटेड एफ्. एम्ले नेपाली साहित्यको विकासमा ठूलो भूमिका खेलेको पाइन्छ । यस संस्थाले नेपाली साहित्यका विविध पाटालाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रस्तुत गर्ने, नेपाली साहित्यका स्रष्टालाई सम्मान गर्ने र विभिन्न नवप्रतिभालाई प्रोत्साहन गर्ने कार्य गरेको पाइन्छ । यस संस्थामा सोमबार बेलुकी ९:१५ बजे गजलका फूलहरू कार्यक्रम बि. एस्. पृथकले र तिम्रै लागि कार्यक्रम सागर गिरीले प्रसारण गर्ने गरेको पाइन्छ । हाल यो एफ्.एम्. तनहुँको डुम्रे बजारमा सरेको छ ।

## ङ. गोरखाली एफ्. एम् ९३.६ मेगाहर्ज

गोरखा सदरमुकाममा वि.सं. २०६८ असोज ६गते स्थापना भएको गोरखाली एफ् एम्ले नेपाली साहित्यको विकासमा ठूलो भूमिका खेलेको पाइन्छ। यस संस्थाले नेपाली साहित्यका विविध पाटालाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रस्तुत गर्ने, नेपाली साहित्यका स्रष्टालाई सम्मान गर्ने र विभिन्न नवप्रतिभालाई प्रोत्साहन गर्ने कार्य गरेको पाइन्छ । यस संस्थामा विमला गुरूङ र समिर ढकालले मंगलबार बेलुका ९ बजेपछि गजल मन कार्यक्रम प्रसारण गर्ने गरेको पाइन्छ । यस संस्थाको अध्यक्ष धर्मेन्द्रकाजी श्रेष्ठ र स्टेशन म्यानेजर भीमलाल श्रेष्ठ रहेका छन् ।

### ङ. रेडियो मनकामना १०२.४ मेगाहर्ज

गोरखा जिल्लाको मनकामना गा.वि.स.मा वि.सं. २०६५/६६ सालमा स्थापना भएको रेडियो मनकामनाले नेपाली साहित्यको विकासमा ठूलो भूमिका खेलेको पाइन्छ । यस संस्थाले नेपाली साहित्यका विविध पाटालाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रस्तुत गर्ने, नेपाली साहित्यका स्रष्टालाई सम्मान गर्ने र विभिन्न नवप्रतिभालाई प्रोत्साहन गर्ने कार्य गरेको पाइन्छ । यस संस्थामा वेलुका १०:०० बजे पछि मेरो कथा कथावाचनको कार्यक्रम र मेरो अतीत भन्ने साहित्यिक कार्यक्रम काठमाडौको सिटिजन एफ्. एम्को कार्यक्रमलाई प्रसारण गर्ने गरेको पाइन्छ।

### च. रेडियो मनास्लु १०३.९ मेगाहर्ज

गोरखा नगरपालिका-३, आहालेमा वि.सं. २०६७ साल असार गतेदेखि नियमित प्रसारण भएको रेडियो मनास्लुले नेपाली साहित्यको विकासमा ठूलो भूमिका खेलेको पाइन्छ । यस संस्थाले नेपाली साहित्यका विविध पाटालाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रस्तुत गर्ने, नेपाली साहित्यका स्रष्टालाई सम्मान गर्ने र विभिन्न नवप्रतिभालाई प्रोत्साहन गर्ने कार्य गरेको पाइन्छ । यस संस्थामा बिहीबार विहान ९:१५ बजे 'गजलका फूलहरू' कार्यक्रम विमल मार्मिकको साथमा प्रसारण गर्ने गरेको पाइन्छ।

### छ. मातृभूमि एफ्. एम् ९८.२ मेगाहर्ज

गोरखा सदरमुकाममा वि.सं. २०६८ सालमा स्थापना भएको मातृभूमि एफ्. एम्ले नेपाली साहित्यको विकासमा ठूलो भूमिका खेलेको पाइन्छ। यस संस्थाले नेपाली साहित्यका विविध पाटालाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रस्तुत गर्ने, नेपाली साहित्यका स्रष्टालाई सम्मान

गर्ने र विभिन्न नवप्रतिभालाई प्रोत्साहन गर्ने कार्य गरेको पाइन्छ । यस संस्थामा वेलुका ९:१५ बजे पिंढी कविताहरू वाचन  र समीक्षा गर्ने कार्यक्रम रमेश थापा मगरले प्रशारण गर्ने गरेको पाइन्छ ।

## ३.२ निष्कर्ष

कुनै पनि जिल्लाको साहित्यिक इतिहासमा त्यस जिल्लाका पुस्तकालय, सङ्घसंस्था, पत्रपत्रिका र सञ्चारमाध्यमहरूको उल्लेख्य योगदान रहेको पाइन्छ । गोरखा जिल्लमा साहित्यिक सङ्घसंस्थाको स्थापनाको इतिहास धेरै लामो पाइँदैन । प्रजातन्त्रको स्थापना पश्चात् गोरखामा विभिन्न साहित्यिक सङ्घसंस्थाहरूको स्थापना र तिनका गतिविधिहरू देखा पर्न थालेका हुन् । विशुद्ध साहित्यिक सेव गर्ने उद्देश्यले वि.सं २००८ मा स्थापित त्रिभुवन पुस्तकालयले गोरखामा साहित्यि सङ्घसंस्थाको स्थापनाको श्रीगणेश गरेको पाइन्छ भने यसपश्चात जयन्ती पुस्तकालय, जनविकास पुस्तकालय, मुक्ति वाचनालय, सेवा पुस्तकालय, लालीगुँरास पुस्तकालय, जनदीप पुस्तकालय, विश्वपुस्तकालय, बन्दी पुस्तकालय र उत्साह पुस्तकालय स्थापना भएको पाइन्छ । यसरी गोरखामा स्थापित भएका पुस्तकालयहरूले गोरखामा साहित्यिक वातवरणको विकासका लागि विभिन्न साहित्यिक सामग्रीहरू सङ्कलन गरेर पढ्ने अवसर प्रदान गर्ने, लेख रचनाहरू प्रकाशन गर्ने, विभिन्न साहित्यिक कार्यक्रम गर्ने, गोरखाली जनजीवनलाई साहित्यिक सामग्री सिर्जनाको तालिम दिने र उनीहरूलाई साहित्यमा लाग्न प्रोत्साहन गर्ने कार्य गर्दै नेपाली साहित्यको विकासमा ठूलो योगदान दिएको पाइन्छ ।

यसैगरी गोरखामा विभिन्न साहित्यिक सङ्घसंस्थाहरू स्थापना भएका पाइन्छन् । यी संस्थाहरूले विविध साहित्यिक कार्यक्रम गर्ने गरेको पाइन्छ । राष्ट्रिय स्तरका ख्यातीप्राप्त लेखकहरूको लेख रचना सङ्कलन र तिनिहरूका जन्मजयन्तीको अवसरमा विभिन्न प्रतियोगितात्मक साहित्यिक कार्यक्रम गर्दै त्यहाँका सिर्जनशील युवाहरूलाई प्रोत्साहन दिने र साहित्यिक मूल भङ्गालोमा समाहित गराउनमा यी संस्थाहरूले उल्लेख्य भूमिका खेलेको पाइन्छ । यस्ता संस्थाहरूमा गोरखा नाट्य समिति, गाउँ सुधार समिति, जिल्ला शिक्षा कार्यालय, गोरखा स्वियु, गोरखा चिन्तन समिति, गोपाल स्मृति प्रतिष्ठान, हरि सांस्कृतिक केन्द्र, मनास्लु प्रकाशन प्रा.लि., गोरखा साहित्य सङ्गम, साहित्य सदन, मर्स्याङ्दी साहित्य प्रतिष्ठान, गोरखा काठमाडौं सम्पर्क मञ्च, गोरखा साहित्य प्रतिष्ठान, गोरखा समाजसेवा केन्द्र, प्रगतिशील लेखक सङ्घ, पूर्णप्रसाद स्मृति प्रतिष्ठान, शारदा वाचनालय आदि छन् ।

गोरखा जिल्लामा रहेका विद्यालयहरूले आफ्ना शैक्षिक गतिविधिका अलावा साहित्यिक गतिविधिहरू पनि गर्ने गरेको पाइन्छ । यस्ता साहित्यिक गतिविधिबाट गोरखाली स्रष्टाहरूलाई प्रोत्साहन र उत्प्रेरणा मिलेको पाइन्छ । विभिन्न समयमा विद्यालय, स्रोतकेन्द्र र जिल्लास्तरीय साहित्यिक कार्यक्रमका अलावा आफ्नो विद्यालय स्थापनाको २५ वर्ष ५० वर्ष अवधि पार गरेको अवसरमा विभिन्न विद्यालयले आफ्नो मुखपत्रको रूपमा स्मारिका प्रकाशन गरेको पाइन्छ । यसरी गोरखा जिल्लाबाट स्मारिका प्रकाशन हुनुले नेपाली साहित्यको धरातलमा गोरखाली प्रतिभाको योगदानलाई आँकलन गर्न सकिन्छ ।

वि.सं. २०६२/०६३ को समयमा देशमा राजनैतिक परिवर्तनपश्चात् गोरखामा विभिन्न एफ.एम् रेडियोको स्थापना भएका छन् । यस्ता सञ्चारकेन्द्रहरूले विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने, साहित्यिक स्रष्टाहरूलाई सम्मान गर्ने तथा थुप्रै नवप्रतिभाहरूलाई साहित्य सिर्जनामा लाग्न र लागेका स्रष्टाहरूलाई पनि थप प्रेरणा प्रदान गरेका छन् । यस्ता सञ्चार माध्यमहरूमा रेडियो गोरखा, हर्मी एफ्.एम., च्वाइस एफ्.एम्. युनाइटेड एफ्.एम्., गोरखाली एफ्.एम्. रेडियो मनकामना, रेडियो मनास्लु, मातृभूमि एफ्.एम्. आदि छन् । यस्ता गोरखाका संस्थाहरूको स्थापनाले नेपाली भाषा साहित्य मौलाउँदै गएको छ ।

# चौँथो परिच्छेद

# नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान

## ४.१ परिचय

नेपाली साहित्यको विकासमा प्राथमिककालदेखि नै गोरखाका साहित्यिक प्रतिभाहरूले महत्वपूर्ण स्थान ओगटेको कुरा यस भन्दा अघिल्ला परिच्छेदमा नै उल्लेख गरिसकिएको छ । नेपाली साहित्यको माध्यमिककालीन अवधिमा गोरखाको साहित्यिक योगदान नगण्य नै रह्यो । खासगरी नव-नेपालको निर्माणपछि राजधानी गोरखाबाट काठमाडौं सरेको पृष्ठभूमिमा गोरखामा बौद्धिक तथा सिर्जनात्मक गतिविधिहरू भएनन् । अझ निरंकुश राणाकालको थालनीपछि शैक्षिक चेतनाका अभावका कारण गोरखा साहित्यिक दृष्टिले निकै पछाडि देखिन्छ । तत्कालीन समयका थोर-बहुत प्रतिभाहरूको बारेमा पनि अघिल्लो अध्यायमा नै चर्चा गरिसकिएको छ । यस अध्यायमा आधुनिक कालका स्रष्टाहरूलाई स्थापित स्रष्टा, फुटकर कृतिका माध्यमबाट उदाएका स्रष्टा र नवोदित स्रष्टा गरी तीन भागमा विभाजन गरेर अध्ययन गरिएको छ भने अन्य क्षेत्रमा जन्मेर पनि गोरखा र गोरखा क्षेत्रसँग सम्बन्धित भएर लेख रचना प्रकाशित गर्ने सम्पूर्ण साहित्यकारको विवरण दिइएको छ ।

## ४.२ पूर्वार्द्ध चरणका स्रष्टाहरू र नेपाली साहित्यमा योगदान

नेपाली साहित्यको आधुनिककालका अवधिसम्म आइपुग्दा नेपाली समाजमा सामाजिक, आर्थिक, राजनैतिक परिवर्तनका चाहनाहरू देखा पर्दै गए । फलस्वरूप २००७ सालको राजनैतिक परिवर्तनका पृष्ठभूमिमा गोरखामा पनि अनेक सिर्जनशील कवि लेखकहरू तथा विभिन्न किसिमका साहित्यिक गतिविधिहरू देखा पर्न थाले । यसै अवधिमा यस क्षेत्रमा सिर्जनारत कवि लेखकहरूले नेपाली साहित्यको संबर्द्धनमा महत्त्वपूर्ण योगदान दिएका छन् । त्यसैले यस परिच्छेदमा गोरखा जिल्लाबाट आधुनिककालका समयावधिमा देखा परेका प्रमुख साहित्यिक व्यक्तित्व र तिनका योगदानको विवेचना गरिएको छ । यस क्रममा गोरखाका कवि लेखकहरूमध्ये राष्ट्रियस्तरका पुरस्कार, सम्मान एवं ख्याति पाइसकेका तथा पुस्तकाकार कृतिहरू प्रकाशित गरिसकेका कवि, लेखकहरूलाई प्रमुख प्रतिभाका रूपमा मानि तिनीहरूको परिचय र योगदानलाई खुट्ट्याउने प्रयास यस परिच्छेदमा गरिएको छ । साथै २०४८ साललाई आधार मानि २०४८ सालभन्दा अघिका स्रष्टालाई पूर्वार्द्ध चरण र

२०४८ भन्दा पछिका स्रष्टालाई उत्तरार्द्ध चरण गरी विभाजन गरिएको छ । उपर्युक्त आधारमा गोरखाबाट देखा पर्ने प्रमुख साहित्यिक प्रतिभाहरू यसप्रकार छन् :-

## ४.२.१ दण्डपाणि अर्याल

गोरखा पोखरीथोकमा वि.सं. १९६३ कार्तिक २४ गते शुक्रबारका दिन पिता तप शर्मा र माता भवानी देवीका गर्भबाट जन्मेका दण्डपाणि अर्याल इतिहासविद्, ज्योतिषशास्त्री, शिक्षाविद् समाजसुधारक र अन्वेषक थिए ।[१] उनले नेपाली साहित्यको क्षेत्रमा कुनै पुस्तकाकार कृति नलेखेपनि तन्त्रशास्त्रको परिचायक **दश महाविद्या** वि.सं. २०६२ मा प्रकाशित भएको छ । उनको विद्वत्ता, लगनशीलता र अध्ययन परम्पराले इतिहासको खोज गर्ने र साहित्यमा लाग्नेलाई हौसला दिने स्वभावका कारण उनको नाम नेपाली साहित्यको अध्ययनको क्रममा पनि आउने गर्दछ । उनको नाममा हाल **दण्डपाणि स्मृतिकेन्द्र** पनि स्थापना भएको छ जसले उनका ग्रन्थहरू प्रकाशन गर्ने र साहित्यानुरागीहरूलाई प्रोत्साहन पुरस्कार दिनुका साथै कृति प्रकाशन गरेर नेपाली साहित्यलाई योगदान पुऱ्याएको छ ।

अर्याल ज्योतिषशास्त्रीका रूपमा परिचित व्यक्तित्व हुन् । यिनको ज्ञानक्षेत्र विशद् र गम्भीर थियो । यिनले लेखेको **दश महाविद्या** वि.सं. २०६२ तन्त्रशास्त्रको पुस्तक उनी दिवङ्गत भएपछि उनकै नाममा स्थापित स्मृति प्रतिष्ठानले प्रकाशित गरेको छ । अर्याल ज्योतिष शास्त्रका, तन्त्रशास्त्र, इतिहास र पुरातत्त्वका विद्वान् थिए भन्ने कुरो उनको स्मृतिग्रन्थ **दण्डपाणि अर्याल जन्मशताब्दी** २०६२ मा प्रस्तुत विभिन्न विद्वान्हरूका लेखबाट थाहा हुन्छ । असल गुरू, सच्चा शास्त्र साधक, सहृदयी समाजसेवक, धुरन्धर विद्वान्का रूपमा यस ग्रन्थले अर्याललाई चिनाएको छ। आगम र निगमका ज्ञाता अर्याललाई स्मरणकर्ताले इतिहासकोषका रूपमा समेत सम्मान गरेका छन् । इतिहास पुरातत्त्वसम्बन्धी उनका लिखित सामग्री प्रकाशनमा आएपछि स्मृतिकारले प्रदान गरेका विशेषण अझै सार्थक हुनेछन् ।

## ४.२.२ गणेशप्रसाद अर्याल

गोरखा जिल्लाको बक्राङ गाउँमा वि.सं. १९६६ साल माघ ६ गते बुधबारका दिन गणेशप्रसाद अर्यालको जन्म भएको हो। उनी गायत्री गणेश अर्यालका नामले पनि चिनिन्छन् ।[२]

---

१ विष्णुप्रभात, राजुबाबु श्रेष्ठ, सीता अर्याल, **दण्डपाणी अर्याल जन्मशताब्दी स्मृतिग्रन्थ**, (काठमाडौं : दण्डपाणी अर्याल स्मृतिकेन्द्र, २०६३) ।

२ वासुदेव त्रिपाठी, *गोरखाका कवि पण्डित गायत्री गणेश अर्ज्याल*, **शक्ति**, (वर्ष-४, अंक-४), (गोरखा : शक्ति मा.वि.), २०३४, पृ.३५ ।

प्राथमिक शिक्षा आफ्नै गाउँमा र माध्यमिक शिक्षा काठमाडौबाट प्राप्त गरेका अर्यालले भारतबाट व्याकरणमा मध्यमासम्मको अध्ययन गरेका छन् । उनको घरायसी आर्थिक अवस्था कमजोर रहेको र अध्ययनको क्रममा आफूलाई ज्यादै कठिन भएको कुरा उद्धृत गर्दै विद्यार्थी जीवनमा नै कविता लेखी तत्कालीन जनरल पद्म सम्शेरलाई बिन्तीपत्र पठाएको पाइन्छ ।

गणेशप्रसाद अर्याल नेपाली साहित्यका फाँटमा गोरखाली प्रतिभाशाली व्यक्तित्वका रूपमा चिनिन्छन् । उनले नेपाली र संस्कृत दुवै भाषामा प्रशस्त काव्यहरू लेखेका छन् । त्यसमध्ये उनका पुस्तकाकार कृतिहरू संस्कृत भाषाका **रामभक्त माला** २०१५, **गोरखा-महेन्द्रशतकम्** २०१७, **गोरखामनकामनास्त्रोतम्, कृष्णगण्डकीस्त्रोतम्, कालिकापञ्चदशी, गोरखाकष्टकम्** आदि हुन् भने नेपाली भाषाका **शोकप्रवाह** २०११, **श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा** २०१५, **श्लोक चेतावनी** २०१५, **वंशवर्णन** २०१६, **प्रजातन्त्र समाज चित्रण** २०१८ आदि हुन् । यी बाहेक उनका कतिपय फुटकर कविताहरू पाण्डुलिपिका रूपमा संरक्षित छन् ।[३]

उनका कविताहरूमा हिन्दुधर्म, संस्कृति, नेपाल राष्ट्र, राष्ट्रियता तथा राजभक्तिप्रति अगाध आस्था प्रकट भएको देखिन्छ । उनका नेपाली कविताहरूलाई अध्ययन गर्दा भक्तिवादी कविता, राजभक्तिसँग सम्बन्धित कविता, समाज चित्रणसँग सम्बद्ध कविता र अन्य कविता रहेकाले विभिन्न कोणमा वर्गीकरण गर्न सकिन्छ ।

कवि अर्यालले भक्तिभावका कविता विं सं. २००६ सालपछि रचना गर्न थालेका हुन् । उनको **रामभक्ति माला** काव्य रामको जीवनवृत्तसँग सम्बन्धित छ । संस्कृतका वार्णिक छन्दहरूमा आबद्ध **रामभक्ति माला** काव्यात्मक सौन्दर्यमा भन्दा पनि भक्तिमूलक आस्थाको प्रकटीकरणका दृष्टिले महत्वपूर्ण रहेको छ । जस्तैः

त्यस्तै श्री राम शिक्षा लिइकन मनमा रम्य पारी प्रजाको
आपद् सारा लघारी सुखमय दुनिया रामको राज्य जस्तो
को होला आज त्यस्तो अघि सरी अहिले रामको भक्तिसाथ
पारोस् नेपाल राम्रो पशुपतिपदमा भक्तिले राखी माथ ।[४]

कवि अर्याल गोरखाभूमिलाई पवित्र मानी यहाँका देवदेवीहरूको पावनस्थल र नदीनालाहरूको स्तुति गरेर कविता लेख्ने गर्दछन् । यसरी लेखेका अर्यालका प्रशस्त कविता पाइन्छन् ।

---

३ वासुदेव त्रिपाठी, पूर्ववत् पृ३५।

४ गायत्री गणेश अर्याल, **रामभक्ति माला** (गोरखा : लेखक स्वयम्, २०१५) ।

कवि अर्यालले गोरखाको ऐतिहासिक पृष्ठभूमि, शाह वंश, राजा महेन्द्र आदिलाई विषयवस्तु बनाएर **'श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा'** लेखेका छन् । यस कवितामा राजाको भ्रमणको चित्रण यसरी गरिएको छ ।

गर्थ्यो चित्त प्रसन्नता नृपतिको धर्मावतीको जल
ओरालो अमराइको कठिनमा हिंड्दा पनि पैदल
आएको छु यहाँ प्रजा उपरमा सम्बन्ध राखूँ भनी
के कस्ता जनमा रहेछ सबमा जानेर जाउँ भनी ।[५]

कवि अर्यालले राजा महेन्द्रको सूदुरपश्चिमाञ्चल भ्रमण, **महेन्द्र शतकम्, महेन्द्रोदय** आदि कवितामा राजाको भ्रमण, राष्ट्रिय एकता, हिन्दुधर्म र संस्कृतिको उत्थान एवं देश विकासको भावना प्रकट भएको पाइन्छ । उनले समाजका आन्तरिक र बाह्य पक्षको चित्रण गर्दै सामाजिक परिवेशको चित्रण आफ्ना काव्यमा गरेको पाइन्छ । **प्रजातन्त्र समाज चित्रण** काव्यको एक अंश यस प्रकार छ :-

के कामले होम गर्छौं जुन घृतसँग धान पोलेर खाली
के कामले श्राद्ध गर्छौं दूध घृतमधु र शर्कराको अनर्थ
यस्तो यो धर्मफाला अघि ऋषिमुनिले काम केलाई गर्थे ?
के पढ्थे म्लेच्छः भाषा ऋषिमुनि जनले धर्मको बीज फाली । श्लोक ३१[६]

कवि अर्याल भक्तिवादी साहित्यका स्रष्टा, राजसंस्थाका कट्टर समर्थक थिए । उनले आफ्नो दृश्यशक्ति गुमाए पनि प्रज्ञाचक्षुद्वारा कविताका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । शिल्पगत रमणीयता, छन्दगत विविधता र रामभक्तिको जीवनमुखी आदर्शलाई अभिव्यक्त गर्नु नै अर्यालको कवित्वका खास विशेषता हुन् । यिनै रचना र प्रवृत्तिबाट गोरखामा नेपाली साहित्य सिर्जन परम्परा समृद्ध बनाउनमा उल्लेखनीय भूमिका कविले खेलेको पाइन्छ ।

## ४.२.३ गणेशराज वन्त

गणेशराज वन्तको जन्म गोरखा जिल्लाको बगुवा (खान्चोक भञ्ज्याङ) मा वि.सं. १९६७ मा भएको हो । उनी लेखक, कवि एवम् राजनैतिक व्यक्तित्वको रूपमा परिचित छन् । तत्कालीन समयमा प्रजापरिषद्मा बसी अग्रणी भूमिका निकै गरेकाले वि.सं. १९९७ देखि

५. गायत्री गणेश अर्याल, **श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा**, (गोरखा : लेखक स्वयम्), २०१५, पृ.१५ ।
६. वासुदेव त्रिपाठी, "गोरखाका कवि पण्डित गायत्री गणेश अर्ज्याल", **शक्ति,** (वर्ष-४, अंक-४), (गोरखा : शक्ति मा.वि.), २०३४, पृ.४० ।

२००२ सम्म कारावास समय भोगेका एक कर्मठ व्यक्तित्व हुन् वन्त । जेलजीवनबाट मुक्त भएपछि उनी साहित्य र समाजसेवामा लाग्न थालेको पाइन्छ । समाजमा सामाजिक जनचेतना ल्याउन नाटक लेखी मञ्चन गराउने, शास्त्रीय सङ्गीतमा निपूर्ण वन्त ठाउँ-ठाउँमा शास्त्रीय सङगीतका कक्षा लिँदै शास्त्रीय गायनमा क्रियाशील हुने आदि कार्य गरेर नेपाली साहित्यमा योगदान दिएको पाइन्छ । उनका भजनसङ्ग्रहहरू प्रकाशित छन् । विभिन्न भागमा संरचित उनका भजनहरू **'भजनमाला'** (पहिलो भाग) २०३५, **'भजनमाला'** ( दोस्रो भाग) २०३७ र **'भजनमाला'** (तेस्रो भाग) २०५२ रहेका छन् । उनका अधिकांश भजनहरू रेडियो नेपालबाट गाइएका छन् । सङगीत र वाद्यवादनमा विशेष योगदान दिएकाले विभिन्न क्षेत्रबाट अभिनन्दित र सम्मानित वन्त नेपाली साहित्यका क्षेत्रमा गोरखाबाट योगदान पुऱ्याउने सशक्त हस्ताक्षर हुन् ।[७]

## ४.२.४ पूर्णप्रसाद ब्राह्मण

गोरखा जिल्लाको काफलडाँडामा पिता देवीदत्त दवाडी र माता आचार्य देवी दवाडीका गर्भबाट वि.सं. १९७९ मा पूर्णप्रसाद दवाडीको जन्म भएको हो । उनले गाउँको संस्कृत पाठशालाबाट शिक्षारम्भ गरी बनारसबाट पूर्वमीमांसा विषयमा आचार्य गरेका छन् । ब्राह्मण भने साहित्य यात्राको क्रममै राखिएको नाम हो । उनको साहित्यिक यात्राको शुभारम्भ **शारदा** १९९२ पत्रिकाको माध्यमबाट भएको हो । यसै पत्रिकामा उनको पहिलो साहित्यिक रचनास्वरूप *वरदान* शीर्षकमा कथा प्रकाशित भएको छ ।[८]

ब्राह्मण संस्कृत नेपाली दुबै भाषामा कलम चलाउने बहुमुखी प्रतिभा हुन् । उनका संस्कृत भाषाका **सत्यहरिशचन्द्रम्** (महाकाव्यम्) २००७, **विश्वदेवा** (काव्यम्) २०११, **तदर्थदेव** (गीतिकाव्यानुवाद) २०२६, **ईशावाश्यवृत्ति** (अनुवाद), **राजतन्त्रं सदा जीव्यात्** (चम्पूकाव्यम्) २०४५, **रामराज्यम्** (काव्यम्) २०४१, **अमेरिकाया इतिहास** (अप्रकाशित), **श्रीकृष्ण-श्रीरामाचरित्रादर्श, राष्ट्राध्यक्षगानम्** आदि हुन् भने नोपाली भाषाका कृतिहरूमा **अगुल्टो** (कथासङ्ग्रह) २००३, **एक्काइस कथा** (कथासङ्ग्रह) २००३, **झिल्का** (कथासङ्ग्रह) २००७, **म लोग्ने हुँ** (कथासङ्ग्रह) २००८, **एक कथा** (उपन्यास) २०४२, **एकतीस कथा** (कथासङ्ग्रह) २०४२, **एघार कथा** (कथासङ्ग्रह) २०४३, **अध्यक्ष उमा** (उपन्यास) २०४४, **कुन्तीको समाचार** (खण्डकाव्य) २०४४, **सम्झौटो** (काव्य) २०४७ आदि प्रकाशित छन् । उनी *मुटुको*

---

७. कुलप्रसाद कोइराला, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** , (काठमाडौं : यदुप्रसाद भट्ट, २०६६, भदौ) पृ.३६ ।
८. ऋद्धिबहादुर मल्ल (सम्पा), शारदा, (वर्ष-१३, अंक-१४), (काठमाडौं : जो गणेश प्रेस), २००४ ।

*व्यथा* कवितामा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कविता उत्सव २०२५ मा प्रथम भई स्वर्णपदक र नगद पुरस्कारबाट सम्मानित भएका थिए ।

ब्राह्मणले आधुनिक नेपाली साहित्यको पूर्वार्द्ध बेलादेखि नै कलम चलाएर फुटकर कविता, काव्य, कथासङ्ग्रह, खण्डकाव्य र उपन्यास लेखेको पाइन्छ जुन कार्यले उनलाई बहुमुखी प्रतिभाको परिचय दिएको छ । कविका रूपमा उनलाई **अगुल्टो** कवितासङ्ग्रहले चिनाउँदछ, जसमा उनले नेपाली समाजका निर्धा, दुब्लाहरूप्रति सहानुभूति र सहिष्णुताको भाव व्यक्त गर्दै समाजमा विद्यमान अन्धपरम्परा, विकृत संस्कृति र विसङ्गत मूल्य मान्यताका बारेमा तीखो व्यङ्ग्य गरेका छन् ।[९] **एक कथा** औपन्यासिक कृतिमा काल्पनिकता र यथार्थताको सम्मिश्रण, धार्मिक विषयवस्तुलाई लिएर धार्मिक अतिक्रमणको सम्भावनालाई चित्रण गर्दै विभिन्न धर्माबलम्बीहरूको उपस्थिति गराएर तिनीहरूको सोचाई, संस्कृति र धर्मको कट्टरता तथा प्रतिशोध एवं दुराग्रही भावनाको चित्रण गरेका छन् । नेपाली समाजले सधैं धार्मिक उदारतालाई स्वीकार गर्दै आएकोले यहाँ धार्मिक संकट आउन सक्ने अवस्थातर्फ संकेत गर्दै उपन्यासकार ब्राह्मणले त्यस्तो स्थिति ननिम्त्याउन आह्वान गरेका छन् ।[१०]

उनका करिब आठ दर्जन जति कथाहरूले उनलाई सामाजिक यथार्थवादीधाराका कथाकारका रूपमा स्थापित गरेका छन् । उनलाई आधुनिक नेपाली कथाका गुरूप्रसाद मैनाली, बालकृष्ण सम, भीमनिधि तिवारी, शिवकुमार राई आदिका समधर्मी कथाकारका रूपमा लिन सकिन्छ ।[११] ब्राह्मणले **एक्काइस कथा** कथासङ्ग्रहमा नेपाली समाजको सामाजिक, राजनैतिक, अर्थिक र साँस्कृतिक पक्षमा देखा परेका विषम परिस्थिति र कुण्ठा तथा छटपटीलाई चित्रण गर्दै राणा शासनका अवशेषलाई नै समाजको विकृति ठान्दै त्यस्ता विकृतिहरूप्रति व्यङ्ग्य प्रहार गरेर नेपाली समाज सुधारको सन्देश दिएका छन् ।

त्यस्तै गरी कथाकार ब्राह्मणले **एघार कथा** का कथामा नेपाली शोषितपीडित, अपहेलित र लाञ्छित निम्नवर्गीय व्यक्तिहरूको जीवनवृतको यथार्थ चित्रण गर्दै यस्ता कुसंस्कारजन्य परिणामले जन्माएका शोषण दमन जरैदेखि निर्मूल हुनुपर्ने भाव व्यक्त गरेका छन् ।[१२] ब्राह्मणका कथावस्तुको मुख्य विषय नेपाली समाज, कामवृत्ति, पैसा, मातृत्व, कुलीनता,

---

९. घट्टराज भट्टराइ, **प्रतिभै-प्रतिभा र नेपाली साहित्य**, (काठमाडौ : नेशनल रिसर्च एशोसिएसन प्रेस), २०४०, पृ, ४४९-४५४ ।

१०. पूर्णप्रसाद ब्राह्मण, **एक कथा**, भूमिका काठमाडौ २०४२, ।

११. नरहरि आचार्य समेत (सम्पा.), **नेपाली कथा सङग्रह, भाग-१,** (ललितपुर : साझा प्रकाशन), २०४६, पृ. ज-झ ।

१२. घट्टराज भट्टराई, **प्रतिभै-प्रतिभा र नेपाली साहित्य**, (काठमाडौ : नेशनल रिसर्च एशोसिएसन प्रेस), २०४०, पृ, ४४९-४५४ ।

अन्धविश्वास, नारी चरित्र र समस्या, मानवता तथा राजनीति आदिलाई उठाएर त्यसलाई धार्मिक आदर्शको कोणबाट चित्रित गरेका छन् । उनी मूलत : ग्रामीण नेपाली समाजको दयनीय अवस्थाको झल्को दिने, राणा सरकारको विरोध गर्दै सभ्य समाजको स्थापनामा चिन्तनशील, समाजको धार्मिक उत्थान चाहने बौद्धिक व्यक्तित्व हुन् ।

## ४.२.५ विनोदप्रसाद धिताल

गोरखा जिल्लाको खरिबोट घर भएका विनोदप्रसाद धितालको जन्म वि.सं. १९८० जेष्ठ २८ गते त्रिपुरेश्वर काठमाडौमा भएको हो । उनले जुद्धोदय मा.वि.बाट शिक्षाराम्भ गरी पटनाबाट एम.ए, बी.एलसम्मको अध्ययन गरेका छन् । उलने वि.सं. २००५ सालमा दरवार हाइस्कुलको अध्यापनसँगै जागिरे जीवन सुरू गरेका थिए र पछि श्री ५ को सरकारको विभिन्न निकायमा कार्यरत रही हाल उनी सेवानिवृत्त भइसकेका छन् । उनको साहित्यिक जीवनको थालनी **शारदा** (१९९१) कालदेखि भएको हो । **शारदा** मा प्रकाशित *नेपाली वीरता* भन्ने लेखबाट सिर्जनायात्रा प्रारम्भ गर्ने धितालका अन्य समसामयिक पत्रपत्रिकामा पनि लेख रचनाहरू प्रकाशित भएका छन् ।[१३]

धितालका प्रकाशित कृतिहरू **आचार्य विष्णुगुप्त चाणक्य** (अनु. उपन्यास) २०२२, **उज्यालो हुनुअघि** (आञ्चलिक उपन्यास) २०२८, **राधामिलन** (खण्डकाव्य) २०३४, **डिभाइन कमेडी** (अनु. पद्यात्मक महाकाव्य) २०३४, **योजनगन्धा** (पौराणिक उपन्यास) २०५२ हुन् । उनको **योजन गन्धा** उपन्यास वि.सं. २०५३ मा मदन पुरस्कारद्वारा पुरस्कृत कृति हो भने प्रसिद्ध **प्रबल गोरखा दक्षिण बाहु**, इटालियन राष्ट्रिय दाँते सोसाइटीबाट **लेक्चरा दाँतेस** नामक सुवर्ण पदक र कवि, कथाकार, उपन्यासकार र निबन्धकार समेत उपाधिबाट सम्मानित छन् ।

धिताल आफ्ना उपन्यासमा पौराणिक, ऐतिहासिक, सामाजिक विषयवस्तुको उठान गर्दै सरल पारामा चित्रण विषयवस्तुको चित्रण गर्दछन् । उनको **राधा मिलन** र **आचार्य विष्णुगुप्त चाणक्य** पौराणिक विषयवस्तु, **उज्यालो हुनुअघि** सामाजिक विषणवस्तुलाई प्रयोग गरेर लेखिएको उपन्यास हो । उपन्यासकार धिताल राष्ट्रियता, कर्तव्यबोध र प्रेमको माध्यमबाट बन्ने जीवनको चित्रण गर्दछन् । उनको **राधा मिलन** खण्डकाव्यको एक अंश यसप्रकार छ :

मुसुक्क हाँसी नवप्रेम चित्रमा
सयौँ थरी चञ्चल प्रेम भावना ।
ममाथि जिम्मा छ ठूलो समाजको
सदैव चिन्ता छ स्वकाम काजको ॥[१४]

---

१३. दीननाथ शर्मा पण्डित, **नेपाली साहित्यमा गोरखा**, (गोरखा : हरि साँस्कृतिक केन्द्र, २०५४), पृ. ५८ ।
१४. विनोदप्रसाद धिताल, **राधामिलन**, (काठमाडौँ: अन्नपूर्ण प्रेस, २०१३), पृ. १६ तृतीय ध्वनि श्लोक १३-१४ ।

**आचार्य विष्णु गुप्त चाणक्य** उपन्यासमा उपन्यासकार धितालले चन्द्र गुप्त मौर्य र करभिका बीचको प्रेमप्रसङगको चित्रण गर्दै राष्ट्रिय भावनाको सन्देश दिएका छन् ।[१५] **उज्यालो हुनुअघि** उपन्यासमा समाज सुधारको चेनता प्रशारित गर्दै अन्तरजातिय र विधवा विवाह गराएर पात्रहरूलाई सामाजिक बनाएका छन् । उनले समाजमा व्याप्त आर्थिक शोषण र भ्रष्टाचारको विरोध पनि आफ्ना उपन्यासमा गरेको पाइन्छ ।[१६] यसरी उपर्युक्त कृतिका माध्यमबाट विनोदप्रसाद धिताल गोरखा जिल्लाका आधुनिक नेपाली साहित्यका सशक्त व्यक्तित्वका रूपमा स्थापित भएका छन् र नेपाली सामाजिक उपन्यासका परम्परामा महत्वपूर्ण योगदान दिएका छन् ।

## ४.२.६ विष्णुप्रसाद धिताल

गोरखा जिल्लाको खरीबोटमा वि.सं. १९८१ मा जन्मेका विष्णुप्रसाद धिताल नेपाली साहित्यका एक सशक्त हस्ताक्षर हुन् । अर्थशास्त्रमा एम.ए. सम्मको अध्ययन गरेका धिताल मदनपुरस्कार गुठीका सदस्य सचिव र त्रिवेणी साहित्य परिषद्, नवलपरासीका मानार्थ सदस्य हुन् । उनको **नी** कविता सङ्ग्रह२०५२ मा प्रकाशित भएको छ  भने विभिन्न पत्र-पत्रिकाहरूमा विभिन्न लेखरचना पनि प्रकाशित भएको पाइन्छ । यिनका वर्णमत्रिक, वार्णिक र गीति लयमा लेखिएका कविताहरू **नी** मा सङगृहीत छन् ।

वि.सं. १९९८ देखि २०१२ सालसम्म विभिन्न पत्र-पत्रिकामा छापिएका कविताहरूको सङ्कलन अर्को **नी** कविता सङ्ग्रह २०६० मा प्रकाशित भएको छ । प्रकृति, समाज, राजनीति, पौराणिक सङ्केत जस्ता विषयवस्तुमा आधारित यस सङ्ग्रहका कविताहरू निकै चाखिला छन् । प्रशासनिक पेसामा लागेका धितालले नेपाली साहित्यका क्षेत्रमा भने धेरै साधना गरेनन् । उनको पहिलो **नी** भन्दा दोस्रोमा परिष्कृत लेखन पाइन्छ । धितालका कवितालाई पर्याप्त साधनाको खाँचो देखिन्छ ।[१७]

## ४.१.७ कोशविलाश पाण्डे

गोरखा जिल्लाको हर्मी गा.वि.स.-२ बयापानीमा वि.सं. १९८५ सालमा कोशविलाश पाण्डेको जन्म भएको हो । अध्ययनका क्रममा भारत गएका पाण्डेले नेपाली साहित्यमा **विधवाको**

---

१५ अच्युतरमण अधिकारी, *"साधनाले बनेको अर्को अभिव्यक्ति"* **उन्नयन** (वर्ष-२, अंक-५), काठमाडौं : उन्नयन प्रकाशन, २०४७  पृ. १३४।

१६. खिलनाथ बस्ताकोटी, *"उज्यालो हुनु अघि र बसाई एक साथ हेर्दा"*, **हाम्रो पुरूषार्थ**, (वर्ष-७, अंक-२), (गुल्मी : किरण पुस्तकालय,२०३७), पृ. ७९ ।

१७. कुलप्रसाद कोइराला, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** , (काठमाडौ : यदुप्रसाद भट्ट, २०६) पृ.३६ ।

**विलौना** नामक कृति प्रकाशन गरेको र यसलाई संशोधन गरी **जीवनको पछ्युतो २०२७** सालमा प्रकाशित गरेको पाइन्छ । भारतबाट फर्केपश्चात् चम्पावतीमा शिक्षण गरेका पाण्डेको रूखमा घाँस काट्न जाँदा लडेर अल्पायुमा नै निधन भएको पाइन्छ । उनको मृत्युले नेपाली साहित्यको भण्डारमा अतुलनीय क्षति पुगेको पाइन्छ । वि.सं. २०२७ सालमा उनले गरेको नेपालको उन्नतिको लागि **पुकार** बेजोड लाग्दछ, जुन यसप्रकार छ :

> यो बारी हो बयर घारी अब भने हुँदैछ फुलबारी
> चिनभारत पाकिस्तान छिमेकी देश हाम्रो
> औद्योगिक विकशित देख्छौ सारै राम्रो
> विद्या वुद्धि विचारको देखिदैंछ खानी
> औद्योगिक कलाकार्य बने जहां पनि
> नेपाली नेपालका धनी, खोजी गरौं नेपालको सुख पनि । [१८]

## ४.२.८ नेत्रमणि शर्मा आचार्य

गोरखा जिल्लाको सदरमुकाम नजिकै डण्डीडाँडा हिलेपोखरीमा वि.सं. १९८७ साल आश्विन २८ गतेका दिन नेत्रमणि शर्मा आचार्यको जन्म भएको हो । सानै उमेरदेखि कविता लेखेर आफ्ना साथी सँगातीलाई सुनाउने आचार्य वि.सं. २०४० सालमा पुरस्कृत समेत भएका थिए । हालसम्म उनका प्रकाशित कृतिहरू **रचनामञ्जरी** काव्य २०४७ र **पच्चीस थुँगा** काव्य २०४८ हुन् ।

वर्णमात्रिक र मात्रिक छन्दमा कलम चलाउने आचार्यले आफ्ना कृतिमा सुन्दर कला प्रस्तुत गरेका छन् । सामाजिक सङ्गत, विसङ्गत पक्षमाथि तीक्ष्ण दृष्टि दिएर शिष्टता र मर्यादाको पक्षमा आफ्नो अभिव्यक्ति दिएका आचार्यका कविता मिठा छन् । आचार्यले नीति, उपदेश, धर्म, न्याय, वेदान्त दर्शन र प्राचीन इतिहासलाई विषय बनाएर कविता लेखेका छन् । समाजसुधार नै उनको कविताको मूल उद्देश्य हो ।

उनका रचनामा राष्ट्रिय प्रतिभाहरूप्रति सम्मान, प्राचीन आदर्शप्रति मोह, प्राकृतिक विकास प्रति चाहना प्रशस्त देख्न पाइन्छ र उनका काव्यले कवितामा ज्यूँदोपनको खोजी र नित्यको

---

१८. कोशविलाश पाण्डे, **जीवनको पछ्युतो**, भारती प्रेस नारायणगढ, द्वितीय संस्करण, २०२७, पृ.४ ।

खोजी गर्दछन् । कविको गोरखाको महत्त्वबारे गाइएको **मेरो गोरखा** कविताको एक अंश यसप्रकार छ :

के लम्जुङ् तनहूँ र कीर्तिपुर के भाद्गाउँ के दोलखा ।

गोर्खैबाट बन्यो भनिन्छ त भने नेपाल नै गोरखा ॥

वैरीमा खुकुरी भिरेर सहसा झम्टन्छ यै गोरखा ।

गोर्खापत्र बनेर सज्जनमहाँ लत्रन्छ यै गोरखा ॥ [१९]

त्यस्तै निम्नवर्गीय जनजीवन, सामन्ती शोषण र सामाजिक असमानतालाई कथ्य बनाई कवि आचार्यले तिनको भण्डाफोर पनि गरेका छन् । यसक्रममा कवि भन्दछन्:

कोही डकार निर्धन कुनै के खाउँ के कल्कल

कोहीको हर देखिने छ त कुनै सम्पत्तिको सल्बल । [२०]

कवि आचार्य सामाजिक चेतना प्रबल भएका कवि हुन् । उनी समाजका गलत सोचाइ, धारणा, मूल्य र मान्यताहरूको सुधार होस् भन्ने चाहन्छन् । पैसामुखी हुँदै गएको नेपाली समाजको गलत सोचाइप्रति उनले तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । [२१] आचार्य पूर्वीय अध्यात्म संस्कृतिद्वारा प्रभावित व्यक्तित्व हुन् । त्यसैले ईश्वरको भजन कीर्तन नगरी विषयलम्पट हुनेहरूलाई पनि सम्झाउन चाहन्छन् । उनी के ठान्छन् भने :

छ यो आज मेरो छ यो भोलि कस्को ।

न तिम्रो न मेरो दशी के छ यस्को ॥

रहेछन् सबै दृश्य सारा अनित्य ।

सबेरै गरौं नित्यको खोज नित्य ॥ [२२]

आचार्य अध्यात्मवादी चिन्तन, परिष्कारवादी शैली, समाज सुधारको चेतना र नीति उपदेशका दृष्टिले लेखनाथका उत्तराधिकारीका रूपमा पाइन्छन् भने काव्यगत स्तरीयताको दृष्टिले वा भाव र भाषाको दृष्टिले उनी माझिएका छैनन् । उनको इतिहास, राजभक्ति र देशभक्तिसम्बन्धी कविता ओजस्वी नै छन् ।

---

१९. नेत्रमणि आचार्य, *"मेरो गोरखा"* **रचना मन्जरी,** गोरखा २०४७, पृ. ५७-५८ ।
२०. नेत्रमणि आचार्य, *"धन्य धन"* **पच्चीस थुंगा,** गोरखा २०४७, पृ. २३ ।
२१. नेत्रमणि आचार्य, *"नित्यको खोजी गरौँ"* **रचना मन्जरी,** गोरखा २०४७, पृ. १५ ।
२२. पूर्ववत्, पृ. ४८ ।

## ४.२.९ मोहननारायण श्रेष्ठ

गोरखा जिल्लाको सदरमुकाम पोखरीथोकमा वि.सं. १९९७ सालमा मोहननारायण श्रेष्ठको जन्म भएको हो । उलने २०१८ सालदेखि शिक्षण पेसामा संलग्न भई गोरखाको सदरमुकामस्थित शक्ति मा.वि.मा धेरै समयसम्म प्रधानाध्यापकका रूपमा काम गरेका थिए ।

द्रव्यशाह बहुमुखी क्याम्पसको संस्थापक क्याम्पस प्रमुख, हरि सांस्कृतिक केन्द्र गोरखाको अध्यक्ष र गोपाल स्मृतिकेन्द्र गोरखाको समेत अध्यक्षता गरेका श्रेष्ठले नेपाली साहित्य र गोरखाको शैक्षिक  माहोललाई तताउन ठूलो भूमिका खेलेको पाइन्छ । उनका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । पुस्तकाकार कृतिका रूपमा चाहिँ उनको **हेनरी ड्युनाको सङक्षिप्त जीवनी** २०४१ सालमा प्रकाशित भएको छ । प्रस्तुत कृति पिएर व्यासियको फ्रेन्च भाषाबाट अंग्रेजी अनूदित **हेनरी ड्युनाको जीवनी**को नेपाली अनुवाद हो ।

प्रस्तुत कृतिको अनुवाद गरेर श्रेष्ठले अन्तराष्ट्रिय रेडक्रसका जन्मदाता हेनरी ड्युनालाई नेपाली समाजमा परिचित गराउने कार्य गरेका छन् । ड्युना ८ मे १८२८ मा स्विजरल्याण्डमा जन्मिए पनि उनका मानव कल्याणकारी भावना र विचार आज विश्वभरि नै प्रिय छन् । तीनै ड्युनाको जीवनीलाई नेपालीमा अनुवाद गरेर नेपाली समाजलाई ठूलो गुन लागाएका छन् । ड्युनाको  आदर्शमय व्यवहार सबैको लागि प्रभावकारी रहेको विचार व्यक्त भएको यो कृति सरल नेपाली भाषामा सफलतापूर्वक प्रस्तुत गरेर मोहननारायण श्रेष्ठले नेपाली साहित्यलाई ठूलो गुन लगाएका छन् ।

## ४.२.१० वाचस्पति देवकोटा

गोरखा जिल्ला पालुङटार गा.वि.स. लिगलिग गाउँ निवासी वाचस्पति देवकोटाको जन्म वि.सं. २००१ सालमा बाग्लुङमा भएको हो । काठमाडौ संस्कृत छात्रावासमा बसेर अध्ययन गरेका देवकोटाले विद्यार्थी जीवनबाटै साहित्यमा लागेको पाइन्छ । वि.सं. २०२०/२१ सालतिर **अन्तरध्वनि** पत्रिकामार्फत नेपाली साहित्यमा लागेका उनको वि.सं. २०२१ सालमा *डट्दै सही मार्गमा* भन्ने कविता प्रकाशित भएको पाइन्छ । देवकोटाको पुस्तकाकार कृतिका रूपमा **आमा** शोककाव्य २०२८/२९ सालतिर प्रकाशित भएको पाइन्छ भने विभिन्न समयमा जेलजीवन भोगेका उनले जेलमा भोगेका अनुभवलाई **मेरा स्मृतिमा** नामक कवितामा उतारेको पाइन्छ । उनी जेलजीवनबारे यसो भन्छन् :

> थुन्छन् छेक्छन् कसरि म बनूँ आज यौटा मलामी
> मेरालाई विनतिसित यै मेरो सलामी ।

प्रस्तुत कवितामा देवकोटाले आफ्नो जेलजीवनका बारेमा उल्लेख गरेका छन् । जेलको कारूणिक अवस्था र आफू जेलमा पर्दा अन्य साथीहरू सहिद भएको खबरले आक्रान्त देवकोटा जेलबाटै सहिदलाई माथिका कविताांशका माध्यमबाट सलामी दिएका छन् ।

## ४.२.११ सूर्यमान श्रेष्ठ

गोरखा जिल्लाको आरूघाटमा वि.सं. २००५ सालमा सूर्यमान श्रेष्ठको जन्म भएको हो । व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका श्रेष्ठ नेपाली साहित्यमा उपन्यासकार, कवि, कथाकारका रूपमा चिनिन्छन् । *मेरो हजुर* कथाबाट नेपाली साहित्यमा आएका श्रेष्ठको **प्रीति मुस्कुराएको रात** उपन्यास २०३६ सालमा प्रकाशन भएको पाइन्छ । यस उपन्यासमा सदाचार कर्तव्य परायणता, नैतिकताको सन्देश लुकेको पाइन्छ । श्रेष्ठका कृतिहरू सामाजिक आदर्श, धर्म र परम्परागत मान्यतामा आधारित छन् । उनले कविता कथा पनि लेख्ने गरेको पाइन्छ । घटराज भट्टराईले नेपाली लेखक कोशमा पनि सूर्यमान श्रेष्ठ गोरखाका सामाजिक आदर्श, धर्म र परम्परागत मान्यतामा उपन्यास लेख्ने उपन्याकार भएको उल्लेख गर्नुले उनको साहित्यिक योगदानलाई अझ स्मरणीय बनाएको छ ।[२३]

## ४.२.१२ दोलखबहादुर गुरूङ

गोरखा जिल्लाको ताकुकोटमा वि.सं. २००७ सालमा दोलखबहादुर गुरूङको जन्म भएको हो । गुरूङ शिक्षक, मा.वि.नि. तथा जि.शि.अ. समेत नेपाल सरकारको उच्च तहमा समेत कार्यरत छन् । उनको **खोजखाजभित्रका खेस्रा** २००३, **मुगुको सेरोफेरो** २०६३ सालमा प्रकाशित भएको पाइन्छ ।

## ४.२.१३ दीपक जोशी

गोरखा जिल्लाको पोखरीथोकमा वि.सं. २००७ सालमा दीपक जोशीको जन्म भएको हो । अर्थशास्त्रमा स्नातकोत्तर सम्मको अध्ययन गरेका जोशी सरकारी सेवामा कार्यरत छन् । उनका **गुनकेसरी साहित्य सँगालो** २०२९ **आन्तरिक स्रोत परिचालनमा कर प्रशासन** २०४१, **भिजिट गोर्खा** आदि कृतिहरू प्रकाशित भएको पाइन्छ ।

२३. घटराज भट्टराई, **नेपाली लेखक कोश**, (काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान), २०५६, पृ. ६८९ ।

## ४.२.१४ निर्मल जोशी

गोरखा जिल्लाको पोखरीथोकमा वि.सं. २०१० मा निर्मल जोशीको जन्म भएको हो । विभिन्न पत्रपत्रिकामा फुटकर लेख रचना प्रकाशित गर्ने जोशी सुरिलो स्वरका धनी छन् । उनले गाउँगाउँमा गएर गीत गाउने र जनतामा जनचेतना भर्ने कार्य गरेको पनि पाइन्छ । उनले नर्बेली नाटककार हेनरिक इब्सेनको विश्व प्रसिद्ध नाटक **डल्स हाउस पुतलीको घर** लाई नेपालीमा वि.सं. २०४० मा अनुवाद गरेका छन् । नारी समस्यामूलक प्रगतिशील नाटक **पुतलीको घर** प्रकाशित भएपछि नारीहरू आफ्नो घर छाडेर नारी स्वतन्त्रताको पक्षमा लाग्न थालेको पाइन्छ । यही चेतनाको विस्तार गर्न उनले उक्त उपन्यास नेपालीमा अनुवाद गरी जनचेतना जगाउने कार्य गरेको पाइन्छ । यस्तो उदाहरणीय कार्य गर्ने जोशी नेपाली साहित्यका अर्का गोरखाली प्रतिभा हुन् ।

## ४.२.१५ भक्ति लामिछाने

गोरखा जिल्लाको आरूघाट बजार नजिकै आरूचनौटेमा वि.सं. २०१४ सालमा भक्तिप्रसाद लामिछानेको जन्म भएको हो । विशेष गरी किसान आन्दोलनसँग सम्बन्धित लामिछानेले कृषि क्रान्तिको पक्षमा जनतालाई जागरूक बनाउने नेपालको **किसान आन्दोलन एक सिंहावलोकन** र **चरीको गीत** २०३६ सालमा प्रकाशन गरेको पाइन्छ । उनले लेखेको चरीगीत यसप्रकार रहेको छ :

> एक नाले बन्दुक दुई नाले बन्दुक चरीलाई ताकेको
> चरीलाई मैले ताकेको छैन दुस्मनलाई ताकेको ।

(वेदनाको गीत माघ-चैत्र २०३६)

## ४.२.१६ सुनिल मास्के

गोरखा जिल्लाको सदरमुकाम पोखरीथोकमा वि.सं. २०१५ सालमा सुनिल मास्केको जन्म भएको हो । नेपाली साहित्यमा उपन्यास विधाबाट प्रवेश गरेका मास्केको **पवित्र याद** उपन्यास २०४६ मा प्रकाशित भएको पाइन्छ । मास्केको यो सामाजिक विषयवस्तुलाई लिएर लेखिएको सामाजिक उपन्यास हो । सामाजिक विषयवस्तुको उठान गर्दै प्रेमको आदर्श पक्षलाई चित्रण गरिएको यो उपन्यास नेपाली साहित्यका क्षेत्रमा सामाजिक उपन्यासले चर्चित छ ।

## ४.२.१७ वेदप्रसाद पोखरेल

गोरखा जिल्लाको खरीबोटमा वि.सं २०१९ सालमा वेदप्रसाद पोखरेलको जन्म भएको हो । उनको नाम वेदप्रसाद भए तापनि नेपाली साहित्यमा उनी वी.पी. गोरखालीका नामले चिनिन्छन् । उनले शिक्षा विषयमा स्नातक सम्मको अध्ययन गरी स्नातकोत्तर तहको अध्ययनको लागि अमेरिकी सरकारबाट छात्रवृत्ति प्राप्त गरेका थिए । त्यही अमेरिकामा अध्ययनका लागि जानको व्यवस्था मिलाउन आफ्नो जन्मस्थान गोरखा गएका बेला बाटामा २०४६ श्रावण महिनामा उनलाई षड्यन्त्रपूर्वक हत्या गरिएको थियो ।[२४]

वी.पी. गोर्खाली विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जनामा लागेका हुन् । उनले कविता, कथा, निबन्ध आदि विभिन्न विधामा कलम चलाएका छन् । जिल्लादेखि राष्ट्रियस्तरसम्मका विभिन्न पुस्कारहरू प्राप्त गरेका गोर्खालीको रचनाहरूको सङ्कलन र प्रकाशन गर्ने कार्य हुन थालेको पाइन्छ । तीर्थराज अधिकारीले उनको जीवनकालमा लेखिएका कविताहरूको सङ्कलन गरी **वी.पी. गोर्खालीका कविता** कवितासङ्ग्रह २०५३ सालमा प्रकाशन गरेको पाइन्छ भने अन्य कृतिहरू पनि प्रकाशोन्मुख छन् । उनले केही समयसम्म रेडियो नेपालको बाल कार्यक्रममा पनि सेवा गरेका थिए । उनका काव्यात्मक सौन्दर्य तथा राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएका कविताहरू प्रशस्त छन् ।

उनले राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा वि.सं. २०४१ सालमा आयोजित कविता महोत्सवमा तृतीय पुस्कार प्राप्त गरेका थिए । सो पुस्कृत कविताको एक अंश यसप्रकार छ :

देख्नेहरू उसलाई एउटा अग्लो पहाडभन्दा बाहिर
नदेख्न सक्छन्
पढ्नेहरू उसलाई यौटा पुरानो तस्विरभन्दा बाहिर
नपढ्न पनि सक्छन्
तर मैले त यसलाई
प्रत्येक मान्छेका आँखाहरू भित्र
यौटा आकाश र यौटा कन्चनजंघा
र यौटा गण्डकी भएर बग्ने सपनामा देखेको छु
ऊ एउटा सफल सृष्टि
फुलेको सपना मात्रै सोचेको छ । ।[२५]

---

२४. रमेशप्रसाद भट्ट, *स्व.वि.पी.गोर्खाली,* **चिराग**, (वर्ष-१,अंक-१) काठमाडौं : २०४६, पृ.७२ ।
२५. वी.पी गोर्खाली, *नेपाली जनता,* २०४१ को कविता महोत्सब (आयोजक-राजकीय प्रज्ञा प्रतिष्ठान), तृतीय पुरस्कार प्राप्त कविता ।

कविले नेपाली जातिमा अदम्य साहस, महान् आकाङ्क्षा र सिर्जनशीलता रहेको हेर्न चाहेका छन् । उनले आफ्नो कवितामा मध्ययुगीन अवशेषद्वारा पीडित नेपाली जातीको एकता, राष्ट्रियता स्वाभिमान र कर्मशील व्यक्तित्वले नेपालको इज्जत विश्वमा प्रसिद्ध हुँदै जाने छ भन्ने आशावादी स्वर सुसेल्दै कवितामा राष्ट्रप्रेम, सौन्दर्यचेत र ओजस्वी भावको संयोजन बिम्ब र प्रतीकको प्रयोग तथा लयात्मक गद्यकारिता प्रस्तुत गरेका छन् । यस्ता प्रतिभाशाली लेखकको असमयमै निधन भएकाले नेपाली साहित्यको अपूरणीय क्षति भएको छ ।

## ४.२.१८ विष्णुप्रसाद काप्री

गोरखा जिल्लाको नामजुङ गा.वि.स.मा वि.सं. २०२० साल वैशाख २९ गते विष्णुप्रसाद काप्रीको जन्म भएको हो । स्नातकसम्मको अध्ययन गरेका काप्री विद्यालयमा शिक्षण पेसामा संलग्न रहँदै साहित्य सिर्जनामा लागेका छन् । विद्यार्थी जीवनबाटै साहित्य सिर्जना गर्ने काप्रीले *यो फूल फुल्छ यो फूल बोल्छ* भन्ने कविताबाट कविता प्रतियोगितामा पुरस्कृत भई २०३९ सालबाट साहित्य सिर्जनामा लागेको पाइन्छ । विभिन्न तवरबाट प्रोत्साहित काप्रीको भक्तपुरबाट प्रकाशन हुने **पञ्चायत** नामक पत्रिकामा *आमालाई चिठी* नामक कविता प्रकाशित भएको पाइन्छ । काप्रीका पुस्तकाकार कृति **कम्युनिष्टहरूप्रति लागेको आरोप** २०४७ सालमा प्रकाशित भएको पाइन्छ भने विभिन्न पत्रपत्रिकामा *निकोलाई आस्त्रोवस्कीको जीवनी समालोचनात्मक लेख* योजना साप्ताहिकमा, *पारिजातको जीवनी* **उत्प्रेरणा** साहित्यिक पत्रिकामा र *दसैं* **हिमाली** पत्रिका बनारसमा र *गोपालप्रसाद रिमालको जीवनी* समालोचनात्मक लेख **जनआस्था** साप्ताहिकमा प्रकाशित भएको पाइन्छ ।

## ४.२.१९ सुनीलचन्द्र श्रेष्ठ

गोरखा जिल्ला सदरमुकाममा वि.सं. २०२५ सालमा सुनीलचन्द्र श्रेष्ठको जन्म भएको हो । यिनी सुशीलचन्द्र श्रेष्ठका भाइ हुन् र उनका ३ वटा पुस्तकाकार कृतिहरू प्रकाशित भएको भनिएतापनि उपलब्ध हुन सकेका छैनन् ।

## ४.२.२० सुशीलचन्द्र श्रेष्ठ

गोरखा जिल्ला सदरमुकाम पोखरीथोकमा वि.सं. २०२५ सालमा सुशीलचन्द्र श्रेष्ठको जन्म भएको हो । उनको **कालो गुलाफ** उपन्यास २०४८ सालमा प्रकाशित कृति हो । यसमा नारी समस्या प्रस्तुत गरिएको छ । यिनले **गोरखा** २०४७ र **फूलबारी** २०४९ को सम्पादन गरेको पाइन्छ । उनी आफ्ना रचनाका माध्यमबाट समाजमा न्याय सत्य आदर्श कायम राख्न जोड दिने गर्दछन् ।

**कालो गुलाफ** उपन्यासमा उपन्यासकारले निम्नवर्गीय जीवनशैली, नारी पात्र, सामाजिक परिवेश, प्रेम, घृणा, व्यभिचार, हत्या हिंसा जस्ता पक्षको चित्रण गर्दै त्यसमा नारी पात्रको दयनीय अवस्थाको चित्रण गरिएको पाइन्छ । उनले आफ्ना रचनामा वर्गीय नारी पात्रका मुक्तिका लागि विद्रोही स्वर सुसेल्दै तत्कालीन परिवेशका नारी भोग्नुपरेका दुःखद परिवेशको चित्रण गरेको पाइन्छ । उपन्यासकारले परम्परित सामाजिक सोचाइ र धारणाप्रति विरोध र व्यंग्य गर्दै नारी अस्तित्वको बारेमा आफ्ना विचारहरू अभिव्यक्त गरेका छन् ।

## ४.२.२१ शोभा भट्ट

गोरखा जिल्लाको तान्द्राङ ओख्लेमा वि.सं. २०३० सालमा शोभा भट्टको जन्म भएको हो । वाल्यावस्थादेखि नै लेखन कार्यमा संलग्न भट्ट त्रि.वि. शिक्षण अस्पतालमा परिचारिकाको रूपमा कार्यरत छिन् । भट्टका कविता र कथाहरू फुटकर रूपमा प्रकाशित भएको पाइन्छ । उनको **नियाल्दै जाँदा** उपन्यास २०४७ सालमा प्रकाशित भएको पाइन्छ ।

## ४.२.२२ शेषनाथ पोखरेल

गोरखा जिल्लाको फलामखानीमा शेषनाथ पोखरेलको जन्म भएको हो । पोखरेलको वि.सं २०२७ सालतिर **बुहारीको विलाप** नामक कविता सङ्ग्रह प्रकाशन गरेको पाइन्छ । काव्यात्मक पारामा आफ्ना भावनाहरू पोख्न खप्पिस पोखरेलले तत्कालिन नारी मनोदशाको चित्रण गर्दै नेपाली नारीहरूले भोग्नुपर्ने बुहारी जीवनको काव्यात्मक रूपमा चित्रण गर्दै उनीहरूको विलौना गाएका छन् ।

## ४.२.२३ ऋषि बस्ताकोटी

गोरखा जिल्लामा जन्मेका ऋषि बस्ताकोटी नेपाली साहित्यको कविता विधामा कलम चलाउने गर्दछन् । उनले वि.सं. २०४३ सालमा ने.रा.प्र.प.ले आयोजना गरेको कविता कवि गोष्ठीमा द्वितीय स्थान हासिल गरेको पाइन्छ भने उनका **ज्वालाका रापहरू** कविता सङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ । उनका कथा, लेख, कविता पनि छापिने गरेको पाइन्छ । उनका रचनामा विसङ्गतिका विरुद्ध बोल्ने, विद्रोहका हुङ्कारको चेतना, निराशा, निरीहपन, उदासिनता, भ्रष्टाचार, पीडा, विसङ्गति र विकृतिको छाल उर्लिएको र कविमनमा भएका अकुसमुकुस अर्काको हृदयमा पनि बसाउन सफल छन् ।[२६] **ज्वालाका रापहरू** कविता

२६. नारायणप्रसाद खनाल, पूर्ववत् पृ. १७३-१७६ ।

सङ्ग्रहभित्र त्रिचालिसवटा कविता सङ्गृहित छन् । उनको कविताको एक अंश यस प्रकार रहेको छ :-

फाटेको मन एक पटक सिएर हेर,
अर्थ भेटिन्छ जिन्दगीमा जिएर हेर ।

## ४.३ उत्तरार्द्ध चरणका स्रष्टाहरू र नेपाली साहित्यमा योगदान

नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको योगदान उच्च रहेको पाइन्छ । यसरी गोरखाली स्रष्टाहरूको योगदानको निरूपण गर्दा वि.सं. २०४८ भन्दा पछिका स्रष्टालाई उत्तरार्द्ध चरण मा विभाजन गरिएको छ । उपर्युक्त आधारमा गोरखाबाट देखा पर्ने प्रमुख साहित्यिक प्रतिभाहरू यसप्रकार छन् :-

### ४.३.१ ईश्वरीनन्दन शर्मा धिताल

गोरखा जिल्लाको खरीबोट भञ्ज्याङमा वि.सं. १९७६ मा ईश्वरीनन्दन शर्मा धितालको जन्म भएको हो । उनको मृत्येपश्चात् वि.सं. २०५७ सालमा सीताराम अधिकारीको सम्पादनमा **स्रष्टा र सृष्टि** भन्ने कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ । संस्कृत भाषाको अध्ययन गरेका धितालको **स्रष्टा र सृष्टि** कवितासङ्ग्रहमा विविध विषयका एघार वटा कविताहरू सङ्गृहीत भएका छन् ।

### ४.३.२ अङग्रेजबाबु श्रेष्ठ

गोरखा जिल्लाको सदरमुकाम पोखरीथोकमा वि.सं १९८२ चैत्र ८ गते जन्मेका अङग्रेजबाबु श्रेष्ठ नेपाली साहित्यमा अर्का सशक्त गोरखाली हस्ताक्षर हुन् । पिता योगनारायण र माता बालकुमारी श्रेष्ठका गर्भबाट जन्मेका श्रेष्ठको न्वारनको नाम कृष्णनारायण श्रेष्ठ हो । उनको साहित्यिक परिचयात्मक र प्रचारात्मक नाम भने अङग्रेजबाबु श्रेष्ठ भए तापनि उनी चाइनेकेरे, गोरादाई, कृष्ण, कृष्णनारायण, मार्गी आदि उपनामबाट पनि परिचित छन् । संस्कृत व्याकरणको मध्यमासम्मको अध्ययन गरेका श्रेष्ठ भू.पू. ब्रिटिस आर्मी, नेपालका सैन्य र प्रजातन्त्र सेनानी हुन् । पेसाले सैनिक भएपनि उनी एक कलाकार, राजनीतिज्ञ र साहित्यकार हुन् । चित्रकला र हस्तकलामा सिद्धहस्त श्रेष्ठका नेपाली साहित्यमा **फलफूलको पञ्चायत** २००७, **हस्पिटलमा भूतको कथा** २०२३, **ब्रह्मज्ञान युक्ति** २०५४, **शान्तिसँग क्रान्ति गर** २०६५, **उपयोगी भजनमाला** २०६८ कृति प्रकाशित छन् । श्रेष्ठका **श्री सत्य सेवा पूजा आनन्दका युक्तिहरू,** कविता सङ्ग्रह र **समूद्र मन्थन सूक्ष्म अर्थ र सदाशिवको तेस्रो आँखाको रहस्य** लेख सङ्ग्रह भने अप्रकाशित छन् भने **साहस** प्रकाशोन्मुख छ ।[२७]

२७. नारायणप्रसाद खनाल, **पूर्ववत्,** पृ. १८१-१८२ ।

उनी मानव जीवन सार्थक बनाउनका लागि उनै त्रितत्त्व **भक्ति, ज्ञान र कर्ममा** लाग्न सबैलाई आग्रह गर्दछन् । हामीले काम गर्नका लागि भक्ति चाहिन्छ त्यो भक्ति ज्ञानबाट प्राप्त हुन्छ र ज्ञान प्राप्त गर्न कर्म गर्नुपर्छ । प्रस्तुत कृतिका माध्यमबाट लेख्ने, पढ्ने, खाने, बस्ने, हिँड्ने यावत् प्रक्रिया आफैँ गर्छौं भन्ने मानवीय सोच रहेको छ तर यो झुटो हो भन्दै सम्पूर्ण परमेश्वरको लीला हो हामी केही होइनौँ । सबै परमेश्वर हुन् भनी सम्पूर्ण कुरा श्रीकृष्णलाई अर्पण गरेका छन् ।[२८]

## ४.३.३ विद्यादेवी देवकोटा

गोरखा जिल्लाको हर्मी गा.वि.स. मा पिता दामोदर ढकाल र माता बालकुमारी ढकालको गर्भबाट वि.सं. १९८३ वैशाखमा जन्मेकी विद्यादेवी ढकाल नेपाली साहित्यका फाँटमा एक सशक्त नारी हस्ताक्षर हुन् । जन्मथलो हर्मी भएपनि वि.सं. १९९२ सालमा गोरखा राउतेपानीका दुर्गाप्रसाद देवकोटासँग बैवाहिक सम्बन्धमा बाँधिएर राउतेपानी गएकी विद्यादेवी ढकाल नेपाली साहित्यमा भने विद्यादेवी देवकोटाकै नामले परिचित छन् । हाल काठमाडौ बालाजुमा बसोबास गर्ने देवकोटाले नेपाली समाजमा नारी उत्थानको लागि राजनैतिक र साहित्यिक जागरणको आवाजलाई बुलंद पार्ने कार्य आफ्ना रचनाका माध्यमबाट गरेकी छन् । उनका विभिन्न समयमा रचिएका रचनाहरू र उनको बारेमा विभिन्न व्यक्तिहरूको विचारहरूको सङ्ग्रहका रूपमा **विद्यापुकार** २०६० मा प्रकाशित भएको छ ।

देवकोटाका रचनाहरूमा सामाजिक विकृति र विसङ्गतिप्रति सूक्ष्म व्यङ्ग्य प्रहार गर्दै नारीको दयनीय अवस्था, देशभरमा शिक्षाको आवश्यकता र चेतनाको स्तर उकासेर एउटा समृद्ध नेपालको कल्पना गरिएको छ । [२९]

उनले गीतिलयमा रचेको पहिलो गीत *मुटुको गाँठो फोएर सकिन्न* मा राष्ट्रप्रेमी भावना उजागर भएको छ भने पञ्चायतकालमा रहेको सुव्यवस्थाको गुणगान गर्दै राजा महेन्द्रको अवसानमा यिनले लेखेको कविताको अंश यसप्रकार छ :

> महेन्द्र राजा त्यो तिम्रो गुण गाएर सकिन्न
> आँसुका धारा मुटुका गाँठा फोएर सकिन्न

त्यस्तै राजा वीरेन्द्र र ऐश्वर्याप्रति समर्पित भएर लेखिएको *भावपूर्ण श्रद्धाञ्जलि* शीर्षकको कविता अत्यन्त मार्मिक रहेको छ । उक्त कविताको एक अंश यस प्रकार रहेको छ :

---

२८. शोधकर्ताले लेखकबाट प्राप्त गरेको जानकारी अनुसार ।
२९. केदारनाथ खनाल (सम्पा.), **विद्यापुकार**, ( चितवन : नेपाली साहित्य मन्दिर), २०६०, भूमिका ।

चैतन्य चोला किन दियौ होला वीरेन्द्र राजालाई
सधैँको लागि छोडेर गयौ नेपाली हामीलाई
स्वर्गमा गई शान्ति नै मिलोस् वीरेन्द्र तिमीलाई
गडेको माया कसरी टार्ने भनिद्यौ हामीलाई
चैतन्य चोला किन दियौ होला ऐश्वर्या तिमीलाई
परिवार सहित स्वर्गमा गयौ छोडेर हामीलाई

त्यस्तै गरी उनले *नेपाल आमा* र *आमाको माया* कवितामा पुरूषप्रधान समाजमा हुने गरेको महिलाहरूको शोषण र उत्पीडनप्रति कटु व्यङग्य प्रहार गरेकी छन् । *आमाको माया* कविताको एक अंश यस प्रकार रहेको छ :

ईश्वर पुकार सुनिदेऊ हाम्रो
शोषित समाजलाई बुद्धि देऊ राम्रो ।

समग्रमा उनका रचनामा महिला वर्गको उत्थानको स्वर प्रवाहित भएको, शान्तिको कामना गरिएको, ईश्वरप्रति आस्था राखिएको र जनभावना अनुसारका गीत, कविता, नाटक र संस्मरणहरूबाट त्यस समयमा नारी वर्गले भोग्नुपरेको पीडा, व्यथाहरूलाई सरल पारामा र नारी वर्गको जीवनका यथार्थतालाई सङ्कलन गरी प्रस्तुत भएको पाइन्छ ।

### ४.३.४ राजेश्वर देवकोटा

गोरखा जिल्लाको आँपपिपल गा.वि.स. लिगलिग, पण्डित गाउँमा वि.सं. १९८६ अश्विन २३ गते जन्मेका राजेश्वर देवकोटा नेपाली साहित्यका एक सशक्त हस्ताक्षर हुन् । देवकोटाले प्राथमिक शिक्षा घरमै आफ्ना पिता हरिभक्त देवकोटाबाट सुरू गरी पटनाबाट स्नातक सम्मको शिक्षा हासिल गरेका छन् । वि.सं २००४ सालबाट सामाजिक क्षेत्रमा प्रवेश गरेका देवकोटा **'जयतु संस्कृतम्'** विद्यार्थी आन्दोलनमा संलग्न हुनुका साथै निर्वासनमा रही राजनैतिक जागरणमा सक्रिय देखिएका हुन् । देवकोटा २००७ सालको जनक्रान्तिमा गोरखा जिल्लाको नेतृत्व गर्दै हाल पनि नेपाली राजनीतिमा सक्रिय छन् ।[३०] प्रथम राष्ट्रिय योजना आयोगको सदस्य, जिल्ला पञ्चयतको सभापति, राष्ट्रिय पञ्चायतको सदस्य भई सहायक मन्त्री, र मन्त्रीसम्म भएका देवकोटा राष्ट्रिय पञ्चायतको अध्यक्ष र राष्ट्रिय सभाका संसद सदस्य समेत हुन् । विश्वका विभिन्न देश भारत, चीन, पाकिस्तान, ब्रिटेन, फ्रान्स, जर्मनी,

---

३०. केशब पोखरेल, **राजेश्वर देवकोटाको जीवनी व्यक्तित्व, कृतित्वको निरूपण**, अप्रकाशित स्नातकोत्तर शोध-पत्र (कीर्तिपुरं : नेपाली केन्द्रीय विभाग, त्रि.वि.) २०४६, पृ.१-१३ ।

अमेरिका, इजरायल, सोभियत सङ्घ, मोनाक्यो, स्वीजरल्याण्ड, इटली, अस्ट्रिया, मङ्गोलिया, इजिप्ट आदिको भ्रमण गरेका देवकोटाले आफ्नो राजनैतिक जीवनको विकासका साथै साहित्यिकताको पनि सुदृढीकरण गरेका छन् । पत्रपत्रिकाको सम्पादन र विभिन्न लेख रचनाहरूको प्रकाशन गर्दै साहित्यमा लागेका देवकोटा *त्रिशक्तिपट* (प्रथम) र अन्य अलङकारहरूबाट विभूषित भएका छन् । उनको **पूर्वकथा** उपन्यास २०४३ को साझा पुस्कार प्राप्त कृति हो भने **उत्सर्ग प्रेम** २०४५ को मदन पुरस्कारद्वारा पुरस्कृत कृति हो ।

देवकोटाको साहित्यिक व्यक्तित्वको निर्माणमा उनका अग्रज पूर्णप्रसाद ब्राह्मण र भोला पराजुलीको ठूलो भूमिका रहेको पाइन्छ । तीनधारा पाठशालामा अध्ययन गर्दा त्यहाँको साहित्यिक गतिविधिले उनको सिर्जनशील व्यक्तित्व जुर्मुराएको र मुलुकमा विद्यमान निरङ्कुशताका विरूद्ध व्यञ्जनात्मक पाराले केही लेख्ने रहरले उनी साहित्य सिर्जनातिर लागेको पाइन्छ । बनारसमा छँदा उनका केही लेखहरू हिन्दी पत्र-पत्रिकामा पनि छापिएको पाइएता पनि *रम्घातिर* शीर्षकको लेख नै उनको प्रथम रचना हो । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू **शाही भोज** (निबन्ध-२०१४), **बाल साहित्य** (सहलेखन-२०१६), **नेपाली निबन्धावली** (सहलेखन-२०१८), **नेपाली व्याकरण** (२०१९), **हाम्रा पुर्खाहरू** (जीवनी-२०२४), **असल पञ्चलाई शिक्षा** (साहित्येतर रचना-२०२४), **युगलकाव्य** ( हास्यव्यङ्ग्य-२०३९), **आवर्तन** (उपन्यास-२०४१), **द्वन्द्वको अवसान** (उपन्यास-२०४१), **पूर्वकथा** (उपन्यास-२०४२), **उत्सर्ग प्रेम** (उपन्यास-२०४४), **पूर्णिमा** (उपन्यास-२०५४), **विनोद पुष्पाञ्जली** (बुद्धिविनोदको उत्तर पद्य-२०५८), **डबली** (उपन्यास-२०५९), **उदारवाद** ( राजनैतिक), **वैधक्रान्ति** (राजनैतिक) आदि हुन् ।

नेपाली साहित्यको बहुमुखी प्रतिभाका धनी देवकोटाको निबन्ध, जीवनी, बाल साहित्य जस्ता विधाहरूमा कलम चलेको पाइन्छ । उनको लेखन विविध विधामा रहे तापनि उपन्यासमा सिद्ध रहेको पाइन्छ । उनले निबन्धहरूपनि लेखेको पाइन्छ उनका निबन्धमा विषयवस्तुको सूक्ष्म विश्लेषण प्रखर चिन्तन र व्यङ्ग्यात्मक चेतको चित्रण पाइए तापनि निबन्धहरू सरल र रोचक शैलीमा लेखिएका छन् ।[३१] उनले *सत्य र मान्छे* शीर्षकको एक कथा पनि लेखेका छन् । कविताका क्षेत्रमा **युगल काव्य** (२०३९) प्रकाशन गरेको पाइन्छ । प्रस्तुत काव्यमा उनले जीवन सार्थक बनाउन गर्नुपर्ने कार्यको चित्रण गरेका छन् ।[३२]

---

३१. राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टिः दृष्टादृष्टि**, (काठमाडौ : साझा प्रकाशन), २०४३ ।

३२. केशब पोखरेल, **राजेश्वर देवकोटाको जीवनी व्यक्तित्व, कृतित्वको निरूपण**, अप्रकाशित स्नातकोत्तर शोध-पत्र (काठमाडौ : केन्द्रीय नेपाली विभाग, त्रि.वि.,२०४६), पृ.३८-३९ ।

वि.सं. २०४० का दशकदेखि नेपाली उपन्यासका क्षेत्रमा क्रियाशील देवकोटाका करिब आधा दर्जन जति उपन्यासहरू प्रकाशित भएको पाइन्छ । **आवर्तन** उनको प्रथम औपन्यासिक कृति हो । यसमा उपन्यासकारले प्राकृतिक चित्रण, काल्पनिक विषयवस्तुको चित्रण गर्नुका साथै प्रकृति र मानवीय सहधर्मको चित्रणमा पात्रहरूलाई उभ्याएका छन् ।[३३] उनको दोस्रो उपन्यास **द्वन्द्वको अवसान** पौराणिक धार्मिक विषयवस्तुमा आधारित छ । उपन्यासकारले मनुष्य शक्ति र अदृश्य शक्तिको चित्रण गर्दै अस्तित्ववादी दर्शन र आफ्ना राजनीतिक विश्लेषणलाई एकै ठाउँमा घोलेर सैद्धान्तिक राजनीतिभन्दा व्यवहारवादी राजनीतिमा जोड दिएका छन् ।[३४] **पूर्वकथा** देवकोटाको तेस्रो उपन्यास हो । यसमा सांख्यादर्शन, प्रकृति र पुरूषको अन्तः सम्बन्ध, प्राकृतिक सिर्जनाक्रम, नारी अस्मिता र वैवाहिक परिपाटी आदिका बारेमा उपन्यासकारले चित्रण गरेका छन् ।[३५]

देवकोटाको चौथो उपन्यास **उत्सर्ग प्रेम** हो । यो उपन्यास जीवन के हो ? भन्ने प्रश्नबाट सुरू भएको छ । यस उपन्यासमा राजनैतिक विचार चिन्तन, आजको विसंगत, विकृत र निराशातिर पलायन हुन लागेको समाजमा आशा, उत्साह, प्रेम र त्यागको भावनाहरू संचारित भएको पाइन्छ । उपन्यासकारको भनाइमा उत्सर्ग प्रेम भन्नु जीवन सौन्दर्य हो, उत्साह बाँच्नको लागि हो र जीवन भनेकै त्याग हो । अर्थात् उत्सर्ग प्रेमको अर्थ कुनै कामको निमित्त गरिने विशेष किसिमको त्याग हो । यही विचारलाई उपन्यासकारले विभिन्न चरित्रहरूका क्रियाकलापद्वारा पुष्टि गरेका छन् । उपन्यासकार देवकोटाले **उत्सर्ग प्रेम** उपन्यासमा वैचारिकता र शैलीमा नवीन पथको अन्वेषण गर्दै नयाँ औपन्यासिक प्रवृत्तिको रेखाङ्कन गरेका छन् ।[३६] उनका औपन्यासिक पात्रहरू र घटनाहरू यथार्थ नभई निर्दिष्ट अभिप्रायका लागि कल्पना गरिएका र तार्किक हुन्छन् । नेपाली उपन्यासका परम्परामा बौद्धिक, प्रज्ञिक एवं चिन्तनशील, औपन्यासिक कला र भाव पक्ष सामान्य पाठकका लागि अलि जटिल, विचारप्रधान उपन्यास, पौराणिक प्रसङग र स्वैरकल्पनाको सहाराले अतीतको वर्तमानसँग अन्तः सम्बन्ध चित्रण गर्ने देवकोटाका उपन्यास सामान्य पाठकका लागि सहजगम्य हुँदैनन् ।[३७] यही उपन्यासकार देवकोटाको मूलभूत विशेषता पनि हो ।

---

३३. प्रकाशकीय मन्तव्य, **आवर्तन** काठमाडौ (२०४१) ।
३४. वासुदेब त्रिपाठी, *भूमिका,* **द्वन्द्वको अवसान**, (काठमाडौ : ने.रा.प्र.प्र., २०४२ ।
३५. राजेश्वर देवकोटा, **पूर्वकथा**, भूमिका खण्ड, (ललितपुर : साझा प्रकाशन), २०४३ ।
३६. केशब पोखरेल, **पूर्ववत्,** पृ. १०२-१०७ ।
३७. कृष्ण चन्द्र सिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार** ,(दो.सं. ललितपुर : साझा प्रकाशन, २०४३) ।

## ४.३.५ रमेशचन्द्र देवकोटा

गोरखा जिल्लाको पालुङ्टार गा.वि.स.-५ मा पिता हरिप्रसाद देवकोटा र माता वसुमाया देवकोटाको गर्भबाट वि.सं. १९९० फाल्गुन २६ गते रमेशचन्द्र देवकोटाको जन्म भएको हो । संस्कृत साहित्यमा शास्त्री गरेका देवकोटा काठमाडौंको वालुवारमा बस्दछन् । देवकोटाको **स्वाभिमान** महाकाव्य २०७१ सालमा प्रकाशन भएको पाइन्छ । **हरि उत्कृष्ट प्रतिभा पुरस्कार** २०७१ बाट सम्मानित देवकोटा नेपाली साहित्यका चम्किला तारा हुन् । देवकोटाको यस महाकाव्यमा महाभारतको विषयप्रसङ्गलाई लिएर हालको घटनाक्रमसँग तादात्म्य बनाउँदै आफ्नो स्वाभिमान जोगाउन उद्दत बन्नुपर्ने गहकिलो सन्देश प्रसारित भएको पाइन्छ ।

## ४.२.६ ईश्वर वल्लभ

गोरखा जिल्लाको भट्टराईथोक पुर्ख्यौली थलो भएका ईश्वर वल्लभको जन्म वि.सं. १९९४ सालमा काठमाडौमा भएको हो । ईश्वरवल्लभ पाटे साहित्यको विरोध गर्दै आएकाले गोलो साहित्यको सिर्जना गर्ने तत्कालीन उत्साही तीनजना स्रष्टामध्येका एक  स्रष्टा हुन् । उनलाई कवि, कथाकार, गीतकार, निबन्धकार, सम्पादक, स्तम्भलेखक आदि व्यक्तित्वका रूपले नेपाली साहित्य जगतले चिन्दछ । उनी प्राज्ञ-नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, मदन पुरस्कार र साझा पुरस्कार आदिबाट पुरस्कृत-सम्मानित समेत भएका छन् । उनी त्रिवेणी साहित्य परिषद्, नवलपरासीका मानार्थ सदस्य समेत हुन् । वस्तुता सम्पूर्णता र इन्द्रिय संवेद्यता जस्ता कुराहरू साहित्यमा आवश्यक हुन्छ भन्ने आग्रह राखेर तेस्रो आयामको खोजी गर्ने ईश्वरवल्लभका **आगोका फूलहरू हुन्, आगोका फूलहरू होइनन्** २०२९,  **केही भूमिकाहरू** निबन्धसङ्ग्रह २०३१, **एउटा शहरको किनारमा**  कवितासङ्ग्रह २०३४, **समानान्तर** कवितासङ्ग्रह २०३८, **नीलो माटो** कथासङ्ग्रह २०४१, **कस्मै देवाय** कथासङ्ग्रह २०४२, **सोचको माया मठ** निबन्धसङ्ग्रह २०५७, **प्रस्तुत** निबन्धसङ्ग्रह २०५९, **धुँवाको जङ्गल** कवितासङ्ग्रह २०६० आदि कृतिहरू प्रकाशित छन् ।

## ४.३.७ विद्याधर पोखरेल

गोरखा जिल्लाको खोप्लाङ गा.वि.स.-१, फलामखानीमा माता लीलावती र पिता पदम विलासको गर्भबाट वि.सं. १९९४ भाद्र १८ गते विद्याधर पोखरेलको जन्म भएको हो । समाज सेवा र स्वअध्ययनमा रूचि राख्ने पोखरेलका **नारायणीका छालहरू** कवितासङ्ग्रह-

२०५४, **आँसुका थोपाहरू** कवितासङ्ग्रह, **लाल किल्ला** कवितासङ्ग्रह २०६४ सालमा प्रकाशित भएको पाइन्छ ।

पोखरेलका कविताहरू देशप्रेम, राष्ट्रियता, प्रकृतिप्रेम, राजनीति र दर्शन, श्रमप्रति मोह र तल्लो वर्गका व्यक्तिहरूप्रति साहनुभूति कुलतप्रति घृणा राखेर प्रगतिशील जीवनपद्धतिको निर्माणका लागि मार्गदर्शनका भावहरू झल्केका पाइन्छन् । उनी आफ्नो स्वाभिमानलाई बेचेर खानुभन्दा सत्कर्म र सत्मार्गमा लागेर जीवनमा सङ्घर्ष गर्नुपर्ने कुरालाई आफ्ना कवितामा उल्लेख गरेका छन् । आशुकवित्वको क्षमता राख्ने पोखरेलको नारायणीका छालहरू कवितासङ्ग्रह भित्र ३२ वटा कविताहरू सङ्गृहीत छन् भने **लाल किल्ला**मा १५ वटा कवितहरू सङ्गृहीत छन् । उनको कविताको एक अंश यसप्रकार रहेको छ :

> गोरखा मेरो जन्मभूमि माया छ अपार ।
> झरेका झर्ना कल्कल खोला मनमा सागर ॥
> जिल्लाको सीमा तिन्तिर नदी उत्तर हिमाल ।
> देखिन्छ हेर पवित्र जल सुनौला झलल ॥ १ ॥[३८]

## ४.३.८ तीर्थराज वन्त

गोरखा जिल्लाको बगुवामा वि.सं. १९९६ सालमा तीर्थराज वन्तको जन्म भएको हो । स्नातकोत्तर सम्मको अध्ययन गरेका वन्त एक प्राज्ञिक व्यक्तित्व हुन् । वन्तले नेपाली साहित्यमा वाङ्मयिक र साहित्यिक महत्त्वका कृतिहरूको सिर्जना गरेका छन् । उनका पुस्तकाकार कृतिहरूमा **रेडक्रस र मेरो देश** ई.सं. १९७१, **डाँडाबाट** वि.सं. २०२७, **तुफूका केही कविता** अनुवाद २०२७, **रेडक्रस एक चिनारी** सम्पादन २०२९, **रजस्वला एक निराशा** कविता सङ्ग्रह २०३७, **आकासमा सल्बलाएको हात** कवितासङ्ग्रह २०४०, **आँखामा हिजोको इतिहास** कवितासङ्ग्रह २०५३, **शब्दसोपान** कवितासङ्ग्रह २०५७, **ज्योति-त्रि-पुञ्ज : हाइकु पाराका लघु कविता**, २०६१, **न्हू मुखुग मिखाय् न्हू जः** (नेपाल भाषाको कविता) २०६५, **हरि ओम् शान्ति** कविता २०६५, **फूल थरी थरीका** गीत, **रेडक्रस प्रश्नोत्तर**, **जेनेभा महासन्धि तथा तिनका अतिरिक्त सन्धिपत्रहरूमाथि सम्बन्धी आधारभूत नियमहरू** अनुवाद २०५६, **अन्तराष्ट्रिय मानवीय कानुनको सङ्क्षिप्त परिचय, जँ हेनरी ड्युना** अनुवाद २०६०, **मानव अधिकार तथा मानवीय कानुनको विविध पक्ष एक अवधारणा** अनुवाद २०६०, **अन्तराष्ट्रिय**

---

३८. विद्याधर पोखेल, *प्यारो जन्मभूमि*, **लालकिल्ला,** (काठमाडौं : दर्शन अफसेट प्रेस, २०६४), पृ २ ।

**मानवीय कानुनको विविध पक्ष एक अध्ययन** (सम्पादन/अनुवाद) २०६३, **१२ अगस्त १९४९ का जेनेभा महासन्धिहरू तथा तिनका थप आलेखहरू** (सम्पादन/अनुवाद) २०६५ जस्ता महत्त्वपूर्ण रचना र अनुवाद गरेको पाइन्छ । उनका महत्त्वपूर्ण कृतिहरू चाहिँ कवितासङ्ग्रह नै हुन् । तीर्थराज वन्त गद्य कविका रूपमा स्थापित एक व्यक्तित्व हुन् । उनी नेवारी भाषामा कवितासङ्ग्रह प्रकाशित गर्ने पहिलो गोरखाली कवि हुन् । [३९] उनका कवितामा समसामयिक विषयवस्तु, संस्कृति, धर्म, जीवन आदि धेरै विषय समेटिएका छन् र उनका कविता सरल र मीठा पनि छन् ।

### ४.३.९ रामशरण शर्मा अर्याल

गोरखा जिल्लाको बक्राङ पुराना गाउँमा वि.सं. १९९६ सालमा रामशरण शर्मा अर्यालको जन्म भएको हो । उनी नेपाली साहित्यका लेखक र सम्पादकका रूपमा देखा परेका छन् । अर्यालको यात्रा संस्मरणात्मक निबन्ध **अल्वर्टयात्रा : मेरा केही अनुभूति** २०६३ मा प्रकाशित भएको पाइन्छ । यस निबन्ध सङ्ग्रहमा १३ वटा निबन्धहरू सङ्ग्रहित छन् । शर्माका यी निबन्धका भाषा सरल छन् । कतै कतै औपन्यासिकताको सिर्जना पनि भएको पाइन्छ । सम्पादनतर्फ यिनको **पण्डित गायत्री गणेश स्मृतिग्रन्थ** २०६२ मुख्य रहेको देखिन्छ र विभिन्न समसामयिक साहित्यिक पत्रिकाको सम्पादन अर्यालले गरेको पाइन्छ । यस स्मृति ग्रन्थमा गायत्री गणेशका रचना, ती रचनाको विश्लेषण र गायत्री गणेशका समकालीनहरूबाट संस्मरणसम्बन्धी सामग्री सङ्कलित रहेका पाइन्छन् । यिनी विशेषतः नियात्राकारका रूपले चिनिन्छन् ।

### ४.३.१० रामचन्द्र अचार्य

गोरखा धारापानीमा वि.सं २००० मा रामचन्द्र आचार्यको जन्म भएको हो । विभिन्न पत्रपत्रिकामा आफ्ना लेखरचनाहरू प्रकाशित गरिरहने आचार्यका **पौरखीपाइलाहरू** २०६४ जीवनीपरक निबन्ध सङ्ग्रह र **भावना** २०७० निबन्ध सङ्ग्रह प्रकाशित भएको छ । यसमा बाह्रवटा विशिष्ट पौरखी नेपालीहरूको जीवनगाथाको वर्णन निबन्धात्मक कृतिका

३९. कुलप्रसाद कोइराला, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** , (काठमाडौं : यदुप्रसाद भट्ट, २०६६), पृ.४३ ।

माध्यमबाट गरिएको छ । प्रस्तुत निवन्धका माध्यमबाट उनी वैयत्तिक निबन्ध लेख्ने सशक्त हस्ताक्षरका रूपमा चिनिएका छन् ।

### ४.३.११ तारापति ढकाल

गोरखा जिल्लाको श्रीनाथकोट गा.वि.स. गोहोरेमा वि.सं. २००० मा तारापति ढकालको जन्म भएको हो । ढकालले नेपाली साहित्यका विविध विधा कविता, निबन्ध, संस्मरण र अनुसन्धानमूलक लेख रचना प्रकाशन गरेका छन् । विभिन्न पत्र-पत्रिकामा फुटकर रचना प्रस्तुत गर्ने गरेका ढकालले वि.सं. २०५८ मा **मेरा अल्भिएका सम्भनाहरू** कवितासङ्ग्रह, **चारधाम तीर्थयात्रा** यात्रा संस्मरण, **ढकाल वंशावली** अनुसन्धानमूलक कृति प्रकाशन गरेका छन् । ढकालको **मेरा अतीतका पानाहरू** जीवनीपरक निबन्ध सङ्ग्रह प्रकाशोन्मुख रहेको छ । कवि ढकालको **'मेरा अल्भिएका सम्भनाहरू'** कविता सङ्ग्रहमा वर्णमात्रिक, मात्रिक र मुक्त छन्दका गरी २६ वटा स्फुट रचना सङ्ग्रहित भएका छन् । पेशाले शिक्षक रहेका तीनै शैलीका कवितामा कविको अनुभूति शिष्ट, शालीन रहनुका साथै सरल शब्दका सहायताले गहन भाव व्यक्त गर्न समेत पुगेको देखिन्छ । उनको जमघट संयुक्त कवितसङ्ग्रहमा *तिमी विश्वकै साभा भानु* शीर्षकमा कविता प्रकाशन भएको पाइन्छ । उनलाई नेपाली साहित्यका कवि, निबन्धकारका रूपमा चिनिन्छ ।

### ४.३.१२ शिवजी पन्त

गोरखा जिल्लामा वि.सं. २००० मा जन्मेका शिवजी पन्त नेपाली साहित्यमा छन्दात्मक कविता लेख्दछन् । छन्दमा सरल र सरस कविता लेख्ने पन्त साहित्येत्तर लेख रचना पनि प्रकाशन गर्ने गर्दछन् । उनका संख्यात्मक दृष्टिले आठवटा कृति प्रकाशित छन् भने साहित्यिक कृतिहरू तीनवटा प्रकाशित छन् । उनका पुस्तकाकार साहित्यिक कृतिहरू **म आउँदैछु** २०५४, **हृदयका स्पन्दन** २०५४ र **जीवन साथी** २०५५ प्रकाशित छन् ।

### ४.३.१३ केदारनाथ खनाल

गोरखा जिल्लाको ताक्लुङ-२ मा वि.सं. २००१ कार्तिक ७ गते सोमबार पिता भोगप्रसाद खनाल र माता देवमाया खनालका गर्भबाट केदारनाथ खनालको जन्म भएको हो । नेपाली भाषा साहित्यमा शिक्षण शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर गरेका खनाल बालकुमारी कलेज चितवनका प्राध्यापक, नारायणी नमुना उच्च मा.वि.का पूर्व प्रधानाध्यापक,

सप्तगण्डकी बहुमुखी क्याम्पसका संस्थापक प्राध्यापक र **वागीश्वरी** पत्रिकाका सम्पादक समेत हुन् । चितवन साहित्य परिषद्का संस्थापक सचिव, पूर्व अध्यक्ष र हाल सल्लाहकार रहेका खनाल चितवनको भरतपुरमा बस्दछन् । खनाल जिल्ला शिक्षा समिति चितवनबाट **प्रशंसा एवं सम्मान**, राष्ट्रिय शिक्षा समितिबाट **शिक्षा सेवा पदक तथा पुरस्कार** २०४४, चितवन आदर्श युवाक्लबबाट **सम्मानपत्र** २०५८, अभिव्यञ्जना साहित्य प्रतिष्ठानबाट **अभिव्यञ्जना साहित्य सम्मान** २०६० लगायत विभिन्न सङ्घसंस्थाबाट पुरस्कृत र सम्मानित भएका छन् । विभिन्न पत्रपत्रिका र कृतिको सम्पादन गर्नमा निपुण खनाल नेपाली साहित्यका एक चम्किला तारा हुन् ।

खनालले नेपाली साहित्यिक इतिहासको क्षेत्रमा रहेको योगदान साँच्चिकै अनुकरणीय र महत्त्वपूर्ण रहेको छ । शैक्षिक, सामाजिक र साहित्यिक गरी कार्यक्षेत्र विभिन्न थरी भए तापनि सबै क्षेत्रलाई अत्यन्तै समानान्तर गतिमा खनालले अगाडि बढाइरहेकै छन् । आफ्नै बुबाले मिठो स्वरमा **रामायण** वाचन गरेको सुनेर, आदरणीय गुरुवर्ग र श्रद्धेय मान्यजनको सकारात्मक सन्देश, आदेश र मार्गनिर्देशन, जीवनजगत्को आरोहअवरोहको क्रममा देखिने, भोगिने र अनुभव गरिने घटनाक्रम, राष्ट्रियस्तरका अग्रज साहित्यकारहरूका कृतिको अध्ययन र कुनै पनि चिजबिज, प्रकृति र वातावरणको दृश्यावलोकन पश्चात् मनमा पैदा हुने अनुभूतिबाट यिनी साहित्यसिर्जनामा लागेको पाइन्छ ।[४०] वि.सं. २०२३ सालदेखि कविता लेख्न थालेका खनालले *युवा* नामक कविताबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनको हालसम्म चारवटा पुस्तकाकार कृतिहरू **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रह २०६१, **शिक्षाः केही गन्थन मन्थन** शैक्षिक लेखसङ्ग्रह २०६२, **यात्राका स्पन्दनहरू** नियात्रासङ्ग्रह २०६५, **स्मृतिका बिम्बहरू** संस्मरणसङ्ग्रह २०६६ र **दुई धार एक लहर** २०७० मा प्रकशित भएको पाइन्छ भने सांस्कृतिक निबन्ध सङ्ग्रह **हाम्रो संस्कृति हाम्रो गौरव** शीघ्र प्रकाश्य रहेको पाइन्छ । यसबाहेक शैक्षिक, संस्मरणात्मक एवम् वैचारिक समसामयिक राजनैतिक एवम् सांस्कृतिक विषयवस्तु समेटेर लेखिएका खनालका थुप्रै फुटकर रचनाहरू स्थानीय एवम् राष्ट्रिय पत्र-पत्रिकाहरूमा प्रकाशन भइरहेको पाइन्छ । उनका कृतिहरूमा राष्ट्रप्रेम, जातिप्रेम, नेपाली भाषाप्रेम साहित्यप्रतिको अनुराग, आध्यात्मिक चेत, दार्शनिकता, शिक्षासम्बन्धी विभिन्न समस्या, पेसागत चुनौती, मूल्य-मान्यता, नैतिकता, जीवनका

---

४०. प्रतिमा खनाल, **केदारनाथ खनालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोध-पत्र, (चितवन : नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६७) ।

सुखदु:खात्मक अनुभूतिहरू, ज्ञानवर्धक र औपदेशिक जानकारी आदि विशेषताहरू पाइन्छन् । खनाल दुई दशक अघिदेखि चितवन साहित्य परिषद्मा संलग्न रही निरवच्छिन्न रूपमा नेपाली भाषा सहित्यको समुत्थानमा लागि परिरहेका छन् । कैयौँ स्रष्टाहरूलाई प्रेरणा र प्रोत्साहन दिँदै र स्थापित स्रष्टाहरूको सम्मान गर्दै निस्पृह सेवाभावले नेपाली साहित्यिक जागरण ल्याउने काममा उनले महत्त्वपूर्ण भूमिका खेलेका छन् । **साप्ताहिक राष्ट्रसन्देश, वागीश्वरी, प्रयास, आलोक, वेणी, सम्प्रेषण, सुधांशु, मझेरी, धर्मसंवाद, रात्री-प्रकाश, सञ्जीवनी, दीपशिखा, स्काउट बुलेटिन, नेत्रज्योति सङ्घ, इन्टरनेशनल लायन्स क्लब अफ बालकुमारी कलेज स्मारिका** आदि पत्रिकाहरूको सम्पादन मात्र होइन **विद्या-पुकार, उपयोगी भजनसङ्ग्रह** जस्तो पुस्तकको पनि सम्पादन गरेका खनालले नेपाली साहित्यलाई हराभरा बनाउने कार्यमा महत्त्वपूर्ण योगदान गरेको पाइन्छ । खनालको **दुई धार एक लहर** नियात्रा र संस्मरणसङ्ग्रहमा  विभिन्न समय र सन्दर्भमा कोरिएका अनुभूतिजन्य आलेखहरूको सङ्कलन गरिएको छ । जम्मा जम्मी १६४ पृष्ठको यस कृतिमा सुरूका १-७७ पृष्ठ सम्म एघार वटा नियात्रा र ७८-१६४ पृष्ठमा एक्काइस वटा संस्मरण सङ्गृहीत भएका छन् । [४१] प्रस्तुत पुस्तकमा खनालले आफ्ना जीवनभोगाइका क्रममा सँगालेका अनुभव र अनुभूतिलाई सरल शब्द संयोजनमा प्रस्तुत गरेका छन् ।

## ४.३.१४ यदुप्रसाद भट्ट

गोरखा जिल्लाको तान्द्राङमा वि.सं. २००१ मा यदुप्रसाद भट्टको जन्म भएको हो । स्नातक सम्मको अध्ययन गरेका भट्टले गोरखाका विभिन्न विद्यालयमा प्रधानाध्यापक भई शैक्षिक विकासमा ठूलो योगदान पुऱ्याएको पाइन्छ । सामाजिक राजनीतिक र शैक्षिक लगायत साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका भट्टले फुटकर कविता, लेख, निबन्धहरू विविध पत्रपत्रिकामा प्रकाशन गर्दै आएका छन् । उनको **प्रेमाचाल** सामाजिक काव्य, हरितालिका लाई विषयवस्तु बनाएर रचिएको काव्य हो । प्रस्तुत काव्यमा शिवजीको आराधना र उपवास बसी हिन्दु नारीहरूले नारी सांस्कृतिक पर्व तिजको रूपमा नाचगानका साथ मनाउँदै महिला मुक्तिका लागि पनि गीतद्वारा क्रान्तिको नाद घन्काउछन् भन्ने सुन्दर वयान गर्न भट्ट सफल भएका छन् । उनलाई नेपाली साहित्यका गीतकार वा कविका रूपमा चिनिन्छ ।

---

४१. केदारनाथ खनाल, **दुई धार : एक लहर**, (चितवन : चितवन साहित्य परिषद् २०७०) पृ.१-१६४ ।

## ४.३.१५ सीताराम अधिकारी

गोरखा जिल्लाको हंसपुरमा वि.सं. २००२ सालमा सीताराम अधिकारीको जन्म भएको हो । अंग्रेजी विषयमा स्नातकोत्तर उत्तीर्ण गरी त्रिभुवन विश्वविद्यालयमा सहप्राध्यापक तहमा पुगी सेवा निवृत्त भएका अधिकारीले नेपाली साहित्यका विभिन्न विधाका लगभग पौने दर्जन कृति र अंग्रेजी भाषाको शब्दकोश समेत प्रकाशन गरेका छन् । वि.सं. २०२५ सालमा नेशनल कलेजको विद्यार्थी रहँदा अनेक साहित्यिक गतिविधिमा संलग्न तत्कालीन गण्डकी विद्यार्थी परिषद्सँग निकटता राख्ने अधिकारीको ***उनैलाई*** भन्ने कविता पुरस्कृत भएपछि उनले साहित्यतिर अघि बढ्ने प्रेरणा प्राप्त गरेका हुन् ।[४२] अंग्रेजी भाषाका विद्वान्, पेसाले प्राध्यापक अधिकारीका स्फुट रचना र आलेखहरू समसामयिक पत्र-पत्रिकामा छरिएर रहेका पनि पाइन्छन् । उनले नेपाली र अंग्रेजीका गरी निम्न पुस्तकाकार कृतिहरू **कोयली** खण्डकाव्य २०३३, **आमा** शोककाव्य २०३७, **मेरो लेक** कविता सङ्ग्रह २०५६, **अंग्रेजी-अंग्रेजी-नेपाली शब्दकोश** २०५३, **यात्रा रोकिन्न** कविता सङ्ग्रह २०५७, **देवघाट** खण्डकाव्य २०५७, **सत् सुन्दर** गद्यकविता २०६५, **फूल मान्छे म र नेपाल**, २०६६, **अंग्रेजी-अंग्रेजी-नेपाली शब्दकोश** २०६४, **रिमेडियल इङ्लिस फर सर्टिफिकेट इन ल, लर्नर्स अथेन्टीक इङ्लिस ग्रामर** २०६२, **इलियटस् ट्रिटमेन्ट अफ सीन इन मर्डर इन द क्याथेड्र** २०६५, एन् **आउटलाइन अफ ब्रीटिस ड्रामा** २०६५ आदि ।

कवि अधिकारीको **फूल मान्छे म र नेपाल** काव्यसङ्ग्रहमा चारवटा लघुकाव्य सङ्गृहीत छन् विविध छन्दमा लेखिएको र काव्यमा फूललाई मानव जीवनसँग तादात्म्य बनाएर व्यञ्जना शब्दशक्तिको माध्यमबाट फूल शीर्षकलाई सार्थक तुल्याएको पाइन्छ । मानव जीवनलाई फूलसँग तुलना गर्दै, हत्या हिंसा आतङ्कमा विश्वास गर्ने मान्छेको अनुहार मात्र भएका मान्छेहरूको व्यङ्ग्य प्रतीकात्मक शैलीमा यसरी व्यक्त भएको छ :

> सभ्यताको कसी आफैं फूलमा मुस्कुराउँछ
> हामीलाई सधैं हाँस्ने सच्चा पाठ सिकाउँछ
> खुसीका रश्मि पोखेर फूल वाग सजाउँछ
> पीडालाई निको पारी आर्तलाई हँसाउँछ ॥ [४३]

नेपाली समाज र सभ्यता, प्रकृतिको क्रीडास्थल, सुन्दर विशाल नेपालमा हत्या हिंसा र आतङकका काला वादलहरू मडारिरहेका कुराहरूको प्रतीकात्मक रूपमा चित्रण गरिएको छ ।

---

४२. शोधार्थीले कविसँगको भेटमा प्राप्त जानकारी अनुसार ।
४३. सीताराम अधिकारी, **फूल मान्छे म र नेपाल**, (काठमाडौः गोरखा साहित्य प्रतिष्ठान, २०६६), श्लोक १.३ ।

सारांशमा भन्नुपर्दा स्वार्थी राजनीति गर्नेहरू र क्षुद्रतम स्वार्थ बोकेकाहरूलाई फूललाई हेरेर व्यवहार गर भन्ने सन्देश दिएका छन् । विश्वका सम्पूर्ण प्राणी सबै सर्वश्रेष्ठ हुन् भन्ने कुरा **मान्छे** लघुकाव्यमा पाइन्छ । १२ वटा विविध छन्दको प्रयोग गरी १०६ वटा श्लोकमा आफ्ना विचारहरू व्यक्त गरेका छन् । मानवीय जीवन उच्च छ र समयको गति अति व्यस्तताका साथ बितिरहेको छ र थाहै नपाई जिन्दगी बित्छ भन्ने कुरा यसरी व्यक्तिएको पाइन्छ :

चटारो सबको लागि एकाएक उदाउँछ
चटारोमा सधै धर्ती नयाँ रूप सजाउँछ
चटारोमा बढी हुर्की अनुभूति लिनेहरू
मात्र भन्छन् कति चाँडो बितेछ जिन्दगी तरू । [४४]

आज नेपाल मात्र होइन विश्वनै म भन्ने दम्भपूर्ण क्रियाकलापले गर्दा अनेकौं बबण्डर र क्रान्तिको भुँवरीमा हेलिन पुगेको वस्तुतथ्यलाई लिएर **'म'** काव्य रचिएको छ, जसमा सत्र गुच्छामा सात किसिमका छन्द र एक सय पच्चीस श्लोक संरचित छन् । सृष्टि र स्रष्टा अजरामर छन् त्यसैले म भन्ने भावनालाई त्यागेर अगाडि बढौं र यथार्थतालाई त्यागेर भ्रममा नफसौं भन्ने उनको कथन यसप्रकार रहेको छ :

मर्दैन स्रष्टा न त सृष्टि मर्दछ
अजम्बरी छन् दुइटै यथार्थतः
फर्केर हेरूँ अहिले पुरातन
कला नयाँ बन्दछ, छैन है भ्रम । [४५]

आमाको महिमा र जन्मभूमिको गरिमाको उच्च सम्मान गर्दै आफ्नो देशको यथार्थ परिवेशलाई चित्रण नेपाल लघुकाव्यमा गरिएको छ । नेपालको गरिमामय पक्ष, नेपाल आमाको प्रशस्ति, नेपालमा शान्ति छाओस्, संस्कारवान् बन र बुद्धसन्देशको पालना गरी शान्तिको पक्षमा लाग्न र नेपाललाई समृद्ध र सभ्य बनाउन शान्ति नै चाहिने कुरा यसरी व्यक्त भएको छ :

यै मृत्तिकाको रजमा रमाई
उम्रन्छ चोखो मन अङ्कुराई
निर्धक्क भै बित्दछ जीन्दगानी
लेखिन्छ नौलो युगको कहानी । [४६]

---

४४. पूर्ववत् **मान्छे,** श्लोक ८.९ र ८.१० ।
४५. पूर्ववत् **म** श्लोक ६.३ ।

कवि अधिकारी शिखरिणी, शार्दूलविक्रीडित जस्ता शास्त्रीय छन्द र लोक छन्दको प्रयोग गर्दै उपमा, रूपक, उत्प्रेक्षा अतिशयोक्ति जस्ता अलङ्कारको माध्यमबाट प्रकृति चित्रण, सामाजिकता र प्रणयमूलक चेतनाको संचारित गर्दै सरल र सहज कविता लेख्ने एक साधक हुन् ।

### ४.३.१६ वसन्त बराकोटी

गोरखा जिल्लाको गाईखुर-१, पौवाटारमा वि.सं. २००४ मङसिर ८ गते वसन्त बराकोटीको जन्म भएको हो । बराकोटीका **मुक्तिसङ्ग्राम महाकाव्य २०६८** सालमा प्रकाशित भएको पाइन्छ भने अन्य फुटकर कविता, गीत, निबन्ध, लेख आदि प्रकाशित भएको पाइन्छ ।

यस मुक्ति सङ्ग्राम महाकाव्य नेपालको इतिहासको १० वर्षे सशस्त्र जनयुद्धका बारेमा लेखिएको युद्ध साहित्यको कृति हो । यसमा बराकोटीले तत्कालीन अवस्थामा भएका वर्गसङ्घर्ष र युद्धका कुराहरूलाई काव्यात्मक पारामा प्रस्तुत गरेका छन् । २०६२/६३ को जनआन्दोलनको परिवेशमा घटेका घटनाक्रमलाई काव्यात्मक पारामा यसरी प्रस्तुत भएको पाइन्छ ।

> जनसङ्घर्षको यौटा मुख्य लक्ष्य पुरा भयो
> सदियौं वर्षको लामो निरङ्कुश तन्त्र सिद्धियो
> शान्ति स्वतन्त्रता साथै समृद्धि र विकासको
> देखियो मिर्मिरे आभा सङ्घीय गणतन्त्रको ।

मुक्तिसङ्ग्राम महाकाव्य पृ. ३४४

### ४.३.१७ तुलसीप्रसाद न्यौपाने

गोरखा जिल्लाको पालुङटार-७ मा वि.सं. २००४ चैत्र ७ गते तुलसीप्रसाद न्यौपानेको जन्म भएको हो । नेपाल सरकारको उपसचिव रहेका न्यौपानेका फुटकर कविता, गीत, निबन्ध, लेख आदि प्रकाशित भएको पाइन्छ । विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध न्यौपाने गोरखा वाङ्मय प्रतिष्ठानको सदस्य र चितवन साहित्य परिषद्को आजीवन सदस्य रहेका छन् ।

---

४६. पूर्ववत् **नेपाल**, श्लोक ७.१० ।

न्यौपानेले विभिन्न समयमा लेखेका लेख, निबन्ध र समीक्षाधर्मी लेखहरूको एउटा सँगालो **मनका लहर** २०६४ प्रकाशित गरेका छन् । चिन्तनपरक वर्णनात्मक शैलीका यी लेखमा शैलीगत विविधता रहेको पाइन्छ । समीक्षात्मक, संस्मरणात्मक र वैचारिक निबन्धको सँगालो **मान्छेको कथा** २०६४ कथासङ्ग्रह, **पुस्तान्तर** संयुक्त कथासङ्ग्रह, र **महादेशीय यात्रा** संस्मरण २०६६ प्रकाशित छन् । न्यौपाने सामाजिक कथाकार हुन् । कुनै कुनै कथामा मनोवैज्ञानिक पृष्ठभूमि खडा भए पनि मनोविश्लेषण भने विकसित भएको पाइँदैन । कथाको रचनात्मक शैली राम्रो भएतापनि वर्णनात्मक र विवरणात्मक शैली भने कमजोर देखिन्छ । उनका रचनामा जीवन जगत् चित्रणको चेतना परिपुष्ट हुन सकेको पाइदैन ।

## ४.३.१८ रेशम थापा

गोरखा जिल्लाको ताकुमाझ लाँकुरीबोट भन्ने ठाउँमा वि.सं. २००४ सालमा रेशम थापाको जन्म भएको हो । प्रवेशिका सम्मको सामान्य अध्ययनमा आफूलाई सीमित गर्दै साहित्यका क्षेत्रमा समाहित भएका थापाले नेपाली साहित्यको कविता विधामा आफ्नो कलम चलाएका छन् । थापाको पहिलो कृति वि.सं. २०६० सालमा **शान्तिदूत** नामक गीतिकाव्य प्रकाशित भएको पाइन्छ । यस गीतिकाव्यका ६ खण्ड छन् । श्री ५ वीरेन्द्रको सम्झनामा यो गीतिकाव्य रचना गरिएको छ । नेपालको तत्कालीन परिस्थितिमा उत्पन्न हिंसात्मक गतिविधि, कहालीलाग्दा घटनाहरू, अन्याय, अत्याचार, भ्रष्टाचार, दुराचार आदि देखेर विरक्त भएका कविका अभिव्यक्तिहरू लोकलयात्मक गीतको माध्यमबाट गीति काव्यमा सङ्कलित भएका छन् । समसामयिक विषयवस्तुको उठान सँग-सँगै शान्तिको चाहना सरल शैलीमा व्यक्तिएको पाइन्छ । थापाका कृतिहरूले नेपाली साहित्यको दस्तावेज तयार पार्नमा ठूलो योगदान पुऱ्याएका छन् ।

## ४.३.१९ शिवहरि मरहट्टा

गोरखा जिल्लाको बक्राङ भोगटेनीमा शिवहरि मरहट्टाको वि.सं. २००४ सालमा जन्म भएको हो । प्राच्य न्याय दर्शनमा आचार्य र नेपाली साहित्यमा स्नातकोत्तर गरेका मरहट्टाले २०२७ सालदेखि त्रि.वि. मा अध्यापन गर्न थालेको पाइन्छ भने हाल महेन्द्र संस्कृत विश्वविद्यालयको उपकुलपति भई सेवा गरेको पाइन्छ । शक्ति मा.वि. गोरखाको **शक्ति** स्मारिकामा कविता प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका मरहट्टाले चार दर्जनभन्दा बढी कविता लेखेको

पाइन्छ । गोरखा नाटक समिति, गाउँ सुधार समितिमा संलग्न रही साहित्यिक गतिविधिमा सक्रिय भएर लागेका मरहट्टाको **मति विनोद** नामक लघु खण्डकाव्य २०६४ सालमा प्रकाशित भएको पाइन्छ । यो खण्डकाव्यको विषयवस्तु लेखनाथ पौड्यालको **बुद्धि विनोद** खण्डकाव्यले उठाएका प्रश्नको **स्वमति** अनुसार उत्तर दिनु रहेको देखिन्छ । सम छन्द, सम श्लोक तर शास्त्रीय दृष्टिकोण भिन्न भएर प्रकट भएको छ । पदविन्यास कला अन्तर अनुप्रास सिर्जनाका माध्यमले प्राप्त हुने काव्य सौन्दर्य पूर्वीय दर्शनले प्रतिपादन गर्ने ब्राह्मण्डीय स्वरूप, ईश्वर, देह, आत्मा र त्यसका भौतिक सञ्जालले सिर्जना गर्ने भावजाल आदिका सम्बन्धमा उनले आफूले पढेका दर्शनकै आद्यभूमिमा रहेर जवाफ दिएकाले कतिपय सन्दर्भमा कवि शिरोमणिप्रति न्याय गर्न नसकेको पनि देखिन्छ । उनले अन्य फुटकर रचना, विभिन्न संस्थाको मुखपत्रको सम्पादन, प्रकाशन जस्ता कार्य पनि गरेको पाइन्छ । उनका कवितामा सूक्ष्म रूपमा शोषण, अन्याय, अत्याचार र विकृतिमूलक सामाजिक संस्कृतिलाई नाङ्गेभार बनाउँदै न्याय समानता र सुसंस्कृत समाज निर्माणको पक्षमा चर्को वकालत गर्दै वर्तमान निसासिंदो युगलाई चित्रण गरिरहेको पाइन्छ । उनको कविताको एक अंश यसप्रकार रहेको छ :

इच्छा विरुद्ध अर्काको पसिना खानुहुन्छ र ?
देखाईकन बन्दूक लुटेरै लानु हुन्छ र ?
स्वप्न संसारमा डुब्दै दिंदै चेतावनी पनि
कहिल्यै जनतालाई सताउन हुँदैन नि ।

*सद्भाव पाओस्* **गोरखा परिचय** २०५७

यसैगरी राष्ट्रियताप्रति चनाखो रहँदै पिता पुर्खाले आर्जेको राज्यलाई घुनपुत्ला लाग्न नदिन युवाहरूलाई सजग गराउँदै मरहट्टा आफ्नो 'यो प्रवाह' कवितामा यसो भन्छन् :

चिन्दै हाम्रा समर विजयी वीरको स्वच्छ रूप
जोगाएरै बस मुलुकको स्वाभिमानीस्वरूप
सानातीना विघटनमुखी यत्न पार्दै हताश
ल्याओस् यस्ले युवकजनमा सिर्जनाको विकास ।

*यो प्रवाह* **गोरखा प्रवाह** २०५९

### ४.३.२० सनत रेग्मी

गोरखा जिल्लाको घ्याल्चोक घर भएका सनत रेग्मी नेपालगञ्जमा वि.सं. २००४ सालमा जन्मेका हुन् । यिनका पिता गोपालप्रसाद शर्मा रेग्मी भारतको बनारसबाट नेपाल फर्कँदा नेपालगञ्जमा नै बसेका हुन् र त्यहीँ जन्मेका सनतले शिक्षा र सिर्जनशीलता तथा समाजसेवाको बाटो लिएका हुन् । रेग्मी स्थानीय र केन्द्रीय राजनीति तथा सामाजिक क्षेत्र एवं रेडक्रसतिर संलग्न व्यक्तित्व हुन् । नेपाली आख्यान साहित्यको सिर्जनामा केन्द्रित भई यिनले यति धेरै कृतिले नेपाली साहित्य भण्डार भरेका छन् । उनका **मातृत्वको चीत्कार** कथासङ्ग्रह-२०२४, **चन्द्रज्योत्स्ना र कालो बादल** कथासङ्ग्रह-२०२६, समय २०२८, दियालो २०३०, **दिनान्त** कथासङ्ग्रह-२०३६, **बन्दकोठाहरूको सहर** कथासङ्ग्रह-२०५१ र **समय सत्य** कथासङ्ग्रह-२०५४ प्रकाशित भएको पाइन्छ । **मैनाली कथा पुरस्कार**, **गणेश दुलाल खिलकुमारी पुरस्कार** २०५५, **सारस्वत सम्मान** २०५३, **प्रतिभा सम्मान** समिति पर्सा वीरगञ्जबाट अभिनन्दित २०६० एवं सम्मानित आदि पुरस्कारद्वारा पुरस्कृत तथा ने.रा.प्र.प्र. का प्राज्ञ सदस्य रहि सकेका रेग्मीले विभिन्न पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ ।

नेपाली साहित्यको कथा विधामा आञ्चलिकताको प्रयोग गर्दै कथालेख्ने रेग्मीका अधिकांश कथाहरू सामाजिक यथार्थ र यौनमनोवैज्ञानिक विषयवस्तुको उठान गरेर लेखिएका छन् । रेग्मी कथाहरू मा विषयवस्तु र शिल्पचयनका दृष्टिले पनि प्रौढ देखिन्छन् । उनका कथाहरू समसामयिक साहित्यमा फुटकर रूपमा प्रकाशित भएको पाइन्छ । उनको कथाको एक अंश यस प्रकार छ :-

> "त्यस दिन मलाई निद्रानै परेन । म रातभरि उनीसँग विहे भएको विशेपछि एकअर्कासँग छिल्लिएर मस्किएको र उनको शरीर र आफ्नो शरीर एकाकार गरेर अँठ्याइएको कल्पनामा मस्त भएँ । कल्पनामा पनि पुरूष शरीररको गन्ध र स्वादको विकलताले मलाई धेरै दिनसम्म सताइरह्यो र म उनलाई दृढ आलिङ्गनमा अठ्याउनलाइए छटपटाइरहेँ ।" [४७]

यसै गरी रेग्मीका विभिन्न कथाहरू यस समकालीन साहित्यमा छापिएको पाइन्छन् । उनी एक विशिष्ट आञ्चलिक कथाकारका रूपमा परिचित छन् ।

---

४७. रमेश विकल, *स्मृतिदंश,* **समकालीन साहित्य** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), (वर्ष-८, अंक-१, पूर्णाङ्क-२९, माघ-चैत्र, २०५४) पृ. ६२ ।

## ४.३.२१ इन्द्रप्रसाद रेग्मी

गोरखा जिल्लाको मसेल-१, सपुङ्गेमा पुर्ख्यौली घर भएका इन्द्रप्रसाद रेग्मीको वि.सं. २००५ मङ्सिर १६ गते जन्म भएको हो । स्नातक सम्मको अध्ययन गरेका रेग्मीका **बैसाखी टेकेर** हाइकु **२०६१, भर्खरै** कवितासङ्ग्रह **२०६८ र बिर्सनै लागेका कुराहरू** निबन्धसङ्ग्रह **२०६८** सालमा प्रकाशित भएको पाइन्छ । प्रगतिशील सांस्कृतिक समूह चितवनको अध्यक्ष, साहित्य सङ्गम चितवनको सल्लाहकार रहेका रेग्मीका अन्य फुटकर कविता, कथा र निवन्धहरू पनि प्रकाशित भएका पाइन्छन् । यिनले नेपाली वाङ्मयका क्षेत्रमा निवन्ध, कविका रूपमा सेवा गरेर साहित्यको जगलाई बलियो बनाउने प्रयत्न गरेका छन् ।

## ४.३.२२ चन्द्रकान्त अधिकारी

गोरखा जिल्लाको काफलडाँडा हंसपुरमा वि.सं. २००५ साल असार १७ गते चन्द्रकान्त अधिकारीको जन्म भएको हो । नेपाली विषयमा स्नातकोत्तर सम्मको अध्ययन गरेका अधिकारी गण्डकी बोडिङ् स्कुल पोखरामा शिक्षण पेसामा कार्यरत छन् । नेपाली साहित्यका क्षेत्रमा साधनारत अधिकारिका **मौलिक अठोटः भावानुवादिक छनोट** २०४७, काव्य **कुले** कथासङ्ग्रह २०४८, **नेपाली व्याकरणपरक शब्दकोश** २०५१, **बोध शक्ति** २०५१, प्रकाशित छन् ।[४८] उनी कथा लेखन्मा कविता समाजकै सुख, दुःख, हर्ष, विस्मात उनका रचनाको विषय हो । साधनामा रमाउने प्रतिभाकै रूपमा उनको परिचय पाइन्छ । उनका आधादर्जन जति पुस्तक अप्रकाशित रूपमा छन् । उनी अध्ययनशील र सिर्जनशील प्रतिभा हुन् । [४९]

अधिकारीले गद्यपद्य दुवै क्षेत्रमा कलम चलाएको पाइन्छ । गद्यतर्फको **मौलिक अठोटः भावानुवादिक छनोट** गद्य छन्दमा लेखिएको फुटकर कविताको सँगालो हो । यसमा सङ्गृहीत ३१ वटा कविताहरू सङ्कलित छन् जसमा तेइसवटा कविताहरू मौलिक रचना हुन् भने अन्य चारवटा कविताहरू अंग्रेजी साहित्यका प्रभावमा तयार पारिएका हुन् । कविले जीवन्जगत्का सुखदुःख, हर्ष विस्मात  आदिलाई विषय बनाएर वर्णनात्मक शैलीमा समाजको वर्गीय शोषण र अन्यायप्रति व्यङ्ग्य प्रकट गरेका छन् । उनको कविताको एक अंश यसप्रकार रहेको छ :-

---

४८. चन्द्रकान्त अधिकारी, *मेरो भूगोल,* **मौलिक अठोट : भावानुवादिक छनोट**, गोरखाः श्रीमती लक्ष्मी अधिकारी, २०४७) ।
४९. घटराज भट्टराई, **नेपाली लेखक कोश**, (लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, काठमाडौं), २०५६, पृ. २१२ ।

आफ्नै पाखुरामा रिस गर्ने धन्य तिमी
आफै ठगिएको पनि चालै नपाउने तिमी ।
पसिना निचोरेर जीवन उभ्याउने तिमी
पसिना रोपेर सुन फलाउने धन्य हौ तिमी ।
रातो मसीमा राष्ट्रियता छचल्काउने
उन्मुक्तिको ढुकढुकी हौ किसान तिमी ।[५०]

उनका कवितामा सरल भाषा शैली, बिम्ब र प्रतीक, राष्ट्रप्रेम, समाजमा विद्यमान शोषण र अन्यायको विरोध तथा प्रकृति वर्णन आदि तत्त्वको समूचित संयोजन भएको पाइन्छ जसले अधिकारीलाई सरल र सहज कविका रूपमा चित्रण गरेको छ । कविता बाहेक कथा क्षेत्रमा उनको पुस्तकाकार कथा सङग्रह **कुले** मा सातवटा कथाहरू सङ्कलित छन्, जसमा निम्न वर्गीय जीवनको चित्रण, जातीय छुवाछुतको विरोध, बहुविवाहको विरोध, पुरूषद्वारा ठगिएका नारी जीवनको चित्रण, युवायुवतीको बीचको प्रेम र शिक्षाको अवसरबाट बञ्चित नेपालीहरूको यथार्थ चित्रण गरिएकोले उनी सामाजिक यथार्थवादी कथाकारका रूपमा देखा पर्छन् ।

## ४.३.२३ केशव मरहट्टा

गोरखा जिल्लाको सदरमुकाम नजिकै छिपिटोल भन्ने ठाउँमा वि.सं. २००५ सालमा केशव मरहट्टाको जन्म भएको हो । नेपाली साहित्यमा स्नातकोत्तर सम्मको अध्ययन गरेका मरहट्टाका अनगिन्ती फुटकर कविता र कथाहरू पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । **शोभा** उपन्यास २०४८ र **भानु** उपन्यास २०५३ उनका पुस्तकाकार मुख्य कृतिहरू हुन् ।

## ४.३.२४ श्यामजी अतिथि शर्मा

गोरखा जिल्लाको मनकामना भोगटेनीमा पिता मोहकान्त सेढाई र माता उमाकुमारी सेढाईका गर्भबाट वि.सं. २००५ साल कार्तिक १२ गते श्यामजी अतिथि शर्माको जन्म भएको हो स्नातकोत्तर गरेका शर्मा सरकारी सेवा निवृत्त भई हाल भरतपुर-१२, थानीचोकमा बस्दछन् । त्रिफला राष्ट्रिय पुस्तकालय झापा का आजीवन सदस्य, चितवन साहित्य परिषद्का कोषाध्यक्ष, श्री प्राणनाथ अनाथ सेवा आश्रम का संस्थापक अध्यक्ष र हिमाली पुस्तकालय मनकामना भोगटेनी गोरखाका संस्थापक रहेका शर्माका पुस्तकाकार कृतिहरू

५०. पूर्ववत्, **किसान**, पृ. १४ ।

**केही संस्मरण केही चिन्तन** संस्मरण २०६४ र **आफ्नै आँखासामु आएको सुनामी** निबन्धसङ्ग्रह २०६९ सालमा प्रकाशित छन् । **नवतन प्रकाश** काठमाडौंका सम्पादक **मनकामना** पृथ्वी विशेषाङ्कका सह-सम्पादक, **शैक्षिक दर्पण**, **शैक्षिक स्मारिका** चितवनका प्रधान सम्पादक र विभिन्न पत्र-पत्रिकामा शैक्षिक एवम् साहित्यिक कृतिहरु प्रकाशन गर्ने शर्मा नेपाली साहित्यमा अर्का सशक्त हस्ताक्षर हुन् । उनको **आफ्नै आँखासामु आएको सुनामी** निबन्धसङ्ग्रहमा सत्ताइस वटा निबन्धहरू सङ्गृहीत छन् ।

### ४.३.२५ दयाराम अर्याल

गोरखा जिल्लाको नारेश्वर-४, होलसिङमा लीलाधर र इन्द्रकुमारी अर्यालको गर्भबाट वि.सं २००५ साल कार्तिक २६ गते दयाराम अर्यालको जन्म भएको हो । करिब ३४ वर्ष शिक्षण पेसामा संलग्न रहेका अर्याल नारायणदास अर्याल स्मृति प्रतिष्ठान गोरखा, ताक्लुङ सरोकार मञ्च नेपालका आजीवन सदस्य, अर्याल सेवा समाज नेपालका उपाध्यक्ष पदमा सम्बद्ध रहेको पाइन्छ । अर्यालको **नवोदित पाइलाहरू** संयुक्त कवितासङ्ग्रह-२०६३, **अर्याल वंश वृत्तान्त खोज** अनुसन्धानात्मक कृति २०६७, **प्यारो गोरखा, काव्य** २०६७ सालमा प्रकाशित भएको पाइन्छ । प्यारो गोरखा काव्यमा अर्यालले सम्पूर्ण गोरखा र गोरखालीलाई शब्दचित्रमा उतारेका छन् । यसबाहेक उनका लेख रचनाहरू विभिन्न बाल पत्रिका तथा साहित्यिक पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

प्यारो गोरखा काव्य मन्दाक्रान्ता छन्दमा गोरखाका विविध पक्षको वर्णन-व्याख्या गरेर लेखिएको कृति हो । यस कृतिमा गोरखाको नामकरण, सिमाना, भौगोलिक तथा राजनीति क्षेत्र, हावापानी, खोला र नदीहरू, ताल, पोखरी र हिमशिखर, गुफा, गुम्बा, पाटी, चौतारा, पर्यटकीय क्षेत्रहरू, कोटहरू, टारहरू, खनिज, बोटबिरुवा, फलफूल, जडीबुटी, कृषि पैदावर,जीव जनावर, जातजाति, भाषा, धर्म, संस्कृति वेश-भूषा, उद्योगधन्दा, व्यापारिक केन्द्रहरू, कलासाहित्य विविध व्यक्तित्व, गौरवमय इतिहास र तीतो सत्य जस्ता विषयवस्तुलाई समावेश गरेका छन् । काव्य सूचनामूलक प्राकृतिक राजनैतिक एवम् अन्य कुराका लागि पनि ज्ञानवर्द्धक रहेको छ । उपर्युक्त कुराको पुष्टि कविका यस्ता उद्गारले गरेका छन् :

> गोर्खालीका दिलरगतले सिन्चिएको छ माटो
> ऊर्जा धेरै मलजल पुगी मौलिएको छ पाटो
> उठ्छन् झ्वाट्टै अझ पनि सबै जन्म भू यो सिँगार्न
> गाह्रो पर्दा पनि मिलिजुली कत्ति दिन्नन् बिगार्न ।

**गौरवमय इतिहास** श्लोक ३०

## ४.३.२६ हरिहर अर्याल

गोरखा जिल्ला सदरमुकाम पोखरीथोकमा वि.सं. २००६ सालमा हरिहर अर्यालको जन्म भएको हो । जीवनयापनको क्रममा फ्रान्समा पुगेका अर्याललले नेपाली साहित्यमा भने लागिरहेको पाइन्छ । उनलाई विदेशी भूमिको व्यवसायले भन्दा पनि मातृभूमिको माया र सम्झनाले सताइरह्यो, जसको फलस्वरूप उनले मातृभूमि, बन्धुजन, देशको उन्नति, प्रगति, गाउँ बस्ती, भीरपाखा र जनजीवनलाई उतार्दै साहित्यका फाँटमा पस्कने काम गरेको पाइन्छ । अर्याललले **स्वदेश तिमीलाई खोज्दछ** कवितासङ्ग्रह २०६२ प्रकाशन गरेको पाइन्छ । छन्दोबद्ध र छन्दमुक्त कविताका साथै उनको चौरासी श्लोकको लघुकाव्य पनि यसै सङ्ग्रहमा सङ्ग्रहित छ । यसरी तन विदेशमा भएपनि मन भने नेपाली साहित्यमा लगाउने अर्यालको योगदान नेपाली भाषा र साहित्यका अनुयायीका लागि प्रेरणाको स्रोत बनेको पाइन्छ । अर्यालको **स्वदेश तिमीलाई खोज्दछ** कवितामा त्रिपन्न  वटा कविता रहेका छन् जसमा छब्बीस वटा पद्य कविता छब्बीस वटा गद्य कविता र एक लघुकाव्यको सङ्कलन छ । आफ्नो जीवनयापनका क्रममा विदेसिएता पनि मातृभूमि प्रतिको अगाध मायाले भरिएर यस कृतिको रचना गरेको पाइन्छ । उनले सम्पूर्ण नेपालीलाई यसरी सम्बोधन गरेका छन् :

> जाऊ है ! युग हाँकने तरूण हो ! बोकेर लौ जाँगर
> लाऊ है ! वनकी चरी तिमी पनि सौन्दर्यको घाँगर
> रून्छिन् यी जननी अझै तरूणको उत्साह खै खै भनी
> नेपालीपन रून्छ रून्छ अति नै तारूण्य खै खै भनी ॥ [५१]

प्रस्तुत कविताका माध्यमबाट नेपाली युवा पुस्ताहरूलाई कर्मशील बन्न र देशनिर्माणको कर्तव्य पथमा लाग्नको लागि आग्रह गरिएको छ । आजका युवाहरू स्वदेश भन्दा विदेशतिर पलायन भएकाले जननीलाई पीडाबोध भएको र सब तरूण स्वदेश निर्माणमा लाग्नुपर्ने आग्रह प्रस्तुत कविताका माध्यबाट अर्याललले गरेका छन् ।

## ४.३.२७ प्रभादेवी देवकोटा कैनी

गोरखा जिल्लाको आँपपिपल-२, राउतेपानीमा वि.सं. २००८ पौष २४ गते प्रभादेवी देवकोटाको जन्म भएको हो । जन्मस्थान गोरखा भएपनि विवाहपश्चत् हाल सामाखुसी काठमाडौंमा बस्दछिन् । विद्यावारिधि सम्मको अध्ययन गरेकी देवकोटा साहित्यमा भने प्रभा कैनीका नामले प्रसिद्ध छन् । त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्ने कैनीको **अनावृत** उपन्यास २०६७ प्रकाशित भएको पाइन्छ ।

---

५१. हरिहर अर्याल, **स्वदेश तिमीलाई खोज्दछ** (काठमाडौं : दण्डपाणि अर्याल स्मृति प्रतिष्ठान), २०६२ ।

यस उपन्यासमा विशेष गरी नारी सशक्तीकरणका लागि आवाज उठाउने कैनीका उपन्यासमा पनि नारीवादी दृष्टिकोण पाइन्छ । उनले समाजमा नारीको स्थान, नारीका प्रति पुरूषप्रधान समाजको मानसिकता र स्वयं नारीको अबोलापनले कतिसम्म नेपाली नारीहरू पिरोलिएका छन् भन्ने कुरा सरल र सरस ढङ्गबाट यस उपन्यासमा प्रस्तुत गरेकी छिन् । जसले लैङ्गिक विभेदको जड पत्ता लगाउन समाजमा रहेका नारी पात्रको अवस्था र भूमिकाको सूक्ष्म रूपले चित्रण गरिएको यो उपन्यास एक लैङ्गिक विभेदको जड पत्ता लगाउने उपन्यासको रूपमा रहेको पाइन्छ ।

### ४.३.२८ होमकुमार श्रेष्ठ 'होमर'

गोरखा जिल्लाको छहरेमा वि.सं. २००८ सालमा होमकुमार श्रेष्ठको जन्म भएको हो । जीवनयापनका क्रममा विदेश बस्ने श्रेष्ठले नेपाली साहित्यमा फुटकर रचाका अतिरिक्त अनुवादात्मक र संस्मरणात्मक कृतिहरू प्रकाशित गरेको पाइन्छ । श्रेष्ठको **बुढो मान्छे र समुद्र** २०६० र **चेरीको बगैँचा** अुवादात्मक कृति प्रकाशित भएको पाइन्छ । साहित्यमा होमर नामले चिनिने श्रेष्ठका वाङ्मयिक महत्त्वको भाषा साहित्यसम्बन्धी पुस्तक पनि प्रकाशित भएका छन् । कविता र कथा लेखनतिर पनि यिनले आफूलाई प्रस्तुत गरेका छन् ।

### ४.३.२९ तुलसीमान श्रेष्ठ

गोरखा जिल्लाको च्याङली गा.वि.स.-३ मा पिता भीमनारायण श्रेष्ठ र माता मुसीमाया श्रेष्ठको गर्भबाट वि.सं. २००९ आषाढ २० गते तुलसीमान श्रेष्ठको जन्म भएको हो । स्नातकोत्तर गरेका श्रेष्ठ त्रि.विका प्राध्यापक हुन् । उनको **नेपाली लोकगीत परिचय र विश्लेषण** नामक खोजमूलक कृति वि.सं. २०७१ सालमा प्रकाशित भएको पाइन्छ । उनको यस कृतिमा लोक साहित्यको एक अभिन्न अङ्ग लोकगीतको विश्लेषणात्मक अध्ययन गरी लोकगीतका विविध विधा सोरठी, घाटु, बालुन, रत्यौली, चुड्का, ठाडोभाका, असारे, मालश्री आदिका बारेमा स्पष्ट परिभाषा र उदाहरण यस कृतिमा पाइन्छ । यस पुस्तकमा श्रेष्ठले लोकगीतको परिचय दिँदै विभिन्न विधाहरुको पनि परिचयका साथ उदाहरण प्रस्तुत गरेका छन् । यो लोकसाहित्यका दृष्टिले एक गहन कृति रहेको छ । हरि उत्कृष्ट प्रतिभा पुरुकार २०७१ बाट सम्मानित श्रेष्ठको पनि नेपाली साहित्यमा उल्लेखनिय योगदान रहेको पाइन्छ ।

## ४.३.३० जीवनराज वाग्ले

गोरखा जिल्लाको बुङकोट-६ मा वि.सं. २००९ आश्विन १५ गते जीवनराज वाग्लेको जन्म भएको हो । स्नातकोत्तर नेपाली र डिप्.इन्.एड् आदि शैक्षिक योग्यता लिएका वाग्ले बुढानीलकण्ठ स्कुल काठमाडौका शिक्षक, युनिक एकेडेमी सेकेन्डरी बोर्डिङ स्कुल, न्यू क्यापिटल कलेजका संस्थापक प्राचार्य आदि भूमिकामा रही शैक्षिक उन्नतिमा लागेको पाइन्छ । उनका दर्जनौं कथा, कविता, गीत र एकाङ्कीहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएको पाइन्छ । विभिन्न विधामा फुटकर तथा राष्ट्रियस्तरका प्रतियोगितात्मक साहित्य सम्मेलनमा प्रथम, द्वितीय र तृतीय पुस्कार र पदकद्वारा विभूषित भएको पाइन्छ ।

## ४.३.३१ रेशम विरही घिमिरे

गोरखा जिल्लाको हर्मी गा.वि.स. डाँडागोब्रेमा वि.सं. २००९ मंसिर १ गते आइतबार रेशम विरही घिमिरेको जन्म भएको हो । कोहलपुर बाँकेमा पत्रकारिता गरि हाल चितवनमा नै बसोबास गर्ने घिमिरेले नेपाली साहित्यमा **मूलाको बोक्रा र आलीमुनीको झ्याउँकिरी** गद्य कविता सङ्ग्रह २०३७, **भित्ताको रंग** गद्य कविता सङग्रह २०५७, **मंगली गुप्ताको पान** कविता सङ्ग्रह २०६०, **आधारभूत पत्रकारिता शिक्षा** पत्रकारिता पाठ्यपुस्तक २०६१, **सुन्दरवस्ती** बालकाव्य २०६९, **थाल थालमा सपना** कविता सङ्ग्रह २०६९ आदि प्रकाशित गरेका छन् । उनका पुस्तकाकार कृतिहरूले नेपाली साहित्यका क्षेत्रमा नयाँ कदम चालेको पाइन्छ । उनी नेपाली साहित्यका लेखक, निबन्धकार र पत्रकारका नामले चिनिन्छन् ।

**थाल थालमा सपना** काव्यमा ३६ वटा कविताहरू सङ्गृहीत छन् जसमा ६ वटा कविता उनका पहिले नै प्रकाशित पुस्तकका ३/३ वटा हुन् भने अन्य नयाँ रचना रहेका छन् । उनको यस कविता सङ्ग्रहले अन्य कविता सङ्ग्रहको पनि प्रतिनिधित्व गरेको पाइन्छ । घिमिरेका कवितामा विसङ्गतिबोधका साथै प्रौढ मानवीय चेतना, सौन्दर्यात्मक काव्यिक विषयवस्तु र तत्कालीन परिवेशको सपाट चित्रण भएको पाइन्छ । उनको कविताको एक अंश यसप्रकार रहेको छ : -

> पढ तिमीले मेरो अनुहार कवितामा
> हेर तिमीले मेरो आँखाको तलाउमा
> र सोध सिटामोलको चक्की र आयो नुनलाई
> कतिले हेर्छन तिम्रो अनुहार सुदूरबाट ?
> नवीन इतिहासको ऐनाभित्र
> कस्तो देखिन्छ मान्छेको जीवन ?[५२]

---

५२. रेशम विरही, *इतिहासको रचना* , **थाल थालमा सपना** (चितवन : भरतपुर मासिक, २०६९) ।

## ४.३.३२ खुसीराम पाखिन

गोरखा जिल्लाको हंसपुर-१ सिस्नेमा वि.सं. २००९ सालमा खुसीराम पाखीनको जन्म भएको हो । जनसांस्कृतिक अभियानका अभियन्ता पाखिनका **रक्त क्रान्तिका गीतहरू** २०३८, **आँसुको भाका** गीति सङ्ग्रह भाग-१, २०४७, **आँसुको भाका** गीति सङ्ग्रह भाग-२, **आँसुको भाका** गीति सङ्ग्रह भाग-३, प्रकाशित भएको पाइन्छ । यिनका गीतको एक अंश यसप्रकार रहेको छ :

ए हामी भोका छौं, हामीलाई एक पेट खान देऊ
ए हामी नाङ्गा छौं, हामीलाई एक आङ लायन देऊ
भन्दै सरकारसँग मागी हिँडने जनतालाई
यो सरकारले के के दियो बुटलाठी गोली दियो
भोका नाङगा जनतालाई ।

भोका नाङ्गा जनताको पक्षमा वकालत गर्ने पाखिन नेपाली समाजको परिवेश चित्रण गर्दै सरकारी रवैयाप्रति व्यङ्ग्यात्मक शैलीमा आफ्ना गीतहरू प्रस्तुत गर्दछन् । उनका गीतहरूले निम्नवर्गीय समाजको यथार्थता चित्रण गरेको पाइन्छ र उनी वर्गीय चिन्तनमा रमाउने एक पात्र हुन् ।

## ४.३.३३ बाबुराम पोखरेल

गोरखा जिल्लाको छोप्राक-२ मा वि.सं २०११ सालमा बाबुराम पोखरेलको जन्म भएको हो । आफ्नो जीवननै शिक्षणमा समर्पण गर्दै आएका पोखरेल बौद्धिक एवम् शिक्षाविद्का रूपमा सुपरिचित व्यक्ति हुन् । मधेसी जनाधिकार फोरमका तर्फबाट सभासद, उच्च माध्यमिक शिक्षा परिषद्का अध्यक्ष र भि. एस्. निकेतन काठमाडौका प्राचार्य भई कार्य गरेका पोखरेलको **मन त यस्तै हुनुपर्दछ** कविता सङ्ग्रह २०५४ मा प्रकाशित भएको पाइन्छ । यसका अतिरिक्त उनको थुप्रै फुटकर कविता, लेख, निबन्धहरू र विचारप्रधान लेख रचनाहरू प्रकाशित भइराखेको पाइन्छ ।

## ४.३.३४ मोदनाथ मरहट्टा

गोरखा जिल्लाको हर्मी गा.वि.स.मा वि.सं. २०१२ साल श्रावण २ मा मोदनाथ मरहट्टाको जन्म भएको हो । पेसाले शिक्षक रहेका मरहट्टा नेपाली साहित्यमा कतै एम. वटुवा, उदय गाउँले नामले पनि देखा पर्ने एक गोरखाली सशक्त हस्ताक्षर हुन् । प्रवीणता प्रमाणपत्र

तहसम्मको अध्ययन गरेका मरहट्टा आफ्ना लेख रचना प्रकाशन गर्ने मात्र नभएर सम्पूर्ण गोरखाली स्रष्टा र साहित्यको नालीवेली भन्न सक्ने एक अध्येता, सर्जक र लेख रचनाका सङ्कलकका रूपमा पनि चिनिन्छन् । नेपाली साहित्यमा दुर्लभ मानिएका सामग्री समेत उनीसँग सङ्कलित रहेको पाइन्छ ।

नेपाली साहित्यको कथा, कविता, निबन्ध, उपन्यास, व्यङ्ग्य आदि विधामा कलम चलाउने मरहट्टा एक सशक्त प्रगतिवादी साहित्यकार हुन् । उनका **पाइलाहरू शिखरतिर उकासिँदै गर्दा** २०५५, **उज्यालो जन्मनुअघि** खण्डकाव्य प्रकाशित भएको पाइन्छ । यस बाहेक थुप्रै लेख रचना, निबन्ध, व्यङ्ग्य, कविता फुटकर रूपमा प्रकाशित भएको पाइन्छ । नेपाली साहित्यमा वि.सं. २०३१ सालमा वुटवलबाट प्रकाशित पत्रिकाबाट *तुलसीको मोठ* नामक कविताबाट प्रवेश गरेका मरहट्टा **पूर्णप्रसाद स्मृति प्रतिष्ठानका** संस्थापक सदस्य, **साहित्य संगम** गोरखाका उपाध्यक्ष र **प्र.ले.स.** का केन्दीय सदस्य समेत रहेका छन् ।

नेपाली साहित्य सिर्जनाका अतिरिक्त उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ । उनले वि.सं. २०४९ सालमा प्रकाशित **जनदीप** समसामयिक संकलनको संयुक्त सम्पादन, **उत्प्रेरणा** साहित्यक मासिकको सम्पादन, **शिक्षक बुलेटिन** २०५५ को संयुक्त सम्पादन र **फूलको डोली** २०६२ को सम्पादन संयोजकको भूमिका निभाएको पाइन्छ । विभिन्न पुस्तकमा छद्म नामबाट पनि उनले लेख रचना प्रकाशन गर्ने गरेको पाइन्छ । उनले *सिस्नुको मुन्टा लोकतन्त्र र हाकिमसाब* शीर्षकमा एम. बटुवाको नामबाट **सहमत** साप्ताहिकमा व्यङ्ग्य लेख प्रकाशन गरेको पाइन्छ । [५३] यसरी विभिन्न पुस्तक तथा पत्रपत्रिकामा आफ्ना लेख रचनाहरू प्रकाशन गर्ने मरहट्टाको नेपाली साहित्यमा उल्लेखनीय योगदान रहेको पाइन्छ ।

## ४.३.३५ भीम राना जिज्ञासु

गोरखा जिल्लाको गोरखाकाली भन्ने ठाउँमा वि.सं. २०१३ सालमा भीम रानाको जन्म भएको हो । विभिन्न पत्रपत्रिकामा थुप्रै लेख रचना प्रकाशित गर्ने जिज्ञासुका **समयको माग** कथासङ्ग्रह २०४९ र **समयको आवाज** कविता सङ्ग्रह प्रकाशन भएको पाइन्छ । जिज्ञासुले

---

५३. मोदनाथ मरहट्टा, *सिस्नुको मुन्टा लोकतन्त्र र हाकिम साब*, **सहमत साप्ताहिक**, (वर्ष-१,अंक-२२) २०६३ ।

सामान्य ज्ञानका पुस्तक पनि लेखेको पाइन्छ । उनका फुटकर रूपमा कथा, कविता, निबन्ध प्रकाशित भएतापनि साधनाको क्षेत्र कविता नै रहेको पाइन्छ ।

### ४.३.३६ खनाल रेवतीरमण

गोरखा जिल्लाको मिरकोट, सानोबेसीमा वि.सं. २०१३ सालमा खनाल रेवतीरमणको जन्म भएको हो । रमण 'एप्याथी' उपनामले चिनिने खनाल नेपाली साहित्यका सशक्त हस्ताक्षर हुन् । स्नातक अध्ययन गरेका खनालका **ल्याउँ साम्यवाद** लघुकाव्य-२०४७, **कथोपकथन** कवितासङ्ग्रह २०५९, **मान्छेभित्र मान्छे खोज्दै** हाइकु सङ्ग्रह २०६१ कृतिहरू प्रकाशित भएको पाइन्छ । भृकुटी कागज कारखाना नवलपरासीका पूर्व-उपप्रबन्धक रहेका खनाल अति मीठो कविता लेख्दछन् । फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा कविता प्रकाशन गरिरहने खनाल विभिन्न साहित्यिक कार्यक्रमका आकर्षणका केन्द्रमा हुन्छन् । उनको अर्को पुस्तकाकार कृति प्रकाशोन्मुख रहेको पाइन्छ ।

### ४.३.३७ तीर्थराज अधिकारी

गोरखा जिल्लाको लप्सीबोट भन्ने ठाउँमा वि.सं. २०१४ सालमा तीर्थराज अधिकारीको जन्म भएको हो । नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका अधिकारी प्राध्यापन पेशामा संलग्न रहेका छन् । नेपाली साहित्यमा **कोही कवि केही कविता** २०४३ संयुक्त प्रकाशन, **आजको मान्छेका कविता** संयुक्त प्रकाशन, २०४५, **नयाँ युगका कविता** संयुक्त प्रकाशन भाग १-१० र **सपनामा हराएको विपना** कविता सङग्रह २०६६ आदि पुस्तकाकार कृतिहरू प्रकाशित भएको पाइन्छ । सम्पादनका क्षेत्रमा **वि.पी. गोर्खालीका कविता**को सम्पादन २०५२ सालमा गरेका अधिकारी एक सशक्त प्रतिभा हुन् ।

### ४.३.३८ भाइकाजी रानामगर

गोरखा जिल्लाको सदरमुकाम नजिकै हरमटारीमा वि.सं. २०१४ सालमा भाइकाजी रानामगरको जन्म भएको हो । अंग्रेजी विषयमा स्नातकोत्तर सम्मको अध्ययन गरेका रानाले चलनचलतीमा भने भाइकाजीको संक्षिप्त रूप बी.के. रानामगर लेख्ने गरेको पाइन्छ । रानाले खोजअनुसन्धानमूलक कृति **गोरखाली मगरहरू** २०५४ सालमा प्रकाशन गरेको पाइन्छ । नेपाली साहित्यसँग सम्बन्धित नरहेतापनि गोरखाली मगरहरूको ऐतिहासिक पृष्ठभूमिसहित विगतदेखि वर्तमानसम्मको विश्लेषण युक्त प्रस्तुति यसमा रहेकाले उनलाई

साहित्येतिहासको अध्ययनमा उल्लेख गर्नु पर्ने देखिन्छ । उनको अंग्रेजी भाषामा पनि कलम चलेको देखिन्छ ।

### ४.३.३९ वेदकुमारी न्यौपाने

धादिङ जिल्लामा वि.सं. २०१४ सालमा वेदकुमारी न्यौपानेको जन्म भएको हो । जन्मले गोरखाली नभएतापनि वैवाहिक सम्बन्धमा बाँधिएर गोरखा गाईखुर घर भएकी वेदकुमारी न्यौपाने सरकारी सेवामा संलग्न छन् । न्यौपाने नेपाली साहित्यका क्षेत्रमा एक सशक्त नारी हस्ताक्षर हुन् । उनका कथा, कविता, निबन्ध र नाट्य कृतिहरू प्रशस्त रहेका पाइन्छन् । उनको **पूर्णिमाको जुन** कवितासङग्रह, २०३६, **अर्को एउटा विद्रोह** कथासङग्रह, २०५२, **एउटा कथाको अन्त्य** पूणाङकी नाटक २०५३, **धूवाँ** उपन्यास २०५८, **विचलित वर्तमान**, नाटक २०५८ आदि पुस्तकाकार कृतिहरू प्रकाशित भएको पाइन्छ ।

सरकारी सेवामा संलग्न न्यौपानेका कवितामा नारीसुलभ कोमल विषयचयन र जीवन जगत्प्रतिको गाढा अनुराग टलपलिएको पाइन्छ । सूक्ष्म अनुभूति जीवनजगत्को अन्तरसम्बन्धको खोज र सामाजिक परिवेशप्रति तीक्ष्ण दृष्टि न्यौपानेका सिर्जनाका मूल विशेषता हुन् । उनका अन्य कृतिहरू पनि प्रकाशोन्मुख अवस्थामा रहेको पाइन्छ । न्यौपानेले नेपाली साहित्यका फाँटमा नारी स्रष्टाहरूको अल्पतालाई केही हदसम्म पूर्ण गर्ने कार्य गरेकी छन् ।

### ४.३.४० भूमिनन्द देवकोटा

गोरखा जिल्लाको मुच्चोक गा.वि.स.मा वि.सं. २०१५ सालमा भूमिनन्द देवकोटाको जन्म भएको हो । नेपाली साहित्यका क्षेत्रमा उनको यहाँ **रक्तदान भइसकेको छ** २०३८ र **सतीलाल** २०६३ जस्ता कृतिहरू प्रकाशन भएको पाइन्छ । देवकोटा समाज परिवर्तनका निमित्त छातीभरि आक्रोश, व्यथा, घृणा र अवषाद बोकेर देखापरेका छन् ।

### ४.३.४१ टङ्कनाथ अधिकारी

गोरखा जिल्लाको हंसपुरमा वि.सं. २०१६ सालमा टङ्कनाथ अधिकारीको जन्म भएको हो । नेपाली साहित्यमा कविता विधामा कलम चलाउने अधिकारीका **माटाको माया** २०५७, कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ । यस कवितासङ्ग्रहका कविताहरू भावगत सरलता र गुणात्मक रहेता पनि काव्यगत दृष्टिले केही कमजोर देखिन्छन् ।

### ४.३.४२ नवराज कट्टेल

गोरखा जिल्लाको कट्टेलडाँडा भन्ने ठाउँमा वि.सं. २०१७ सालमा नवराज कट्टेलको जन्म भएको हो । पुराण इतिहासमा आचार्य र नेपाली साहित्यमा स्नातकोत्तर गरेका कट्टेल हाल प्राध्यापन पेसामा संलग्न छन् । उनी विभिन्न कृतिहरूको सम्पादन गर्ने गर्दछन् । उनीद्वारा सम्पादित कृतिहरूमा **लछुमनियाको गौना** कथासङ्ग्रह २०५१, कथाकार **सनत रेग्मी व्यक्ति इतिवृत्त** २०५४, **नैतिकता हराएको सूचना**, निबन्धसङ्ग्रह २०५५, **विवरणात्मक ग्रन्थकोश** २०६०, **नेपाल शिक्षक सङ्घको इतिहास** आदि रहेका छन् ।

उपर्युक्त सम्पादनका अतिरिक्त कट्टेलले **जयतु संस्कृतम्, अरूणोदय, गुञ्जन, उत्सर्ग, गोरखा-गौरब, गोरखा-वाङ्मय, जयतु संस्कृतम्** कवितासङ्ग्रह, **संस्कृतमा के छ ? शिक्षक आवाज** आदिको पनि सम्पादन गरेका छन् । उनका समालोचना सङ्ग्रह, कवितासङ्ग्रह, **अम्बिकाप्रसाद अधिकारीको व्यक्तित्व र कृतित्वको अध्ययन** प्रकाशनको तयारीमा रहेका छन् । उनका विभिन्न पत्रिकामा लेख, रचनाहरू छापिएका र राष्ट्रिय स्तरका साहित्यिक पुरस्कारबाट सम्मानित भएको पाइन्छन् ।

### ४.३.४३ चूडा ढकाल

गोरखा जिल्लाको थालाजुङमा वि.सं. २०१८ चैत्र ५ गते चूडा ढकालको जन्म भएको हो । विज्ञान विषयमा स्नातकोत्तर सम्मको अध्ययन गरेका ढकाल त्रि.वि.मा प्राध्यापन गर्छन् । उनको नेपाली साहित्यमा **समुद्रमा एक थोपा** कवितासङ्ग्रह, २०५७ र **देश बिरामी हुँदा** हाइकु सङ्ग्रह २०५७ प्रकाशित भएको पाइन्छ । नेपाली साहित्यको कविता विधामा कलम चलाउने ढकालको योगदान पनि उल्लेख्य देखिन्छ ।

### ४.३.४४ सीता अर्याल

तनहुँ जिल्लामा वि.सं. २०१८ सालमा सीता अर्यालको जन्म भएको हो । वैवाहिक बन्धनमा बाँधिएर गोरखा सदरमुकाम पोखरीथोककी स्थायी बासिन्दा अर्यालले नेपाली साहित्यमा कथा विधाको क्षेत्रमा कलम चलाएकी छिन् । अर्यालको **मृगतृष्णा** २०६० र **उपमा** २०६३ कथासङ्ग्रह प्रकाशित भएको पाइन्छ । अर्याल एक सामाजिक कथाकार हुन् । उनका कथामा सामाजिक विषयवस्तु, गाउँ, सहर, व्यक्ति, समाज, नारी, पुरूष, सासु-बुहारी, पति-पत्नी, आमाबुबा र छोराछोरीका आदर्श अनादर्श चित्रण भएको पाइन्छ । अर्यालको संयुक्त

कथासङ्ग्रह **पुस्तान्तर**मा *दुःखी आत्माराम, पातेदिदी* र *शंका* नामक कथाहरू प्रकाशित भएका छन् । उनका कथामा सामजिक विषयवस्तु, प्रेम, दया माया करूणा आदिका भावहरू छताछुल्ल पारिएका हुन्छन् । समाजका विविध वर्गका पात्र लिएर पात्रगत सहजता उनका कथामा पाइन्छन् ।

उनका पुस्तकाकार कृतिका प्रकाशनका अतिरिक्त पुस्तक तथा पत्रिका सम्पादन पनि गर्ने गरेको पाइन्छ उनको संयुक्त सम्पादनमा **दण्डपाणि अर्याल स्मृतिग्रन्थ २०६३, ज्ञानविन्दु-१**, र प्रधान सम्पादकत्वमा **तीज,** (**२०६३,२०६४,२०६६**) प्रकाशन गरेको पाइन्छ । भारत बेलायत कतार, जर्मनी र फ्रान्सको भ्रमण गरेकी अर्यालले छिम्केश्वरी युवा क्लब बन्दीपुर तनहुँद्वारा आयोजित कविता प्रतियोगितामा **प्रथम पुस्कार** २०३७, **हरि उत्कृष्ट प्रतिभा पुरस्कार २०६२** आदि पुस्कार प्राप्त गरेकी छन् ।

### ४.३.४५. धनञ्जय भट्ट

गोरखा जिल्लाको मसेलमा वि.सं. २०१८ सालमा धनञ्जय भट्टको जन्म भएको हो । नेपाली साहित्यमा कथाका क्षेत्रमा कलम चलाउने भट्टले **अतीत यात्रा** कथासङ्ग्रह २०५४ मा प्रकाशन गरेको पाइन्छ ।

### ४.३.४६ नारायणप्रसाद पोखरेल

गोरखा जिल्लाको मनकामना गा.वि.स. बनौतीमा पिता पद्मविलास पोखरेल र माता हेमकुमारी पोखरेलको गर्भबाट वि.सं. २०२० सालमा नारायणप्रसाद पोखरेलको जन्म भएको हो । पेसाले शिक्षक रहेका पोखरेलले नेपाली साहित्यको क्षेत्रमा आधा दर्जन पुस्तकाकार कृति प्रकाशन गरेका छन् । उनका थुप्रै फुटकर लेख रचना पनि प्रकाशित भएको पाइन्छ । उनका पुस्तकाकार कृतिहरूमा **तीजको गीत** गीतिसङ्ग्रह-२०५९, **तालिमको सिलसिलामा** कविता-२०६०, **टोपी** कविता सङ्ग्रह-२०६२, **मर्स्याङदी** खण्डकाव्य-२०६३, **प्रतिबिम्ब** काव्य-२०६५, **अमर गाथा** महाकाव्य -२०६७, **कलमको आँशु** काव्य-२०७१ रहेको पाइन्छ । आधा दर्जन भन्दा बढी क्षेत्रीय स्तरका पुरस्कार प्राप्त गरेका पोखरेल साहित्य सङ्गम, गोरखा र प्रलेस गोरखाका संलग्न रहेको पाइन्छ ।

कवि पोखरेलका कवितामा विषयगत विविधता पाइन्छ । यस सङ्ग्रहका कविताहरूमा राष्ट्रिय भाव, स्वसंस्कृतिप्रतिको अनुराग, प्रकृतिवर्णन, शाश्वत सत्यको अभिव्यक्ति, अग्रजप्रति

कृतज्ञता, वर्तमान हत्या हिंसाको विरोध साथै सामाजिक आर्थिक भेदभावजन्य विकृति विसङ्गतिको चित्रण र त्यसप्रतिको आक्रोश मूलभूत विषयवस्तुका रूपमा आएका छन् । नेपालीहरूको राष्ट्रिय पहिचानका रूपमा रहेको टोपीको महत्त्वलाई दर्साउँदै यसप्रतिको आफ्नो माहलाई कविले यसरी व्यक्त गरेका छन् :-

पाखे भइन्न कहिल्यै निज भेष बोकी
मानिन्छ सभ्य शिरमा त लगाइ टोपी
हो सान यो मुलुकको पहिचान टोपी
सम्झेर यै म त सदा पहिरन्छु टोपी ॥ [५४]

## ४.३.४७ शीतल गुरूङ (श्रेष्ठ)

गोरखा जिल्लाको छोप्राक गा.वि.स चित्रेमा पिता सुबेदार मानवहादुर गुरूङ र माता लालमाया गुरूङको गर्भबाट वि.सं. २०२५ साल मंसिर २१ गते शीतल गुरूङको जन्म भएको हो । स्नातक सम्मको अध्ययन गरेकी श्रेष्ठका विभिन्न पत्रपत्रिकामा गीत गजलहरू प्रकाशित भएको पाइन्छ । उनी चितवन साहित्य परिषद्को आजीवन सदस्य, अभिव्यञ्जना साहित्य परिषद्को आजीवन सदस्य, द रेयुकाई नेपालको सदस्य, नारी उत्थान केन्द्र चितवनको सदस्य रहेकी छन् । उनको **सुगन्धयात्रा** गीत-गजल सङग्रह र फुटकर कथा निबन्ध कविता र संस्मरण प्रकाशोन्मुख रहेका छन् । साहित्यिक नाम शीतल कादम्बिनी ले पनि चिनिने श्रेष्ठको मुख्य क्षेत्र गायन हो उनको स्वरमा थुप्रै गजलहरू गाइएका छन् उनको स्वरमा गाइएको गजलको एक अंश यस प्रकार रहेको छ :

कहाँ थियौ तिमी रङ्मञ्च उठेपछि आयौ
समयले जवानी यो लुटेपछि आयौ

## ४.३.४८ फणीन्द्रराज देवकोटा

गोरखा जिल्लाको आँपपिपल-२ राउतेपानीमा वि.सं. २०२५ सालमा फणीन्द्रराज देवकोटाको जन्म भएको हो । उनले कृषि समाजशास्त्रमा विधवारीधि गरेका र हाल सरकारी सेवा गर्दै छन् । उनको **मनाङ** नियात्रा २०६९ र **कस्मिरतिर** २०७० सालमा प्रकाशित भएको पाइन्छ । **मनाङ** नियात्रामा चितवनको भरतपुरदेखि लमजुङ-मनाङ हुँदै हिन्दुहरूको पवित्र धार्मिकस्थल

---

५४. नारायणप्रसाद पोखरेल, **टोपी**, (काठमाडौं : देउराली अफसेट प्रेस प्रा.लि. २०६२), पृ.७२ ।

मुक्तिनाथसम्मको यात्रा गर्ने सिलसिलामा भोगेका र अनुभव गरेका विषयवस्तुलाई उजागर गरिएको छ । पैदलयात्राका क्रममा भोगेका अनुभवलाई बाह्र अध्यायमा विभाजित गरी मनाङ पदमार्गको र अन्नपूर्ण संरक्षण क्षेत्रको चित्र प्रस्तुत गरिएको यो पुस्तक यात्रा साहित्यको एक उल्लेखनीय कडीका रूपमा रहेको देखिन्छ । उनको **हिमशिखर** महाकाव्य प्रकाशोन्मुख छ ।

## ४.३.४९ राजुबाबु श्रेष्ठ

गोरखा जिल्लाको गोरखा नगरपालिका ४ तीनधारे भन्ने ठाउँमा वि.सं. २०२५ जेष्ठ २७ गते राजुबाबु श्रेष्ठको जन्म भएको हो । स्नातकोत्तर सम्मको अध्ययन गरेका श्रेष्ठले नेपाली साहित्यका गीत कविता, कथा, निबन्ध लगायत थुप्रै लेख रचनाहरू प्रकाशन गरेको पायन्छ । विभिन्न देशको  भ्रमण गरी बटुलेका अनुभवलाई यिनले आफ्नो सिर्जनामा समावेश गराएका छन् । यिनी प्रहरी सेवामा लागेका एक प्रतिभाशाली गोरखाली स्रष्टा हुन् ।

श्रेष्ठ नेपाली साहित्यमा नौरङ्गी भाव लिएर  देखा परेका छन् । श्रेष्ठको एउटै कथासङ्ग्रह **मारिनोसेलोको जून** २०६३ मा देश, विदेश, प्रेम, पीडा, समाज, मनोविज्ञान, मानव, मानवेवतरका कथाका माध्यमले एउटा जीवनका अनेक पाटा र क्षणको चित्रण हुन पुगेको पाइन्छ । यस सङग्रहमा सङ्ग्रहित पन्ध्र वटा कथाले पन्ध्र प्रकारको अनुभूति प्रकट गरेको पाइन्छ । शान्ति स्थापनाका निमित्त पश्चिमा मुलुकमा बस्दाका अनेक अनुभूति, गृहयुद्धका जातीय विद्वेष र विप्लवका रङ्गी-विरङ्गी अनुभूति यी कथामा प्रकट भएको पाइन्छ । मान्छेले पशुप्रेमका नाउँमा गर्ने ज्यादतीदेखि युवायुवतीका न्याना अन्तरएषणा समेत प्रकट गरेर श्रेष्ठले आफूलाई सामाजिक विविधताका कथाकारका रूपमा उभ्याएका छन् ।

श्रेष्ठ देशको विकास निर्माण र शान्ति सुरक्षाका अतिरिक्त देशमा प्राकृतिक समस्याको महिमागान गर्दै कतिपय कवितामा युवासुलभ प्रेम-पिरतीका सुस्केरा सुसेल्न पुगेका भेटिन्छन् । सहरी सभ्यताका सीमा र ग्राम्य रीतिका गहनीय पक्षको उद्गार उनका कवितामा पाइन्छ । देशमा हत्या, हिंसाले जगर फैलाएका बेला देशै दुखेको अनुभव श्रेष्ठले गरेका छन् । भोक र दुःखाइलाई पटक-पटक पुनरावृत्ति गराएर कविले वर्तुलाकार ढाँचामा सिर्जनाका साथै कवितालाई भावसघन बनाएको पाइन्छ । कतिपय कवितामा भने पुनरूक्तिका माध्यमले व्यङग्य, विषाद र छटपटी सिर्जना गरी प्रगीतात्मकताको प्राप्ति भएको पाइन्छ । कवि श्रेष्ठ कल्पना, भाव, भणिति र नवप्रविधि कौशलयुक्त कविका रूपमा उदाउँदै गरेको स्वीकार्न सकिन्छ ।

प्रहरी र साहित्य चाहिँ प्रहरी द्वैमासिकका आधारमा आधा शताब्दीभन्दा बढी समयका कलमवीर प्रहरीका सिर्जनालाई आधार बनाएर पस्तुत गरिएको समीक्षात्मक पुस्तक हो । यसमा आधार प्रहरी द्वैमासिक भएपनि विषय व्यापक बनेर प्रस्तुत भएको पाइन्छ । श्रेष्ठको दृष्टि, सीप र कल्पनाको त्रिकोणात्मक संयोजनले नेपाली भाषा साहित्यलाई अझै गहकिला कृति प्रदान गर्ने आशा गर्न सकिन्छ ।

## ४.३.५० गीता रेग्मी

लम्जुङ जिल्लामा वि.सं. २०२७ साल फाल्गुन १२ गते पिता तीर्थराज रेग्मी र माता चन्द्रकला रेग्मीको गर्भबाट गीता रेग्मीको जन्म भएको हो । समाजशास्त्रमा स्नातकोत्तर सम्मको अध्ययन गरेकी रेग्मी वैवाहिक वन्धनमा बाँधिएर गोरखा नगरपालिका आएकी हुन् हाल उनी काठमाडौमा बस्दछिन् । उनको **परिचय** नामक कथासङ्ग्रह र **पुस्तान्तर** संयुक्त कथासङ्ग्रह प्रकाशित भएको पाइन्छ । उनले **तीज** २०६५ को सम्पादन गरेको पाइन्छ । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा फुटकर लेख, रचना पनि प्रकाशित भएको पाइन्छ ।

पुस्तान्तरमा उनको *नयाँ नेपालको एउटा पाटो, असुरक्षित अस्मिता, विदेशीको पीडा* नामक कथाहरू प्रकाशित भएको पाइन्छ ।

## ४.३.५१ नमूना शर्मा

गोरखा जिल्लाको सदरमुकाम पोखरीथोकमा वि.सं. २०२७ फाल्गुन २५ गते नमूना शर्माको जन्म भएको हो । नेपाली विषयमा स्नातकोत्तर गरेकी शर्मा हाल शिक्षण पेसामा कार्यरत छिन् । उनका फुटकर गीत, गजलका साथै पुस्तकाकार कृतिहरू **कुरीतिलाई फालौं भाग-१** २०६२, **कोसेली** २०६४, **उन्मुक्तिका पाइलाहरू** २०६७ मा प्रकाशित भएको पाइन्छ । साहित्य सङ्गम चितवनको सचिव र अभिव्यञ्जना साहित्य प्रतिष्ठान चितवनमा संलग्न रहेकी शर्मा एक सशक्त नारी हस्ताक्षर हुन् ।

## ४.३.५२ विष्णुहरि अर्याल

गोरखा जिल्ला नारेश्वर-४, होलसिङ्मा वि.सं. २०२७ साल वैशाख १९ गते विष्णुहरि अर्यालको जन्म भएको हो । उनले नेपाली साहित्यमा **सँगालो** नामक पुस्तकाकार कृति प्रकाशन गरेको पाइन्छ भने फुटकर रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ । **सँगालो** भित्र नेपाली साहित्यका सम्पूर्ण विधाहरूको विधागत चिनारी र उदाहरण प्रस्तुत गरिएको पाइन्छ ।

## ४.३.५३ रामप्रसाद खनाल

गोरखा जिल्लाको तान्द्राङ गा.वि.स. २ मा पिता नन्दप्रसाद खनाल र माता गणेशकुमारी खनालको गर्भबाट वि.सं. २०२८ भाद्र २ गते रामप्रसाद खनालको जन्म भएको हो । हाल स्थायी रूपमा आरूपोखरी-८ मा बस्ने खनालले नेपाली विषयमा स्नातकोत्तर सम्मको अध्ययन गरेका छन् । पेसाले शिक्षक रहेका खनालले विभिन्न पत्रपत्रिकाको सम्पादन गर्ने गरेको पाइन्छ । उनको पुस्तकाकार कृति **मलाई आन्दोलित भूगोल** २०६८ सालमा प्रकाशित भएको पाइन्छ । यस कवितासङ्ग्रह विविध भाव, बिम्ब, विचार रस र अलङ्कार बाट सजिएको गद्य पद्य र गीति कविताको सम्मिश्रण भएका तीस वटा कविताहरू सङ्ग्रहित भएको पाइन्छ । उनले कविताका माध्यमबाट विदेशिएका दाजुभाइलाई जन्मस्थान फर्कन यसरी आग्रह गरेका छन् :–

तान्द्राङ आरू प्रिय छ ममता गण्डकीको समेत
मेरा प्यारा सुजनहरू हो, जन्मनाता नमेट
सेरोफेरो हरित वनका फेदमा खेत फाँट
गङगाजीका वगरवगरै आउनू आरूघाट । [५५]

## ४.३.५४ विजयभक्त उपाध्याय

गोरखा जिल्लाको नारेश्वर-५, चिसापनीमा वि.सं. २०२८ सालमा विजयभक्त उपाध्यायको जन्म भएको हो । स्नातक सम्मको अध्ययन गरेका उपाध्यायले नेपाली साहित्यमा **विजयका गजल २०५४**, **असफलता** निबन्धसङ्ग्रह, **तीतो विजय** लघुकथा सङ्ग्रह प्रकाशन गरेको पाइन्छ । *शून्य आकाश* नामक कविताबाट नेपाली साहित्यमा उदाएका विजयको नेपाली साहित्यको गजल विधामा कलम चलाएको पाइन्छ । उनको २०५४ सालमा प्रकाशित विजयका गजल नामक सङ्ग्रहमा जम्मा जम्मी अठारवटा गजल सङगृहीत छन् जुनमा उनको गजकारीताको सुन्दर सम्भावना झल्किएको पाइन्छ । उनको गजलको एक अंश यसप्रकार रहेको छ :-

फूल रहे पातहरू झरेर के भयो ?
लक्ष्य जीवित रहे शरीर मरेर के भयो ?

(विजयका गजल-१)

---

५५. रामप्रसाद खनाल, **मलाई आन्दोलित भूगोल**, (गोरखा : स्नेहा प्रिन्टिङ प्रेस), २०६८, पृ. १ ।

## ४.३.५५ अन्जान विरही

गोरखा जिल्लाको बगुवा रिट्टेपानीमा वि.सं २०३० असोज १७ गते अन्जान विरहीको जन्म भएको हो । विरहीको **अन्जान विरहीका कथा** नामक कथासङ्ग्रह प्रकाशित भएको पाइन्छ । साथै उनका फूटकर रूपमा थुप्रै लेख रचना र कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

## ४.३.५६ केशरी अम्गाई

गोरखा जिल्लाको पाँचखुवा देउराली भन्ने ठाउँमा वि.सं. २०३० सालमा केशरी अम्गाईको जन्म भएको हो । उनको **युद्धक्षेत्र** उपन्यास २०५६, **सपनाको दाहसंस्कार** २०६८ र **सुकेको मुढो** कथासङ्ग्रह २०६० सालमा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना र अनुवादात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

**सुकेको मुढो** कथासङ्ग्रह आम उत्पीडित पात्रहरूको प्रतिनिधित्व गर्दै लेखिएको सङ्ग्रह हो । जम्मा ८ वटा कथाहरू सङ्गृहीत छन् र सबै कथाले निम्नवर्गीय ग्रामीण पात्रलाई टिपेर उनीहरूकै मनोदशालाई केन्द्रमा राख्दै विषयवस्तुको चित्रण गरेका छन् । नेपाली समाजमा कथित उपल्लो वर्गका मानिस र उनीहरूको जीवनशैली, चालचलनको चित्रणका लागि ग्रामीण दयनीय पात्रको प्रयोग गर्दै कथामा जीवन्तता दिएको पाइन्छ । उनको कथाको एक अंश यस प्रकार छ :

> "रामु तँलाई आज के भएको छ, भात हिमाल भइसक्यो' आमाको हकारेको आवाजले उ यथार्थ धरातलमा आउँछ 'ए हो त उ खाना खान पो बसेको थियो ।"[५६]

यसरी निम्न वर्गीय पात्रहरू विद्यमान घटनाक्रमलाई लिएर सोचमग्न हुने, विद्रोह लागिहाल्न पनि नसक्ने र मानसिक रूपमा वैमनस्य प्रस्तुत गर्ने तत्कालीन परिवेशको यथार्थ चित्रण यस कथामा कथाकार अम्गाईले गरेको पाइन्छ ।

## ४.३.५७ लेखनाथ न्यौपाने

---

५६. केशरी अम्गाई, *विवशता,* **सुकेको मुढो**, (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.), २०६०, पृ. ३३ ।

गोरखा जिल्लाको हर्मी गा.वि.स-८ हर्मी भञ्ज्याङमा वि.सं. २०३० सालमा कुवेरदत्त न्यौपाने र सरस्वती न्यौपानेको गर्भबाट लेखनाथ न्यौपानेको जन्म भएको हो । स्नातकोत्तर सम्मको अध्ययन गरेका न्यौपानेको साहित्यिक नाम प्रेमसुधा हो । विभिन्न देशको भ्रमण गरेका न्यौपानेको **प्रतिबन्धित कलम** २०६०, **शैक्षिक हड्ताल** २०६१, **अखिल ज्ञान, तिमी अमर भयौः मेरो मुटु चुडियो** २०६३, **शिक्षा र राजनीति** २०६३, **चिठ्ठीमा जनयुद्ध, विद्यार्थी आन्दोलनमा बाइस वर्ष, शैक्षिक पुनर्संरचनाको वहस** २०६७ सालमा प्रकाशित भएको पाइन्छ । न्यौपानेले थुप्रै कृतिहरूको सम्पादन पनि गरेको पाइन्छ । उनका सम्पादित कृतिहरूका **बन्दी आवाज** २०५३, **पर्खाल भित्रका सिर्जनाहरू** २०५७, **प्रतिवेदन सङ्ग्रह, अजम्बरी हस्ताक्षर** २०६४, **प्रचण्ड शिक्षा र राजनीति पुस्तक** २०६७, **सङगीन २०५३-२०५४** र २०६०-२०६२, **राज्यद्वारा वेपत्ता योद्धा, राजेन्द्र ढकाल सम्मान र सम्झना** २०६८ आदि रहेका छन् ।

## ४.३.५८ विकलचन्द्र आचार्य

गोरखा जिल्ला सदरमुकाम धारापानीमा पिता रामचन्द्र आचार्य र माता सुशिला अचार्यका गर्भबाट वि.सं. २०३० फागुपूर्णिमाका दिन विकलचन्द्र आचार्यको जन्म भएको हो । ए लेभल देखि एम.वि.ए गरेका आचार्य हाल वेलायतमा बस्दछन् । उनको **लण्डनमा मुटु दुख्दा** वि.सं. २०६४, **कोरोनरी मुटुरोग** वि.सं. २०६७, **वेलायती आँगनमा गोरखाली सुवास** वि.सं. २०६८ र **मोह** उपन्यास २०७० प्रकाशित भएका छन् । हरि उत्कृष्ट प्रतिभा पुरस्कार २०७० बाट सम्मानित आचार्य विदेशमा बसेर नेपाली साहित्यलाई माया गर्ने गोरखाली प्रतिभा हुन् ।

## ४.३.५९ शिब अप्रिय (उप्रेती)

गोरखा जिल्लाको धुवाँकोट-८, सेरामा वि.सं. २०३३ चैत्रमा शिब उप्रेतीको जन्म भएको हो । साहित्यमा अप्रिय उपनामले आफ्ना लेख रचना प्रस्तुत गर्ने शिब उप्रेती हाल सबैका प्रिय भएकाले अप्रिय लेख्न नपर्ने बताउँछन् । उनले १८६ औं भानु जयन्तीको अवसरमा आयोजित कविता प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गरेर साहित्य सिर्जनामा प्रोत्साहित भई लागेको पाइन्छ । उनले विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूको सम्पादन गर्ने गरेको पाइन्छ । हाल च्वाइस एफ् एम्मा साहित्यिक कार्यक्रम प्रस्तुत गर्ने उप्रेतीले **जमघट** संयुक्त

कवितासङ्ग्रह प्रकाशन गरेको पाइन्छ । उनको *अभिशप्त जन्म* नामक कविता **जमघट**मा प्रकाशित भएको पाइन्छ ।

### ४.३.६० नारायण श्रेष्ठ

गोरखा जिल्लाको घ्याल्चोक-८ मा वि.सं. २०३५ फाल्गुनमा नारायण श्रेष्ठको जन्म भएको हो । पत्रकारिता क्षेत्रमा संलग्न श्रेष्ठको कविता *कविता सम्झेर एक रात* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । श्रेष्ठको **पार्थीव तस्वीर** कवितासङ्ग्रह २०६० र **साक्षी** कवितासङ्ग्रह २०६७ सालमा प्रकाशित भएको पाइन्छ ।[५७] उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ । श्रेष्ठ **कान्तिपुर पत्रकारिता पुरस्कार २०५७** र **अन्तर क्याम्पस स्तरीय कविता प्रतियोगिता २०५७** मा प्रथम पुरस्कारद्वारा सम्मानित भएको पाइन्छ ।

### ४.३.६१ सुरेन्द्र देवकोटा

गोरखा जिल्ला आँपपिपल गा.वि.स-२, राउतेपानीमा वि.सं. २०३६ सालमा सुरेन्द्र देवकोटाको जन्म भएको हो । विभिन्न पुस्तक पत्रपत्रिकाको सम्पादनका साथै पत्रकारिता गर्ने देवकोटाको **गजल सङ्ग्रह** २०६१ मा प्रकाशित भएको पाइन्छ । उनको सम्पादनमा **पुस्तान्तर** संयुक्त कथासङ्ग्रह प्रकाशित भएको पाइन्छ । उनको *म सीयो खोजिरहेछु* कविता **जमघट**मा प्रकाशित भएको पाइन्छ । हाल गोरखामा सञ्चारकर्मीको भूमिकामा रहेका देवकोटाले गोरखाली स्रष्टालाई नेपाली साहित्यको मूल धारमा ल्याउन उल्लेखनीय भूमिका खेलेको पाइन्छ । देवकोटाले विभिन्न पत्रपत्रिकाको पनि सम्पादन गर्ने गरेको पाइन्छ उनले **स्पन्दन** मासिक र **चिहान** मासिकको सम्पादन र प्रकाशन गरेको पाइन्छ ।

### ४.३.६२ प्रकाश बाबु थापा

गोरखा जिल्लाको बुङकोटमा वि.सं. २०३८ सालमा प्रकाश बाबु थापाको जन्म भएको हो । साहित्यमा प्रकाशपुञ्ज नामबाट परिचित थापाको *विधवा समय* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ । थापा **बृहत् कवि गोष्ठी २०५८** मा प्रथम पुरस्कारद्वारा सम्मानित भएको पाइन्छ ।

---

५७. https://madanpuraskar.org/view_books_written.php?author नारायण श्रेष्ठ ।

## ४.३.६३ नरेश ढकाल "युगीनज्वलन"

गोरखा जिल्लाको आँपपिपल-८ मा पिता शिवप्रसाद र माता मालतीको गर्भबाट वि.सं. २०४० असार २३ गते नरेश ढकाल "युगीनज्वलन"को जन्म भएको हो । विद्यार्थी जीवनदेखि नै साहित्यमा रूचि राख्ने युगीनज्वलनको नेपाली साहित्यमा **नारीको चित्कार** कविता सङ्ग्रह २०६० सालमा प्रकाशित भएको पाइन्छ । वि.सं. २०५४ देखि कविता लेखन आरम्भ गरेका युगीनज्वलनको *नबासून बिहानीमा भालेहरू* र *नारी मोह* सामुदायिक रेडियो सगरमाथाबाट सङ्गीत सरोबर अन्तर्गत सर्जक स्तम्भमा २०६०-०५-०६ गते सस्वरवाचन हुनुका साथै अन्य फुटकर रचनाहरू, विभिन्नि पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनको **नारीको चीत्कार** कविता सङ्ग्रह भित्र ५७ वटा कविताहरू सङ्गृहीत छन् जुन कवितामा तत्कालीन नेपाली समाजको चित्रण गरिएको पाइन्छ । समाजमा रहेका तल्ला वर्गको प्रतिनिधित्व, नारीको चित्रणका साथै प्रकृतिको पुजा पनि ठाउँ-ठाउँमा गरेको पाइन्छ । कविले आफ्नो जन्मभूमि गोरखाको सम्झना यसरी गरेका छन् :

प्रकृति छटाले भरिएकी पहाडी परी
सौन्दर्य ओकल्दछ्यौ कहाँबाट घरी घरी
मोहित भई लट्ठ अनि मखख छन् तिम्रै सन्तति
विश्वमा अघि लम्कँदै छन् वीर बनी गोर्खाली
तिमी नै हो मेरो सुन्दर मातृभूमि गोरखा ।[५८]

## ४.३.६४ कृष्णप्रसाद पोखरेल

गोरखा जिल्लाको हर्मी गा.वि.स-४, निभारेमा वि.सं. २०४३ सालमा योगप्रसाद पोखरेल र धनमाया पोखरेलको गर्भबाट कृष्णप्रसाद पोखरेलको जन्म भएको हो । नेपाली विषयमा स्नातकोत्तर गरेका पोखरेल शिक्षण पेसामा संलग्न छन् । उनी स्याङजा साहित्य प्रतिष्ठानका आजीवन सदस्य रहेका छन् । उनको *सुशीला भाउजु* कथा **रजस्थल** साहितियक पत्रिकामा र *राष्ट्रिय विभूति भानु* शीर्षकमा विश्लेषणात्मक लेख **रजस्थल** भानु विशेषाङ्कमा प्रकाशित भएको पाइन्छ । साथै अन्य कथा र विश्लेषणात्मक लेख-रचनाहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ । उनको **मनको वह** कथासङ्ग्रह प्रकाशोन्मुख रहेको पाइन्छ ।

---

५८. नरेश ढकाल, *गोरखा,* **नारीको चीत्कार,** (काठमाडौं : किशोर अफसेट प्रेस, २०६०) पृ १५ ।

### ४.३.६५ सरोजचन्द्र पोखरेल

गोरखा जिल्लाको हर्मी गा.वि.स-४, निभारेमा वि.सं. २०४४ फाल्गुन ११गते पिता रामचन्द्र पोखरेल र माता पम्फा पोखरेलको गर्भबाट सरोजचन्द्र पोखरेलको जन्म भएको हो । स्नातक सम्मको अध्ययन गरेका पोखरेल हाल सशस्त्र प्रहरी बलमा कार्यरत छन् । उनको **उसको यादमा बल्भिएको मेरो पीडा** भावनात्मक कवितासङ्ग्रह २०६७ सालमा प्रकाशन भएको पाइन्छ ।

### ४.३.६६ राजेश्वर रेग्मी

गोरखा जिल्लाको मनकामना-६, बनौतीमा वि.सं. २०४४ साल श्रावण ४ गते पिता शिवप्रसाद रेग्मी र माता पार्वतीका गर्भबाट राजेश्वर रेग्मीको जन्म भएको हो । नेपाली साहित्यको कविता विधामा कलम चलाउने रेग्मीको **गुराँस** नामक कविता सङ्ग्रह २०५९ सालमा प्रकाशित भएको पाइन्छ ।

### ४.३.६७ अनिल पोखरेल

गोरखा जिल्लाको छोप्राक गा.वि.स.-२, थुम्कीमा वि.सं.२०४७ साल आषाढ २१ गते अनिल पोखेलको जन्म भएको हो । विद्यार्थी जीवनदेखिनै साहित्य सिर्जनामा संलग्न पोखेलको **फूल बाल कविता** सङ्ग्रह २०६० सालमा प्रकाशित भएको पाइन्छ । उनले **विवेक** सिर्जनशील पत्रिकाको प्रकाशन समेत गरेको पाइन्छ । मनास्लु पब्लिक स्कुल काठमाडौंमा कक्षा सातमा अध्ययन गर्दा गर्दै पोखेलले फूल कवितासङ्ग्रह प्रकाशन गरेको पाइन्छ । यस सङ्ग्रहमा २४ वटा कविताहरू सङ्ग्रहित रहेका छन् । यस सङ्ग्रहभित्रको फूल कविताको एक अंश यस प्रकार रहेको छ :

> वसन्तको आगनमा मुस्कुराउने फूल
> बगैंचामा नाचिरहने रङगीचङगी फूल
> हेरी राखे साथीहरू भमराको हुल
> सबैकोनै साथी साथी हो यो कति राम्रो फूल । [५९]

### ४.३.६८ मोदनाथ खनाल

गोरखा जिल्लाको तान्द्राङमा मोदनाथ खनालको जन्म भएको हो । उनको जन्ममिति भने अप्राप्त छ । पेसाले प्राध्यापक मोदनाथ खनाल २०६१/६२ को जनआन्दोलनमा निकै सक्रिय

---

५९. अनिल पोखेल, **फूल,** विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौ, २०६०, पृ १४ ।

भई संलग्न भएका र सरकारका दैनिक क्रियाकलाप २०६२ सालका घटनाक्रमलाई डायरीमा टिपी २०६३ सालमा प्रकाशनमा गरेको पाइन्छ । उनको **२०६२ को दैनिक डायरी** नामक कृति २०६३ सालमा प्रकाशन भएको पाइन्छ । यसले डायरी लेखन साहित्यलाई अगाडि बढाउनुका साथै नेपाली साहित्यमा नयाँ प्रवृत्तिको वीजारोपण गरेको पाइन्छ ।

### ४.३.६९ सरू थापा

गोरखा जिल्लामा जन्मेकी सरू थापाको **मान्छे बोल्छ, बोल्छ मान्छे** कथासङ्ग्रह २०३७ र **सीमारेखा** उपन्यास २०५० सालमा प्रकाशित भएको पाइन्छ ।

### ४.३.७० उमा भूजेल

गोरखा जिल्लाको हंसपुरमा उमा भुजेलको जन्म भएको हो । उनको **बन्द पर्खालदेखि खुल्ला आकाश** सम्म संस्मरणात्मक कृति २०६३ सालमा प्रकाशित भएको पाइन्छ ।

### ४.३.७१ लक्ष्मी अधिकारी

गोरखा जिल्लाको हंसपुर काफलडाँडामा जन्मिएकी लक्ष्मी अधिकारी नेपाली साहित्यमा एक सशक्त हस्ताक्षर हुन् । उनको चेलीको आवाज नामक कृति २०५६ सालमा प्रकाशित भएको पाइन्छ ।

### ४.३.७२ रमेश धिताल

गोरखा जिल्लाको खरीबोटमा रमेश धितालको जन्म भएको हो । धितालको एउटा गीत सङ्ग्रह **गाउँ गाउँ जस्तो छैन सहर सहर जस्तो छैन** शीर्षकमा प्रकाशित भएको पाइन्छ । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा उनका फुटकर रचना पनि प्रकाशित भएको पाइन्छ ।

### ४.३.७३ केदार कुशल

गोरखा जिल्लाको आरूधारापानीमा पिता रूद्रप्रसाद खनाल र माता रेम कुमारी खनालको गर्भबाट केदार खनाल कुशलको जन्म भएको हो । राष्ट्र उत्थान साहित्य समाज, चितवनका अध्यक्ष र वाल्मीकि साहित्य सदन चितवनका सदस्य रहेका कुशलको **तीजको कोशेली** २०५३ सालमा र **चोइटिएका तिर्सना** गजलसङ्ग्रह २०६० सालमा प्रकाशित भएको पाइन्छ ।

दुईदशक भन्दा अघिदेखि शास्त्रीय छन्दका कविता साधनामा अभ्यस्त रहँदै आएका कवि एवं गजलकार कुशलको **चोइटिएका तिर्सना** गजलसङ्ग्रह पुस्तकाकार कृतिमा शीर्षकचयन

नगरेर नै गजलको पारम्परिक स्वरूपलाई कायम राखी यस सङ्ग्रहमा जम्माजम्मी ६५ वटा गजलहरू सङ्कलित छन् । गजलकार कुशल भावुक रूचि भएका, देशको वर्तमान कारूणिक स्थिति, द्वन्द्व, हिंसा र आतङ्क राजनेताहरूमा बढ्दो राष्ट्रियताको ह्रास र अवनति राष्ट्रिय चिन्तनप्रति छाएको नैराश्य, प्रजातन्त्रको विचलन अनि मानवतामा समेत हृदय संवेद्यताको अभाव बढ्दै गएको देखेर गजलकारको हृदय द्रवीभूत भई समग्र मानवीय जीवनका तिर्सनाहरू चोइटिएका हुनाले चोइटिएका तिर्सना सङ्ग्रहको नाम सार्थक हुन पुगेको देखिन्छ । उनका गजलहरू सबै मर्मस्पर्शी छन् । केही शेरहरू यसप्रकार रहेका छन् :

पृथ्वीको फूलबारी उजाड भो लालीबिना
देशभक्ति गान समेत गाइँदैन गालीबिना ।

( चोइटिएका तिर्सना गजल-२)

सांसारिक प्रपञ्चमा फस्यो जिन्दगानी
चोइटिएको तिर्सनाले डस्यो जिन्दगानी । ( चोइटिएका तिर्सना गजल-४)

## ४.३.७४ ओजराज भट्टराई

गोरखा जिल्लाको पालुङटार गा.वि.स.को पालुङ्टार बजारमा ओजराज भट्टराईको जन्म भएको हो । पाँच दर्जनभन्दा बढी कविता लेखिसकेका भट्टराईको **भान्से चोर** नामक कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ । उनका कविताले देशको विकृतिमूलक आर्थिक सामाजिक राजनैतिक सबै क्षेत्रलाई एकैचोटि व्यङग्यात्मक शैलीमा प्रहार गरेको पाइन्छ । आफूलाई साहित्य सिर्जनामा नै समर्पित गरी प्रशस्त कृतिहरू प्रकाशन गर्न नसकेपनि विभिन्न पत्रपत्रिका समसामयिक सङ्कलन लगायत विभिन्न प्रतियोगितात्मक कार्यक्रम गरी भट्टराईले नेपाली साहित्यको उत्थान गरेको पाइन्छ ।

## ४.३.७५ रश्मि भट्ट (पाण्डे)

गोरखा जिल्लाको जौवारी गा.वि.स.-४, लाङदीमा रोहिणी देव र तीर्थकुमारी भट्टको गर्भबाट रश्मी भट्टको जन्म भएको हो । स्नातकोत्तर सम्मको अध्ययन गरेकी भट्टले गोर्खाली पत्रिकामा प्रकाशित *माटोको माया* कवितामा सान्त्वना पुरस्कारद्वारा पुरस्कृत भएकी थिइन् । उनका थुप्रै फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको र दश वटा कविताहरू **नवोदित पाइलाहरू** नामक संयुक्त कविता सङ्ग्रहमा प्रकाशित भएको पाइन्छ ।

### ४.३.७६ राजुकुमार श्रेष्ठ

गोरखा जिल्लाको पालुङटार गा.वि.स लुइटेलमामा राजुकुमार श्रेष्ठको जन्म भएको हो । उनको **फूलबारी** नामक बाल कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा र *नेपाल र म* कविता **जमघट** कविता सङ्ग्रहमा प्रकाशित भएको पाइन्छ ।

### ४.३.७७ सुजन अर्याल

गोरखा जिल्लाको गोरखा न.पाटेचौरमा सुजन अर्यालको जन्म भएको हो । अर्यालको *सेतो परेवा उडाउनु परेको छ* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । यसका अलावा अर्याल **१८९ औँ भानु जयन्तीमा** तृतीय पुस्कारद्वारा सम्मानित भएको पाइन्छ ।

### ४.३.७८ चन्द्रप्रसाद न्यौपाने

गोरखा जिल्लाको छोप्राकमा चन्द्रप्रसाद न्यौपानेको जन्म भएको हो । न्यौपानेको *पृथ्वीलाई पत्र* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

### ४.३.७९ जयराम श्रेष्ठ

गोरखा जिल्लाको गोरखा न.पा-१, मा जयराम श्रेष्ठको जन्म भएको हो । श्रेष्ठको *शुभ कामना, बान्ति नव वर्षको* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा र थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ । श्रेष्ठ शुभराज्यभिषेक तक्मा २०३१ र **बृहत कविगोष्ठी** २०५४ मा द्वितीय पुरस्कारद्वारा सम्मानित भएको पाइन्छ ।

### ४.३.८० कृष्ण तमु

गोरखा जिल्लाको बुङकोटमा कृष्ण तमुको जन्म भएको हो । तमुको *शहिद* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना

विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ । तमु **बृहत् कवि गोष्ठी २०५७** मा तृतीय पुरस्कारद्वारा सम्मानित भएको पाइन्छ ।

## ४.३.८१ बाबुराम भट्टराई

गोरखा जिल्लाको खोप्लाङ गा.वि.स.मा बाबुराम भट्टराईको जन्म भएको हो । भट्टराई राजनैतिक व्यक्तित्व हुन् । उनका कृतिगत रूपमा बेलाबेलाको विचार सँगालो, मार्क्सवादी राजनैतिक अर्थशास्त्रबाहेक अन्य कुनै साहित्यिक कृति नदेखिए तापनि विभिन्न पत्रपत्रिकामार्फत बेलाबखतका कुरा लगायत विभिन्न विचारप्रधान लेखजस्ता फुटकर रचनाको प्रकाशनले नेपाली साहित्यलाई उचाइमा पुऱ्याउन सफल भएको छ । उनका साहित्यिक लेखहरू कान्तिपुर, जनादेश,नागरिक आदि पत्रिकाबाट प्रकाशित भइराखेको पाइन्छ जसमा दूरदर्शन, राजनैतिक सु-स्पष्टता र यथार्थ साहित्यिक पक्षको सपाट चित्रण पाइन्छ । २०३७ सालमा प्रवासमा **जनमानस** पत्रिकाको सम्पादन गरेर थुप्रै नेपाली साहित्यका सिर्जना र सर्जकलाई समेटेका भट्टराई हाल राजनैतिक क्षेत्रमा क्रियाशील छन् । नेपालका प्रधानमन्त्री समेत भइसकेका व्यक्तित्व भट्टराई संवैधानिक-राजनैतिक संवादसमितिको सभापतिको हैतियतमा संविधान सभा सदस्य समेत रहेका छन् ।

## ४.३.८२ सेते विश्वकर्मा

गोरखा जिल्लाको हर्मी गाविस नवलपुर भन्ने ठाउँमा सेते वि.क.को जन्म भएको हो । गाउँगाउँमा विभिन्न चाडपर्वहरू लगायत साहित्यिक कार्यक्रमहरूका गीत गाउँदै हिड्ने वि.क.ले २०५३ सालमा **एड्स भगाउँ** भन्ने जनचेतनमुलक गीत प्रकाशन गरेको पाइन्छ । मुलत खतरनाक रोगको बारेमा जनचेतन फैलाउने उद्देश्यले वि.क.ले गीत गाएको पाइन्छ ।

## ४.३.८३ सुरेश वाग्ले

गोरखा जिल्लाको आँपपिपल गा.वि.स राउतेपानीमा सुरेश वाग्लेको जन्म भएको हो । विद्यार्थी जीवनदेखि नै साहित्यमा लागेका वाग्ले विभिन्न सङ्घ-संस्थामा आवद्ध रहेर साहित्यको विकासमा लागेको पाइन्छ । तत्कालीन समयको माओवादी आन्दोलनमा लागेका वाग्ले २०५७ सालमा साहदात प्राप्त गरेका थिए । उनको वैचारिक निवन्धहरूको संकलन गरी मरणेपरान्त नेकपा माओवादी केन्द्रीय समितिले **क. वासुका छानिएका रचना** वि.सं. २०५८ मा प्रकाशन गरेको पाइन्छ । उनका निवन्धमा विचारको प्रवाह सरल सहज र सुलभ ढंगमा भएको पाइन्छ ।

### ४.३.८४ खेमराज ढकाल "गोर्खाली"

गोरखा जिल्लाको आँपपिपल-८ मा खेमराज ढकाल "गोर्खाली"को जन्म भएको हो । विद्यार्थी जीवनदेखि नै साहित्यमा रूचि राख्ने गोर्खालीले नेपाली साहित्यमा **लुटिएको कर्म** उपन्यास २०५७ मा प्रकाशन गरेको पाइन्छ । उनका थुप्रै फुटकर लेख, कविता, गजल र निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन भएको पाइन्छ । उनी सम्पादक, सञ्चारकर्मी र साहित्यिक व्यक्तित्वका रूपमा चिनिन्छन् । हाल हाम्रो एफ.एम्.मा कार्यक्रम प्रस्तुत गर्ने गोर्खाली नेपाली साहित्यको उपन्यास विधाको श्रीवृद्धिमा लाग्ने एक सशक्त हस्ताक्षर हुन् ।

## ४.४ फुटकर लेखकका रूपमा उदाएका गोरखाली स्रष्टाहरू

नेपाली साहित्याकाशका चम्किला ताराका रूपमा गोरखा जिल्लाबाट साहित्य सिर्जनामा लाग्ने स्रष्टाहरू जसले पुस्तकाकार कृति प्रकाशन गरेका छैनन् र फुटकर रूपमा लेख रचनाहरू प्रकाशन गरिरहेका छन् तिनलाई यस अध्ययनको क्रममा फुटकर लेखकका रूपमा उदाएका गोरखाली स्रष्टाहरू मानिएको छ र तिनीहरूको वर्णानुक्रमानुसारको विवरण तल प्रस्तुत गरिएको छ :–

गोरखा जिल्लाको नाम्जुङ गा.वि.स.मा अम्बिका पाण्डेको जन्म भएको हो । विद्यार्थी जीवनमै पाण्डेको *सूर्य* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । यसका अलावा उनका लेख-रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको गोरखा न.पा-३, पाटेचौरमा वि.सं. २०२८ श्रावण १० गते अर्जुनबाबु श्रेष्ठको जन्म भएको हो । शिक्षण पेसामा संलग्न श्रेष्ठको *अन्तिम यात्रा* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको पालुङटार गाविस लुइटेलमा इन्द्रकुमारी देवकोटाको जन्म भएको हो उनका फुटकर लेख रचना प्रकाशित भएको पाइन्छ । शिक्षण पेशामा संलग्न देवकोटा साहित्यमा भने सावित्री नामले चिनिन्छिन् । उनको *संकटमा छ आज मातृत्व* शीर्षकमा कविता **जमघट** संयुक्त कवितासङ्ग्रह २०६० मा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको हंसपुरमा वि.सं. २०१५ सालमा ईश्वरी अधिकारीको जन्म भएको हो । नेपाली साहित्यमा उनको **गीत सङ्ग्रह** प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको आख्ले तान्द्राङमा उत्तम भट्टको जन्म भएको हो । उनको **अमृतवाणीले देखाएको सरल मुक्तिमार्ग** नामक पुस्तकाकार कृति प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको नारेश्वरमा उदयबहादुर भट्टको जन्म भएको हो । शिक्षण पेसामा संलग्न भट्टको *वेचैनको जिन्दगी* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको र फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको लिगलिग बोहरा गाउँमा वि.सं. १९८५ मा जन्मेका उमानाथ देवकोटा विशेषत संस्कृत साहित्यमा कलम चलाउने प्रतिभा हुन । मध्यमासम्मको अध्ययन गरेका देवकोटाको **'ॐ गीता-सार'** २०५७ (विधिशास्त्र) प्रकाशित छ । उनको यस किताबमा संस्कृतका साथै नेपालीमा भावार्थक वाक्यहरू पनि प्रयुक्त छन् । यस पुस्तकमा योगदर्शनको बाटो हुँदै स्वल्परूप र निराकार परब्रह्मसम्म कसरी जान सकिन्छ भन्ने विधि बताइएको छ ।[६०] विधिशास्त्रको किताब प्रकाशन गरेतापनि नेपाली साहित्यका विद्वान्ले यिनको नाम पनि गोरखाली साहित्यकारको स्थानमा लिने गर्दछन् । उनले **आँगन** लगायत विभिन्न पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ ।

गोरखा जिल्लाको धावा-९, मा ऋषि लामिछानेको जन्म भएको हो । साहित्यमा गोर्खाली काइँला नामले चिनिने लामिछानेको वातावरण सफा राखौँ कविता जमघट संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा दर्वुङमा जन्मेका कमलीकान्त घिमिरेको जन्म भएको हो । घिमिरे शिक्षा क्षेत्रमा कार्यरत छन् । फुटकर रूपमा थुप्रै निबन्धहरू प्रकाशन गरेका घिमिरे एक निबन्धकारको कोटिमा पर्दछन् ।

गोरखा जिल्लाको ताकुमा कमला भट्टको जन्म भएको हो । भट्टका फुटकर रूपका लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

---

६०. कुलप्रसाद कोइराला, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू** , (काठमाडौ : यदुप्रसाद भट्ट, २०६६, भदौ) पृ.३९-४० ।

गोरखा जिल्लाको मिरकोट-३ मा के. शी. अमेलको जन्म भएको हो । अमेलको *षड्यन्त्र* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको र थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको खोप्लाङ-१, सुन्तलेमा कृष्णप्रसाद पोखरेलको जन्म भएको हो । पोखरेलको *असार पन्ध्र* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको गाईखुर-९ मा वि.सं. २०१६ चैत्र १५ गते कृष्णहरि देवकोटाको जन्म भएको हो । अर्थशास्त्र, अर्थशास्त्र र वातावरण विषयमा स्नातकोत्तर तहसम्मको गहन अध्ययन गरेका देवकोटा कृषि प्रविधि अध्ययन संस्थानमा उप-प्राध्यापक छन् । देवकोटाका **बाली बिज्ञानः एक परिचय** सहलेखन २०४७, पुस्तकाकार कृति प्रकाशित भएको पाइन्छ । उनका लेख, कथा, कविता, निवन्धहरू विभिन्न फुटकर रूपमा प्रकाशित भएको पाइन्छ । विभिन्न पुस्तक र पत्रिकाको सम्पादन गर्ने देवकोटाले **नारायणी** साप्ताहिक, चितवनका प्रधान सम्पादक र **मर्स्याङदी चितवन साहित्यिक पत्रिका**को पनि प्रधान सम्पादक भई कार्य गरेको पाइन्छ ।

गोरखा जिल्लाको तान्द्राङमा खिलानाथ बस्ताकोटीको जन्म भएको हो । उनको फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको कट्टेलडाँडामा गङगा कट्टेलको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको सदरमुकाम गोरखा बजारमा गेमनारायण बाबुको जन्म भएको हो । उनको मृत्युपश्चात् *मानव धर्म पालना* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको र थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको हर्मी गाविस-८ हर्मी भञ्ज्याङमा भरतराज र ईश्वरी अधिकारीको गर्भबाट वि.सं. २०४० सालमा गोविन्द अधिकारीको जन्म भएको हो । विज्ञान विषयमा स्नातकोत्तर अध्ययन गरेका अधिकारीले विभिन्न पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ । उनका **पुस्तान्तर** संयुक्त कथासङ्ग्रह २०६६, र **नवोदित पाइलाहरू** संयुक्त कवितासङ्ग्रह प्रकाशन गरेको पाइन्छ । उनका फुटकर लेख रचना प्रकाशित हुनुका साथै **नवोदित पाइलाहरू**मा १० वटा कविता प्रकाशित भएका छन् ।

गोरखा जिल्लाको छोप्राकमा गौतम न्यौपानेको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको बुङ्कोटमा वि.सं. २००४ सालमा चिरञ्जीवी वाग्लेको जन्म भएको हो । स्नातकोत्तरसम्मको अध्ययन गरेका वाग्लेको जीवन राजनीतिमा क्रियाशील रहेको छ । मन्त्रीसम्म भएका वाग्लेको थुप्रै समालोचनात्मक लेखहरू **अरूणोदय, गरिमा, मधुपर्क** आदि पत्रिकामा प्रकाशित छन् ।

गोरखा जिल्लाको कट्टेलडाँडामा चूडामणि कट्टेलको जन्म भएको हो । नेपाली साहित्यमा उनको खासै यागदान नभए पनि फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको हर्मी गा.वि.स-८ हर्मी भञ्ज्याङमा वि.सं. २०२४ साल असोज ५ गते जनार्दन ढकालको जन्म भएको हो । **योजना** पत्रिकामार्फत् २०४५ साल वैशाखमा *गाउँगाउँबाट उठ्नुपर्छ* कविताबाट आफ्नो साहित्यिक यात्रा सुरू गरेका ढकालले ५० वटा जति **कविताहरूको संगालो** तयार पारेका छन् भने विभिन्न पत्रपत्रिकामा ५० वटा जति *स्तम्भलेख* प्रकाशन भएको पाइन्छ । वातावरण सम्बन्धी ९ वटा पुस्तकहरू प्रकाशित गरेका पेसागत रूपमा वातावरण क्षेत्रमा क्रियाशील छन् । जनदीप पुस्तकालयको संस्थापक, ढकालले **वातावरण शब्दकोश** पनि प्रकाशन गरेको पाइन्छ ।

गोरखा जिल्लाको खोप्लाङमा ठाकुरप्रसाद पाण्डेको जन्म भएको हो । उनका थुप्रै फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको च्याङलीमा वि.सं. २००९ सालमा तुलसीमान श्रेष्ठको जन्म भएको हो । लामे समयदेखि प्राध्यापन पेसामा कार्यरत श्रेष्ठ समाज सेवी र कुशल साहित्यकार हुन् । उनको लोकसाहित्य रूचिको विषय हो भने कथा विधा सिर्जनशील क्षेत्र हो । श्रेष्ठका **अनिवार्य नेपाली** सहलेखन, **गोरखाली लोकसाहित्य, लोकगीतको** अनुसन्धनात्मक लेखहरू र विभिन्न पत्रपत्रिकामा निबन्ध तथा कथाहरू प्रकाशित भएको पाइन्छ । श्रेष्ठका थुप्रै फुटकर कविता, लेख, निबन्ध, समीक्षा र कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । पुस्तान्तर कथासङग्रह २०६६ संयुक्त प्रकाशनको रूपमा आएको उनको पुस्तकाकार कृति हो । पुस्तान्तरमा उनको *विषालु हात, लाहुरेको चिठी, सहिदको सपना* कथाहरू प्रकाशित छन् ।[६१]

६१. गोविन्द अधिकारी, सुरेन्द्र देवकोटा (सम्पा), **पुस्तान्तर**, (गोरखा : गोरखा साहित्यिक मञ्च, २०६६) ।

श्रेष्ठले शिक्षा पुरस्कार २०५७, विशिष्ट सेवा पुरस्कार २०५८, गोरखा लोकदोहोरी प्रतिष्ठानबाट सम्मान २०५७ आदि सम्मान तथा पुस्कारबाट सम्मानित हुने अवसर पाएका छन् ।

गोरखा जिल्लाको हंसपुर बुधसिङटारमा दण्डपाणि अधिकारीको जन्म भएको हो । उनको पुस्तकाकार कृति प्रकाशन नभएतापनि फुटकर रूपमा रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको भ्र्याँवामा दयानिधि दवाडीको जन्म भएको हो । उनको पुस्तकाकार कृति प्रकाशन नभएतापनि फुटकर रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको हर्मी गा.वि.स.मा दुर्गाभक्त घिमिरेको जन्म भएको हो । शिक्षण पेसामा संलग्न घिमिरेले एउटा पुस्तकाकार कृति प्रकाशन गरेको पाइन्छ । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको दारिमचउरमा नरेन्द्रराज मरहट्टाको जन्म भएको हो । उनको फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको जौबारी गा.वि.स. लाङ्दीमा पुष्पराज थपलियाको जन्म भएको हो । उनका थुप्रै लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको गोरखा न.पा.-१ दरबारमार्गमा वि.सं. २०१४ साल चैत्र २८ गते पुरूषोत्तम अर्यालको जन्म भएको हो । शिक्षण पेसामा संलग्न अर्यालको *जुट्नु छ अब* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । यसका अलावा उनका फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ । अर्याल नारायणदास अर्याल स्मृति प्रतिष्ठान गोरखाका अध्यक्ष रहेका छन् ।

गोरखा जिल्लाको सदरमुकाम पोखरीथोक भन्ने ठाउँमा वि.सं. २००८ सालमा **प्रभातकुमार जोशीको** जन्म भएको हो । बाल्यकाल गोरखामा नै बिताएका जोशीले वि.सं. २०१९ सालदेखि भने चितवनमा नै बसोबास गरेको पाइन्छ । स्नातकसम्मको अध्ययन गरेका जोशी नारायणी कला मन्दिरको सल्लाहकार, चितवन साहित्य परिषद्का सदस्य, नेपाल नेत्र ज्योति सङ्घ चितवन शाखा सदस्य, लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ बी नेपालका डिसिट्रक्ट गर्भनर रहेको पाइन्छ । **चितवनको चिनो** चितवनकै प्रथम प्रकाशित पत्रिकामा *तारा* भन्ने कविता वि.सं. २०३१ सालमा प्रकाशन गरी नेपाली साहित्यमा लागेका जोशीले

**दोभान, तिर्सना, वेणी** पत्रिकाको सह-सम्पादन गर्ने, गीत कविता लेखनमा रूचि राख्ने र कथा निबन्ध संस्मरण लेख्ने गरेको पाइन्छ ।

गोरखा जिल्लाको मनकामना-६, बनौतीमा वि.सं. २०१० मा माता केककुमारी र पिता जयकृष्ण अर्यालका कोखबाट बलराम अर्यालको जन्म भएको हो । रूसबाट भाषाविज्ञानमा विद्यावारिधि गरेका र त्रि.वि. मा प्राध्यापनरत अर्यालले नेपाली भाष साहित्यका क्षेत्रमा **नेपाली भाषा भाग-१, २०५८, नेपाली भाषा भाग-२, २०५९, म्याप्स अफ नेपाल, हिस्टोरिकल एभनेग्राफिक एण्ड लिङ्ग्विस्टिक सहलेखन २०६१** आदि पुस्तकाकार कृतिहरू प्रकाशित गरेका छन् । विभिन्न पत्रपत्रिकामा फुटकर लेख र अनेक भाषिक समीक्षात्मक रचना समेत प्रकाशन गरेको पाइन्छ ।

गोरखा जिल्लाको छोप्राकमा वासुदेव पोखरेलको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको ताकुमाझ लाँकुरीबोट, जफरीमा वि.सं २०२९ साल श्रावण १ गते वासुदेव भट्टको जन्म भएको हो । शिक्षण पेसामा संलग्न भट्टको *म* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ । भट्ट **अरूणोदय** साहित्यिक पत्रिका, गोरखा साहित्य प्रतिष्ठानमा संबद्ध रहेको पाइन्छ ।

गोरखा जिल्लाको आमडाँडामा बालकृष्ण अर्यालको जन्म भएको हो । उनका प्रकाशित कृति संख्या अज्ञात भएतापनि फुटकर रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको सदरमुकाम नजिकै छिपिटोलमा वि.सं. २०३० सालमा विकलचन्द्र आचार्यको जन्म भएको हो । हाल लण्डनमा बस्दै आएका आचार्यको नेपाली साहित्यमा चार वटा पुस्तकाकार कृतिका साथै फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको घ्याल्चोक-९मा विचारी र खुममाया श्रेष्ठको गर्भबाट विमल श्रेष्ठको जन्म भएको हो । पत्रकारितामा स्नातक गरेका श्रेष्ठ हाल काठमाडौंमा बस्दछन् । उनका थुप्रै फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका १० वटा कविताहरू **नवोदित पाइलाहरू** नामक संयुक्त कविता सङ्ग्रहमा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको आँपपिपल गा.वि.स लिगलिगमा वि.सं. २०४० साल मंसिर ५ गते विरही कार्कीको जन्म भएको हो । गायन र नृत्य क्षेत्रमा संलग्न कार्कीले नेपाली साहित्यमा विभिन्न लोकदोहोरी लेख्ने र गीति एल्बम निकाल्ने गरेको पाइन्छ । **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा कार्कीको *गीत* प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको छोप्राक गाविसमा वि.सं. २०१९ सालमा विष्णुप्रसाद पोखरेलको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको दारिमचउरमा विष्णुभक्त मरहट्टाको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्ला  घ्याल्चोकमा वि.सं. २०१६ सालमा विष्णुमणि रेग्मीको जन्म भएको हो । संस्कृतमा शास्त्री सम्मको अध्ययन गरेका रेग्मी नेपाली साहित्यमा धेरै रूचि राख्दछन् । उनका फुटकर कविता राजापुर बर्दियाबाट प्रकाशित **कर्णाली**  नामक पत्रिकामा *खसेको फूल* नामक कविता २०३४ सालमा प्रकाशित भएको पाइन्छ । करिब १०० जति फुटकर कविताका अलाबा फुटकर निबन्धहरू पनि यिनले लेख्ने गरेको पाइन्छ ।

गोरखा जिल्लाको खोप्लाङ-६ मा वि.सं. २००९ साल चैत्र ८ गते बुद्धिराज पाण्डेको जन्म भएको हो । उनका थुप्रै लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित भएको पाइन्छ । पाण्डेको *धने घलेको घर* कविता **जमघट** संयुक्त कविता सङ्ग्रहमा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको हर्मी-५, घुरे गाउँमा *बेनीबहादुर थापाको* जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका कथाहरू **मधुपर्क**मा प्रकाशित हुने गरेको पाइन्छ ।

गोरखा जिल्ला नारेश्वर-४, होलसिङमा वि.सं. २०३० सालमा बैकुण्ठप्रसाद अर्यालको जन्म भएको हो । उनले नेपाली साहित्यमा ३ वटा पुस्तकाकार कृति प्रकाशन गरेको भनिए तापनि अप्राप्त रहेका छन् भने फुटकर रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको हंसपुर काफलडाँडामा भगवती अधिकारीको जन्म भएको हो । उनको नेपाली साहित्यमा पुस्तकाकार कृति प्रकाशन नभए तापनि फुटकर रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको छोप्राक-७ मा वि.सं. २०३४ कार्तिक २ गते भरत राज देवकोटाको जन्म भएको हो । देवकोटाको *गजल* **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

गोरखा जिल्लाको बुङ्कोटमा भोजराज वाग्लेको जन्म भएको हो । उनको फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको गोरखा न.पा-३, पाटेचौरमा **मलिना मास्केको** जन्म भएको हो । मास्केको *म एउटा यात्री* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्ला घ्याल्चोक-५ मा मोहन दवाडीको जन्म भएको हो । नेपाली साहित्यमा स्नातकोत्तर सम्मको अध्ययन गरेका दवाडीले **नेपाली भाषा साहित्यको विकासमा गोरखाको योगदान**का बारेमा शोधपत्र तयार पारेको पाइन्छ । यसका अतिरिक्त यिनका विभिन्न फुटकर लेख, कविता, गीत, गजल, कथा आदि प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको ताप्ले बन्दीचउरमा वि.सं. २०२६ सालमा यदुविलास भट्टराईको जन्म भएको हो । भट्टराईको नेपाली साहित्यमा **यहाँ देशमा** कवितासङ्ग्रह-२०५७ सालमा प्रकाशन भएको पाइन्छ । उनका पुस्तकाकार कृतिका साथै फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको पन्द्रुङ-३ मा माता गंगादेवी देवकोटा र पिता बद्रीनाथ देवकोटाको गर्भबाट यादव देवकोटाको जन्म भएको हो । स्नातकसम्मको अध्ययन गरेका देवकोटा पत्रकारिता र शिक्षण पेशामा संलग्न छन् । उनको **नवोदित पाइलाहरू** संयुक्त कवितासङ्ग्रह २०६३, र **पुस्तान्तर** २०६६ संयुक्त कथासङ्ग्रह प्रकाशित भएको पाइन्छ । **नवोदित पाइलाहरू**मा उनको *पहाड, आमा गुन्युहरू, पाठशाला, नानीहरूका लागि, अवशानको उत्कर्ष, यादहरूमा अल्झिएको मन, सगरमाथाको फेदमा, सपना, आमाको अर्ती र संवेदना, सद्भाव र आत्महत्या* शीर्षकमा दश वटा कविता प्रकाशित भएको पाइन्छ भने **पुस्तान्तर**मा *विमानस्थलको छेउमा, निर्दोष सपना र सनतबहादुर* शीर्षकमा कथा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको पोखरीथोकमा पिता प्रेमनारायण र देवकुमारी श्रेष्ठको गर्भबाट लक्ष्मणबाबु श्रेष्ठको जन्म भएको हो । स्नातक सम्मको अध्ययन गरेका श्रेष्ठले केबुलकार सम्बन्धी

पुस्तक लेखेको पाइन्छ । उनका थुप्रै साहित्यिक कृतिहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको कट्टेलडाँडामा लेखनाथ कट्टेलको जन्म भएको हो । उनको नेपाली साहित्यमा फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको मुच्चोक कुसुन्डेमा शम्भुप्रसाद अधिकारीको जन्म भएको हो । उनका पुस्तकाकार कृति प्रकाशन नभएतापनि फुटकर रूपमा रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको खोप्लाङमा शम्भुराज पाण्डेको जन्म भएको हो । उनको नेपाली साहित्यमा थुप्रै लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको गोरखा न.पा-१, मा श्यामसुन्दर श्रेष्ठको वि.सं. २०२८ सालमा जन्म भएको हो । श्रेष्ठको *शान्त मधुर प्रकाश* कविता जमघट संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको भ्याँवामा शुकदेव दवाडीको जन्म भएको हो । उनको पुस्तकाकार कृति प्रकाशन नभएतापनि फुटकर रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको गोरखा न.पा. पाटेचौरमा शोभा अर्यालको जन्म भएको हो । अर्यालको *मान्छे* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको बोर्लाङ-४ मा सीता श्रेष्ठको जन्म भएको हो । शिक्षण पेशामा संलग्न श्रेष्ठको *विडम्वना* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित भएको पाइन्छ । वृहत कविगोष्ठी २०५९ मा प्रथम श्रेष्ठका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको खोप्लाङमा सीताराम पाण्डेको जन्म भएको हो । उनका थुप्रै लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लामा सुनिता श्रेष्ठको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको कट्टेलडाँडामा सुमन कट्टेलको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको हर्मी-५, मल्लटारमा सुमन थापाको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका कथाहरू **मधुपर्क**मा प्रकाशित हुने गरेको पाइन्छ ।

गोरखा जिल्लाको कट्टेलडाँडामा भीमप्रसाद कट्टेलको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको मसेलमा सुरेश भट्टको जन्म भएको हो । भट्टका फुटकर रूपका लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको मिरकोट गा.वि.स.-५ मा कृष्ण बहादुर र जुनामाया बानियाँको गर्भबाट वि.सं. २०३४ साल पुस १ गते राजकुमार बानियाँको जन्म भएको हो । स्नातकोत्तरको अध्ययन गरेका बानियाँले **विमोचन** साप्ताहिकको सम्पादन गरेको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका १० वटा कविताहरू **नवोदित पाइलाहरू** नामक संयुक्त कविता सङ्ग्रहमा प्रकाशित भएको पाइन्छ भने उनको जीवनी प्रकाशोन्मुख रहेको पाइन्छ । उनको **जमघट** कविता सङ्ग्रहमा *कोहिनुरको चित्र* शीर्षकमा कविता छापिएको पाइन्छ ।

गोरखा जिल्लाको नारेश्वर-२, भोगटेनीमा वि.सं. २०३२ सालमा राजन विक्रम थापाको जन्म भएको हो । थापाका नेपाली साहित्यमा एउटा पुस्तकाकार कृति प्रकाशन भएको पाइन्छ । साथै उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

गोरखा जिल्लाको सदरमुकाम पोखरीथोक बजारमा दण्डपाणि अर्याल र नन्दकुमारी अर्यालका गर्भबाट वि.सं २०१३ मङ्सिर २१ गते राजेन्द्रप्रसाद अर्यालको जन्म भएको हो । स्नातकोत्तर सम्मको अध्ययन गरेका अर्याल हाल सोह्रखुट्टे काठमाडौमा बस्दछन् । अर्यालको **फ्रान्सको भ्रमण मेरो संस्मरण** नियात्रा प्रकाशित भएको र **गोरखाको शैक्षिक इतिहाससम्बन्धी** पुस्तक प्रकाशोन्मुख रहेको पाइन्छ भने विभिन्न पत्रपत्रिकाहरूमा समसामयिक लेख रचनाहरू प्रकाशित भएको पाइन्छ । सीता अर्यालद्वारा लिखित **मृगतृष्णा** कथासङ्ग्रह २०६० प्रकाशन गरेका अर्यालले **ज्ञानबिन्दु**-२, २०६५ सहसम्पादन गरेको पाइन्छ । भारत, कतार थाइल्याण्ड, बेलायत, जर्मनी र फ्रान्सको भ्रमण गरेका अर्याल त्रि.वि. दीर्घसेवा पदक २०६१, राष्ट्रिय

शिक्षा पुरस्कार २०६२ बाट सम्मानित भएको पाइन्छ । अर्यालका तीनवटा कथाहरू **पुस्तान्तर** कथासङ्ग्रहमा प्रकाशित भएको पाइन्छ ।[६२] **पुस्तान्तर** कथासङ्ग्रह २०६६ संयुक्त प्रकाशनको रूपमा आएको कृतिहो । उनको *एक्लो जिन्दगी, जिज्ञाशा, अर्थहीन तरङगहरू* कथाहरू प्रकाशित छन् । सामाजिक परिवेशका बिम्बहरू उनका कथामा रचनात्मक पारामा प्रस्तुत भएको पाइन्छ । जस्तै :

> "वारीको डल्लामा बसेर फर्सीको तरकारी रायोको साग, कोरेको मूलाको अचार अनि दाल, भात त हो नि । खुबै दिए एक थुर्मी घ्यू होइन ? जत्निबाखो र रत्यौली के बयान गर्नु ? गंगाजल सरी झोलले बारीको पाटै भिज्दथ्यो ।"[६३]

गोरखा जिल्लाको बुङकोटमा राजेन्द्र वाग्लेको जन्म भएको हो । चिकित्सा क्षेत्रमा कार्यरत वाग्लेका फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको घ्याल्चोकमा डण्डलाल र मानकुमारी श्रेष्ठको गर्भबाट रामकुमार श्रेष्ठको जन्म भएको हो । इन्जिनियरिङमा स्नातक अध्ययनरत श्रेष्ठ पोखरा उपत्याकाव्यापी कविता प्रतियोगिता २०६० मा तृतीय भएका थिए । उनका थुप्रै फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका १० वटा कविताहरू **नवोदित पाइलाहरू** नामक संयुक्त कविता सङ्ग्रहमा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको देउराली गा.वि.स.मा वि.सं. २०१६ सालमा रामप्रसाद खनालको जन्म भएको हो । खनालले प्रशस्त साहित्यिक कृतिको सम्पादन गरेको पाइन्छ भने पुस्तकाकार कृति भने प्रकाशोन्मुख रहेको पाइन्छ ।

गोरखा जिल्लामा वि.सं. २०३३ सालमा रामजी दाहालको जन्म भएको हो । डेढ दशकदेखि पत्रकारिता पेसामा निरन्तर क्रियाशील दाहाल नेपाली पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको अध्यक्ष पनि भएका थिए । उनका फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनको अहिले सम्म पुस्तकाकार कृति भने प्रकाशित भएको पाइँदैन ।

गोरखा जिल्लाको गोरखा न.पा पँदेलीमा राम नारायण जोशीको जन्म भएको हो । जोशीको मृत्युपश्चात् *त्यो कस्तो नेता हो* कविता **जमघट** संयुक्त कवितासङ्ग्रह-२०६० मा प्रकाशित

---

६२. गोविन्द अधिकारी, सुरेन्द्र देवकोटा (सम्पा), **पुस्तान्तर**, (गोरखा : गोरखा साहित्यिक मञ्च, २०६६) पृ.६२ ।
६३. पूर्ववत् **सहिदको सपना** ।

भएको पाइन्छ । उनका थुप्रै फुटकर लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको पाइन्छ ।

गोरखा जिल्लाको छोप्राकमा वि.सं. १९९६ सालमा रामेश्वर मरहट्टाको जन्म भएको हो । उनको मृत्यु भने २०६० मा भयो । मरहट्टा एक पत्रकार, स्वतन्त्र लेखक, सम्पादक आदिका रूपमा साहित्यमा परिचित छन् । लामो समयसम्म साप्ताहिक **समीक्षा**सँग सम्बन्धित भएका उनी **अनुसन्धान** साप्ताहिक पत्रिका चितवनको प्रधान सम्पादक र नेपाल पत्रकार महासङ्घ चितवनको वरिष्ठ सल्लाहकार समेत रहेको पाइन्छ ।

गोरखा जिल्ला सदरमुकाममा राम जोशीको जन्म भएको हो । उनका फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्ला लिगलिग बोहोरा गाउँमा रमेश देवकोटाको जन्म भएको हो । उनले नेपाली साहित्यमा पुस्तकाकार कृति प्रकाशन नभएतापनि फुटकर रूपमा लेख रचना प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको पालुङटारमा रघुपति भाटको जन्म भएको हो । उनको नेपाली साहित्यमा फुटकर रूपमा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गोरखा जिल्लाको छोप्राक गा.वि.स.-२, थुम्कीमा वि.सं.२०२० मंसिर २५ गते रूद्रनाथ पोखेलको जन्म भएको हो । नेपाली साहित्यमा स्नातकोत्तरको अध्ययन गरेका पोखेल शिक्षण/प्राध्यापन पेसामा संलग्न रहनुका साथै हरि सांस्कृतिक केन्द्र गोरखाका सचिव रहेका छन् । साहित्य सिर्जनाका अतिरिक्त खोज अनुसन्धानमूलक कार्यमा पनि उत्तिकै चासो राख्ने पोखेलले वि.सं. २०४० सालमा **दरौँदी** समसामयिक सङकलनमा *दरौँदी के भन्छिन्* कविताबाट साहित्य यात्राको आरम्भ गरेका हुन् । उनले **गरिमा, मधुपर्क, कुञ्जिनी** जस्ता पत्रिकामा आफ्ना लेख रचना प्रकाशन गर्नुका साथै विभिन्न पत्रपत्रिकाको सम्पादन गर्ने कार्य पनि गरेका छन् ।

## ४.५ नवोदित गोरखाली स्रष्टाहरू

नेपाली साहित्यमा गोरखाली स्रष्टाहरूको उपस्थिति उल्लेख्य देखिन्छ । हरेक क्षेत्रका स्रष्टाहरूको बिचमा एउटा क्रमबद्धता हुनु आवश्यक देखिन्छ । यस्तै क्रमबद्धतामा गोरखाली स्रष्टाहरू पनि उनिएका छन् जसमा स्थापित, नवस्रष्टा र नवोदित सर्जकहरूको क्रम

व्यवस्थित रूपमा चलिरहेको छ । यसैक्रममा गोरखाली स्रष्टाहरू जसले पुस्तकाकार कृति प्रकाशन नगरे तापनि फुटकर रूपमा रचना प्रकाशन गर्ने गर्दछन्, गर्ने हैसियत राख्दछन् र विभिन्न साहित्यिक कार्यक्रममा उपस्थित हुन्छन् तिनीहरूलाई यस अध्ययनको क्रममा नवोदित स्रष्टा मानिएको छ ।

यस्ता प्रतिभाहरूमा जनकराज कोइराला नारेश्वरका फुटकर कवि, रामकाजी श्रेष्ठ छोप्राक, विशेश्वर कट्टेल कवि, विकास ढकाल हर्मीका गजलकार तथा पत्रकार, कमल देवकोटा समालोचक, हरि काफ्ले, प्रताप वन्त कवि मोहनप्रसाद श्रेष्ठ, शङ्कर श्रेष्ठ लघुनाटककार, गोपाल पाण्डे, दिनारबाबु श्रेष्ठ, शिव श्रेष्ठ, लोकप्रसाद भट्ट, सूर्यकुमार श्रेष्ठ कथाकार, नारायण पाण्डे, कथाकार गोवर्द्धन आचार्य समालोचक बलराम खनाल, पत्रकार, सुन्दर सानु खड्का, विष्णु ढकाल, नीलकण्ठ पौडेल, शोभा कोइराला, तारा अर्याल, विकास श्रेष्ठ, प्रतीक ढकाल गजलकार, मित्रलाल देवकोटा, भरत निरौला, केशब बस्नेत, करिस्मा श्रेष्ठ, उर्मिला कुँवर, विमला श्रेष्ठ, गणेश श्रेष्ठ, समिर घिमिरे, पवन गुरूङ, सावित्री पन्त, भाइकृष्ण सुनार छन्दमा कविता लेख्ने, रमेश विष्ट, नन्दकुमार श्रेष्ठ,नरेन्द्र ढकाल गजलकार, निशान निष्कर्ष, विजयभक्त तिवारी, बुद्धिलाल तामाङ, हितराज पाण्डे, श्रीनाथ अधिकारी, हरि अधिकारी, कृष्ण धिताल, जीवननाथ धिताल, माधव मरहट्टा, नारनाथ मरहट्टा, खेमराज अधिकारी,कृष्णराज ढकाल,मोहनराज ढकाल, भीमसेन थापा, मीना अधिकारी, जीवन कँडेल, विमला ढकाल, रवीन्द्र ढकाल, ममता ढकाल, विवेक ढकाल, तुलसी पराजुली, विश्वेश्वर अधिकारी, हिसिला यमी, दुर्गा न्यौपाने, सुरेश वाग्ले, यदुविलाश भट्टराई, होमनाथ ढकाल, खोपबहादुर कँडेल, सोम गुरूङ, भीष्म कुमाल गीतकार  रहेका छन् ।

यसैगरी नारी प्रतिभाहरूमा कलावती सिंह, कमला पन्त, भगवती अधिकारी, कमला भट्ट, सानुमैया थापा, सुनिता श्रेष्ठ, शान्तिदेवी तिवारी, गोमादेवी न्यौपाने, इन्द्रा ढकाल, शर्मिला वैरागी, मुना भट्ट आलि उल्लेख्य छन् ।

यसैगरी उपेन्द्र देवकोटा, फणीन्द्र धिताल, शशि चन्द्र, रामभद्र, केदार कुमाले, दीपक कथित, त्रिलोचन धिताल, ईश्वरीप्रसाद धिताल, शिब श्रेष्ठ, हरिश्चन्द्र श्रेष्ठ,भवनाथ अधिकारी,श्रीनाथ अधिकारी, योगप्रसाद लामिछाने,नरबहादुर आले,वाई. बी. क्षेत्री,सुवास क्षेत्री, सरोज धिताल, मधुर विलास घिमिरे, ऋषिराज बराल, शेषनाथ बराल, लोकप्रसाद वञ्जारा, सीता श्रेष्ठ,मिरा अधिकारी, शिव घिमिरे, शरद्चन्द्र सिम्खडा, नारायण पाण्डे, द्रोण बहादुर अधिकारी, अर्जुन पाण्डे, गोवर्धन आचार्य, टकबहादुर गुरूङ, जेनी अर्याल, के.पी खनाल आदि स्रटाहरू

गोरखाली माटोले जन्माएको छ ती मध्ये कति साहित्य साधनामा अडिग रहलान् र नेपाली साहित्यलाई समृद्ध बनाउलान् ? समयको प्रतीक्षा गरौं ।

## ४.६ गोरखा वा गोरखालीबारे लेख्ने केही स्रष्टाहरू

नेपाली साहित्यमा गोरखा जिल्लाको योगदानको निरूपण गर्नका लागि गरिएको यस अध्ययनमा जो स्रष्टाहरू गोरखामा जन्मेर कार्यक्षेत्र गोरखा र अन्य क्षेत्रमा बनाए तिनीहरू केन्द्रमा परेका छन् । लेखकहरू स्वतन्त्र हुने हुनाले अन्य स्थलमा जन्मे तापनि गोरखा र गोरखालीका बारेमा लेख्ने नेपाली साहित्यका स्रष्टाहरू पनि धेरै रहेको पाइन्छ । यस्ता स्रटाहरूले गोरखा र गोरखालीलाई चिनाउन गरेका प्रयासका कारण पनि आज गोरखाले नेपाली साहित्यमा आफ्नो सहज स्थान ग्रहण गर्न सकेको पाइन्छ । यसरी जुनसुकै स्थानमा जन्मेतापनि गोरखा र गोरखालीका बारेमा खोज अनुसन्धान गर्ने, साहित्यिक र वैयक्तिक रूपमा कृति प्रकाशन गर्ने ती श्रद्धेय पात्रहरूको सामान्य चिनारी यहाँ प्रस्तुत गरिएको छ ।

### ४.६.१ ऋषिराम पोखरेल

काठमाडौंका लेखक अनुवादक तथा प्रकाशक ऋषिराम पोखरेलले गोरखा मनकामनाको चर्चा गर्दै **श्रीमनःकामना-स्तोत्र-सङ्ग्रहः** २०४८ सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.२ एस.पी. आशा

उपन्यासकार एस.पी. आशाको जन्म वि.सं. २००१ सालमा भएको हो । यिनले गोरखाली राजाहरूको चर्चा गर्दै **द्रव्यशाह** उपन्यास-२०४६ र **पृथ्वीनारायण शाह** उपन्यास-२०५५ सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.३ केशबराज पोखरेल

शोधकर्ता केशबराज पोखरेलले गोरखाली होनहार प्रतिभा **राजेश्वर देवकोटाको जीवनी व्यक्तित्व र कृतित्वको निरूपण** शीर्षकमा त्रि.वि. नेपाली स्नातकोत्तर शोध-पत्र २०४६ सालमा तयार पारेको पाइन्छ ।

### ४.६.४ कुलचन्द्र अर्याल

लेखक कुलचन्द्र अर्यालले गुरू गोरखाली भाषाको चर्चा गर्दै **गोरखा भाषा-**१९७४ सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.५ जगतबहादुर सिंह

जगतबहादुर सिंहले **पृथ्वीनारायण शाह काव्य-**२०१८ सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.५.६ जयदेव पौडेल

लेखक जयदेव पौडेलले **गोरखाख्यायिका महाकाव्य**-२०४३ सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.७ जयराज आचार्य

लेखक जयराज आचार्यले **श्रीमनःकामनामाहात्म्यम् संस्कृत-नेपाली**-२०५५, पूर्णप्रसाद ब्राह्मण स्मृति ग्रन्थ-२०५४ सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.८ ज्ञानप्रसाद ढुङ्गेल

शोधकर्ता ज्ञानप्रसाद ढुङ्गेलले **भीमसेन थापा र समकालीन साहित्य** शीर्षकमा त्रि.वि. नेपाली स्नातकोत्तर शोध-पत्र २०३४ सालमा तयार पारेको पाइन्छ ।

### ४.६.९ दयाराम श्रेष्ठ

लेखक दयाराम श्रेष्ठले **शाहवंश र नेपाली भाषा साहित्य**-२०३९, **नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देन २०४४** सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.१० दीननाथ शर्मा पण्डित

लेखक दीननाथ शर्मा पण्डितले **नेपाली साहित्यमा गोरखा जिल्लाको योगदान** शीर्षकमा त्रि.वि. नेपाली स्नातकोत्तर शोध-पत्र २०५० सालमा तयार पारेको र पछि त्यसैलाई पुस्तकाकार रूपमा **नेपाली साहित्यमा गोरखा** २०५४ सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.११ धनेश्वर भट्टराई

लेखक धनेश्वर भट्टराईले **गोर्खागाथा** खण्डकाव्य-२०६१ सालमा  र फुटकर रूपमा थुप्रै कृति गोरखा र गोरखा क्षेत्रसँग सम्बन्धित भएर प्रकाशन गरेको पाइन्छ ।

### ४.६.१२ नारायणदास शास्त्री

लेखक नारायणदास शास्त्रीले **गोरखनाथ स्तुति कविता २००५, गोरखाको गोरेटो कविता २०२०** सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.१३ नारायणप्रसाद खनाल

साहित्यकार नारायणप्रसाद खनालले **गोरखाको डायरी २०६१** सालमा र फुटकर रूपमा थुप्रै कृति गोरखा र गोरखा क्षेत्रसँग सम्बन्धित भएर प्रकाशन गरेको पाइन्छ ।

### ४.६.१४ नुरापति पोखरेल

नुरापति पोखरेलले **पूर्णप्रसादब्राह्मणंस्य सत्यहरिश्चन्द्रमहाकाव्यस्य विश्लेषणात्मकमध्ययनम्** विद्यावारिधि शोधपत्र र **हाम्रो पुरूषार्थ** भन्ने पत्रिकामा *अमर प्रतिभा पूर्णप्रसाद ब्राह्मण* भन्ने

लेखमा नेपाली कविताको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति पूर्णप्रसाद ब्राह्मणका प्रतिभाको मूल्याङ्कन गर्नुका साथै फुटकर रूपमा थुप्रै कृति गोरखा र गोरखा क्षेत्रसँग सम्बन्धित भएर प्रकाशन गरेको पाइन्छ ।

### ४.६.१५ पद्मप्रसाद पाण्डे

शोधकर्ता पद्मप्रसाद पाण्डेले **अमरसिंह थापा र नेपाली साहित्य** शीर्षकमा त्रि.वि. नेपाली स्नातकोत्तर शोध-पत्र २०५५ सालमा तयार पारेको पाइन्छ ।

### ४.६.१६ परशुराम आचार्य

शोधकर्ता परशुराम आचार्यले **दिव्योपदेशको भाषिक अध्ययन** शीर्षकमा त्रि.वि. नेपाली स्नातकोत्तर शोध-पत्र २०३४ सालमा तयार पारेको पाइन्छ ।

### ४.६.१७ पुण्यकुमारी सिलवाल (आचार्य)

शोधकर्ता पुण्यकुमारी सिलवाल (आचार्य) ले **गोरखाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकमा त्रि.वि. नेपाली स्नातकोत्तर शोध-पत्र २०५८ सालमा तयार पारेको पाइन्छ ।

### ४.६.१८ बिजुलीदेवी देवकोटा

शोधकर्ता बिजुलीदेवी देवकोटाले **पूर्णप्रसाद ब्राह्मणको जीवनी व्यक्तित्व र कृतित्व** शीर्षकमा त्रि.वि. नेपाली स्नातकोत्तर शोध-पत्र २०५६ सालमा तयार पारेको पाइन्छ ।

### ४.६.१९ विश्वमणि आ.दी. समेत

साहित्यकार विश्वमणि आ.दि. समेतले **गोरखा व्याकरण बोध** प्रकाशन गरेको पाइन्छ ।

### ४.६.२० हरिप्रसाद आचार्य

साहित्यकार हरिप्रसाद आचार्यले **गोरक्षशाहवंशमहाकाव्यम् २०२२** सालमा प्रकाशन गरेको पाइन्छ ।

### ४.६.२१ हर्षबहादुर बुढामगर

साहित्यकार हर्षबहादुर बुढामगरले **प्रथम शहीद लखन थापाको** बारेमा कृति प्रकाशन गरेको पाइन्छ ।

### ४. ७ निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा कलम चलाउने गोरखालीहरूको ठूलो जमात रहेको पाइन्छ । नेपली साहित्यको उठानको समयमा होस् वा वर्तमान अवस्थामा नै किन नहोस् गोरखाली

जनमानसले नेपाली साहित्यमा विभिन्न विधा, धारा र उपधारामा रहेर साहित्य सिर्जना गरिरहेका छन् । नेपाली साहित्यको आधुनिककालका अवधिसम्म आइपुग्दा नेपाली समाजमा सामाजिक, आर्थिक, राजनैतिक परिवर्तनका चाहनाहरू देखा पर्दै गए । फलस्वरूप २००७ सालको राजनैतिक परिवर्तनका पृष्ठभूमिमा गोरखामा पनि अनेक सिर्जनशील कवि लेखकहरू तथा विभिन्न किसिमका साहित्यिक गतिविधिहरू देखा पर्न थाले । यसै अवधिमा यस क्षेत्रमा सिर्जनारत कवि लेखकहरूले नेपाली साहित्यको संबर्द्धनमा महत्त्वपूर्ण योगदान दिएका छन् । यस क्रममा गोरखाका कवि लेखकहरूमध्ये धेरैले राष्ट्रियस्तरका पुरस्कार, सम्मान एवं ख्याति पाइसकेका तथा पुस्तकाकार कृतिहरू प्रकाशित गरिसकेका छन् । यस्ता कवि, लेखकहरूलाई प्रमुख प्रतिभाका रूपमा मानिएको छ । यस्ता प्रमुख प्रतिभाहरुलाई पनि सिर्जनाक्रमको आधारमा २०४८ सालभन्दा अघि पुस्तकाकार कृति प्रकाशन गर्ने स्रष्टालाई पूर्वार्द्ध चरणका र २०४८ भन्दा पछि कृति प्रकाशन गर्ने स्रष्टालाई उत्तरार्द्ध चरण गरी विभाजन गरिएको छ । पूर्वार्द्ध चरण वा २०४८ भन्दा अगाडि देखापर्ने साहित्यकारहरूले नेपाली साहित्यका विविध धारा उपधारामा रहेर साहित्य सिर्जना गरेको पाइन्छ । यस चरणका स्रष्टाहरूले नेपाली साहित्यका कथा, कविता, गीत, गजल, उपन्यास, निबन्ध, नियात्रा, संस्मरण, यात्रासंस्मरण आदि विधि विधामा कलम चलाएका छन् । यस चरणका स्रष्टाहरू राष्ट्रियस्तरका पुरस्कारबाट पनि सम्मानित भएका छन् । नेपाली साहित्यमा यस्ता प्रतिभाको योगदान उच्च रहेको पाइन्छ ।

साहित्यिक सिर्जन क्रमको आधारमा नोपली साहित्यजगतमा २०४८ को समय अगाडिदेखि हालसम्म निरन्तर लागेका र २०४८ भन्दा पछि उदाएका दुबैथरि स्रष्टालाई उत्तरार्द्ध चरणका स्रष्टाका रूपमा लिइएको छ । यस चरणका स्रष्टाहरूले विविध विधा उपविधामा आफ्ना लेख रचनाहरू प्रकाशन गर्दै आएका छन् । स्रष्टाहरूले नेपाली साहित्यका कथा, कविता, गीत, गजल, उपन्यास, निबन्ध, नियात्रा, संस्मरण, यात्रासंस्मरण आदि विविध विधामा कलम चलाएका छन् । यस चरणका स्रष्टाहरू राष्ट्रियस्तरका पुरस्कारबाट पनि सम्मानित भएका र नेपाली साहित्यको उत्थानमा लागिपरेका छन् ।

कुनैपनि साहित्य सिर्जनाको क्रमलाई निरन्तरता दिन त्यस साहित्यमा स्थापित स्रष्टा, वर्तमानमा क्रियाशील सष्टा र नवोदित स्रष्टाको क्रम रहनु आवश्यक हुन्छ । यस्तो क्रम गोरखाली स्रष्टाहरूमा पनि कायम रहेको पाइन्छ । वर्तमान समयमा पुस्तकाकार कृति

प्रकाशन नगरेका तर फुटकर रूपमा कृति प्रकाशन गर्ने गोरखालीहरूको सङ्ख्या र नवोदित स्रष्टाको पनि गोरखामा ठुलो जमात रहेको पाइन्छ ।

यसैगरी नेपाली साहित्यमा गोरखा र गोरखाली जनजस्वनका बारेमा लेख्ने लेखकहरूको पनि कमी छैन । यस्ता लेखकहरूले नेपाली साहित्यका विविध विधा उपविधामा गोरखाली जनजीवन, भाषाशैली, भेषभुषा, रितिस्थिति, चालचलन, धर्म, संस्कृति प्राकृतिक सौन्दर्य आदिका बारेमा लेख रचनाहरू प्रकाशन गरेका छन् ।

# पाचौँ परिच्छेद

## उपसंहार वा निष्कर्ष

प्राकृतिक रूपमा सुन्दर गोरखा जिल्ला साहित्यिक रूपमा अत्यन्त समृद्ध रहेको छ । गोरखालीहरू आफ्ना गौरवमय इतिहास, संस्कृति तथा पूर्वजहरूको सौर्य, वीरता र महान् आत्मबलको ऊर्जाद्वारा नवनिर्मित विशाल नेपालप्रति अत्यन्त आस्था राख्दछन् । हालको गोरखा राज्यलाई विक्रमको चौधौँ शताब्दीतिरका सिन्जाली राजाले, सोह्रौँ शताब्दीतिर भादगाउँका राजाले तथा सत्रौँ शताब्दीतिर पाल्पाली राजाले अधीनमा राखेको कुरा ऐतिहासिक तथ्यहरूबाट स्पष्ट हुन्छ । ऐतिहासिक कालदेखि नै आफ्नो स्वाभिमानलाई बचाउन गोरखालीहरूले सङ्घर्ष गर्दै आएको पाइन्छ । गोरखालीहरूले धर्म र संस्कृतिप्रति अति नै आस्था राख्दै विभिन्न धार्मिक स्थलहरूको संरक्षण र संवर्द्धन गरेको पाइन्छ । यस क्षेत्रका मनकामना, गोरखकाली मन्दिर विश्वमा चर्चित छन् भने अन्य थुप्रै धार्मिकस्थल रहेको पाइन्छ । यसरी धार्मिक रूपमा विश्व चर्चित गोरखा जिल्ला ऐतिहासिक रूपमा पनि विश्व चर्चित छ । नेपाली साहित्यका क्षेत्रमा गौरवमय इतिहास बोकेको गोरखा जिल्ला नेपाली साहित्य सिर्जनाको प्राचीनकालदेखि आधुनिक कालसम्म आइपुग्दा पनि केन्द्रमा रहेको छ ।

गोरखामा शैक्षिक इतिहासको थालनी धेरै पछिबाट भएको पाइन्छ र त्यसैको फलस्वरूप लेख्य साहित्यको विकास पनि धेरै पछाडिबाट भएको पाइन्छ । लेख्य साहित्यको विकासपूर्व गोरखाली लोकजीवनले परापूर्वकालदेखि नै कथ्यस्तरमा आफ्ना सिर्जना प्रस्तुत गर्दै आएको पाइन्छ । यसै पूर्व पृष्ठभूमिमा कवि कलाकारले आफ्ना जीवनभोगाइका सुख-दुःख, हर्ष-विस्मात् आदिलाई लेख्य स्तरमा चित्रण गर्न थाले र नेपाली साहित्यको लेख्य रूपको उठान गर्न थालेका थिए । नेपाल एकीकरणको बीज अङ्कुराएको यस पवित्र भूमिमा नेपाली साहित्यको पनि बीजाङ्कुरण भएको पाइन्छ ।

लेख्य साहित्यको परम्परा थालिनुभन्दा अघि गोरखामा लोक साहित्यको परम्परा रहेको पाइन्छ । गाउँघरमा गाइने लोकगीत तथा आँगन अँगेनाका डिलमा बसेर कथ्ने कथाहरू, विभिन्न धार्मिक स्थलमा गाइने भजन, चुड्का र कर्खा, विभिन्न चाडपर्वका अवसरमा गाइने सोरठी, घाटु, लाखे आदि नाचहरूले गोरखाली लोकजीवनसँग पुरानो मितेरी गाँस्दै आएका छन् । यस क्रममा गोरखाली स्रष्टाहरूले सुरूमा संस्कृत साहित्यमा रहेका विभिन्न नाटक कथा कविताहरू नेपालीमा अनुवाद गरी यसको उठान गरेको पाइन्छ । विभिन्न स्रष्टाहरूले

संस्कृतमा लेख्ने र कतिपय नेपालीमा रूपान्तरण गर्ने कार्य गरेको पाइन्छ । यस्तै संस्कृत र नेपालीमा समानान्तर रूपमा साहित्य सिर्जना गर्नेहरू पनि छन् । संस्कृत साहित्यका आडमा नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । त्यसै लोक साहित्य र संस्कृत साहित्यको पृष्ठभूमिमा बीजाङ्कुर भएको नेपाली साहित्यको सिर्जनाक्रमलाई हेर्दा **रामशाहको जीवनी** हुँदै पृथ्वीनारायण शाहको **दिव्योपदेश**, र शक्ति वल्लभ अर्यालको **तनहूँ भकुण्डो** जस्तो राजनैतिक व्यङ्ग्यपूर्ण कविता र अन्य विषयलाई काव्यमा हेर्न सकिन्छ । यो इतिहाससँग वंशानुगत नाता रहेको गोरखाली साहित्य नेपाली साहित्यकै मूल प्रवाह बन्न सफल भएको पाइन्छ । वि.सं. १३७८ मा आदित्य मल्लको ताघवाई गुम्वामा कोपेको अभिलेखदेखि साहित्यका अनेक उतारचढाव पार गरेको नेपाली साहित्यले आफूलाई परिष्कार परिमार्जन गर्दै समृद्ध बनाएको पाइन्छ ।

समयको प्रवाहसँगसँगै अगाडि बढिरहेको नेपाली भाषाले विविध कालखण्डमा विविध हस्तीहरू प्राप्त गरेको छ । शक्तिवल्लभ अर्यालको **तनहूँ भकुण्डो, महाभारत विराटपर्व, हास्यकदम्ब** नाटक आदि गद्यपद्य दुवै विधाका कृतिका साथै पृथ्वीनारायण शाहको **दिव्योपदेश** नेपाली निबन्ध लेखन परम्पराको श्रीगणेश गर्ने कृति, उदयानन्द अर्यालको **पृथ्वीन्द्रोदय** कविता हुँदै अगाडि आउँदा आधुनिक कालमा राजेश्वर देवकोटा, ईश्वर वल्लभ, पूर्णप्रसाद ब्राह्मण, विनोदप्रसाद धिताल, विष्णुप्रसाद धिताल, रमेशप्रसाद धिताल, नेत्रमणि शर्मा आचार्य, सीताराम अधिकारी, चन्द्रकान्त अधिकारी, सूर्यमान श्रेष्ठ, सुनिल मास्के, सुशीलचन्द्र श्रेष्ठ तीर्थराज वन्त, शिवजी पन्त लगायत विशिष्ट साहित्यकार गोरखाकै उपज हुन् र अन्य नवोदित भाइकृष्ण सुनार, गोविन्द अधिकारी शिव उप्रेती लगायत थुप्रै कवि व्यक्तित्व र  कथाका क्षेत्रमा चन्द्रकान्त अधिकारी, वेदकुमारी न्यौपाने, नवराज कट्टेल, सूर्यमान श्रेष्ठ, सीता अर्याल आदि रहेका छन् भने  उपन्यासका क्षेत्रमा कलम चलाउने साधकहरूमा राजेश्वर देवकोटा, सुनिल मास्के, सुनिलचन्द्र श्रेष्ठ आदि रहेका छन् । नाटकका क्षेत्रमा  निर्मल जोशी देखिन्छन् भने  नियात्रा यात्रासंस्मरणका क्षेत्रमा कलम चलाउने पनि प्रशस्त छन् । गोरखाली निबन्धकार विजयभक्त उपाध्याय छन् भने कथा, कविता र गीतका क्षेत्रमा योगदान पुऱ्याउने सशक्त स्रष्टा राजुबाबु श्रेष्ठ हुन् । यसरी दिनप्रतिदिन गोरखाली स्रष्टाहरू नेपाली साहित्यका क्षेत्रमा देखा परेका छन् ।

नेपाली साहित्यलाई नजिकबाट अध्ययन गर्दा गोरखाली स्रष्टाहरूको सिर्जनाको मूल प्रवाह देखिन्छ । गोरखाली स्रष्टाहरूको सिर्जनाक्रमलाई हेर्ने हो भने २०३६ सालदेखि भेलबाढी

आएको र २०४६ साल हुँदै २०५१ मा पूनः नयाँ अध्यायमा प्रवेश गर्दै २०६१-२०६२ मा नयाँ पृष्ठभूमिमा भावशिल्पगत नवीनता र मौलिकताका साथ गोरखाली भूमि सिञ्चित भइरहेकै पाइन्छ । यसरी गोरखालीहरूले नेपाली साहित्यलाई आफ्नो भावानुभूतिका तरेलीमा तरङिगत गर्दै साहित्यको फाँटलाई फराकिलो बनाएको पाइन्छ ।

आधुनिक नेपाली गद्यका क्षेत्रमा पूर्णप्रसाद ब्राह्मण, राजेश्वर देवकोटा र विनोदप्रसाद धिताल गोरखाली राष्ट्रियस्तरका गद्यकार हुन् । कथाका क्षेत्रमा पूर्णप्रसाद ब्राह्मणको योगदान उल्लेखनीय रहेको छ भने उपन्यासका क्षेत्रमा राजेश्वर देवकोटाको महत्त्वपूर्ण योगदान दिएका छन् । उनी **पूर्वकथा** २०४३ का लागि साझा पुरस्कार र **उत्सर्ग प्रेम** २०४५ का लगि मदन पुरस्कारद्वारा सम्मानित हुनु पनि अविस्मरणीय रहेको छ । उपन्यासको क्षेत्रमा विनोदप्रसाद धितालको योगदान पनि कम छैन । धिताल **योजन-गन्धा** कृतिका लागी मदन पुरस्कारद्वारा सम्मानित भएका छन् ।

यसरी नै गोरखाका उपन्यास विधामा सूर्यमान श्रेष्ठ, सुनिल मास्के, सुशीलचन्द्र श्रेष्ठ, केशरी अम्गाई सक्रिय रहेका छन् भने कथाकारका रूपमा चन्द्रकान्त अधिकारी, राजुबाबु श्रेष्ठ, राजेन्द्रप्रसाद अर्याल, सीता अर्याल आदिको नाम लिन सकिन्छ । अनुवादका माध्यमबाट मोहननारायण श्रेष्ठ विश्वविख्यात व्यक्तित्वको जीवनीलाई नेपाली भाषामा प्रस्तुत गर्ने प्रयास गरेका छन् । त्यस्तै अनूदित साहित्यतर्फ निर्मल जोशीको प्रयास पनि प्रशंसनीय रहेको छ । कविताका क्षेत्रमा गोरखाका आधुनिक कालका पूर्वार्द्धका प्रतिभाहरूमा मूलतः विनोदप्रसाद धिताल, पूर्णप्रसाद ब्राह्मण, रमेशप्रसाद धिताल र गायत्री गणेश अर्यालको नाम अग्रपंक्तिमा आउँछ । राजेश्वर देवकोटाको पनि फाटफुट रूपमा कविता प्रकाशित गराएका छन् । भने आधुनिक कालका उत्तरार्द्ध चरणका स्रष्टाहरूमा भाइकाजी सुनार, नारायणप्रसाद पोखरेल, विजयभक्त उपाध्याय आदि रहेका छन् ।

यस कालका स्रष्टाहरूमा कविशिरोमणि लेखनाथ पौड्यालको बुद्धिविनोद काव्यको उत्तरावली मतिविनोद २०६४ का लेखक शिवहरि मरहट्टा, होमकुमार श्रेष्ठ (होमर), सिम्लेमा जन्मिएर जनसंस्कृतिका माध्यमबाट गरिबका झुपडीलाई व्युँझाउँदै हिड्ने खुशीराम पाखीन, जनसाहित्यिक माध्यमबाट आमूल परिवर्तनको अपेक्षा गर्दै साहित्य सिर्जनामा कलम चलाउने निर्मल जोशी, खोप्लाङमा जन्मिएर समसामयिक विचार, लेख, रचनाका माध्यमबाट जनतालाई चेतना भर्दै आमूल परिवर्तनको दिशामा गोलबद्ध गर्दै हिँड्ने बाबुराम भट्टराई, *यहाँ रक्तदान भैसकेको छ* कविताका लेखक भूमिनन्द देवकोटा, अन्याय अत्याचार शोषक

सामन्तको विरूद्ध कलम चलाउने मात्र नभई कला साधकहरूलाई सङगठित बनाउँदै आमूल परिवर्तनको दिशामा अगाडि बढाउन निरन्तर क्रियाशील मोदनाथ मरहट्टा, मान्छेका मनका सूक्ष्म विश्लेषण गर्ने गोरखा बजार निवासी सीता अर्याल, विभिन्न लेख, रचना, फुटकर कविता, व्यङग्यका माध्यमबाट जनतामा दमित आत्मस्वाभिमानलाई प्रकटीकरण गर्ने छोप्राक निवासी रूद्रनाथ पोखरेल गोरखाा राम्रा लेख साहित्यकार हुन् । त्यस्तै नाम्जुङका विष्णुप्रसाद काप्री, पालुङटारका ओजराज भट्टराई, देउरालीका ऋषि खनाल, भक्ति लामिछाने, रामप्रसाद खनाल, ताप्लेका यदुविलास भट्टराई, इन्द्रकुमारी देवकोटा, जनार्दन ढकाल, सोम गुरूङ, यादव देवकोटा, शेषनाथ पोखरेल, के.पी. अम्गाई, चूडा ढकाल, जीवनराज वाग्ले, तुलसीमान श्रेष्ठ, धनञ्जय भट्ट, नमूना शर्मा, वेदप्रसाद पोखरेल, भीम जिज्ञासु, राजुबाबु श्रेष्ठ, राजेश्वर रेग्मी, रेशम विरही, विजयभक्त उपाध्याय, विष्णुहरि मरहट्टा, वेदकुमारी न्यौपाने, शीतल गुरूङ, सीताराम अधिकारी, सुनिल अर्याल आदिको योगदान उल्लेखनीय रहेको पाइन्छ ।

यसै गरी कृतिगत रूपमा पाठकसमक्ष आफ्ना लेख रचना प्रकाशन गर्न नपाएपनि गला र कलाको माध्यमबाट साहित्य सिर्जनामा समर्पित कौशिला तमु, रिता बञ्जरा, मात्रिका धिताल, विमला पोखरेल, बलराम थापा, भीष्म कुमाल आदि रहेका छन् । दोहोरी गायनका क्षेत्रमा रामचन्द्र अर्याल, शिव के.सी., नारायण दानी, किरण अर्याल, विरही कार्की छन् । काजीराम अधिकारी, विजय गोरखाली, काजीबाबु अर्याल, पूर्ण अर्याल, विपिन पुडासैनी, शान्ता मगर, विमला थापा मगर, अनुजा थापा, मञ्जु अधिकारी, समिता सापकोटा, लक्ष्मी सापकोटा, केशरी गुरूङ आदिले सङ्गीतका माध्यमबाट नेपाली साहित्यमा योगदान दिएको पाइन्छ ।

यस समयका अन्य प्रतिभाहरूमा अन्जान विरही, शिव श्रेष्ठ, हरिहर अर्याल, राजेन्द्र अर्याल, अनन्त मुस्कान, शिव अप्रिय, भोजराज कोइराला, जयराम मास्के, भरत खनाल, अनिल श्रेष्ठ, विश्वेश्वर कट्टेल, भगवान खनाल, भीमलाल श्रेष्ठ, किशोरजंग थापा, कैलाशबाबु श्रेष्ठ, ऋषि भट्टराई, शोभा कोइराला आदि छन् । यसो त धनेश्वर भट्टराई, दीननाथ शर्मा र नारायणप्रसाद खनाल, कुलप्रसाद कोइरालालाई गोरखाली स्रष्टाहरूले कहिल्यै बिर्सन हुँदैन किनकि उनीहरूले गोरखालीहरूले नेपाली साहित्यमा पुऱ्याएको योगदानको आँकलन गरी उच्च सम्मान प्रदान गर्दै कृति प्रकाशन पनि गरेका छन् ।

खोज अन्वेषण तथा समालोचनाका क्षेत्रमा कलम चलाउने प्रतिभाहरू पनि रहेका पाइन्छन् । यस्ता प्रतिभाहरूमा खिलानाथ बस्ताकोटी, यदुविलास भट्टराई, मोदनाथ मरहट्टा, रूद्रनाथ पोखरेल, केशरी अम्गाई, सुरेन्द्र देवकोटा आदिको नाम अग्रपङ्क्तिमा आउँछ ।

गोरखाली स्रष्टाहरूको साहित्यिक उन्नयनमा स्रष्टा आफैं मात्र सक्रिय भएको नभएर यहाँका विभिन्न साहित्यिक प्रतिष्ठानहरूको पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । संस्थागत रूपमा साहित्य सिर्जनामा समर्पित सङ्घसंस्थाहरूको स्थापना हालका दिनमा वृद्धि भएको छ । विभिन्न पुस्तकालयहरूले त्यो खाँचोलाई यथोचित सम्बोधन गरेको पाइन्छ । यसै सन्दर्भमा गोरखाको लिगलिगमा २०१० मा स्थापित जयन्ती पुस्तकालय, आँपपिपलमा सुरेश वाग्ले, होमनाथ ढकाल जस्ता युवाहरूको सक्रियतामा २०१५ मा स्थापित जनविकास पुस्तकालय, मोहनारायण श्रेष्ठ, वि.पी. गोरखाली आदिको सक्रियतामा गोरखा बजारको धारापानीमा २०३८ मा स्थापित त्रिभुवन पुस्तकालय आदि नेपाली साहित्यका साहित्यिक प्रतिष्ठानका पूर्व चेष्टामा रहेका छन् ।

यसै पृष्ठभूमिमा मुक्ति वाचनालय, सेवा पुस्तकालय, जनदीप पुस्तकालय, विश्व पुस्तकालय, बन्दी पुस्तकालय, हरि सांस्कृतिक केन्द्र, गोरखा साहित्य संगम, दण्डपाणि अर्याल स्मृति प्रतिष्ठान, गोपाल आचार्य स्मृति प्रतिष्ठान, गोरखा समाज सेवा केन्द्र, प्रगतिशील लेखक सङ्घ, मनास्लु प्रकाशन प्रा.लि., गोरखा क्याम्पस लगायत विभिन्न विद्यालयहरूको वार्षिक मुखपत्र एवं स्मारिकाहरूले पनि नेपाली साहित्यमा योगदान पुऱ्याएको पाइन्छ ।

नेपाली साहित्यको विकासमा गोरखालीहरूले विविध तवरले योगदान गरेको पाइन्छ । यसरी साहित्यको विकासमा पत्रपत्रिका, शैक्षिक प्रतिष्ठानहरूका मुखपत्र, एफ.एम् द्वारा प्रसारित साहित्यिक कार्यक्रम, कविता गोष्ठी, नाट्य प्रदर्शन आदिको भूमिकालाई कम आक्न मिल्दैन । गण्डकी विद्यार्थी परिषद्को **लालुपाते** २०२४, आरूघाटको **लालिमा** २०२८, शक्ति उच्च माध्यमिक विद्यालयको मुखपत्र **शक्ति** २०२९-२०५९, आँपपिपलको **प्याउली** २०२७-२०६४, **मनकामना** अर्धवार्षिक २०२८, **एकता**, **दरौंदी**, **अभियान** २०४८, हर्मीको **जनदीप** आदि पत्रपत्रिका नेपाली साहित्यको एउटा प्रमुख पाटो बनेर रहेको छ भने **गोरखा डायरी** २०५२, गोरखा प्रवाह २०५९, गोरखाली साहित्यकारको मूल बाटो एवम् **फूलको डोली** २०४९, र विभिन्न स्थानका वस्तुगत विवरण रहेका सिर्जनाहरू यस समयका प्रमुख सिर्जना हुन् । यसका अलावा **विवेक विन्दु, विन्ध्यवासिनी, नवकिरण, चिराग, गोरखा गौरव, रत्न सम्प्रेषण,**

**नवनिर्माण, प्रयास, नवस्रष्टा, ऐजेरू, अभियान, नयाँ कदम, गोरखा वाङ्मय, गोरखा परिचय** आदि प्रकाशनहरूले नेपाली साहित्यको धरातललाई उर्वर र हराभरा बनाएको पाइन्छ ।

यसरी समष्टिमा हेर्दा गोरखा राजधानीबाट टाढा रहेर पनि साहित्यिक गतिविधिका दृष्टिले निकै गतिशील र उर्वर रहेको देखिन्छ । अझै शैक्षिक चेतनको लहरले पूरै प्रभावित हुन नसकेको र भौतिक रूपमा पनि विकसित हुन नसकेको यस दुर्गम पहाडी जिल्लामा जे जति सिर्जनात्मक गतिविधिहरू भएका छन् तिनलाई अन्य जिल्लाका सापेक्षतामा सन्तोषजनक नै मान्न सकिन्छ । साथै नेपाली साहित्यको प्राथमिककालदेखि हालसम्म यस जिल्लामा जन्मिएर राष्ट्रिय स्तरमा ख्याति र प्रसिद्धि पाउन सफल जे जति कृतिहरू गोरखाले जन्मायो यस क्षेत्रका महान् गौरव र नेपाली साहित्यलाई यस जिल्लाले दिएका प्रमुख योगदान भन्न सकिन्छ ।

# सन्दर्भसामग्रीसूची


अधिकारी, अच्युतरमण, *साधनाले बनेको अर्को अभिव्यक्ति,* **उन्नयन,** वर्ष-२, अङ्क-५, काठमाडौं : उन्नयन प्रकाशन, २०४७ ।

अधिकारी, गोविन्द र देवकोटा, सुरेन्द्र (सम्पा), **पुस्तान्तर**, गोरखा : गोरखा साहित्यिक मञ्च, २०६६ ।

अधिकारी, चन्द्रकान्त, *मेरो भूगोल,* **मौलिक अठोटः भावानुवादिक छनोट**, गोरखा : श्रीमती लक्ष्मी अधिकारी, २०४७ ।

अधिकारी, तीर्थराज र अरु (सम्पा.) **गोरखा वाङ्मय,** गोरखा : गोरखा साहित्य प्रतिष्ठान, वर्ष-१, अङ्क-१, २०५३ ।

अधिकारी, सीताराम, **मेरो लेक,** सिंहदरबार : मुद्रण विभाग, २०५६ ।

_____________, (सम्पा.), **गोरखा गौरव**, काठमाडौं : गोरखा काठमाडौं प्रजातान्त्रिक समाज, २०६२ ।

_____________**, अन्त्यभित्रको अन्त्य**, काठमाडौं : दीप किरण प्रिन्टिङ्ग प्रेस, २०६६ ।

_____________**, फूल मान्छे म र नेपाल**, काठमाडौं : गोरखा साहित्य प्रतिष्ठान, २०६६ ।

_____________**, आलोक**, काठमाडौं : दीप किरण प्रिन्टिङ्ग प्रेस, २०६८ ।

_____________**, उज्यालोको खोजी**, काठमाडौं : दीप किरण प्रिन्टिङ्ग प्रेस, २०६९ ।

अप्रिय, शिव र अरु (सम्पा.), **जमघट**, गोरखा : प्रेमनारायण देवकुमारी प्रतिष्ठान, २०६० ।

अम्गाई, केशरी, **सुकेको मुढो,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६० ।

अर्याल, गायत्री गणेश, **रामभक्ति माला** गोरखा : लेखक स्वयम्, २०१५ ।

_____________**, श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा**, गोरखा : लेखक स्वयम्, २०१५ ।

अर्याल, दयाराम, **प्यारो गोरखा,** काठमाडौं : अल्टा ग्राफिक्स् प्रिन्टिङ्ग प्रेस, २०६७ ।

अर्याल, रामशरण शर्मा (सम्पा.), **पण्डित गायत्री गणेश स्मृति ग्रन्थ,** काठमाडौं : पण्डित गायत्री गणेश तथा कविराज होमनाथ स्मृति ग्रन्थ प्रकाशन समिति, २०६२ ।

अर्याल, हरिहर, **स्वदेश तिमीलाई खोज्दछ** काठमाडौं : दण्डपाणि अर्याल स्मृति प्रतिष्ठान, २०६२।

अर्याल, सीता, **उपमा,** काठमाडौं : दण्डपाणि अर्याल स्मृति प्रतिष्ठान, २०६२ ।

आचार्य, नरहरि समेत (सम्पा.), **नेपाली कथा सङ्ग्रह, भाग-१,** ललितपुर : साझा प्रकाशन, २०४६ ।

आचार्य, नेत्रमणि, *मेरो गोरखा,* **रचना मन्जरी,** गोरखा : लेखक स्वयम् २०४७ ।

_____________,*नित्यको खोजी गरौं,* **रचना मन्जरी,** गोरखा : लेखक स्वयम् २०४७ ।

_____________, *धन्य धन,* **पच्चीस थुंगा,** गोरखा : लेखक स्वयम् २०४७ ।

_____________, **छन्दज्ञान,** गोरखा : गोरखा प्रिन्टिङ्ग प्रेस, २०५४ ।

_____________, **दर्जी सुजेरो,** गोरखा : रुबी प्रिन्टिङ्ग प्रेस, २०६० ।

_____________, **बुधोत्पत्ति,** गोरखा : रुबी प्रिन्टिङ्ग प्रेस, २०६२ ।

_____________, **ऋतु प्रवाह,** गोरखा : रुबी प्रिन्टिङ्ग प्रेस, २०६३ ।

उपाध्याय, विजयभक्त, **विजयको गजल,** गोरखा : गोरखा प्रिन्टिङ्ग प्रेस, २०५४ ।

कोइराला, कुलप्रसाद, **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू**, काठमाडौ : यदुप्रसाद भट्ट, २०६६, भदौ ।

कुशल, केदार, **चोइटिएका तिर्सना,** चितवन : राष्ट्र उत्थान साहित्य समाज, २०६० ।

कैनी, प्रभा, **अनावृत**, काठमाडौं : ओरिएन्टल पब्लिकेसन, २०६७ ।

खनाल, ऋषिराम, *गोर्खाली साहित्यमा व्यूँझिएको समसामयिकता,* **आँगन**, गोरखा : नेपाली भाषा शिक्षक समाज गोरखा, २०६० ।

_____________, **प्रगतिशील साहित्यमा गोरखाको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तीपुर : नेपाली केन्द्रीय विभाग, २०६२ ।

खनाल केदारनाथ (सम्पा.), **विद्यापुकार**, चितवन : नेपाली साहित्य मन्दिर, २०६० ।

_____________, **स्मृतिका बिम्बहरु,** चितवन : चितवन साहित्य परिषद्, २०६६ ।

_____________, **दुई धार एक लहर,** चितवन : चितवन साहित्य परिषद्, २०७० ।

खनाल, नरनाथ, **मोदनाथ मरहट्टाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६६ ।

खनाल, नारायणप्रसाद, **गोरखाको डायरी**, गोरखा : हरि सांस्कृतिक केन्द्र, २०६१ ।

खनाल, प्रतिमा, **केदारनाथ खनालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोध-पत्र, चितवन : नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६७ ।

खनाल, रामप्रसाद, **मलाई आन्दोलित भूगोल,** गोरखा : स्नेहा प्रिन्टिङ प्रेस प्रा.लि. २०६८ ।

ढकाल, खेमराज गोर्खाली, **लुटिएको कर्म**, चितवन : जानकी छापाखाना, २०५७ ।

ढकाल, नरेश युगीनज्वलन, **नारीको चीत्कार,** काठमाडौं : किशोर अफसेट प्रेस, २०६० ।

त्रिपाठी, वासुदेब, *भूमिका,* **द्वन्द्वको अवसान**, काठमाडौं : ने.रा.प्र.प्र., २०४२ ।

त्रिपाठी, वासुदेव, *गोरखाका कवि पण्डित गायत्री गणेश अर्ज्याल,* **शक्ति**, वर्ष-४, अंक-४, गोरखा : शक्ति मा.वि., २०३४ ।

देवकोटा, पुष्पराज, **सङ्क्षिप्त पद्य रामायण**, चितवन : चितवन छापाखाना, २०६७ ।

देवकोटा, फणिन्द्रराज, **मनाङ,** चितवन : सूर्यमुखी छापाखाना, २०६९ ।

देवकोटा, राजेश्वर, **पूर्वकथा**, *भूमिका खण्ड,* ललितपुर : साझा प्रकाशन, २०४३ ।

__________, **डबली**, ललितपुर : साझा प्रकाशन, २०५९ ।

__________, **महाभारतको भूत**, काठमाडौं : हिमालय बुक स्टल, २०६८ ।

दीक्षित, कमलमणि (सम्पा.) **बुँइगल**, तृतीय संस्करण, ललितपुर : साझा प्रकाशन, २०३४ ।

धिताल, विनोदप्रसाद, **राधामिलन**, काठमाडौं : अन्नपूर्ण प्रेस, २०१३ ।

पन्त, चेतनाथ, **साहित्यकार तुलसीप्रसाद न्यौपानेको जीनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, २०६९ ।

पण्डित, दीननाथ शर्मा, **नेपाली साहित्यमा गोरखा**, गोरखा : हरि सांस्कृतिक केन्द्र, २०५४ ।

__________, **पल्लव साहित्यिक पत्रिका,** चितवन : चित्रवन प्रेस, वर्ष-७, अङ्क-१६, २०६८ ।

पाण्डे, कोशविलाश, **जीवनको पछुतो**, नारायणगढ : भारती प्रेस, द्वितीय संस्करण, २०२७ ।

पोखेल, अनिल, **फूल**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६० ।

पोखरेल, केशब, **राजेश्वर देवकोटाको जीवनी व्यक्तित्व, कृतित्वको निरुपण**, अप्रकाशित स्नातकोत्तर शोध-पत्र काठमाडौं : नेपाली केन्द्रीय विभाग, त्रि.वि. २०४६ ।

पोखरेल, नारायणप्रसाद, **टोपी**, काठमाडौं : देउराली अफसेट प्रेस प्रा.लि., २०६२ ।

__________, **प्रतिबिम्ब**, काठमाडौं : देउराली अफसेट प्रेस प्रा.लि., २०६५ ।

__________, **मस्याङ्दी,** काठमाडौं : निरन्तर छापाखाना, २०६३ ।

पोखरेल नुरापति, *अमर प्रतिभा पूर्णप्रसाद ब्राह्मण,* **हाम्रो पुरुषार्थ,** गुल्मी : किरण पुस्तकालय, २०७० ।

पोखरेल, विद्याधर, **नारायणीका छालहरु,** काठमाडौं : दर्शन अफसेट प्रेस, २०५७ ।

__________, **लालकिल्ला,** काठमाडौं : दर्शन अफसेट प्रेस, २०६४ ।

पोखरेल, रुद्रनाथ, **फूलको डोली**, साहित्य संगम गोरखा, वर्ष-५, अंक-२, २०६२ ।

पोखरेल, सन्तोष (सम्पा.), **गोरखाली पाइला,** अखिल (क्रान्तिकारी) गोरखा काठमाडौं सम्पर्क समिति, २०६८ ।

प्रधान, कृष्ण चन्द्र सिंह, **नेपाली उपन्यास र उपन्यासकार** , काठमाडौं : दो.सं. २०४३ ।

प्रभात, विष्णु, श्रेष्ठ राजुबाबु र अर्याल सीता, **दण्डपाणी अर्याल जन्मशताब्दी स्मृतिग्रन्थ**, काठमाडौं : दण्डपाणी अर्याल स्मृतिकेन्द्र, २०६३ ।

बस्ताकोटी, खिलनाथ, *उज्यालो हुनु अघि र बसाई एक साथ हेर्दा,* **हाम्रो पुरुषार्थ**, वर्ष-७, अंक-२, गुल्मी : किरण पुस्तकालय, २०३७ ।

ब्राह्मण, पूर्णप्रसाद, **एक कथा**, भूमिका काठमाडौं : लेखक स्वयम्, २०४२ ।

बिकल, रमेश (सम्पा), **समकालीन साहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वर्ष-८, अङ्क-१, पूर्णाङ्क-२९, माघ-चैत्र, २०५४ ।

विरही, रेशम, **थाल थालमा सपना,** चितवन : भरतपुर मासिक, २०६९ ।

भट्ट, रमेशप्रसाद, *स्व.वि.पी.गोर्खाली,* **चिराग**, वर्ष-१,अङ्क-१ काठमाडौं : २०४६ ।

भट्टराई, घट्टराज, **प्रतिभै-प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेशनल रिसर्च एशोसिएसन प्रेस, २०४० ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

भट्टराई, धनेश्वर, **गोर्खा गाथा** गोरखा : हरि सांस्कृतिक केन्द्र, २०६१ ।

______________, **आस्थाका स्वरहरु**, चितवन : साहित्य सङ्गम, २०६६ ।

मरहट्टा, मोदनाथ, **फूलको डोली**, काठमाडौं : वज्रभैरव प्रिन्टिङ्ग प्रेस, वर्ष-४, अङ्क-८, २०६१ ।

___________, **उज्यालो जन्मनुअघि** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६२ ।

____________, *सिस्नुको मुन्टा लोकतन्त्र र हाकिम साब,* **सहमत साप्ताहिक**, वर्ष-१,अङ्क-२२ २०६३ ।

______________, *एउटा पढ्नैपर्ने कृति : गोरखाको डायरी,* **हाम्रो सिर्जना**, चितवन : कालिका कम्प्युटर सर्भिस, वर्ष-८,अङ्क-१३, २०६९ ।

मल्ल, ऋद्धिबहादुर (सम्पा), **शारदा**, वर्ष-१३, अंक-१४, काठमाडौं : जोर गणेश प्रेस, २००४ ।

रेग्मी, गीता, **पश्चिमाहरूको देशमा,** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन प्रा.लि. २०६९ ।

रेग्मी, रीता, **नेपाली भाषा र साहित्यको विकासमा दण्डपाणि अर्याल स्मृति केन्द्रको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, गोरखा : नेपाली विभाग, द्रव्यशाह बहुमुखी क्याम्पस, २०६९ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय**, बाह्रौ संस्करण, काठमाडौं : रत्न पुस्तक भण्डार, २०५८ ।

शर्मा, चूडामणि र अरु (सम्पा.) **हाम्रो परिचय** गोरखा : नेपाल निवृत्त शिक्षक समाज गोरखा, २०६४ ।

शर्मा, मोहनराज, **संरचना वर्णविन्यास**, काठमाडौं : नवीन प्रकाशन, २०५६ ।

शर्मा, वसन्तकुमार, **नेपाली शब्दसागर,** दोस्रो संस्करण, काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८ ।

____________, **नेपाली शब्दसागर**, चौथो संस्करण भाभा प्रकाशन, २०६२ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टिः दृष्टादृष्टि**, ललितपुर : साझा प्रकाशन, २०४३ ।

श्रेष्ठ, अंग्रेजबाबु, **ब्रह्मज्ञान युक्ति**, गोरखा : रुबी प्रिन्टिङ्ग प्रेस, २०५० ।

____________, **शान्सिँग क्रान्ति गर**, काठमाडौं : चान्सर प्रिन्टर्स, २०६५ ।

श्रेष्ठ, जगत, **मेरो धर्ति,** चितवन : साहित्य सङ्गम चितवन, २०७० ।

____________, **जगत श्रेष्ठका निबन्धहरू,** चितवन : सूर्यमुखी छापाखाना, २०७१ ।

श्रेष्ठ, नारायण, **पार्थीव तस्वीर,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६० ।

____________, **साक्षी,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६७ ।

वेभ साइट, https://madanpuraskar.org/view_books_writter.php?author=नारायण+श्रेष्ठ

# पत्रपत्रिकासूची


अर्याल, सुनिल (सम्पा.), **आर्वतन,** गोरखा : हरि सांस्कृतिक केन्द्र, २०६९ ।

कार्की बद्रीकुमार (सम्पा.), **आँगन**, गोरखा : नेपाली भाषा शिक्षक समाज वर्ष-१, अङ्क-१, २०६० ।

गोर्खाली, वी.पी., **नेपाली जनता**, २०४१ को कविता महोत्सव आयोजक-राजकीय प्रज्ञा प्रतिष्ठान, तृतीय पुरस्कार प्राप्त कविता ।

देवकोटा, चैतन्य, *सम्पादकीय,* **दिव्योपदेश,** काठमाडौं : गोरखा चिन्तन समिति, २०४० ।

देवकोटा, राजेश्वर, *प्रकाशकीय मन्तव्य,* **आवर्तन**, काठमाडौं : २०४१ ।

ढकाल, होमनाथ (सम्पा.), **प्याउली,** गोरखा : जनविकास पुस्तकालय २०४७ ।

निखिल गोरखवाणी, प्रचार संघ, **गोरखवाणी,** अङ्क २०५९ ।

प्रभात विष्णु र अर्याल राजेन्द्रप्रसाद (सम्पा.), **ज्ञानविन्दु,** वर्ष-४, पूर्णाङक-५, काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र २०६७ ।

प्रधान, कृष्णचन्द्र सिंह (सम्पा.), **समकालीन साहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वर्ष-३, अङ्क-२,पूर्णाङ्क-१० २०५० ।

बिकल, रमेश (सम्पा) **समकालीन साहित्य** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वर्ष-८, अङ्क-१,पूर्णाङ्क-२९ २०५४ ।

मरहट्टा मोदनाथ, **फूलको डोली**, काठमाडौं : वज्रभैरव प्रिन्टिङ्ग प्रेस, वर्ष-४, अंक-८, २०६१ ।

मरहट्टा, शिवहरि (सम्पा.), **मनकामना** (पृथ्वी विशेषाङ्क), नेपाली षडेभाषिक साहित्यिक पत्रिका, वर्ष-१, अङ्क-१, गोरखा : गाऊँ सुधार समिति, मनकामना, २०३८ ।

__________, *गोरखा नाटक समितिको सानो चिनारी,* **दिव्योपदेश** वर्ष-१, अंक-१ काठमाडौं : गोरखा चिन्तन समिति, २०४० ।

**मेचीदेखि महाकालीसम्म** (भाग-३), श्री ५ को सरकार संचार मन्त्रालय सूचना विभाग-२०३१ ।